# गौरीवल्लभ महाकाव्यको अध्ययन तथा विश्लेषण

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**कृष्णकान्त काफ्ले**

शैक्षिक सत्र २०६२-२०६४
त्रि.वि. दर्ता नं. ९-२-२८८-१७०-९७
रोल नं. ४२/०६४



**नेपाली विभाग**

वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
सन् २०१२/वि.सं. २०६८

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र कृष्णकान्त काफ्लेले **गौरीवल्लभ महाकाव्यको अध्ययन तथा विश्लेषण** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०५/०४

**प्रा.डा. नारायणप्रसाद खनाल**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

महाकाव्यकार नारायणप्रसाद गौतमको **गौरीवल्लभ महाकाव्यको अध्ययन तथा विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्रको विश्लेषणमा आफ्नो विविध कार्यव्यस्तता र समयको अभाव हुँदाहुँदै पनि आवश्यक सरसल्लाह, सुझाव र मार्गनिर्देशन गर्नुहुने श्रद्धेय प्रा.डा. गुरु नारायणप्रसादप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस वीरेन्द्र बहुमुखी क्याम्पसका नेपाली विभागका समस्त गुरुवर्गहरुप्रति पनि आभारी छु । जसले मलाई सही मार्गदर्शन गराइदिनु भयो ।

यस शोधपत्र तयार गर्न आवश्यक सामग्रीहरु जुटाउन सहयोग गर्ने महाकाव्यकार नारायणप्रसाद गौतमप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधपत्रमा अन्य सामग्री उपलब्ध गराउन सहयोग गर्ने काशीनाथ न्यौपानेज्यू तथा भाइ नारायण काफ्ले, किशोर काफ्ले र केशवराज काफ्लेप्रति ऋणी छु । साथै शोधपत्र लेखनलाई उत्प्रेरणा प्रदान गर्दै निरन्तर हौसला बढाउने कमला, कल्पना काफ्लेप्रति पनि आभारी छु । पत्रपत्रिका र आवश्यक पुस्तकहरु उपलब्ध गराउन सहयोग गर्ने महर्षि वेदव्यास संस्कृत मा.वि. दमौलीको पुस्तकालय कर्मचारीप्रति पनि आभार व्यक्त गर्दै आदिकवि भानुभक्त बहुमुखी क्याम्पसका पुस्तकालयका कर्मचारीसमेतलाई साधुवाद दिन चाहन्छु ।

यस शोधपत्रलाई शुद्ध र सफा रुपमा टाइप गरी सहयोग गर्ने कालिका कम्प्युटर सर्भिस, नारायणढका महेश पौडेलप्रति साधुवाद दिन चाहन्छु ।

अन्त्यमा **गौरीवल्लभ महाकाव्यको अध्ययन तथा विश्लेषण** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०६९/०५/०४

............................

**कृष्णकान्त काफ्ले**

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| इ.सं. | इश्वी सन् |
| गा.वि.स. | गाउँ विकास समिति |
| टीका. | टीकाकार |
| डा. | डाक्टर |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| पृ. | पृष्ठ |
| प्र. | प्रकाशित |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| भू. | भूमिका |
| मा.वि. | माध्यमिक विद्यालय |
| र. | रचित |
| रो.नं. | रोल नम्बर |
| वि.सं. | विक्रम संवत् |
| स.स. | सप्तम संस्करण |
| सं.सं. | संस्कृत संस्थान |
| संस्क. | संस्करण |
| सङ्क. | सङ्कलक |
| शै.व. | शैक्षिक वर्ष |

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय


१.१ शोध विषयको परिचय १

१.२ शोधसमस्या २

१.३ शोधको उद्देश्य २

१.४ पूर्व कार्यको विवरण र समीक्षा ३

१.५ शोधको औचित्य, महत्त्व र उपयोगिता ५

१.६ शोधको क्षेत्र र सीमाङ्कन ६

१.७ सामग्री सङ्कलन विधि ६

१.८ सैद्धान्तिक ढाँचा र शोधविधि ६

१.९ शोधपत्रको रूपरेखा ६


## परिच्छेद : दुई

## नारायणप्रसाद गौतमको जीवनी र लेखन र महाकाव्यसम्बन्धी सैद्धान्तिक पृष्ठभूमि


२.१ विषय प्रवेश ८

२.२ बाल्यकाल ८

२.३ शिक्षादीक्षा ९

२.४ व्रतबन्ध/उपनयन संस्कार ९

२.५ वैवाहिक जीवन १०

२.६ पेसा तथा व्यवसाय १०

२.७ लेखन प्रेरणा ११

२.८ साहित्यिक मान्यता र जीवनदर्शन १३

२.९ महाकाव्य लेखनको पृष्ठभूमि १५

२.९.१ कुमारगौरव महाकाव्य १५

२.९.१.१ कुमारगौरव महाकाव्यको संरचना १५

२.१० महाकाव्यको सिद्धान्त १७

२.१०.१ रस सिद्धान्त १८

२.१०.२ रीति सिद्धान्त १८

२.१०.३ अलङ्कार सिद्धान्त २१

२.१०.४ ध्वनिसिद्धान्त २१

२.११ महाकाव्य सम्बन्धी पूर्वीय धारणा २२

२.१२ महाकाव्य सम्बन्धी पाश्चात्य धारणाहरू २२

२.१३ महाकाव्य सम्बन्धी अन्य धारणाहरू २४

२.१४ अरिस्टोटलको विचारमा महाकाव्यको रचनाशैली तथा तत्त्व २६

२.१५ संस्कृत साहित्याचार्यहरू र अरिस्टोटलको महाकाव्य विषयक मान्यताको तुलना २६

२.१७ अन्य विद्वान्हरूको महाकाव्य सम्बन्धी मत २७

२.१८ निष्कर्ष २८

**परिच्छेद : तीन**

**नेपाली महाकाव्यको विकासक्रम र गौरीवल्लभ महाकाव्य**

३.१ विषय प्रवेश ३०

३.२ नेपाली महाकाव्यको विकासक्रम ३२

३.२.१ प्राथमिक काल (वि.सं. १८२५-१९४०) ३३

३.२.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४) ३५

३.२.३ आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म) ३६

३.३ नेपाली महाकाव्यको कालक्रमिक विवरण ४०

३.३.१ अपूर्ण महाकाव्यहरूको विवरण ४७

३.४ निष्कर्ष ४९

**परिच्छेद : चार**

**गौरीवल्लभ महाकाव्यको विस्तृत विश्लेषण**

४.१ गौरीवल्लभ महाकाव्यको कथावस्तु ५०

४.१.१ प्रथम सर्ग ५१

४.१.१.१ मङ्गलाचरण ५१

४.१.१.२ पूर्वपीठिका ५३
४.१.२ द्वितीय सर्ग ५४
४.१.२.१ शिवस्वरूपको वर्णन ५६
४.१.३ तृतीय सर्ग ५७
४.१.३.१ शिवको सामान्यीकरण ५८
४.१.४ चतुर्थ सर्ग ५९
४.१.४.१ शिव र सतीदेवीको बीचमा वैवाहिक सम्बन्ध ५९
४.१.४.२ महादेव सतीदेवीको हात माग्न जानु र अपमानित हुनु ६०
४.१.५ पञ्चम सर्ग ६१
४.१.५.१ दक्षप्रजापतिको महायज्ञमा शिव र सतीलाई उपेक्षित ६४
४.१.६ षष्ठ सर्ग ६४
४.१.६.१ सतीलाई दक्षका यज्ञमा जान शिवद्वारा निषेध ६४
४.१.६.२ सतीको निधनमा शिवद्वारा आलापविलाप ६५
४.१.६.३ सतीदेवीको अङ्गपतन भएपछि बनेका शिवशक्ति पीठ ६५
४.१.७ सप्तम सर्ग ६६
४.१.७.१ पार्वतीको जन्म ६६
४.१.७.२ नारद ऋषिले विष्णुसँग गई हिमवत् नृपकी पुत्रीसँग विवाह गर्न सल्लाह दिनु र व्यवस्था मिलाउनु ६७
४.१.७.३ विष्णुसँग विवाह गर्न नमान्नु र शङ्करजीलाई मन पराउनु ६८
४.१.८ अष्टम सर्ग ६९
४.१.८.१ हिमवान्ले पार्वतीलाई सत्सङ्ग गर्न शिवसमक्ष लग्नु र शिवपार्वती संवाद प्रारम्भ ६९
४.१.९ नवम सर्ग ७२
४.१.१० दशम सर्ग ७४
४.१.१०.१ गौरी महादेव पतिप्राप्तिका लागि तपस्या गर्नु ७४
४.१.११ एकादश सर्ग ७७
४.१.१२ द्वादश सर्ग ७९
४.१.१३ त्रयोदश सर्ग ८०

४.१.१४ चतुदर्श सर्ग ८१
४.१.१५ पञ्चादश सर्ग ८२
४.१.१५.१ शिव र पार्वती प्रेममा आवद्ध एवम् किराँत किराँतीको रूप धारण ८२
४.२ महाकाव्यको विश्लेषण ८३
४.२.१ कविताको हेतु ८५
४.२.२ महाकाव्यका तत्त्वहरू ८८
४.३ चरित्रचित्रण ९३
४.४ संरचना ९५
४.५ वर्णन तथा परिवेश ९८
४.६ उद्देश्य ९९
४.७ भाषाशैली १०१
४.८ गौरीवल्लभ महाकाव्यमा छन्दको प्रयोग १०३
४.८.१ अनुष्टुप् छन्द १०३
४.८.२ इन्द्रवज्रा छन्द १०३
४.८.३ शार्दूलविक्रीडित छन्द १०४
४.८.४ मालिनी छन्द १०४
४.८.५ झ्याउरे छन्द १०५
४.८.६ शिखरिणी छन्द १०५
४.८.७ वसन्ततिलका १०६
४.८.८ शशिवदना छन्द १०६
४.८.९ मन्दाक्रान्ता छन्द १०७
४.८.१०. पञ्चचामर छन्द १०८
४.८.११ लोकलय (सवाई) १०८
४.८.१२ कुटक (नर्कुटक) १०९
४.८.१३ तोटक १०९
४.८.१४ निष्कर्ष ११०
४.९ रस संयोजन ११०
४.१० निष्कर्ष ११५

## परिच्छेद : पाँच

## नेपाली महाकाव्य परम्परामा गौरीवल्लभ महाकाव्यको मूल्याङ्कन र योगदान


५.१. गौरीवल्लभ महाकाव्य ११६

५.२ गौरीवल्लभ महाकाव्यमा काव्यिक स्तर र कवित्व ११६

    ५.२.१ काव्यिक स्तर ११७

    ५.२.२ कवित्व १२०

५.३ गौरीवल्लभ महाकाव्यको उपलब्धि १२३

५.४ गौरीवल्लभ महाकाव्यका कमजोरीहरू १२५

५.५ गौरीवल्लभ महाकाव्यको योगदान १२७

५.६ निष्कर्ष १२९


## परिच्छेद : छ

## उपसंहार तथा निष्कर्ष


६.१ परिचय १३०

६.२ प्रथम परिच्छेदको निष्कर्ष १३०

६.३ द्वितीय परिच्छेदको निष्कर्ष १३०

६.४ तृतीय परिच्छेदको निष्कर्ष १३१

६.५ चौँथो परिच्छेदको निष्कर्ष १३२

६.६ पाँचौँ परिच्छेदको निष्कर्ष १३३

३.७ समग्र निष्कर्ष १३३

**सन्दर्भसामग्रीसूची** १३५

# तालिका सूची

तालिका सङ्ख्या १ - नेपाली महाकाव्यको कालक्रमिक विवरण ४१
तालिका सङ्ख्या २ - अपूर्ण महाकाव्यको कालक्रमिक विवरण ४८
तालिका सङ्ख्या १ - गौरीवल्लभ महाकाव्यको छन्द प्रयोगसम्बन्धी तालिका ९७

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक
# शोधपरिचय

## १.१ शोध विषयको परिचय

महाकाव्य कविता विधाको वृहद्रूप हो । खण्डकाव्य भन्दामाथि र विकासशील महाकाव्यभन्दा तल्लो तहको काव्यलाई महाकाव्य भनिन्छ ।

नेपाली साहित्यमा प्राथमिक कालबाट कवि उदयानन्द अर्यालको **पृथ्वीन्द्रोदय** (१८३०-१८४० तिर रचित र २०६८ मा प्रकाशित) अपूर्ण महाकाव्यात्मक रचनाबाट प्रारम्भ भएको मानिए तापनि नेपाली भाषाका आदिकवि भानुभक्तले आत्मकल्याणलाई नेपालीमा रूपान्तरण गरी महानायक मर्यादापुरुषोत्तम रामको वीरता अङ्गरस भएको र करुणरस प्रधान **रामायण** महाकाव्यबाट नेपाली महाकाव्यको थालनी भएको हो । त्यसपछि लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा **शाकुन्तल** महाकाव्य लेखी महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन् । यसै परिप्रेक्ष्यमा हाल आएर नेपाली साहित्यमा विभिन्न कविहरूले झन्डै ९ दर्जन पुग नपुग महाकाव्यहरू लेखी सकेका छन् । यस्तै कास्कीमा जन्म भई तनहुँलाई कर्मथलो बनाएका सहृदयी महाकाव्यकार नारायणप्रसाद गौतमबाट पनि **आजको मान्छे भेडो** (कवितासङ्ग्रह-२०५४), **लयमा लोलिँदा** (निबन्धसङ्ग्रह-२०५५), **पञ्चासेको परिचय** (संस्कृति-२०५८), **नेपाली खण्डकाव्य सिद्धान्त र विवेचना** (समालोचना-२०६१), **साधारण नेपाली** (बि.एड. प्रथम वर्ष, सहलेखन-२०६१), **कुमारगौरव** (महाकाव्य-२०६२), **नेपाली महाकाव्य सिद्धान्त र विवेचना** (समालोचना-२०६३), **गौरीवल्लभ** (महाकाव्य-२०६५), **रमेशचन्द्र** (महाकाव्य-२०६५), **अत्रिवंश परम्परा र भवानीवैभव** (२०६७) ग्रन्थ रहेका छन् । उनी अन्य फुटकर कविता, लेख, रचना, निबन्ध रच्न सफल भएका छन् । नेपाली साहित्यको महाकाव्यपरम्परामा थप एक महाकाव्य **गौरीवल्लभ** दिएर नारायणप्रसाद गौतमले महाकाव्य परम्परालाई निरन्तरता दिएका छन् । प्रस्तुत **गौरीवल्लभ** महाकाव्य महाकाव्यका गुणहरूले परिपूर्ण भएको देखिन्छ । यो कृति शोध अध्ययन गर्न योग्य छ तापनि आजसम्म यसको व्यवस्थित अध्ययन-विश्लेषण भएको पाइँदैन । त्यसैले यस

महाकाव्यको अध्ययन-विश्लेषण हुनुपर्ने ठानी प्रस्तुत अध्ययनका लागि **गौरीवल्लभ महाकाव्यको अध्ययन तथा विश्लेषण** विषयक शीर्षक चयन गरिएको छ ।

## १.२ शोधसमस्या

नेपाली साहित्यमा विविध विधामा कलम चलाएर आफ्नो अस्तित्व स्थापना गर्ने सफल महाकाव्यकार नारायणप्रसाद गौतमको **गौरीवल्लभ** महाकाव्यको अध्ययन एवं विश्लेषण गरी निष्कर्ष स्थापना गर्नु नै यस अध्ययनको समस्या हो । यस शोधकार्यमा प्रमुख शोध समस्या निम्नानुसार रहेको छन्-

क) महाकाव्यकार नारायणप्रसाद गौतमको परिचय, जीवनी र लेखन पृष्ठभूमि के-कस्तो रहेको छ ?

ख) नेपाली महाकाव्य परम्परामा **गौरीवल्लभ** महाकाव्यको स्थान के रहेको छ ?

ग) **गौरीवल्लभ** महाकाव्यको विश्लेषण के-कसरी गर्न सकिन्छ ?

घ) नेपाली महाकाव्य परम्परामा **गौरीवल्लभ** महाकाव्यको योगदान के रहेको छ ?

यिनै शोध समस्यामा केन्द्रित रही प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.३ शोधको उद्देश्य

यस शोधको उद्देश्य महाकाव्यकार नारायणप्रसाद गौतमको काव्यकारितालाई विभिन्न कोणबाट हेर्नुका साथै उनको **गौरीवल्लभ** महाकाव्यको विश्लेषणात्मक अध्ययन गरिएको छ । यसका खास उद्देश्यहरू निम्नानुसार रहेका छन्-

क) महाकाव्यकार नारायणप्रसाद गौतमको परिचय, जीवन र लेखनको पृष्ठभूमि प्रस्तुत गर्नु ।

ख) नेपाली महाकाव्य परम्परामा **गौरीवल्लभ** महाकाव्यको स्थान पत्ता लगाउनु ।

ग) **गौरीवल्लभ** महाकाव्यको विधातात्त्विक विश्लेषण गर्नु ।

घ) नेपाली महाकाव्य परम्परामा **गौरीवल्लभ** महाकाव्यको स्तर निर्धारण गर्नु र नारायणप्रसाद गौतमको योगदान पत्ता लगाउनु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ यो शोधकार्य उन्मुख रहेको छ ।

## १.४ पूर्व कार्यको विवरण र समीक्षा

नारायणप्रसाद गौतमद्वारा रचना गरिएको **गौरीवल्लभ** महाकाव्यबारे केही पुस्तक र पत्रपत्रिकामा टीकाटिप्पणी र समीक्षा जे-जसरी गरिएको छ त्यसको कालक्रमिक विवरण यसप्रकार प्रस्तुत गरिएको छ :

**गौरीवल्लभ** महाकाव्य (२०६५) मा शुभकामना मन्तव्य दिदै दुर्गाप्रसाद दवाडीले महाकाव्यकार नारायणप्रसाद गौतमले यस महाकाव्यमा साङ्ख्य दर्शन र वेदान्त दर्शनको सार उपस्थापित गरेर आफ्नो दर्शनको अध्ययनशीलतालाई स्पष्ट पार्नुभएको छ भनेका छन् । उनले कविले प्रणवमन्त्रको व्याख्या गर्दा योगदर्शन र शैवदर्शनलाई पनि स्पर्श गर्न पुगेको अनुभव हुन्छ भन्दै **गौरीवल्लभ** शिव र पार्वतीको चरित्रचित्रणमा आधारित महाकाव्य हो भन्दै पार्वतीको जन्मदेखि शिवजीसँग विवाह भएसम्मको र शिवपार्वतीका पुत्र कुमारले तारकासुर दैत्यको बध गरेर इन्द्रादि देवतालाई सहयोग पुऱ्याएको कथा यस **गौरीवल्लभ** महाकाव्यमा वर्णित छ भन्ने उल्लेख गरेका छन् ।[१]

मोतीलाल पराजुलीले **गौरीवल्लभ** महाकाव्यको आख्यान **शिवपुराण**बाट लिइएको हो र यस महाकाव्यमा **शिवपुराण**मा रहेका आख्यानमा नेपालमा प्रचलित **स्वस्थानी व्रतकथा** र नेपाली वातावरणलाई समेटेर नयाँ स्वरूप दिइएको छ भन्दै कथाको वातवरण पूर्ण रूपमा नेपाली परिवेशमा ढालिएको हुँदा यो काव्य पढ्दा शिव र पार्वतीको चरित्र र विकास नेपाली आँखा अगाडि परिवेशमा घटना घटिरहेको जस्तो अनुभव हुन्छ भन्ने उल्लेख गरेका छन् । कविले स्तरीय भाषामा प्रौढ विचारलाई व्यक्त गरिरहेका र ती प्रत्येक विचारहरूको भूमिमा कलाकारहरूले प्रयोग गरिरहेका छन् भन्ने अनुभूति पराजुलीको रहेको छ ।[२]

कुमारबहादुर जोशीले यो महाकाव्य शिव र पार्वतीको **शिवपुराण**मा आधारित कथालाई विशेष महत्त्व दिएर यसैका माध्यमद्वारा समाजमा आध्यात्मिक चेतना ल्याउने उद्देश्यले लेखिएको कृति मानेका छन् । भूमिका भएकाले यसमा पनि उनले **गौरीवल्लभ** महाकाव्यमा भएका १५ सर्गको कथावस्तुलाई सङ्क्षिप्तमा बयान गर्दै प्रस्तुत काव्यमा विशेषतः चरित्रचित्रण, नदी वर्णन, ऋतु वर्णन, हिमाल वर्णन, युद्ध वर्णन, पुत्रोत्पादनको प्रक्रिया जस्ता कुराहरूलाई समेत अँगालिएको कुरा प्रस्ट पारेका छन् । साथै विभिन्न सर्गमा वर्णन गरिएका कथाहरूको सार सङ्क्षेप दिँदै महत्त्वपूर्ण श्लोकहरू समेत प्रस्तुत गरेका छन् ।[३]

---

[१] दुर्गाप्रसाद दवाडी, *दुई शब्द,* **गौरीवल्लभ** (महाकाव्य), नारायणप्रसाद गौतम, काठमाडौं : तन्नेरी प्रकाशन, २०६६ ।

[२] मोतीलाल पराजुली, *शुभकामनाका शब्द-पुष्पहरू*, **गौरीवल्लभ** (महाकाव्य), नारायणप्रसाद गौतम, काठमाडौं : तन्नेरी प्रकाशन, २०६६ ।

[३] कुमारबहादुर जोशी, *भूमिका,* **गौरीवल्लभ** (महाकाव्य), नारायणप्रसाद गौतम, काठमाडौं : तन्नेरी प्रकाशन २०६६ ।

**नारायणप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन** शीर्षकको अप्रकाशित शोधपत्रमा शोधार्थी रमा सापकोटाले महाकाव्यकार नारायणप्रसाद गौतमको दोस्रो महाकाव्य **गौरीवल्लभ** (२०६५) महाकाव्य हो भन्दै १५ सर्ग र लगभग दुई हजार श्लोकमा संरचित प्रस्तुत महाकाव्य पूर्वीय अध्यात्मवादी दर्शनद्वारा अभिषिञ्चित भएको उल्लेख गरेका छन् । साथै उनले शिवपार्वतीको जीवनलीला र शैव दर्शनको वैचारिक धरातलमा उभिएको प्रस्तुत महाकाव्य नेपाली महाकाव्य परम्परामा एउटा बौद्धिक र चिन्तनपरक, कलात्मक तथा सरस सफल महाकाव्यका रूपमा देखापर्दछ भनेकी छन् ।[४]

नारायणप्रसाद गौतमले **गौरीवल्लभ** महाकाव्यको *आत्मनिवेदन* अन्तर्गत केही महत्त्वपूर्ण विषय प्रस्तुत गरेका छन् । यस अनुसार उनले यस महाकाव्यमा आकारबाट सृष्टिकला स्वरूप ब्रह्मा, उकारबाट स्थितिस्वरूप विष्णु र मकारबाट संहारकला स्वरूप रुद्र, बिन्दुबाट अन्तर्निहित कला रूप बन्दछ भन्दै ॐकारको वर्णन गर्ने क्रममा र शिवतत्त्व स्वयम्भूत, स्वयम्प्रकाश्य, अन्तरप्रातिभ ऊर्जा हो भनेका छन् । उनले यो सूक्ष्मातिसूक्ष्म तत्त्व भएकाले अदृश्य छ, वृहत्मा अति बृहत् छ, यसको आदि तथा अन्त्य अज्ञात छ भन्दै शिवतत्त्व नित्यानन्दमय, ज्योर्तिस्वरूप, ईश्वर, तमोगुणशून्य एवम् अव्यय अविनाशी परात्पर तत्त्व हो भन्ने उल्लेख गरेका छन्, साथै योगेश्वर शिव योगविद्याका आद्याचार्य र योगसाधनाका अन्तिम प्राप्ति हुन् भनेर शास्त्रमा उल्लेख भएको पाइने भएकाले  परात्पर शिवप्रति आफ्नो अनन्य भक्तिभाव भएकाले शिवप्रति समर्पित भई यो महाकाव्य तयार गरेको तथ्य उल्लेख गरेका छन् । अथाह, अज्ञेय, अनन्त, अगोचर, अनिर्वचनीय, अविनाशी, सर्वव्यापी, निर्गुण, निराकार, निरञ्जन, परब्रह्म, परात्पर शिवमहिमाको व्याख्या गर्ने प्रयास यस **गौरीवल्लभ** महाकाव्यमा गरेको समेत जनाएका छन् ।[५]

दुर्गाप्रसाद दवाडीले **गौरीवल्लभ** महाकाव्यका माध्यमबाट नारायणप्रसाद गौतमले नैतिक मर्यादा पालन गर्नुपर्दछ भन्ने सन्देश दिनुका साथै नेपाली समाज, असल समाजसेवी, असल राजनेता यस्तो हुनुपर्दछ भन्ने कुरामा पनि निर्देशन गरेका छन् साथै उनले महाकाव्यमा साङ्ख्य दर्शन र वेदान्त दर्शनको सार स्थापित गरेका छन् र दर्शनको आध्यात्मशीलतालाई स्पष्ट पार्नुका साथै प्रणव मन्त्रहरूको व्याख्या, योगदर्शन, शैव दर्शनलाई पनि स्पर्श गर्न पुगेका छन् भन्दै **गौरीवल्लभ** महाकाव्य शिव र पार्वतीको चरित्र चित्रणमा आधारित महाकाव्य ठहर गरिएको छ ।

---

[४] रमा सापकोटा, **नारायणप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन**, अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि., नेपाली विभाग, पोखरा : पृथ्वीनारायण क्याम्पस, २०६५ ।

[५] नारायणप्रसाद गौतम, *आत्मनिवेदन* (भूमिका), **गौरीवल्लभ** (महाकाव्य), काठमाडौं : तन्नेरी प्रकाशन, २०६६ ।

पार्वतीको जन्मदेखि शिवसँग विवाहसम्मको विषयवस्तुलाई समेट्दै शिवपार्वतीका पुत्र कुमारले तारकासुर दैत्यको बध गरेर इन्द्रादि देवतालाई सहज बनाएको कथा वर्णन गरेका छन् र यस महाकाव्यमा अधिकांश संस्कृतका वर्णमात्रिक छन्दहरूको प्रयोग गरिएको छ, जसमा कविको लेखनी क्रमशः माझिँदै गएको छ भनेका छन् । यसै गरी छन्द, अलङ्कार, रस, ध्वनि, बिम्ब, प्रतीक आदिको प्रयोगमा पनि कविले पूर्वीय परम्परालाई आत्मसात् गरेको पाइन्छ भनेका छन् ।[६]

यसप्रकार विभिन्न शोध-अनुसन्धाता र लेखकहरूले नारायणप्रसाद गौतमका बारेमा तथा **गौरीवल्लभ** महाकाव्यका बारेमा जे-जस्ता टीका-टिप्पणी प्रस्तुत गरेका छन्, ती सबै अपूरा, अधुरा र एकाङ्की छन् । त्यसैले **गौरीवल्लभ** महाकाव्यको महाकाव्यसम्बन्धी सैद्धान्तिक तत्त्वका आधारमा समग्र अध्ययन गर्न **गौरीवल्लभ महाकाव्यको अध्ययन तथा विश्लेषण** शीर्षकको यो शोधकार्य गरिएको हो ।

## १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत शोधपत्रमा **गौरीवल्लभ** महाकाव्यलाई चिनाउने प्रयास गरिएको छ । साथै साहित्यकार नारायणप्रसाद गौतम के-कस्ता महाकाव्यकार हुन् र उनको महाकाव्यले के-कस्तो योगदान नेपाली साहित्यमा पुऱ्याएको भन्ने कुराको खोजी गरिएको छ । नेपाली महाकाव्य परम्पराको सैद्धान्तिक अध्ययन गरी तयार गरिने यस शोधपत्रले नेपाली महाकाव्य परम्परालाई चिनाउनुका साथै सर्जकहरूका रचनाहरूमा अझ जागरुकता ल्याउन यस शोधले सहयोग गरेको हुनेछ ।

**गौरीवल्लभ** महाकाव्यका बारेमा हालसम्म कस्तो काव्य हो भन्ने बारेमा कहीँकतैबाट पनि यथार्थ अनुसन्धान नभएकाले यथार्थमा नेपाली महाकाव्यका फाँटमा **गौरीवल्लभ** महाकाव्यको कुन स्थानमा राखेर विश्लेषण गर्न सकिन्छ भन्ने विशेष महत्त्वका साथै यसको उपयोगिता नेपाली महाकाव्य परम्परामा कति छ, महाकाव्यका विभिन्न सिद्धान्तका आधारमा यसलाई कसरी मूल्याङ्कन गर्न सकिन्छ भन्ने यथार्थ जानकारीका लागि यसको विश्लेषण गर्न लागिएको हो । यसैले यो शोधकार्य आफैँमा महत्वपूर्ण छ भने यसको अध्ययन-विश्लेषण हुनु पनि औचित्यपूर्ण विषय हो । अतः यस शोधकार्य उपयोगिता पनि स्पष्टै छ ।

---

[६] दुर्गाप्रसाद दवाडी, *दुई शब्द* (भूमिका), **गौरीवल्लभ** (महाकाव्य), नारायणप्रसाद गौतम, काठमाडौं : तन्नेरी प्रकाशन, २०६६ ।

## १.६ शोधको क्षेत्र र सीमाङ्कन

कवि नारायणप्रसाद गौतमले नेपाली साहित्यमा विभिन्न विधामा कलम चलाइ सकेका छन् । खण्डकाव्य निबन्ध, कवितासङ्ग्रह, महाकाव्यसम्मको यात्रा पूरा गरी सकेका नारायणप्रसादका अरू पनि खण्डकाव्य आदि प्रकाशित हुँदै छन् । पत्रपत्रिकामा विभिन्न लेखरचनाहरू लेखिरहेका छन् तर पनि यस सन्दर्भमा यहाँ **गौरीवल्लभ** महाकाव्य बाहेकका अन्य विधाका कृतिहरूको बारेमा अध्ययन विश्लेषण नभई **गौरीवल्लभ** महाकाव्यको मात्र अध्ययन-विश्लेषण गरिएको छ । यस महाकाव्यको अन्य महाकाव्यहरूसँग कुनै किसिमको तुलना प्रति तुलना नगरिने भएकोले यही शोधकार्यको सीमा हो ।

## १.७ सामग्री सङ्कलन विधि

यस शोधकार्यको सामग्री सङ्कलन पुस्तकालयीय विधिका माध्यमबाट गरिएको छ । सम्बन्धित पुस्तक वा महाकाव्यसँग सम्बन्धित पुस्तक वा पत्रपत्रिकमा प्रकाशित सामग्रीहरूको आवश्यक सहयोग पुस्तकालयीय अध्ययनबाटै लिइएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधपत्रको विश्लेषण सङ्कलित सामग्रीका आधारमा गरिएको छ । यसका साथै संरचनात्मक पद्धति, ऐतिहासिक पद्धति, विवरणात्मक र व्याख्यानात्मक पद्धति अँगालेर यसको विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

**पहिलो परिच्छेद - शोध परिचय**

यो परिच्छेद शोधपरिचयमूलक रहेको छ । यस परिच्छेदमा शोध परिचय, शोध प्रयोजन, शोध समस्या, शोधको उद्देश्य, पूर्व कार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व शोधको क्षेत्र र सीमाङ्कन, सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा, शोध विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएका छन् ।

**दोस्रो परिच्छेद - नारायणप्रसाद गौतमको जीवनी, लेखन र महाकाव्यको सैद्धान्तिक पृष्ठभूमि**

यो परिच्छेद नारायणप्रसाद गौतमको जीवनी र लेखनको पृष्ठभूमिमा आधारित छ । यस परिच्छेदमा नारायणप्रसाद गौतमको सामान्य परिचय, लेखन प्रेरणा र प्रभाव साहित्यिक मान्यता र जीवन दर्शन, महाकाव्य लेखनको पृष्ठभूमि, महाकाव्यको सैद्धान्तिक अध्ययन, पूर्वीय मान्यता, पाश्चात्य मान्यता अन्य धारणाहरू, महाकाव्यको पूर्वीय र पाश्चात्य मान्यताको तुलनात्मक समीक्षालाई अलगअलग रूपमा प्रस्तुत गरिएको छ ।

**तेस्रो परिच्छेद - नेपाली महाकाव्यको विकासक्रम र गौरीवल्लभ महाकाव्य**

यो परिच्छेद नेपाली महाकाव्यको विकासक्रम र **गौरीवल्लभ** महाकाव्यको अध्ययनमा आधारित छ । **गौरीवल्लभ** महाकाव्य र महाकाव्यका आवश्यक तत्त्वहरूको आधारमा विश्लेषण प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषय प्रवेश, नेपाली महाकाव्यको विकासक्रम, नारायण प्रसाद गौतमको काव्ययात्रा, आधुनिक नेपाली महाकाव्यको इतिहासमा **गौरीवल्लभ** महाकाव्यको विश्लेषण प्रस्तुत गरिएको छ ।

**चौँथो परिच्छेद - गौरीवल्लभ महाकाव्यको विस्तृत विश्लेषण**

यो परिच्छेद **गौरीवल्लभ** महाकाव्यको विस्तृत विश्लेषणमा आधारित छ । यस परिच्छेदमा **गौरीवल्लभ** महाकाव्यको प्रत्येक सर्गगत कथावस्तु, चरित्र चित्रण, संरचना, परिवेश, उद्देश्य, भाषाशैली, छन्दप्रयोग र रस संयोजन प्रस्तुत गरिएको छ ।

**पाँचौं परिच्छेद - नेपाली महाकाव्य परम्परामा गौरीवल्लभ महाकाव्यको मूल्याङ्कन र योगदान**

यो परिच्छेद **गौरीवल्लभ** महाकाव्यको मूल्याङ्कन र योगदानपरक रहेको छ । यस परिच्छेदमा **गौरीवल्लभ** महाकाव्यको काव्यिक स्तर र कवित्व, **गौरीवल्लभ** महाकाव्यका उपलब्धि र कमजोरीहरूलाई अलग अलग रूपमा प्रस्तुत गरिएको छ र तिनका योगदानको विश्लेषणसमेत गरिएको छ ।

**छैठौं परिच्छेद - उपसंहार तथा निष्कर्ष**

यो परिच्छेद उपसंहार तथा निष्कर्षपरक रहेको छ । यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरी अन्तमा समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भागका रूपमा मुखपृष्ठ, स्वीकृति-पत्र, निर्देशकको मन्तव्य, कृतज्ञता ज्ञापन, सङ्क्षेपीकृत शबद र विषयसूची रहेको छ भने मध्यभाग शोध प्रतिवेदनका रूपमा र अन्त्य भागका रूपमा सन्दर्भसामग्रीलाई परिशिष्ट र सन्दर्भग्रन्थ सूचीका रूपमा समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# नारायणप्रसाद गौतमको जीवनी र लेखन र महाकाव्यसम्बन्धी सैद्धान्तिक पृष्ठभूमि

## परिच्छेद : दुई

# नारायणप्रसाद गौतमको जीवनी र लेखन र महाकाव्यसम्बन्धी सैद्धान्तिक पृष्ठभूमि

### २.१ विषय प्रवेश

वि.सं. २०१७ सालमा कास्कीको साविक चापाकोट गा.वि.स. वडा नं. ९ मा पिता जयभद्र र माता पद्मावतीका ज्येष्ठ पुत्ररत्नका रूपमा जन्मेका नारायणप्रसाद गौतमले वि.सं. २०२८ सालमा 'महेन्द्रराजाको सवाई' शीर्षकको कविता लेखन र वाचन गरी हालसम्म निरन्तर नेपाली साहित्यका विविध विधामा कलम चलाएर महाकाव्यहरूको लेखन कार्यमा समेत निपुणता देखाएका छन् । आध्यात्मिक चेतनाका धनी कवि गौतम शैवमार्गी व्यक्तित्व हुन् । उनको हाल घर भदौरे तामागी गा.वि.स. वडा नं. ५ चैनपुरमा छ । उनका पितामाता सामान्य कृषि कार्य गरेर जीविका चलाउने भएकाले उनको जन्म सामान्य कृषक परिवारमा भएको हो ।[1]

### २.२ बाल्यकाल

नारायणप्रसाद गौतमको बाल्यकाल त्यति सुखमय देखिँदैन । उनका पिताको निधन उनी ११ वर्षका हुँदा २०२७ साल पौष ६ गते भएको थियो । त्यसबाट उनमा विशेष पारिवारिक दायित्व आफैले निर्वाह गर्नुपर्ने बाध्यता आएको थियो । सामान्य कृषि पेसाभन्दा आयस्रोत नभएका व्यक्तिका लागि घर चलाउन आवश्यक स्रोत पर्याप्त नभए पनि आफ्ना तीन दिदी र दुई भाइहरूको पठनपाठनमा समेत कुनै कमी आउन दिएनन् । गौतमले सबैलाई बराबर माया र आदर दिएका थिए । यसरी बाल्यकालमा नै जिम्मेवारी सम्हालेका गौतम सानै उमेरमा नै बौद्धिक र सामाजिक विचारबाट परिपक्व देखिन्छन् ।[2]

---

[1] नारायणप्रसाद गौतमसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[2] रमा सापकोटा, पूर्ववत् ।

## २.३ शिक्षादीक्षा

गौतमको अक्षरारम्भ ५-६ वर्षको उमेरमा घरमै आफ्नै पिता जयभद्रबाट भएको पाइन्छ । त्यसपछि उनले आफ्नै गाउँमा २००९ सालमा स्थापित भएको श्री सेतु बाराहीमा भर्ना भई ३ कक्षासम्मको अध्ययन पूरा गरे । त्यसपछि २०२८ सालमा राष्ट्रिय नयाँ शिक्षा पद्धति लागू भएपछि सोही सालमा तत्कालीन चापाकोट पञ्चायत वडा नं. ७, ऐसेलुचौरमा श्री पञ्चकोशी निम्न माध्यमिक विद्यालयको स्थापना भएपछि त्यहीँबाट कक्षा ४, ५, ६ र ७ कक्षासम्मको अध्ययन पूरा गरेको पाइन्छ । २०३२ मा ७ कक्षा पूरा गरी माध्यमिक शिक्षाको लागि माछापुच्छ्रे मा.वि. ढिकुरपोखरी कास्कीमा गई ३ वर्षसम्म अध्ययन गरेको देखिन्छ । नारायणप्रसाद गौतमले माछापुच्छ्रे मा.वि. मा अध्ययन गर्दागर्दै आफ्ना गुरु गङ्गाधार तिमिल्सेना र दुर्गाप्रसाद दवाडीको प्रेरणाबाट संस्कृत विषय पढ्नमा चासो राखेको जानकारी पाइन्छ । माछापुच्छ्रे मा.वि. मा व्यवसायिक विषय कुखुरापालन विषय राखिएको थियो । कुखुरापालन विषय पढेको कुरा वाल्मीकि विद्यापीठका प्राध्यापक दुर्गाप्रसाद दवाडीले थाहा पाएपछि उहाँले गौतमलाई सो विषय छाडी संस्कृत पढ्ने प्रेरणा दिँदै भारतको वाराणसीमा पढ्न जान प्रेरित गर्नुभएको थियो । गौतम गुरुको रायसल्लाह अनुसार र उनको आफ्ना रुचि एवं घरको व्यवस्थानुसार सन् १९८२ मा संस्कृत पढ्न भारतको वाराणसी पुगेको जानकारी पाइन्छ । उनले त्यहाँको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयअन्तर्गत हरिहर संस्कृत पाठशाला दुग्धविनायकबाट सन् १९८३ मा पूर्वमध्यमा र नेपाली संस्कृत महाविद्यालय मङ्गलागौरी वाराणसीबाट सन् १९८५ मा उत्तरमध्यमा र सन् १९८७ मा वाराणसीको सोही माध्यमिक विद्यालयबाट संस्कृत साहित्यमा शास्त्री परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेपछि काठमाडौं स्थित त्रिभुवन विश्वविद्यालयबाट सन् १९९१ मा नेपाली साहित्यमा स्नातकोत्तर पूरा गरेको देखिन्छ । यहीँनिर उनको शिक्षाको क्रम टुङ्गो लागेको छ ।

## २.४ व्रतबन्ध/उपनयन संस्कार

नारायणप्रसाद गौतमको उपनयन संस्कार २०२८ साल माघ १२ गते १२ वर्षको उमेरमा नितान्त वैदिक विधिअनुसार भएको थियो । ८ वर्षको उमेरमा उपनयन संस्कार गर्नुपर्ने शास्त्रीय मान्यता भए पनि सानै उमेरमा ब्रतबन्ध गर्दा नीतिनियममा बस्नुपर्ने भएकाले छोरो टाक्सिन्छ भनी सानो उमेरमा ब्रतबन्ध नगरेको पाइन्छ । पिता जयभद्रको मृत्युपछि वर्ष दिनको श्राद्ध सकेपछि यिनको व्रतबन्ध संस्कार गरेको पाइन्छ ।

## २.५ वैवाहिक जीवन

नारायणप्रसाद गौतमको विवाह कास्की जिल्लाको ढिकुरपोखरी गा.वि.स. वडा नं. ३ निवासी धनञ्जय गोत्रीय ब्राह्मण स्व. रुद्रनाथ भण्डारी र श्रीमती कुशीमाया भण्डारीकी छोरी भगवती भण्डारीसँग २०३४ साल मार्ग ४ गते परम्परागत वैदिक विधिअनुसार सम्पन्न भएको पाइन्छ । नारायणप्रसाद गौतमको विवाह घरायसी अवस्थाका कारण सानैमा पढ्दापढ्दै भएको पाइन्छ । उनले वैवाहिक जीवनपछि पूर्वमध्यमा, उत्तरमध्यमा, शास्त्री र नेपालीमा एम.ए. सम्मको पढाइ पूरा गरेको पाइन्छ । घरको सबै कामको जिम्मेवारी श्रीमतीले पूरा गरेको हुँदा उनको पढाइमा कुनै अवरोध नआएको उनले बताएका छन् । सानै उमेरमा विवाह गरेको र त्यतिबेला छोरीले पढ्नुपर्छ भन्ने धारणाको विकास नभइसकेको हुँदा उनकी श्रीमती भगवती गौतमले पढेको देखिँदैन । यसपछि छोरी सिर्जना, रचना र छोरा राजनको जन्म भएको पाइन्छ ।

## २.६ पेसा तथा व्यवसाय

मध्यम वर्गीय परिवारमा जन्मिएका गौतमका पितामाताको मुख्य पेसा खेतीपाती र पशुपालन नै थियो । मातापिताले अन्नपात उपार्जनका साथै भैंसीपालन गरी त्यसको बिक्री वितरणबाट प्राप्त हुने आयलाई आम्दानीको स्रोत बनाएका थिए । गौतम १० वर्ष पूरा गरी ११ वर्षमा प्रवेश गर्दा पिताजीको देहावसान भएकाले यिनको आर्थिक स्थितिमा कठिनाइ आएको बुझिन्छ । वि.सं. २०२६ देखि २०३६ सम्म गौतमको बाल्यकाल नै भएकाले आमाको कमाइमा निर्भर रहनु पर्दथ्यो । २०३७/३८ देखि पोखरा औद्योगिक क्षेत्रअन्तर्गत दुग्ध विकास संस्थाबाट गाउँ चैनपुरमा दुग्ध सङ्कलन केन्द्रको स्थापना भएकाले गौतमले पनि आफ्ना र भाइबहिनीहरूको पढ्ने खर्च चलाउन उक्त दुग्ध सङ्कलन केन्द्रमा वर्षको ५/६ महिना जति दैनिक ५/६ लिटर जति दुध बिक्री गर्दै आएको जानकारी पाइन्छ । यसरी दैनिक ५/६ लिटर दुध बिक्री गर्दा करिब ५/६ सय जति आम्दानी गर्दा घरको पारिवारिक खर्च चलेको थियो ।

सुरुमा कृषि पेसामा आबद्ध भएपछि २०४० देखि पछिका वर्षहरूमा गौतमले शिक्षण पेसा अँगालेको देखिन्छ । गौत्मले २०४० सालको पौष/माघदेखि केही समय चापाकोट गा.वि.स. वडा नं. ९ स्थित मकन्नादेवी प्रा.वि. मा र २०४४ मा केही समय सिद्धवराह मा.वि. माझथुममा अध्यापन कार्यमा संलग्न रहेको देखिन्छ । त्यसपछि ०४८।४।५ देखि आदिकवि भानुभक्त क्याम्पस दमौली तनहुँमा प्राध्यापन पेसामा संलग्न भई हालसम्म यही पेसालाई

अँगालेका छन् । गौतमको मुख्य पेसाको थलो आदिकवि भानुभक्त क्याम्पस नै हो । उनले अध्यापन गरेका केही शिक्षण संस्थाहरू यसप्रकार छन् :-

| | | |
|---|---|---|
| क) | मकन्नादेवी प्रा.वि., चापाकोट-९, कास्की | २०४० |
| ख) | सिद्धवराह मा.वि., भदौरे तामागी-५, कास्की | २०४४ |
| ग) | कन्काई बोर्डिङ स्कुल, दमौली, तनहुँ | २०४९ |
| घ) | महर्षि वेदव्यास संस्कृत मा.वि., तनहुँ | २०५० |
| ङ) | महेन्द्र मा.वि., जामुने, गुणादी तनहुँ | २०५१ |
| च) | व्यास दिव्यज्योति बोर्डिङ स्कुल, तनहुँ | २०५३ |
| छ) | पराशर कलेज, तनहुँ | २०५९ |
| ज) | न्यू मनकामना बोर्डिङ स्कुल, तनहुँ | २०६३ |
| झ) | निर्मल उच्च मा.वि., तनहुँ | २०६४ (उ.मा.वि. संस्थापक) |

यसरी गौतमले आफ्नो मुख्य पेसाको रूपमा शिक्षण कार्यलाई अपनाएको देखिन्छ । संस्थापकका रूपमा धेरै शिक्षण संस्थामा चहारे पनि गुणात्मक रूपमा आयआर्जन गर्न नसकेको देखिन्छ । किन यति धेरै संस्थामा चहारेको भनी सोद्धा- संस्था चलाउन चाहिने बेलामा बोलाउँछन् । संस्था बन्छ र संस्थाले गति लिन थाल्छ, त्यसपछि आफ्ना मान्छे बोलाउँछन्, त्यसैले आफूले छोड्नुपर्छ भन्छन् । आफू राजनैतिक नेताहरूको ओझेलमा परेकाले यस्तो हुन गएको हो भन्ने उनको भनाइ पाइन्छ ।[3]

## २.७ लेखन प्रेरणा

कवि नारायणप्रसाद गौतम सानै उमेरदेखि सृजनशील र अध्ययनशील स्वभावका थिए । उनलाई सानै उमेरदेखि छन्द र लयतर्फ अनुराग भएको पाइन्छ । यिनी सानै छँदा भैँसी चराउने काममा फाँटमा जाँदा गोठालाहरूले गीत गाएको सुनेर लयतर्फको झुकाव बढ्दै गएको पाइन्छ । अर्कातर्फ गौतम सानै छँदा २०२५/०२६ सालतिर उनका पिता जयभद्रले बेलुका खाना खाएपछि सुब्बा होमनाथ केदारद्वारा रचित नेपाली महाभारत लय मिलाएर पढ्ने गर्दथे । त्यसबेला त्यहाँ वरिपरि छिमेकीहरू र आमाहरू बसेर सुन्दथे । नारायणप्रसाद गौतम पनि बाबाको काखमा बसेर सुन्दथे । महाभारतको वनपर्वको नलदमयन्तीको कथा गौतमले

[3] नारायणप्रसाद गौतमसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

त्यसैबेलादेखि जान्दै आएका हुन् । बाल्यकालको यात्रा प्रसङ्गले गर्दा उनी लयप्रति बढी प्रभावित भएका हुन् ।

गौतमले कक्षा दुई पास भई तीन कक्षामा प्रवेश गर्दाकै समयमा अर्थात् २०२६ सालमा पिताको मृत्युको कारण उनमा अन्तर्मुखी स्वभावको विकास भएको हो । यसले गर्दा उनी एकान्तप्रेमी बन्न गएका थिए । खोला, छहरा र वर्षाका सुसेली, इन्द्रेणीका सप्तरङ्ग पुष्पित र पल्लवित प्रकृति एवं परिवेशबाट उनको भावुक मनमा तरङ्ग भरिन्थ्यो । पिताको मृत्युको शोकाकुल सन्दर्भले गौतमको हृदय बढी दुःखित एवम् भावुक हुँदै गएको थियो । त्यसको ठीक एक वर्ष पुगेपछि २०२८ साल माघ १८ गते तत्कालीन श्री ५ महाराजधिराज महेन्द्र वीरविक्रम शाहदेव सरकारको असामयिक निधन भई राष्ट्रिय शोकको सन्दर्भले पनि गौतमको बालमानसिकतामा हलचल पैदा गरिदियो । राष्ट्रिय शोक परेकाले विद्यालय बन्द भएका थिए । पितृशोकबाट भावविह्वल भएर गौतमको शोकको भङ्गालो राष्ट्रिय शोक सन्दर्भमा मिसिन पुग्यो । २०२८ साल माघ १९ गते नै गौतमले पहिलो रचनाको रूपमा *महेन्द्र राजाको सवाई* नामक कविता लेखेका थिए । एकदिन नेपाली र संस्कृत पढाउने गुरु श्री गङ्गाधर तिमिल्सेना छिमेकीको हैसियतले गौतमको घरमा आएका थिए । त्यही मौका पारी गौतमले आफ्ना गुरु गङ्गाधरलाई आफूले लेखेको 'महेन्द्र राजाको सबाई' शीर्षकको कविता सुनाए । त्यसपछि गुरुले गौतमलाई थप प्रेरणा र प्रोत्साहन दिँदै तिमीमा कविताभाव रहेछ, पछि म यसका नियमहरू सिकाइदिन्छु भनेका थिए । सोही अवसरमा कवि नारायणप्रसाद गौतमकी साहिँली दिदीको विवाह कार्य भएको हुँदा गौतमका घरमा सबैजसो गाउँले छिमेकीहरू भेला भएका थिए । विवाहको तयारीमा जुटिरहेका बेलामा गङ्गाधर गुरु समक्ष सबैले सुन्ने गरी कविता सुनाएपछि त्यहाँ भएका सबैले गौतमको तारिफ गरेको अवगत हुन्छ । यिनका गुरु गङ्गाधर तिमिल्सिनाले पछि कवितासम्बन्धी नियम सिकाइदिने वचन दिँदै विवाहको तयारीको काम सम्हालेका थिए ।[४] त्यस दिनदेखि गौतममा कविता लेख्ने उत्कृष्ट अभिलाषा बढ्दै गएको थियो । त्यसबेला गौतमले पञ्चकोशी नि.मा.वि. ऐसेलुचउर कास्कीमा कक्षा ४ मा पढ्ने र गुरु गङ्गाधरले महेन्द्र मा.वि. नागडाँडा कास्कीमा पढाउने भए पनि संयोगवश तिमल्सेना पनि महेन्द्र प्रा.वि. बाट सरुवा मिलाई पञ्चकोशी नि.मा.वि. आइपुगेका थिए । गौतम र गुरु गङ्गाधरको घरगाउँको सिरान र पुछारमा भए पनि गोठ र खेत भने एकै ठाउँमा थियो । त्यसले गर्दा साँझ बिहान र छुट्टीको बेला दिउँसो गोठमा गुरुले कविताका सम्बन्धमा नै प्रवचन गर्ने र त्यसपछिका वर्षहरूमा

[४] गङ्गाधर तिमिल्सिनासँगको मौखिक अन्तर्वार्ताअनुसार ।

गौतमले कविता लेख्दै गुरुलाई देखाउँदै जाने क्रम निरन्तर रूपमा हालसम्म चलि नै रहेको छ । गुरुले बेलाबेलामा गौतमले लेखेका कविता सच्याइदिने, संशोधन गरिदिने, सुझाव दिनेजस्ता कामहरू गर्दै आएका थिए । यसले गर्दा गौतमलाई कविता लेख्ने प्रेरणा प्राप्त हुँदै गयो । पढेर पूर्वमध्यमा, उत्तरमध्यमा, शास्त्री र स्नातकोत्तर तह पार गर्ने समयसम्म र हालसम्म पनि सल्लाह, सुझाव र प्रेरणा दिने कार्य अनवरत रूपमा चलिरहेको छ ।

वि.सं. २०२८ सालदेखि कविता यात्रा सुरु गरेका गौतमले यो यात्रालाई हालसम्म निरन्तरता दिइ नै रहेका छन् । कवितायात्रा गर्दै जाँदा गौतमले नेपाली काव्यसम्राट् लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, लेखनाथ पौड्याल र संस्कृतका महाकवि बाल्मीकि, कालिदास, वाणभट्ट, भारवि र श्रीहर्ष जस्ता धेरै कविहरूबाट उनले कुनै न कुनै रूपमा प्रभाव ग्रहण गरेका छन् ।

भारतको वाराणसी स्थित नेपाली संस्कृत महाविद्यालय मङ्गलागौरीमा अध्ययनको क्रममा रहँदा बस्दा वाराणसी नगरीमा हुने गरेका नितान्त साहित्यिक कार्यक्रमबाट गौतमलाई प्रेरणा र प्रभाव त्यतिकै परेको देखिन्छ । वाराणसीमा पढाउने काव्यगुरु काशीराज सुवेदीले जयदेव विरचित काव्यलक्षण ग्रन्थ, **चन्द्रालोक**अन्तर्गत खड्गबन्ध, चित्रालङ्कार पढाउने क्रममा पनि प्रशस्त प्रेरणा पाएका थिए । त्यसबेला गौतमले खड्गबन्ध चित्रालङ्कारका कविता नेपालीमा लेखेर गुरु काशीराज सुवेदीलाई देखाउँदा गौतमका कविताबाट गुरुसमेत प्रभावित भएका थिए ।[५] गुरु सुवेदीको प्रेरणाबाट गौतमलाई कवितामा काव्यालङ्कारको महत्त्व एवम् महिमाको बारेमा बोध भएको उल्लेख पाइन्छ ।

काठमाडौं स्थित त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाली केन्द्रीय विभागमा अध्ययन गर्दा कुमारबहादुर जोशी, वासुदेव त्रिपाठी, ठाकुरप्रसाद पराजुली, गोपीकृष्ण शर्मा जस्ता प्राध्यापकहरूबाट कविता काव्यका सिद्धान्त र मान्यतासम्बन्धी ओजपूर्ण प्राध्यापन शैलीबाट पनि कविता काव्यलेखनप्रतिको चासो र प्रेरणा बढ्दै गएको अनुभव हुन्छ ।

## २.८ साहित्यिक मान्यता र जीवनदर्शन

कवि नारायणप्रसाद गौतम मूलतः अध्यात्मवादी जीवनदर्शन र विश्वमानवतावादी जीवनदर्शनबाट प्रभावित देखिन्छन् । कवि गौतम ईश्वरप्रति पूर्णरूपमा आस्था राख्दछन् । सम्पूर्ण देहधारी प्राणीहरू ईश्वरका अंश हुन्, एककोशीय जीवदेखि भीमकाय शरीर भएका विशाल प्राणीहरू ईश्वरीय जीव तत्त्वका दृष्टिले सबै समान छन् भन्ने उनमा आध्यात्मिक जीवनदर्शनको

[५] नारायणप्रसाद गौतमसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

प्रभाव रहेको छ । कुनै पनि देशलाई त्यस देशका प्रशासनिक निकायले चलाएको हुन्छ र त्यसैको निर्देशनमा नीति र नियमको आधारमा सिंगो राष्ट्र चलेको हुन्छ । राष्ट्र प्रमुखको आदर्शको प्रभाव देशको कुनाकुनामा पुगेको हुन्छ । त्यसै गरी त्यो विश्व ब्रह्माण्डमा तथा चराचर जगत्लाई चलाउन पनि अदृश्य नियामक तत्त्वले यो सांसारिक गतिविधि आदिलाई सञ्चालन गरेको छ । आध्यात्मिक दृष्टिले हेर्दा यहाँ कसैले गरेर केही हुँदैन । यो गर्ने सबै ईश्वरीय प्रेरणा हो । सामान्य दृष्टिले हेर्दा कुनै पनि काम कसैले गरेको भन्ठानिन्छ र मैले गरेको भनेर मख्ख परिन्छ, यो वाहियात कुरा हो । कुनै पनि काम कसैले गरेको भए तापनि त्यो काम गर्न लगाउने अन्तः प्रेरणा दिने उनै ईश्वरबाहेक अरू कोही हुन सक्दैन । ईश्वर वा नियतिले जसलाई जे दिएको छ, उसको सम्झनामा जे सङ्गृहीत छ त्योभन्दा बाहेक अरू केही पनि पाइँदैन । आफूले गरेको जे पनि हुन्छ भन्ने केही हदसम्म सत्य होला तर सोह्रै आना सत्य होइन किनभने कुनैलाई कुनै ठाउँमा बस्न मन छैन तर उसले त्यहीँ नबसी सुख छैन । कसैलाई बस्ने मन छ तर उसले बस्न पाउँदैन । परिस्थिति नै त्यस्तो अनुकूल परिस्थिति बनिदिन्छ । संयोग, वियोग, जन्म, मरण, सुख, दुःख, लोभ, हानि सबै उही परमेश्वरका अधीन र खटनमा रहेका छन् । यसैले त्यसलाई चाहेर पनि परिवर्तन गर्न सक्दैन । अरूको त के कुरा ढुङ्गा देवताको मूर्ति बन्छ । मन्दिरको काममा प्रयोग हुन्छ, गजुरमा चढ्छ र नियति नभएको ढुङ्गामाटो, शौचालय निर्माणमा प्रयोग हुन्छ । त्यसैले यो विश्व ब्रह्माण्डको सञ्चालन गर्ने नियामक तत्त्व परमेश्वर नै हो भन्ने आध्यात्मिकतावादी जीवनदर्शन गौतमको मान्यताभित्र पर्दछ । मानवधर्म नै ठूलो धर्म हो । मानवले मानवको पूजा गर्नुपर्दछ किनकि सच्चा मानव नै ईश्वरीय स्वरूप हो । उसमा ईश्वरीय संस्कार भेटिन्छ । त्यसैले मानव जुनसुकै देशको भाषा, धर्म, संस्कृति, वर्ण, लिङ्ग, जातजाति जे भए पनि मानव चाहिँ मानव नै हो । मानवको कल्याण गर्नु नै मानव धर्म हो भन्ने मानवतावादी जीवनदर्शन गौतममा रहेको पाइन्छ । "बसुधैव कुटुम्बकम्" भन्ने पूर्वीय मानवतावादी आदर्श मानवतावाद हो, तर हिजोआज मानवताका नाममा, समाज सेवाका नाममा, धर्मका नाममा र ईश्वरका नाममा धेरै विकृतिहरू आइरहेका छन् । यस्ता विकृति भित्र्याउनेहरूप्रति सावधानी अपनाउनु पर्दछ । वर्तमानमा यस्तै मानवतावाद, अध्यात्मवाद र समाजका नाममा धन कमाउने, डलरको खेती गर्ने र आफ्नो नाम कमाउने आडम्बरी प्रवृत्ति हावी भएको छ । यस्तो विकृति बढ्दै गएको प्रति गौतममा वितृष्णा बढ्दै गएको अनुभव हुन्छ । यसरी धर्मका नाममा, मानवताका नाममा धेरै विकृति बढ्दै गएको आजको कटु यथार्थ हो । समाजमा धर्म नाश हुँदै अधर्म बढ्दै गयो भने अधर्मको नाश गरी धर्मको स्थापना गर्न

भगवान्ले साकार रूपमा अवतार लिन्छन् भन्ने आध्यात्मिक मान्यताका साथ गीताको चौथो अध्यायमा यसरी उल्लेख गरिएको छ :

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत !

अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥[६]

यही अध्यात्मवादी, मानवतावादी जीवनदर्शन नै गौतमको जीवनदर्शन रहेको पाइन्छ ।

## २.९ महाकाव्य लेखनको पृष्ठभूमि

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मूल्यमान्यताहरू बोकेको राष्ट्र हो । यहाँ विविध भाषा, मत सम्प्रदायहरूको उत्थान भैरहेको छ । यसै धरातलमा सर्वप्रथम प्रथम भाषाका रूपमा संस्कृत भाषा नै उदय भएको हो । यसै भाषामा विभिन्न वेद, उपनिषद्, इतिहास, पुराण आदि लेखिएका छन् । यिनै विषयवस्तुहरूलाई आधार बनाएर विभिन्न काव्यशास्त्रीहरूले आफ्नो आफ्नो विद्वत्ता प्रदर्शन गर्दै साधारण लेख-रचनादेखि काव्य-महाकाव्यसम्मको यात्रालाई तय गरेका छन् । यसरी नै पूर्वीय काव्यशास्त्र सिद्धान्तलाई अवलम्बन गरेर महाकाव्य लेखन कार्यलाई सहज र सरल रूपमा पूरा गर्न सक्षम भएका कवि नारायणप्रसाद गौतम हुन् ।

### २.९.१ कुमारगौरव महाकाव्य

निबन्ध, खण्डकाव्य हुँदै महाकाव्यसम्मको विविध विधा यात्रामा प्रकाशनका हिसाबले **कुमारगौरव** महाकाव्य नारायणप्रसाद गौतमको प्रथम महाकाव्य हो । २०६२ साल श्रावणमा यसको प्रकाशन भएको थियो । गुरुभक्तिमा आधारित आदर्श गुरुलाई श्रद्धा सुमन चढाउने उद्देश्यले गौतमको यो महाकाव्य शान्त रसप्रधान महाकाव्य हो । जीवनदर्शनमा आधारित महाकाव्य भएकाले जीवनमा भाव, अभाव, मिलन-बिछोड जस्ताको छनक पनि देख्न सकिन्छ । शास्त्रीय छन्दमा रचिएको महाकाव्यमा साहित्यिक व्यक्तित्वलाई नै अघिसारिएको छ ।

#### २.९.१.१ कुमारगौरव महाकाव्यको संरचना

नारायणप्रसाद गौतमको **कुमारगौरव** महाकाव्यको लेखनकार्य २०६१ साल आषाढ १८ गते गुरूपूर्णिमाका दिन सुरु गरी २०६१ मार्ग २३ गते लेखनकार्य पूरा भई २०६२ मा काव्यसाधनामा उन्मुख भई महाकाव्यजस्तो विधातर्फ कलम चलाउने साहस उनले गरेका छन् ।

---

[६] वेदव्यास, **श्रीमद्भागवत गीता** (तत्त्वविवेचनी टीका), (बिसौं संस्करण), गोरखपुर : गीता प्रेस, २०४६, पृ. २३८ ।

कवि गौतमले पहिलो कवितासङ्ग्रह **आजको मान्छे भेडो** सङ्ग्रहमा २३ वटा गद्य र पद्य शैलीको रसपानपछि लयमा लोलिँदा र पञ्चासेको परिचय गद्य लेखन र अनेकौं फुटकर कविताका रूपमा गुरुभक्ति विषयमा आधारित रचनापश्चात् **कुमार गौरव** महाकाव्यको रचना गरेका छन् ।

**कुमार गौरव** महाकाव्य १४ सर्गमा लेखिएको छ । यस **कुमार गौरव** महाकाव्यका नायक प्राध्यापक कुमारबहादुर जोशी हुन् । गुरुशिष्य परम्परा भनेको गौरवमय परम्परा हो । पूर्वीय धर्मग्रन्थका पृष्ठहरू आदर्श गुरुका गरिमामय प्रशस्ति र गानले भरिएका छन् । प्राचीन गुरुहरू आदर्श र सिद्धान्तका रक्षक रहेका थिए । आफ्नो युगजीवनलाई कुन साँचोमा ढाल्ने, गिलो माटोजस्ता अबोध बालकको मनोजगत्लाई कुन रङ्गले रङ्ग्याउने भन्ने कुरा गुरु नै निर्भर रहन्थ्यो । कुमालेले गिलो माटोलाई विभिन्न आकारका भाँडाहरू बनाएजस्तै गुरुकै हातबाट व्यास, शुकदेव, बुद्ध, प्रताप जस्ता महान् व्यक्तिहरूको निर्माण भएको कुरा हाम्रा शास्त्रमा उल्लेख भएको पाइन्छ । पहिलेका शिष्यहरू पनि आदर्श गुरुका भक्त थिए । देवताका गुरु वृहस्पति, रामका गुरु वशिष्ठ, पाण्डवका गुरु द्रोणाचार्य र कृपाचार्य, दैत्यका गुरु शुक्राचार्य, कृष्ण बलरामका गुरु सान्दीपनी आदि आदर्श गुरु हुन् । यिनीहरूले गुरूप्रति आस्था र भक्ति देखाएका थिए । यसरी गुरूप्रति आस्था र श्रद्धा देखाएका अनेक उदाहरणहरू हाम्रा धर्मशास्त्रहरूमा पाइन्छन् । प्रस्तुत **कुमारगौरव** नामक महाकाव्य पनि आदरणीय गुरुका लागि दक्षिणा स्वरूप चढाउने उद्देश्यले रचना गरिएको छ ।

आज हाम्रो समाजमा पश्चिमी संस्कृतिको व्यापक प्रभाव परेको पाइन्छ । पूर्वीय आदर्शमय गुरुशिष्य परम्परा पाश्चात्य परम्पराको कारण ओझेलमा परेको छ । यसै पृष्ठभूमिमा नारायणप्रसाद गौतमले आदर्श गुरुको गुणगान गाएका छन् । यो महाकाव्य गुरु चरित्रको महिमामय गाथा हो । आदर्श गुरुको महिमा गर्नुपर्दछ भन्ने तात्पर्य यस महाकाव्यको हो । यसैले यस महाकाव्यमा गुरु कुमारबहादुर जोशीको सम्पूर्ण जीवनगाथालाई केलाउने काम भएको छ । विशेष गरी करुण रसमा वियोगान्त स्वरूप दिएर तयार पारिएको यस महाकाव्यमा अनुष्टुप् छन्द, झ्याउरे लय, उपजति, इन्द्रबज्रा, शार्दूलविक्रीडित, मालिनी, वंशस्थ, शिखरिणी छन्दको प्रयोग भएको छ। यस महाकाव्यमा संयोग, वियोग, काशीयात्रा, आध्यात्मिक भावना, कुमारबहादुर जोशीको बाल्यावस्था र जीवनमा झेल्नु परेका दुःख-पीडा, घरको आर्थिक अवस्था, अनेकौं सङ्घर्षका साथ पढाइमा गरेको उन्नति, प्रगति र महाकवि देवकोटाको साहित्यमा दिएको योगदान आदिको संयोजन, सर्ग एवं छन्द रचनाहरूले रस र अलङ्कारको व्यवस्थाले यस

महाकाव्य पूर्वीय महाकाव्य चिन्तनको नजिक पुग्न खोजेको देखिन्छ । गुरुभक्तिप्रति श्रद्धाभाव व्यक्त गर्ने उद्देश्यले तयार पारिएको महाकाव्य नै **कुमार गौरव** महाकाव्य हो ।

## २.१० महाकाव्यको सिद्धान्त

महाकाव्यमा सर्गबन्ध हुन्छ । कुनै एक देवता वा उत्तम वंशज नायक धीरोदात्त क्षत्रिय वा उदात्त कुलको राजाहरूको चरित्र वर्णन गरिएको हुन्छ । शृङ्गार, वीर वा शान्त रसमा प्रधानरस एक र अन्य रस अङ्ग रसका रूपमा प्रयोग भएको, **महाभारत** वा इतिहासको कुनै सज्जनको चरित्र वर्णन भएको हुनुपर्छ । धर्म, अर्थ, काम, मोक्ष पुरुषार्थ चतुष्ट्यमध्ये एक पुरुषार्थको लक्ष्य प्राप्ति भएको हुनुपर्छ । साथै ग्रन्थारम्भमा नमस्कारात्मक, वस्तुनिर्देशात्मक र आशीर्वादात्मकमध्ये कुनै मङ्गलाचरण हुनुपर्छ । त्यस्तै मङ्गलाचरण भएको कुनै काव्यमा सज्जनको प्रंशंसा दुर्जनको निन्दा हुन्छ । पुरै सर्गमा एकै प्रकारको छन्द र अन्त्यमा भिन्नभिन्न तथा कुनै सर्गमा विभिन्न छन्दहरूको प्रयोग भएको हुन्छ । न धेरै ठूलो, न त धेरै सानो कम्तीमा आठ सर्ग भएको वा त्योभन्दा माथि आगामी सर्गको कथा सङ्केत पूर्वसर्गमा दिइएको सन्ध्या, सूर्य, चन्द्र, रात्रि, प्रदोषकाल, अन्धकार, दिन, प्रातः काल, मध्यान्ह, खोला, नदी, पर्वत, ऋतु, सम्भोग तथा विप्रलम्भ शृङ्गारको साथै स्वर्ग, नगर, यज्ञ, युद्ध, यात्रा, विवाह, मन्त्रण, पुत्रोत्पादन आदि (जलक्रीडा, वन विहार) को साङ्गोपाङ्ग वर्णन गरिएको हुनुपर्छ । कविवृत्त (कथा) नायक या कुनै अन्य मुख्यको नाममा महाकाव्यको नामकरण गरिएको हुनुपर्छ र सर्गमा वर्णित कथाको नाममा प्रत्येक सर्गको नाम रहन्छ ।[७]

अग्निपुराणमा महाकाव्यका बारेमा भनिएको छ - अनेक सर्गमा रचिएको संस्कृत भाषामा निर्माण गरिएको वा परिशिष्ट परिष्कृत भाषामा रचिएको काव्य नै महाकाव्य हुन्छ ।[८] महाकाव्यको स्वरूपलाई नत्यागीकन उस्तै अर्को कुनै काव्य रचना गरियो भने पनि त्यस्तोलाई दोषी मान्नु हुँदैन भन्दै महाकाव्य इतिहासको कथालाई लिएर निर्माण गरिएको हुनुपर्दछ तथा त्यस बाहेक कुनै आम आधार लिएर पनि बनाउन सकिन्छ । यस्तोमा स्थान सुहाउँदोसँग योग्य रूपमा मन्त्रणा, दूत प्रेषण, काम अभियान र युद्धका बारेमा वर्णनहरूको समावेश गर्दै सूक्ष्म वर्णनद्वारा अभिव्यक्त वा अति विस्तृत, अति सङ्क्षिप्त पनि हुनु हुँदैन भन्ने रहेको छ । यसका साथै अतिजाति, शक्वरी, अतिशक्वरी, त्रिष्टुप्, पुष्पिताग्रा र वक्त्रा जस्ता मनोहर समवृत्त छन्दमा

---

[७] विश्वनाथ, **साहित्य दर्पण**, सत्यव्रत सिंह (टीका), वाराणसी : चौखम्बा विद्याभवन, पुनर्मुद्रण-१९९७, पृ. ५४९ ।
[८] तिलकप्रसाद लुइँटेल (अनु.), **अग्निपुराण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६८, पृ. ५५० ।

महाकाव्यको रचना गर्नु पर्दछ । प्रत्येक सर्गान्तमा छन्दपरिवर्तन गर्दै सर्गलाई अति छोटो नबनाई अष्टि र अतिशक्वरी यी दुई छन्दको प्रयोगबाट एक सर्ग निर्माण भएको हुनु राम्रो हुन्छ । सर्गान्तमा मात्रिक छन्दको प्रयोग गर्दै उत्तरोत्तर सर्गमा छन्दादिका साथै सुन्दर वर्णन गर्दै जानु पर्दछ । नगर, समुद्र, पर्वत, चन्द्रमा, ऋतु, सूर्य, आश्रम, वृक्ष, जलक्रीडा, मधुपान, वृक्ष, उद्यान, यौनक्रीडा, दूतकार्य, कलहंसको चरित्र आदि अद्‌भुत वर्णनहरूले जन्मिएको महाकाव्य हुन्छ ।[९] यसका साथै अन्धकार, हुरी, रात्रिहरूको वर्णनका साथै उद्दीपन विभावहरूले यसलाई सजाउने गर्नुपर्दछ ।

रस महाकाव्यको आत्मा मानिन्छ, अलङ्कार त्यसको गहना हो । रसको समुचित प्रयोग हुनुपर्छ किनभने रस नै महाकाव्यको जीवन पनि हो । धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थ काव्यका फल हुन्, उद्देश्य हुन् र प्राप्ति पनि हुन् । त्यसैले महाकाव्यमा पुरुषार्थचतुष्टय सिद्धि हुनु पर्दछ । नायकबाट नै यसको प्राप्ति गराइएको हुन्छ । त्यसैले उत्तम कुलोत्पन्न, नायकको चरित्र चित्रण महत्त्वपूर्ण छ । प्रायः समान छन्दमा महाकाव्यको रचना भएको हुन्छ ।

## २.१०.१ रस सिद्धान्त

श्रव्य र दृश्य काव्यको प्राणतत्त्व अथवा काव्यात्म रस हो । काव्याध्ययनजन्य प्रमुख प्राप्ति पनि त्यही हो भन्ने सिद्धान्तको अनुगमन गर्ने आचार्यहरू रस सम्प्रदायभित्र पर्दछन् । ती मध्ये नन्दिकेश्वर, भरत, रुद्रट, धनञ्जय, धनिक, भट्टलोल्लट, शङ्कुक, भट्टनायक, अभिनवगुप्त, शारदातनय, विश्वनाथ, शिङ्गभूपाल, भानुदत्त, मधुसूदनसरस्वती र रूपगोस्वामी आदि आचार्य प्रमुख हुन् ।[१०] त्यसैले महाकाव्यमा रसको समुचित समावेश हुनु जरुरी छ ।

## २.१०.२ रीति सिद्धान्त

पदहरूको मेल वा सङ्गठन नै रीति हो ।[११] यसलाई अङ्गसंस्थान जस्तो मानिन्छ । जसरी मानिसको शरीरको सङ्गठन त्यस्तै प्रकारले काव्यहरूको देहरूप शब्दहरूको र अर्थहरूको पनि सङ्गठन हुन्छ । यसै सङ्गठनलाई रीति भनिन्छ । जसरी व्यक्ति वा स्त्रीको हाउभाउ, सञ्चार, विचार, मधुर मुस्कानबाट व्यक्तिभित्रको क्रूरता, दया, ममता जस्ता गुणहरूको आँकडा निस्कन्छ त्यस्तै काव्यहरूको गुण, अलङ्कार आदिको संयोगबाट रसको उत्कर्षताको ज्ञान हुन्छ ।

[९] तिलकप्रसाद लुइँटेल (अनु.), **अग्निपुराण**, पूर्ववत्, पृ. ५०१ ।
[१०] वेणीमाधव ढकाल (टीका.), **काव्यदीपिका,** दोस्रो संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७, पृ. ग ।
[११] विश्वनाथ, **साहित्य दर्पण**, पूर्ववत्, पृ. ६५६ ।

काव्यकारहरूले रीतिलाई चार प्रकारको भनी व्याख्या गरेका छन्[१२] तर यसमा पनि सबै आचार्यहरू सहमत छैनन् सङ्ख्याको बारेमा नै पूर्वीय आचार्यहरूमा विवाद पाइन्छ । सबै आचार्यहरूले रीतिका बारेमा कुनै न कुनै नाम दिएर भए पनि काव्यको सिद्धान्त वा कसैले त आत्माको सङ्ज्ञा पनि दिएका छन् । जस्तै वामनले काव्यको आत्मा रीति भनी बताएका छन् । रीतिबारे यी विद्वान्हरूका विभिन्न तर्क यसप्रकार छन्-

क) भरतमुनि रीतिलाई प्रवृत्ति भनी व्याख्या गर्ने आचार्य हुन् । उनले रीतिलाई प्रादेशिकताका आधारमा आवदन्ती, दाक्षिणात्या, औड्रमागधी र पाञ्चाली गरी चार भेदमा विभाजन गरेका छन् ।[१३]

ख) आचार्य भाणभट्टले पनि रीतिलाई शैली भनी चिनाएका छन । उनले प्रादेशिकताका आधारमा उद्दीच्य, प्रतीच्य, दाक्षिणात्य र गौडी गरी चार भेदमा वर्णन गरेका छन् ।[१४]

ग) आचार्य भामहले वैदर्भी र गौडी गरी मात्र २ भेद गरेका छन्, जसलाई अलङ्कार गुणका आधारहरूमा व्याख्या गरेका छन् ।[१५]

घ) दण्डी पनि २ भेदमा रीतिलाई चिनाउने आचार्य हुन् भामहसँग मिल्दा भए पनि उनीले मात्रै गुणका आधारमा रीतिको पहिचान गराएका छन् ।[१६]

ङ) वामन यस्ता आचार्य हुन्, जसले रीतिलाई रीतिकै नाममा ३ भेदबाट व्याख्या गरेका छन् । वैदर्भी, गौडी र पाञ्चालीलाई गुणका आधारमा काव्यको आत्म नै रीति हो भनी बताएका छन् । दण्डीले दश गुणलाई रीतिको प्राणतत्त्व मानेका छन् ।[१७]

च) आचार्य उद्भटले अनुप्रासका आधारमा रीतिलाई वृत्ति शब्दबाट स्पष्टीकरण गर्दै गणना गरिएका, परुषा र ग्राग्या तथा कोमला गरी वृत्तिका तीन भेद गरेका छन् ।[१८]

---

[१२] पूर्ववत्, पृ. ६५६ ।

[१३] मधुसूदन गिरी र रामनाथ ओझा (संक), **शोध, सृजना तथा संस्कृत काव्यशास्त्र**, द्वितीय संस्करण, काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज, २०६०, पृ. ३३४ ।

[१४] ऐजन ।

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

[१८] ऐजन ।

छ) त्यस्तै आचार्य आनन्दवर्धनले रीतिलाई सङ्घटनाका नामबाट चिनाएका छन् र समासका आधारमा असमासा, मध्यसमासा र दीर्घसमासा गरी तीन भेद रीतिका गरेका छन् ।[१९]

ज) आचार्य राजशेखर रीतिलाई रीतिकै नामबाट वर्णन गर्दै यसका ४ प्रकारका भेद रहेको स्वीकार गरेका छन् जुन समासका आधारमा नै बच्छोभी, मागधी, पाञ्चाली र मैथिली रहेका छन् ।[२०]

झ) आचार्य कुन्तकले रीतिलाई मार्ग भन्ने मानेका छन् । सुकुमार, विचित्र र मध्यमा गरी जम्मा तीन भेद गर्दै गुण र समासका आधारमा रीतिको व्याख्या गरेका छन् ।[२१]

ञ) भोजले रीतिलाई ६ प्रकारमा बाँडेका छन्, जसमा वैदर्भी, गौडी, पाञ्चाली, लाटी, आवन्तिका र मागधी गरी समासका आधारमा विभाजन गरिएको छ ।[२२]

ट) आचार्य मम्मट रीतिलाई धेरै महत्त्व दिँदैनन् गुणका आधारमा रीतिलाई वृत्ति भन्ने शब्दले पहिचान गराउँदै उपनागरिका, परुषा र कोमला गरी वृत्ति (रीति) तीन प्रकारमा व्याख्या गरेका छन् । यही तीन वृत्तिलाई कायम गरी आचार्यहरूले वैदर्भी, गौडी र पाञ्चाली भनी तीन रीतिहरू मानेका छन् ।[२३]

ठ) अग्निपुराणमा प्रस्ट भनिएको छ -

वाग्विद्यासम्प्रतिज्ञाने रीतिः सापि चतुर्वधा ।
पाञ्चाली, गौडदेशीया वैदर्भी लाटजा तथा ॥

(**अग्निपुराण** ३४०।१, चौखम्बा संस्कृत संस्थान २०५५ पेज नं. ४९४ ।

समासका आधारमा रीतिलाई चार प्रकारमा विभाजन गरी वैदर्भी, गौडी, पाञ्चाली र लाटी गरी चार भेद गरिएको छ ।[२४]

ड) विश्वनाथले पनि अग्निपुराणमा झैँ चार भेद गरी गुणाभिव्यञ्जन वर्ण र समासका आधारमा वैदर्भी, पाञ्चाली, गौडी र लाटी भनी विभाजन गरेका छन् ।[२५]

---

[१९] पूर्ववत्, पृ. ३३४ ।
[२०] ऐजन ।
[२१] ऐजन ।
[२२] ऐजन ।
[२३] ऐजन ।
[२४] वेदव्यास, **अग्निपुराण**, पूर्ववत्, पृ ४९४ ।

ढ) शिङ्गभूपालले रीतिलाई रीतिका नै नाम दिएर कोमला, कठिना मिक्षा भनी नयाँ नाम दिएका छन् र ३ भेद गरेका छन् । उनको रीति विभाजनको आधार भने गुण नै रहेको छ ।[२६]

यसरी सङ्ख्यामा विविधता भए तापनि रीतिका सम्बन्धमा वामन नै मुख्य आचार्य हुन् जसले रीतिलाई ३ भेदमा विभाजन गरेका छन् । आचार्यहरूका मतानुसार गुण वा समास नै भेदका मुख्य आधार रहेका छन् । त्यसैले वामन यस्ता आचार्य हुन् जसले रीतिका बारेमा विशद व्याख्या र विश्लेषण गरेका छन् । भेदमा कसैको ६ र कसैको २ भेद रहेकामा वामनले मुख्य ३ भेद नै रीतिको मुख्य भेद मानेका छन् । रीति काव्यको भाषिक तत्त्वसँग प्रत्यक्ष सम्बन्ध रहने हुनाले सैद्धान्तिक पक्षका आधारमा पनि रीति महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ ।

## २.१०.३ अलङ्कार सिद्धान्त

अलङ्कार काव्यको गहना हो । यसले काव्यलाई सुन्दर र सुरम्य बनाउने गर्दछ । जसरी राजा महाराजाहरू केयूर, मुकुट आदि लगाएर शोभित हुन्छन् त्यसै गरी अलङ्कारबाट काव्य शोभित हुन्छ । अलङ्कार विशेषतः शब्दालङ्कार र अर्थलङ्कार गरी दुई भेद मुख्य छन् । शब्दालङ्कारअन्तर्गत छेकानुप्रास, वृत्यनुप्रास, श्रुत्यनुप्रास, अन्त्यानुप्रास र लाटानुप्रास गरी अनुप्रासका मुख्य भेद विश्वनाथले साहित्य दर्पणमा पाँच भेद गरेका छन् ।

काव्यप्रकाशमा मम्मटले छेकानुप्रास आदि गरेका शब्दालङ्कारको छ भेद गरेका छन्[२७] -

शब्दालङ्कार र अर्थालङ्कार एक अर्काका पूरक हुन् जसरी हार वा गहनाले स्त्रीको स्तन वा घाँटी, वक्षस्थलमा शोभित हुन्छ । त्यसरी नै शब्द र अर्थालङ्कार काव्यशोभित हुन्छन् । शब्द र अर्थ निहित जो अङ्कार हुन्छ, त्यसले शब्द र अर्थ दुबैलाई विभूषित तुल्याउँछ ।

## २.१०.४ ध्वनिसिद्धान्त

काव्यको आत्मा ध्वनि हो भन्ने ध्वनिसम्प्रदायको प्रमुख सिद्धान्त हो । यस ध्वनिभित्र व्यञ्जक शब्द, व्यङ्ग्य अर्थ, व्यञ्जक अर्थ, व्यञ्जनावृत्ति, व्यङ्ग्यप्रधान काव्य पर्दछन् । यो

---

[२५] मधुसूदन गिरी र रामनाथ ओझा (संक), **शोध सृजना तथा संस्कृत काव्यशास्त्र**, पूर्ववत्, पृ. ३३४ ।

[२६] ऐजन ।

[२७] मम्मट, **काव्यप्रकाश,** सत्यव्रतसिंह (टीका.), दशम संस्करण, वाराणसी : चौखम्बा संस्कृत विद्याभवन, सन् १९९५, पृ. १४० ।

सम्प्रदाय सबै सम्प्रदायभन्दा माथि उठेको र अनुगामी धेरै भएको सम्प्रदाय हो । यस सम्प्रदायअन्तर्गत आनन्दबर्धन, मम्मट आदि विद्वान्हरू रहेका छन् ।[२८]

## २.११ महाकाव्य सम्बन्धी पूर्वीय धारणा

पूर्वीय साहित्यमा रामायण र महाभारत जस्ता महाकाव्य र आर्षयुगदेखि प्रचलित गाथाचक्र र इतिहासलाई अनुगमन गरेर विभिन्न चिन्तकहरूले महाकाव्य सम्बन्धी आ-आफ्नो अवधारणाहरू प्रस्तुत गरेका छन् । पूर्वीय साहित्य चिन्तन परम्परामा प्रथम आचार्यका रूपमा भरतमुनि सम्मानित छन् तर उनको काव्य चिन्तन नाट्यकेन्द्री पाइन्छ । छैटौं शताब्दीका आचार्य भामह नै महाकाव्य सम्बन्धी आवाज उठाउने पहिला आचार्य हुन् ।

"लामो कथानक भएको महान् चरित्रहरूमा आधारित नाटकीय पञ्चसन्धिद्वारा युक्त उत्कृष्ट एवं अलङ्कृत शैलीमा रचित जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने सर्गबद्ध सुखान्त काव्य नै महाकाव्य हो ।"[२९] प्रस्तुत परिभाषाको अध्ययन गर्दा उनको लक्ष्य ग्रन्थ **रामायण** र **महाभारत** नै रहेको स्पष्ट हुन्छ ।

## २.१२ महाकाव्य सम्बन्धी पाश्चात्य धारणाहरू

पाश्चात्य काव्य चिन्तनको ऐतिहासिक परम्परा खोज्दै जाँदा प्लेटोसम्म पुग्नुपर्ने हुन्छ । काव्य चिन्तनका पहिला ठोस तर्कहरू निकाले पनि महाकाव्यका सन्दर्भमा उनको चिन्तन पाइँदैन । महाकाव्य सम्बन्धी चिन्तनका दृष्टिले अरिस्टोटल नै प्रथम व्यक्ति हुन् तर पनि उनले महाकाव्य सम्बन्धी छुट्टै चिन्तन गरेका छैनन् । दुःखान्तकको चर्चा गर्ने क्रममा महाकाव्य सम्बन्धी आफ्ना धारणाहरू भने अभिव्यक्त गरेको पाइन्छ । आफ्नो **काव्य शास्त्र**को अध्याय २२, २३ र २४ मा महाकाव्य र दुःखान्तक बीच तुलना गरेका छन् । महाकाव्यका सन्दर्भमा उनी भन्छन्-

"महाकाव्यमा आफ्ना सीमासित विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ । जहाँसम्म यस्तो काव्यानुकृतिको प्रश्न छ जसको रूप आख्यानात्मक तथा छन्द एउटामात्र प्रयुक्त हुन्छ । कथानकको विकास आदि, मध्य र अन्त्य भएको पूर्ण घटनाको उल्लेख भएको हुनुपर्दछ । यसरी आफ्नो अन्वितिमा यो काव्यको रूप एक जीवन्त प्राणीजस्तो हुन्छ । यसले

---

[२८] वेणीमाधव ढकाल (अनु.), **काव्यदीपिका,** प्रस्तावना खण्ड ग, पूर्ववत् ।
[२९] विश्वनाथ, **साहित्यदर्पण,** पूर्ववत् ।

विशिष्ट आनन्द प्रदान गर्दछ ।"[३०] अरिस्टोटलको उक्त कथन अनुसार महाकाव्य लचिलो, प्रबन्धयुक्त, आख्यानात्मक, एक छन्दमा आवद्ध, कथानकीय विकासमा आदि, मध्य र अन्त्यको उचित परिपालन भएको पञ्चसन्धियुक्त एउटा सिङ्गो र पूर्ण कथानक भएको सु-सङ्गठित एवम् आलङ्कारिक पदयुक्त काव्यकृति हो ।

बीसौं शताब्दीमा सी.एम. कावराले आफ्ना महाकाव्य सम्बन्धी धारणा व्यक्त गरेका छन् । सी.एम. कावराको महाकाव्य सम्बन्धी धारणा यसप्रकारको छ -

"त्यो वृहदाकार कथात्मक काव्य महाकाव्य हो । जसमा महत्त्वपूर्ण र गरिमायुक्त घटनाहरूको वर्णन हुन्छ तथा जसमा केही पात्रहरूको क्रियाशील एवम् भयङ्कर कार्यले भरिएको जीवनकथा हुन्छ । त्यो पढ्दा हामीलाई एक विशेष प्रकारको आनन्द प्राप्त हुन्छ किनभने यसका घटना र पात्रहरूले हाम्रा हृदयमा मानवीय उपलब्धीहरू तथा गौवव र महत्त्वहरूप्रति दृढ आस्था उत्पन्न गरिदिन्छन् ।"[३१]

त्यसैगरी पछिल्ला समीक्षक राल्फफक्सको विचारमा कलात्मक अभिरुचिहरूको पूर्ति महाकाव्यले गर्दछ र महाकाव्य नै समाजको पूर्ण अभिव्यक्ति हुन सक्छ भन्ने भाव पाइन्छ ।

महाकाव्य सम्बन्धी वाल्टेयरको मत यसप्रकार छ-

"त्यो काव्य ग्रन्थ नै महाकाव्य हो जसमा महत्त्वपूर्ण घटनाको वर्णन हुन्छ र जसलाई समाजले व्यवहारत महाकाव्य मान्न थाल्दछ । यसको घटना सरल होस् वा जटिल एक स्थान घटित होस् या ससारका अनेक स्थानमा, नायक पनि एक होस् वा अनेक, अभागी होस् वा भाग्यशाली, भयङ्कर क्रोधी होस् वा अतीव धर्मात्मा, राजा होस् वा धर्तीको, स्वर्गको होस् वा नरकको त्यसमा केही छैन । यी सब कुराहरूका अतिरिक्त कुनै मान्य महाकाव्यलाई तबसम्म महाकाव्य नै भन्दै गइन्छ जबसम्म हामी यसका गुणहरूको अनुरूप यसलाई अरू अरू कुनै नामाकरण गरिदिन्नौं ।"[३२]

महाकाव्य सम्बन्धी माथिका मान्यताहरूको अध्ययन गर्दा पश्चिममा अरस्तुले, महाकाव्य सम्बन्धमा जेजति भने त्यसभन्दा बढी पछिका विद्वान्हरूले खास थप कुरा केही भन्न सकेका देखिँदैन । यसरी महाकाव्य सम्बन्धी पाश्चात्य मान्यतालाई अवलोकन गर्दा महाकाव्यको सन्दर्भमा यस्तो निष्कर्ष निस्कन्छ -

---

[३०] वेणीमाधव ढकाल (अनु.), **काव्यदीपिका,** प्रस्तावना खण्ड ग, पूर्ववत् ।

[३१] ऐजन ।

[३२] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** (सातौं संस्करण), ललितपुर : साझा प्रकाशन, २०६७, पृ. १७ ।

"महाकाव्य छन्दोबद्ध, आलङ्कारिक पदहरूले युक्त, समाख्यानात्मक, सिङ्गो युग, समाज, जीवन वा सभ्यता र संस्कृतिलाई प्रतिबिम्बित गर्ने, सर्गबद्ध महासंरचना हो ।"

## २.१३ महाकाव्य सम्बन्धी अन्य धारणाहरू

महाकाव्यका सन्दर्भमा व्यक्त भएका पूर्व, पश्चिमका धारणाबाहेक केही भारतीय एवम् नेपाली विद्वान्हरूका धारणाहरूपनि यहाँ सान्दर्भिक हुने हुनाले अन्य विद्वान्का महाकाव्य सम्बन्धी धारणाहरूको चर्चा गरिन्छ ।

भारतीय समालोचक एवम् पूर्वीय र पाश्चात्य साहित्य शास्त्रका व्याख्याता नगेन्द्र उदात्त कथानक, उदात्त नायक, उदात्त उद्देश्य, उदात्त भाव एवं शैली भएको छन्दोबद्ध काव्य ग्रन्थका रूपमा लिइएको पाइन्छ । यसरी नगेन्द्रले महाकाव्यलाई एक महान् ग्रन्थका रूपमा सम्मान गर्न चाहेको बुझिन्छ । भागीरथ मिश्रका अनुसार "महाकविको कल्पना संयम तर प्रबल हुन्छ, उसभित्र नव-नव निर्माणको चेतनाका साथै हरेक वस्तुहरूका विशेषताहरू अत्यन्तै शूक्ष्म रूपमा निरीक्षण गर्न सक्ने क्षमता रहन्छ । महाकविभित्र रहेको शब्दावलीका जादुले गर्दा महाकवि र अन्य कविका बीचमा भिन्नता पाइन्छ । अतः महाकाव्य आफ्नो महतामा अक्षुण्ण रहन्छ ।"[३३] महाकाव्य सम्बन्धी मिश्रको उपर्युक्त कथन महाकाव्यलाई विपुलाकार कृतिका रूपमा सम्मानित गर्नेतर्फ झुकेको देखिन्छ ।

विश्वम्भर मानवका अनुसार "महाकाव्यले जीवनको विराट चित्र प्रस्तुत गर्दछ । यो जातीय कथा, इतिहास र पुराणमाथि आधारित हुने हुनाले यसको कथा विशेष युग वा संस्कृतिको सन्देश बाहक हुन्छ ।"[३४]

नेपाली साहित्यका समालोचकहरूको महाकाव्य सम्बन्धी धारणा यसप्रकार छ :

वासुदेव त्रिपाठी र अन्यका अनुसार "महाकाव्य कविता विधाको सबभन्दा विशाल त्यस्तो बृहत् तथा वृहत्तर उपविधागत भेद हो । जसमा साङ्गतिक भाव प्रवाहको रूपमा कविताको प्राधान्न रहने गरी आख्यानका माध्यमबाट समग्र जीवन जगत्को विस्तृत कथन प्रायः सर्गबद्ध वृहत् भाषिक सूचनाद्वारा गरिन्छ । महाकाव्यका रचनामा विपुल, लयप्रवाह र विशाल भावराशी तथा समग्री जीवन-जगत्को आख्यानीकरणर बृहत् भाषिक संरचना मुख्य चार पक्षका रूपमा रही यिनले कवित्वको विस्तृति र व्याप्तिका साथै घनत्वलाई अभिव्यक्त गर्दछन् ।[३५]

[३३] भागीरथ मिश्र, **काव्यशास्त्र**, वाराणसी विश्वविद्यालय प्रकाशन, २०४७, पृ. ४५ ।
[३४] **विश्वम्भरमानव प्रसाद और उनकी कविता**, इलाहवाद : किताब महल प्रा.लि., सन् १९६२, पृ. १३४ ।
[३५] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०४८ ।

उक्त भनाई अनुसार महाकाव्य विपुल, प्रवाहयुक्त, व्यापक आख्यान समेटेको बृहत् भाषिक संरचना भएको विशालभाव राशि समेटेको ग्रन्थका रूपमा परिभाषित गरेको देखिन्छ ।

यसबाट महाकाव्यमा लय प्रवाह कथानक भाषिक संरचना एवम् भावराशी महान् एवम् उदात्त रहने कुराको पुष्टि हुन्छ । वासुदेव त्रिपाठीले **मेघनादबध**को भूमिकामा महाकाव्यलाई यसरी प्रस्तुत गरेका छन् -

"महाकाव्य त्यही हो जसले कुनै जाति, राष्ट्र र युगको समग्र जीवनमा विविध पक्ष र रूपहरूको प्रस्तुतीकरण सुसङ्गत कवितात्मकताद्वारा गर्न सकोस् ।"[३६]

**नेपाली बृहत् शब्दकोश**का अनुसार "काव्यशास्त्र अनुसार कथा सूत्रमा आबद्ध प्रख्यात विषयवस्तुमा आधारित तथा रसयुक्त ठूलो गहन काव्यलाई महाकाव्य भनिन्छ ।" त्यस्तै भानुभक्त पोखरेल **सिद्धान्त र साहित्य** ग्रन्थमा महाकाव्यलाई यसरी चिनाउँछन् -

"महाकाव्य भनेको विशिष्ट गरिमा, महत्त्व र ओजनले भरिएका सु-सङ्गठित विशाल काव्य कृति हो ।"[३७]

नेपाली साहित्यका महान् प्रतिभा महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाले महाकाव्यलाई यसरी चिनाएका छन्-

"शायद महाकाव्य भन्नु नपर्ने कति मात्रामा सुहाउँछ म भन्न सक्तिनँ ...... तर छ साधारण समाजिक औपन्यासिक सामग्री र मुक्तिको कल्पनाद्वारा रचना गरिएको कविता उपन्यास जसलाई महाकाव्य भन्ने साधारण उपाधि नै हुने गरी दिइएको छ ...... के छन्दमा उपन्यास लेखिन सक्तैन ?"[३८]

नेपाली महाकाव्य परम्परामा नयाँ आयाम ल्याउने महाकवि बालकृष्ण समले महाकाव्यलाई यसरी परिभाषित गरेका छन् -

"संलग्न रूपले लेखिएका धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो ।"[३९]

यसरी उपयुक्त धारणाहरूबाट महाकाव्यलाई जीवनजगत्को विस्तृत एवं विराट् अभिव्यञ्जना गर्ने दरिलो आख्यान भएको र त्यसलाई वहन गर्न सक्ने नायक भएको शाश्वत काव्यकृतिका रूपमा परिभाषित गरिन्छ ।

---

[३६] रमा पौडेल, **विरजा महाकाव्यको अध्ययन तथा विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा, २०६५, पृ. २७ ।

[३७] ऐजन ।

[३८] लक्ष्मीप्रसाद देवकोटा, **सुलोचना** भूमिका खण्ड, काठमाडौं : नेपाल भारत प्रकाशन, सन् २००३ ।

[३९] बालकृष्ण सम, **चिसोचुल्हो** भूमिका खण्ड, काठमाडौं ।

## २.१४ अरिस्टोटलको विचारमा महाकाव्यको रचनाशैली तथा तत्त्व

महाकाव्यको रचनाशैली समाख्यानात्मक हुन्छ तर समर्थ कविले नाट्यशैलीको पनि प्रयोग गर्दछ । होमरजस्ता कुशल कवि प्रस्तावनाको रूपमा केही शब्द भनी चाँडै नै कुनै स्त्री वा पुरुषपात्रलाई मञ्चमा ल्याउँछन् भन्दै यसरी परोक्ष वर्णनात्मक शैली र प्रत्यक्ष नाटकीय शैली दुवैको प्रयोग महाकाव्यमा हुन्छ, तर अस्टिोटल नाटकीय शैलीलाई बढी रुचाउँछन् भनिएको छ ।

यस्तै उनको विचारमा भाषाशैली प्रसन्न हुनु पर्दछ, क्षुद्र होइन । असामान्य अर्थात् अप्रचलित शब्दहरूको विन्यासद्वारा उदात्त भाषाको उपयोगका उनी पक्षपाती छन् भनिएको छ ।

यसरी नै अरिस्टोटलले महाकाव्यमा छन्दलाई अनिवार्य मान्दछन् र एकमात्र षट्पदी वीर छन्दको विधान गर्दै वस्तु, चरित्र, विचार र पदावली जस्ता मुख्य चार तत्त्वहरूको स्थिति भनेका छन् । अरिस्टोटलका मतमा नायक वैभवशाली, यशस्वी र कुलीन हुनुपर्दछ भन्दै मानवीय दोष पनि देखिनु पर्दछ भनेका छन् । साथै महाकाव्यको प्रयोजन र प्रभाव दुःखान्तको मनोवेगको विरेचन र आनन्द दिनु हो भन्ने उनको विचार रहेको छ ।[४०] यसप्रकार महाकाव्यसम्बन्धी अरिस्टोटलको विचार पाश्चात्य प्रतिनिधि एवं चिन्तनमूलक रहेको देखिन्छ ।

## २.१५ संस्कृत साहित्याचार्यहरू र अरिस्टोटलको महाकाव्य विषयक मान्यताको तुलना

अरिस्टोटलले महाकाव्यको वस्तुको आधार जातीय दन्त्यकथा, इतिहास र कविकल्पनालाई मानेका छन् भने संस्कृतका आचार्यहरूले इतिहास, पुराण र कविकल्पनालाई मानेका छन् तर दुवैथरी महाकाव्यमा महान् विषय र भव्यतर जीवनको चित्रणको आग्रह पाइन्छ ।[४१] दुवैथरीका विचारमा नायक कुलीन, भद्र, यशस्वी, वैभवशाली र पराक्रमी हुनुपर्छ । परन्तु अरिस्टोटलले सहज मानवीय दुर्बलताको प्रकाशनको समर्थन गरेका छन् भने संस्कृतका मनीषीहरूले आदर्श चरित्रमाथि नै जोड दिएका छन् र दोष प्रदर्शन वर्जित मानेका छन् ।[४२] रचनाशैली दुवैथरीका दृष्टिमा समान रहेको र संस्कृत महाकाव्यहरू पनि समाख्यानात्मक र नाटकीय दुवै शैलीमा आबद्ध छन् भने होमरका कृतिहरू पनि यस्तै रहेका छन् भन्ने उपाध्यायको कथन रहेको छ ।[४३] भाषाको विषयमा पनि दुवैथरीले अलङ्कृत लक्षणिक र अभिव्यञ्जनात्मक शब्दहरूको प्रयोगको विधान गरेका छन् । महाकाव्य छन्दोबद्ध हुनुपर्दछ भन्ने दुवैथरीको विचार

---

[४०] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश** (सातौं सस्करण), ललितपुर : साझा प्रकाशन, २०६७, पृ. ९६ ।

[४१] पूर्ववत्, पृ. ९७ ।

[४२] ऐजन ।

[४३] ऐजन ।

छ तर फरक के छ भने अरिस्टोटलका अनुसार  केवल एक वीर छन्दको प्रयोग हुनुपर्दछ भने संस्कृतका आचार्यहरूका अनुसार विविध छन्दहरूको प्रयोग आवश्यक ठानिन्छ ।[४४] अरिस्टोटलले महाकाव्यमा चार तत्त्वहरूको अवस्थिति मानेका छन् । संस्कृतका मनीषीहरूले तत्त्वहरूको अलग विवेचन नगरे पनि वस्तु, नेता र रस तीन तत्त्वहरूलाई विशेष महत्त्व प्रदान गरेका छन् ।[४५] अरिस्टोटल महाकाव्यको प्रयोजन दुःखान्तकै झैँ मनोविकारको विरेचन र तज्जन्यः मनः शान्ति हो । प्रभावचाहिँ आह्लाद हो भन्ने मानेका छन् भनिएको छ भने संस्कृत आचार्यहरूले यसको प्रयोग पुरुषार्थ चतुष्ट्य धर्म, अर्थ, काम, मोक्षमध्ये कुनै एक वा सबैको प्राप्ति मानेका छन् र प्रभाव, मनोविनोद र परमानन्द लाभको अपेक्षा गर्दै आफ्नो आफ्नो किसिमबाट दुवैथरी चिन्तकहरूले महाकाव्यबाट नैतिक शिक्षण र आनन्दको प्राप्ति हुन्छ भन्ने देखाएका छन् भन्ने उल्लेख गरिएको छ ।[४६] अरिस्टोटलले महाकाव्यलाई सरल, जटिल, नैतिक र करुण गरी चार प्रकारको मानेका छन् । संस्कृत साहित्यमा यसको विभाजन रीतिमुक्त, रीतियुक्त, श्लिष्ट ( अनेकार्थी) रीतिनियमोपेक्षक गरी चारै रूपमा गरिएको छ । तर दुवैका शब्दावली भिन्न छन्, रूप पनि भिन्न छन् ।[४७] यसरी पूर्व र पश्चिमका दुवैथरी विद्वान्हरूले महाकाव्य रचनाशैलीका बारेमा महत्वपूर्ण विचार अभिव्यक्त गरेका छन् ।

## २.१७ अन्य विद्वान्हरूको महाकाव्य सम्बन्धी मत

अङ्ग्रेजी विद्वान् हड्सनले महाकाव्यलाई विकासशील र कलात्मक गरी दुई रूपमा विभाजन गर्दै विकासशील महाकाव्य कुनै एक व्यक्ति कृति नभई विविध प्रतिभाहरूद्वारा विरचित हुन्छ भने कलात्मक महाकाव्य नियमानुकुल, प्रभावान्वितिले युक्त, नाटकीय नियन्त्रित कथानकले सम्पन्न, व्यक्ति विशेषद्वारा रचिएको हुन्छ भनेका छन् ।

पाश्चात्य साहित्यमा उत्तरवर्ती आलोचकहरूले पनि महाकाव्यलाई परिभाषित गर्ने क्रममा परिवर्तन र परिवर्द्धन गरे पनि अरिस्टोटलको काव्यमान्यतालाई हृदयङ्गम गरेका छन्, मात्र फरक कति छ भने पहिले प्राचीन घटना र प्रख्यात चरित्रलाई महत्त्व दिइन्थ्यो भने पछि नवीन घटना र आख्यान चरित्रलाई स्थान दिइएको पाइन्छ । टेसोले भने महाकाव्यमा पुराना र नयाँ दुवै किसिमका घटनाहरूको वर्णन गर्न सकिन्छ भनेका छन् । साथै अर्का पश्चिमेली

[४४] ऐजन ।
[४५] पूर्ववत्, पृ. ९८ ।
[४६] ऐजन ।
[४७] ऐजन ।

साहित्यशास्त्री टिसियर्डले महाकाव्यको कथावस्तु जीवनको अधिकतम सुविस्तृत् पक्षसित सम्बन्धित हुनुपर्छ भन्दै त्यसमा अति साधारण विषयदेखि लिएर अति महान् विषयको वर्णन गर्न सकिन्छ भनेका छन् ।[४८]

नेपाली साहित्यमा **चिसो चूल्हो**का रचयिता बालकृष्ण समले आफ्नो महाकाव्य विषयक मान्यता प्रस्तुत गर्दै संलग्न रूपले लेखिएका धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो भनेका छन् । साथै त्यसमा कविले विभिन्न छन्द, रस, अलङ्कार, शैली तथा विषयमा आफ्नो कविता प्रदर्शित गरेको हुनुपर्छ भन्ने अभिमत प्रकट गरेका छन् ।[४९] महाकाव्य काव्यको सबैभन्दा प्राचीन विधा हो तर यसको रूप, शैली तथा प्रतिपद्य विषयमा त्यति सारो परिवर्तन त आएन जति नाटक तथा अन्य विधाहरूमा आयो भन्दै महाकाव्य कवितामा निबद्ध यस्तो वृहद परन्तु शृङ्खलित र सुगठित आख्यानमूलक प्रबन्धात्मक रचना हो, जसमा प्राचीन र नवीन कुनै पनि विषयवस्तुलाई आधार तुल्याई मानवजीवनको यथार्थ र आदर्शलाई प्रकृतिको विराट् रूप र सौन्दर्यले समन्वित् पारी प्रस्तुत गरिएको हुन्छ भनिएको छ ।[५०] महाकाव्यमा विषयवस्तु, चरित्र, संवाद, रस, अलङ्कार, प्रकृतिचित्रण, जीवनदर्शन, शैली र छन्द आदि पर्दछन् भन्दै महाकाव्यले शास्त्रीय वा लोकलय अथवा स्वतन्त्र छन्दको प्रयोग गरेर वा गद्यात्मक शैलीमा पनि रचना गरिएको हुन सक्दछ भन्ने मत रहेको छ ।[५१] यसरी महाकाव्यका सम्बन्धमा विभिन्न पाश्चात्य र नेपाली विद्वान्हरूले रूप, संरचना र सङ्गठनबारे विविध विचार अभिव्यक्त गरेका छन् ।

## २.१८ निष्कर्ष

महाकाव्यका सन्दर्भमा पूर्वीय एवम् पाश्चात्य अवधारणाहरूलाई तुलनात्मक रूपले अध्ययन गर्दा केही समानता एवं असमानता पाइन्छन् । महाकाव्यमा महान् व्यक्तिको महान् अर्थलाई पूर्वीय विद्वान् भामहदेखि विश्वनाथ एवं पाश्च्य जगत्का  अरस्तुले पनि समर्थन गरेका छन् । त्यस्तै इतिहास प्रसिद्ध कथानकका सन्दर्भमा पनि दुवैतिरका विचारहरू मिलेका छन् । अरस्तुले त्रासदीमा हुने वस्तुसङ्गठन महाकाव्यमा पनि अनिवार्य ठानेका छन् भने पूर्वीय चिन्तक विश्वनाथले सर्वे नाट्य सन्धि आवश्यक छन्' भनेर समर्थन जनाएका छन् । त्यसैगरी विपुलाकार, आलङ्कारिक शैली, सुन्दर भाव गुम्फन जस्ता पक्षमा पनि पूर्व पश्चिम दुवैतिरका

[४८] ऐजन ।
[४९] ऐजन ।
[५०] ऐजन ।
[५१] ऐजन ।

विचारहरूमा समानता पाइन्छ । यसरी महाकाव्यका सन्दर्भमा व्यक्त भएका पूर्व र पश्चिमका अबधारणाहरूले एक आपसमा समानता राखेको पाइन्छ । पूर्वीय महाकाव्य चिन्तन परम्परामा बहुछन्द प्रवाहलाई मान्यता दिएको पाइन्छ भने पाश्चात्य चिन्तन परम्परामा वीरनामक एक छन्दलाई मात्र मान्यता दिएको पाइन्छ । पूर्वीय चिन्तकहरू रसयुक्त पदावलीलाई बढी जोड दिन्छन् भने पश्चिममा रसको प्रसङ्ग नै भेटिँदैन । पूर्वीय धारणाहरूको झुकाव यथार्थमा भौतिकतातर्फ बढी देखिन्छ । यसरी पूर्वीय एवं पाश्चात्य महाकाव्य सम्बन्धी अवधारणाहरूमा असमानता पाइन्छ । पूर्वीय आचार्य भामह र पाश्चात्य मनीषि अरस्तु विश्व साहित्यकै इतिहासमा देखा पर्ने महाकाव्यका आद्य चिन्तकका रूपमा सम्मानित छन् । अतः भामहदेखि विश्वनाथसम्मको संस्कृत परम्परा एवम् अरस्तुदेखि राल्फ फक्ससम्मको महाकाव्य चिन्तनलाई समीकरण गर्दा महाकाव्यको परिभाषा यस्तो हुन्छ - “महाकाव्य मानव जीवन एवम् समाजमा विभिन्न विषयवस्तु एवम् उतारचढावलाई प्रस्तुत गर्ने, उच्च बृहत् कथानक भएको, सर्वगुणसम्पन्न नायक, पञ्चसन्धियुक्त, नवैरसको प्रयोग गरिएको, आलङ्कारिक, सर्गबद्ध एवं छन्दोबद्ध बृहत् आकारको काव्यकृति हो, जसमा युग, जीवन, समाज र संस्कृतिका विविध पक्षहरूसमेत प्रतिबिम्बित हुनुपर्छ र यसले शाश्वत मूल्य र मान्यता बोकेको हुनुपर्छ ।

## परिच्छेद : तीन

# नेपाली महाकाव्यको विकासक्रम र गौरीवल्लभ महाकाव्य

# परिच्छेद : तीन

# नेपाली महाकाव्यको विकासक्रम र गौरीवल्लभ महाकाव्य

## ३.१ विषय प्रवेश

काव्यप्रकाशकार मम्मटले सबै आचार्यहरूका प्रयोजनपरक चिन्तनलाई समेटेर यशप्राप्ति, अर्थप्राप्ति, व्यवहारज्ञान, अमङ्गलनाश, आनन्दप्राप्ति र कान्ता सम्मितोपदेश जस्ता प्रयोजनलाई अघि सारेका छन् । कालक्रमले प्रयोगनहरू थपिएलान् तर मम्मटद्वारा निर्दिष्ट छ वटा प्रयोजन भने सार्वकालिक भएर रहेका छन् ।

भरतका अनुसार मृदु एवं ललित पदावली भएको, गूढ शब्द नभएको रस परिपाक भएको र सन्धिसम्पन्न काव्य अभिनेय र प्रभावकारी हुन्छ । अग्निपुराणका अनुसार गुठा र अलङ्कारले युक्त दोषहीन र मणीयार्थ प्रतिपादक पद सन्दर्भ काव्य हो । भामहका अनुसार हिताद्यायक एवं सुन्दर शब्द र अर्थ काव्य हो । दण्डीका अनुसार इष्ट अर्थ दिने पदावली काव्य हो । हेमचन्द्रका अनुसार अदोष, सगुण र सालङ्कार शब्द एवं अर्थ काव्य हो । बाग्भट्टका अनुसार निर्दोष, सगुण र प्रायः साङ्कार शब्द एवम् अर्थ काव्य हो । कुन्तकका अनुसार वक्रोक्ति गर्वित शब्द एवम् अर्थ काव्य हो । भोजका अनुसार निर्दोष, सगुण अलङ्कृत र रसान्वित वाक्य काव्य हो । जयदेवका अनुसार निर्दोष, सगुण, रीतिसहित, सालङ्कार, सरस र संवृत्ति शब्द काव्य हो । विश्वनाथका अनुसार रसात्मक वाक्य काव्य हो । जगन्नाथका अनुसार रमणीय अर्थको प्रतिपादक शब्द काव्य हो । मम्मटका अनुसार अदोष, सगुण र प्रायः अलङ्काररहित शब्द र अर्थ काव्य हो ।

धेरै सर्गहरूमा निबद्ध पद्यप्रबन्धलाई महाकाव्य भनिन्छ । महाकाव्यको आरम्भ आशीर्वाद, नमस्कार वा सम्बद्ध विषयको निर्देशनद्वारा अनुप्राणित् हुनुपर्दछ । यो धर्म, अर्थ, काम, मोक्ष रूप प्रयोजनमध्ये कुनै एक वा अनेक सँग सम्बद्ध हुनुपर्दछ । यसमा कार्य निपुण एवम् उदात्त स्वभावको नायक हुनुपर्दछ । यसलाई नगर, महासागर, पर्वत, ऋतु, चन्द्रोदय, चन्द्रास्त, सूर्योदय, सूर्यास्त आदिको वर्णनद्वारा अलङ्कृत गरिनु पर्दछ । यसको स्वरूप सानो हुँदैन । यो करुण, वीर,

शृङ्गार आदि रस र भावद्वारा परिपूर्ण हुनुपर्दछ । यसमा सर्गहरू ज्यादै ठुला हुनुहुँदैन । सहज एवं कर्णमधुर छन्दहरूको विन्यास, मुख, प्रतिमुख आदि सन्धिहरूका सुन्दर परिवेश, हरेक सर्गमा नयाँ नयाँ आकर्षक विषयहरूको विन्यास, सर्गान्तमा छन्द परिवर्तन, पाठक वा स्रोतहरूको हृदयलाई आनन्द प्रदान गर्ने विषयवस्तुको सम्पन्नता र शब्दार्थालङ्कारद्वारा अलङ्कृत महाकाव्य कल्पान्तसम्म स्थायी हुन्छ । **रामायण, रघुवंश, शिशुपालबध** र **नैषधीय चरित्र**लाई महाकाव्यको दृष्टान्तका रूपमा लिन सकिन्छ ।

'कवृ' वर्णने धातुमा इ प्रत्यय गाँसिएर कवि शब्द बन्दछ । यसैमा भाव अर्थमा ता प्रत्यय गाँसेर कविता शब्द बन्छ । यस व्युत्पादनबाट कविको अनुभूति वा भावना नै कविता हो । कविता लयात्मकताका कारण अन्य विधाबाट अलग हुन्छ । महाकाव्य कविताको बृहत् रूप हो । यसले खण्डकाव्यभन्दा ठूलो र विकसित महाकाव्यभन्दा केही सानो संरचनात्मक स्वरूप अँगाल्छ । महाकाव्य शब्द नेपाली भाषामा संस्कृतबाट आएको तत्सम शब्द हो । यसको व्युत्पत्ति गर्दा महत् काव्यम् हुन्छ, जसको शाब्दिक अर्थ ठूलो काव्य वा महान् काव्य भन्ने हुन्छ । महाकाव्यका लागि अङ्ग्रेजी भाषामा (EPIC) शब्द प्रयोग गरिन्छ । यो शब्द ग्रिसेली शब्द इपोस (EPOS) बाट निर्मित भएको शब्द हो । इपोस (EPOS) को अर्थ शब्द हुन्छ तर यसले प्रतीकात्मक रूपमा वाणी, कक्षा गीत तथा वीर काव्य समेतलाई बुझाउँछ । महाकाव्यलाई पूर्वमा र पश्चिममा पनि साहित्यको एक प्राचीनतम विधा भनिन्छ । पूर्वमा बाल्मीकिको **रामायण** र व्यासको **महाभारत**लाई सबैभन्दा पुराना महाकाव्य मानिन्छ । पश्चिममा होमरका **इलियड, ओडेसी** र यिनका उत्तरवर्ती महाकाव्यहरूको आधारमा नै पूर्व तथा पश्चिममा महाकाव्य सम्बन्धी मान्यताहरू स्थापित भएका छन् ।

काव्य शब्दले वैदिक संस्कृतको आदिग्रन्थ **ऋग्वेद** (इ.पू. १५औं शताब्दी) देखि लौकिक संस्कृत, प्राकृत, अपभ्रंश हुँदै नेपालीका आधुनिक युगसम्मका करिब साढे तीन हजार सहस्राब्दीको यात्रामा अर्थ परिवर्तनका सोपान पार गर्दै आएको छ । यस क्रममा काव्य शब्दले व्यापक अर्थमा साहित्यलाई र सूक्ष्म अर्थमा कविता वा प्रबन्ध काव्य (गीतिकाव्य, खण्डकाव्य र महाकाव्य) लाई बुझाउँछ । नेपालीमा काव्य शब्दले प्रथमतः कविताका लघुतम रूप (मुक्तक) र लघु (फुटकर कविता) रूप र व्यतिरेकमा मझौला रूप (खण्डकाव्य, कोषकाव्य, सवाईकाव्य, लहरीकाव्य लामो कविता) र बृहत् रूप महाकाव्यलाई समेत बुझाउँछ ।

काव्य वा प्रबन्ध काव्यको महान् रूप नै महाकाव्य हो । महाकाव्य पूर्वीय एवं पाश्चात्य साहित्यको प्राचीनतम गरिमामाय साहित्यिक विधा हो । पूर्वीय साहित्यमा प्राचीन समयमा

देखापरेका महाकाव्य बाल्मीकि **रामायण** र व्यासकृत **महाभारत** हुन् । साहित्यको वर्गीकरणमा महाकाव्य पाठ्य/श्रव्यकाव्य अन्तर्गत पर्दछ । संस्कृतका **रामायण** र **महाभारत**लाई आर्षकाव्य वा उपजीव्य महाकाव्य भनिन्छ । यसै सन्दर्भमा पाश्चात्य साहित्यमा देखापरेका होमरद्वारा रचित **इलियड** र **ओडेसी** जस्ता आर्ष महाकाव्यलाई पनि बिर्सन सकिँदैन । यी महाकाव्यहरू कविताको वृहत्तर/वृहत्तम रूप अन्तर्गत पर्दछन् भने ललित महाकाव्यहरू कविताको बृहत रूप अन्तर्गत पर्दछन् । अतः महाकाव्य कविताको बृहत् एवं सिन्धुसमान उत्तरङ्ग विधा हो । कविता वा अनुभूतिको अँजुली वा घडा बोकेर भावनाको अभिव्यक्ति गर्ने कविबाट महाकाव्य जन्मिँदैन । महाकाव्य कविताको चूडान्त परिणति हो । महाकाव्य एउटा प्राचीन ओजस्वी तरबार हो ।

नेपाली साहित्यमा महाकाव्य लेखनको त्यति लामो परम्परा देखिँदैन । नेपाली कविताको लिखित धारा पृथ्वीनारायण शाहको राज्य एकीकरणको अभियानसँगै सुरु भएको पाइन्छ । तर नेपाली महाकाव्य लेखनको परम्परा धेरैपछि मात्र सुरु भएको हो । नेपाली महाकाव्य परम्पराचाहिँ उदयानन्द अर्यालको **पृथ्वीन्द्रोदय** (१८३०-१८४० तिर रचित र २०६८ मा प्रकाशित) महाकाव्य र भानुभक्त आचार्यको **रामायण** (वि.सं. १८९८-१९१०) बाट सुरु भएको मानिन्छ । नेपाली साहित्यको प्राथमिक कालमा देखा परेका महाकाव्यात्मक उपलब्धि यिनै दुई महाकाव्यलाई मानिन्छ । माध्यमिक काल (१९४१-१९७४) मा पनि अनुवाद रूपान्तरण गरिएका काव्यहरू देखा परे । यस कालमा मौलिक महाकाव्य जन्मिन सकेका छैनन् । रामकथामा आधारित, कृष्ण कथामा आधारित, महाभारतमा आधारित र देवी कथामा आधारित बृहत् पद्याख्यानात्मक अनुवाद रूपान्तरणमूलक महाकाव्यहरू माध्यमिक कालमा देखा परेका छन् । धार्मिक विषयवस्तु अँगालिएका र संस्कृत भाषाका काव्यहरूबाट अनुवाद रूपान्तरण गरिएको हुँदा यस कालमा मौलिक र कलात्मक महाकाव्यहरू देखा परेका छैनन् ।

## ३.२ नेपाली महाकाव्यको विकासक्रम

नेपाली साहित्यमा महाकाव्यको कालक्रमिक स्थिति के रहेको छ, त्यसको अध्ययनका लागि प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन कालखण्डमा विभाजित गरी अध्ययन गरिएको छ -

क) प्राथमिक काल (वि.सं. १८२५-१९४०)

ख) माध्यमिक काल (वि.सं. १९४१-१९७४)

ग) आधुनिक काल (वि.सं. १९७५-हालसम्म)

### ३.२.१ प्राथमिक काल (वि.सं. १८२५-१९४०)

प्राथमिक कालीन यस समयावधिलाई पनि सुगौली सन्धिलाई मध्यबिन्दु बनाएर त्यसपूर्वको समयावधिलाई पूर्वार्द्ध चरण र त्यस पछाडिको (१८७२-१९४०) सम्मको समयावधिलाई उत्तरार्द्ध चरणको रूपमा प्रस्तुत गरिन्छ ।

#### क) पूर्वार्द्ध चरण (१८२५-१८७२)

नेपाली कविताको प्राथमिक कालीन पूर्वार्द्ध चरणलाई धरागत रूपमा वीरधाराको काल भनेर चिनिन्छि । यस धारामा वीर, हास्य, शृङ्गार, नैतिक, सामाजिक, देशप्रेम, व्यङ्ग्य, आध्यात्मिक, चेतनामूलक प्रवृत्तिहरू झल्किए पनि प्रबलरूपमा वीर वन्दना, प्रशस्ती गान, वीर प्रवृत्तिको उच्च घोष सामूहिक स्वर उन्मेष फेला पर्छ । त्यसकारण पूर्वार्द्ध चरणलाई वीरधाराका रूपमा चिनिन्छ । तत्कालीन कविहरूमा नव नेपालको निर्माण र विस्तार जस्तो युगीन उच्च लक्ष्यपूर्ण वीरताका युक्ति युक्त सौर्य र वीरप्रकरण प्रसङ्गले कवित्वका वीरतापूर्ण प्रवाह प्रकटित हुन पुगेको छ । नेपाली कविताको प्राथमिक कालीन वीरधाराका प्रवर्तक कवि सुवानन्ददास हुन् । यिनले पृथ्वीनारायण सम्बन्धी वीरगाथा पृथ्वीनारायणकै पालमा लेखेको अनुमान गर्न सकिन्छ । त्यस्तै शक्तिवल्लभ अर्यालका जयरत्नाकर माधव, सुधातरङ्गिणी, दानप्रकाश, हास्यकदम्ब र महाभारत विराटपर्व आदि त्यस्तै उदयानन्द अर्यालका रचनाहरू **दुःस्वप्नदोषहरस्तोत्र, बेतालपच्चीसी, सोमेश्वरवर्णन, कुलवर्णन, पृथ्वीन्द्रोदय** आदि, ज्ञानमणि नेपालको पछिल्लो सूचना अनुसार प्राथमिक कालीन वीर धारामा यिनको महाकाव्यात्मक ग्रन्थका रूपमा **पृथ्वीन्द्रोदय** काव्य भेटिन्छ । यो **पृथ्वीन्द्रोदय** पृथ्वीनारायण सम्बन्धी वीर काव्यले महाकाव्यात्मक अल्पप्राप्ति प्राप्त गरेको छ । यही महाकाव्यात्मक अल्पप्राप्ति नै वीर धाराको प्राथमिककालीन एक उत्कृष्ट प्राप्ति हुन पुगेको छ । यसले नेपाली महाकाव्य कस्तो हुन्थ्यो त्यसको बान्की छटा प्रस्टै रूपमा खुलाएको भेट्न सकिन्छ ।

#### ख) उत्तरार्द्ध चरण (१८७२-१९४०)

नेपाली कविताको प्राथमिक कालीन उत्तरार्द्ध चरणलाई भक्तिधाराको कालको रूपमा हेर्न सकिन्छ । नेपाली कवितामा भक्तिधाराको जन्म हुनुमा १८७२ को सुगौली सन्धिले आहत भएको जनमानसलाई मन बहलाउन कविहरू भक्ति मार्गतिर लागेका

हुन् । त्यस्तै तत्कालीन राजनैतिक घटनाक्रम पनि यसको कारक तत्त्व हो । यस उत्तरार्द्ध चरणलाई पनि कृष्णभक्तिधारा, रामभक्तिधारा र सन्त धारामा छुट्टाइन्छ ।

### अ) कृष्णभक्तिधारा

यस कृष्णभक्ति धारामा यदुनाथ पोखरेलको **कृष्णचरित्र** २१ श्लोक, वसन्त शर्माको **कृष्णचरित्र** र **समुद्रलहरी,** पतञ्जली गजुरेलको **बालगोपाल वाणी, हरिभक्त माला** र **जैमिनी भारत** त्यस्तै इन्दिरसको **गोपिका स्तुति** र **गोपी रक्षा,** विद्यारण्य केशरीको **युगलगीत, द्रौपदी विलाप** र **वंशी चरित्र,** व्याकर्णि विद्यापतिको **राम बाह्रमासा, गीतवाणी, सातराग, सात नायिका, गीत गोविन्द,** छविलाल नेपालको **गोपिका स्तुति** आदि कविताहरू फुटकर एवं खण्डकाव्यका रूपमा प्राप्त गर्न सकिन्छ तर कृष्णभक्ति धारामा महाकाव्योन्मुख कृति फेला पर्दैन ।

### आ) रामभक्ति धारा

नेपाली कविताको प्राथमिक कालीन भक्तिधाराको दोस्रो धारा रामभक्ति धारा हो । यस समयका मुख्य कविहरूमा रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, पतञ्जलि गजुरेल, रामदास जस्ता मुख्य कविहरू पाइन्छन् । रघुनाथ पोखऱ्याल रामभक्ति धाराका प्रथम कवि हुन् । यिनले फुटकर कविताका साथै **रामायण**को **सुन्दर काण्ड** लेखेका छन् । यो सुन्दर काण्ड पाँच सर्गमा खण्डकाव्यात्मक रूपमा प्राप्त छ । त्यसपछि भानुभक्त आचार्य देखा पर्छन् । यिनको थुप्रै फुटकर कविताका साथै महाकाव्यको रूपमा **रामायण** फेला पर्छ । यिनको **रामायण**लाई हेर्दा भानुभक्त पूर्वको रचनाहरूले काव्यात्मकताको खाँचो र भक्ति वा धर्मग्रन्थको आस्था पूरा गर्न सकेका थिएनन् । यी सबै खाँचो एवं कमी कमजोरीलाई पूरा गर्दै **अध्यात्मरामायण**को भावानुवाद **रामायण** देखापऱ्यो । उनको यो प्रयास भाषा र संस्कृतिलाई उठाएर जातीय एकता जुटाउने महनीय सार्थक कार्य हो । त्यसैले **रामायण** युगव्यापी रूपमा महाकाव्यको दर्जामा उभियो । यस धाराका अन्य कविहरूमा पतञ्जली गजुरेल र रामदास पनि हुन् ।

### इ) सन्तधारा

प्राथमिक कालीन कविताको उत्तरार्द्ध चरणको तेस्रो धाराको रूपमा सन्तधारा रहेको छ । यस धाराका कविहरू ईश्वरीय सत्तालाई ब्रह्मको रूपमा मान्छन् । इश्वरीय

सत्ताको ब्रह्म रूपलाई साकारभन्दा निराकार रूपमा सगुणभन्दा निर्गुण रूपमा उपासना एवं आराधना गर्नुपर्छ भन्ने निर्णयमा पुगेका छन् । ज्ञान वैराग्यसहित ब्रह्म प्राप्ति नै जीवनको लक्ष्य हो भन्ने तथ्य स्वीकार गर्दछन् । यस्ता मान्यता राख्ने कविहरू शशिधर, अगम दिलदास, अखण्ड दिलसाद, धिर्जे दिलदास, ज्ञान दिलदास आदि हुन् । सन्तधाराका सन्त शशिधरको अमर भाषा अध्यात्म विषयक महाकाव्यको रूपमा चर्चा आए पनि हालसम्म अमरभाषा जस्ता महाकाव्योन्मुख कृतिका रूपमा फेला पार्न सकिँदैन । तर पनि सर्वप्राचीन पूर्णांश नेपाली महाकाव्य भने भानुभक्तको रामायणलाई नै मानिन्छ ।

## ३.२.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४)

माध्यमिक कालीन नेपाली कविताको मूल धारा शृङ्गार धारा हो । मोतीराम भट्टको आगमनसँगै आगमन भएको यस शृङ्गार धाराका कविता रचनामा सौन्दर्यचेतना थियो तर पनि यस धारामा महाकाव्य सिर्जना हुन सकेन । यस कालका कविताका मुख्य तीन धाराका रूपमा महाकाव्यको विकासक्रमिक स्थितिलाई हेर्न सकिन्छ ।

### क) शृङ्गार धारा

यस शृङ्गारिक धारामा संस्कृत, अरबी, फारसी शृङ्गारिक कविताधाराबाट प्रभावित भएर विभिन्न गजलहरू, सबाई, बाह्रमासा, लहरी जस्ता मझौलास्तरका रचनाहरू भए तर यस शृङ्गार धारामा महाकाव्य रचना हुन सकेन । आनन्द लहरीमा महाकाव्यको संरचना भए पनि अभिव्यक्ति केन्द्रित बृहत् पद्धति नभएको कारण खण्डकाव्यको स्तरमा रहेको छ ।

### ख) भक्तिधारा

भक्ति धाराको परम्परा प्राथमिक कालीन कवितामा देखिए पनि माध्यमिक कालमा गौण रूपमा देखा परेको छ । माध्यमिक कालमा यसका मुख्यतया दुई उपधारा देखिन्छन् - रामभक्ति धारा र कृष्णभक्तिधारा ।

माध्यमिक कालीन भक्तिधारामा देखापर्ने कविहरूमा कविताको चाख थिएन । दर्शनको चाख पनि भानुभक्तलाई जति थियो त्यति थिएन तर धेरैलाई श्लोकमा कथारस प्रस्तुत गरेर नाम र धन आर्जन गर्ने चाख थियो । यस दृष्टिले यस समयमा अनेक

पौराणिक कथालाई श्लोकमा बाँध्ने बृहत् पद्याख्यानको महत्त्व रहेको छ । माध्यमिक कालमा यस्ता पद्याख्यानहरू चार प्रकारका पाइन्छन् ।

अ) राम कथामा आधारित वृहत् पद्याख्यान

आ) कृष्ण कथामा आधारित वृहत् पद्याख्यान

इ) महाभारतमा आधारित वृहत् पद्याख्यान

ई) श्रीमद्भागवत स्रोतमा आधारित वृहत् पद्याख्यान

माध्यमिक कालमा भक्तिधारा अन्तर्गत मुख्यतः **रामायण, महाभारत, श्रीमद्भागवत** र **देवीभागवत, कृष्णकथा** आदि स्रोतबाट विविध वृहत् पद्याख्यानका प्रयासहरू भएको पाइए पनि गुणात्मक वृद्धिमा भानुभक्तभन्दा कम हुँदै सङ्ख्यात्मकतालाई अगाडि बढाएका छन् । यस समयमा खासगरी महाकाव्य लेखनका लागि निरन्तरता थपिन गए तापनि खासै स्तरीयता भने थपिन सकेन ।

### ग) शासकस्तुति धारा

माध्यमिक कालको अन्तिम धारा शासक स्तुति धारा हो । यस धारामा चिरञ्जीवी पौड्यालद्वारा लिखित डिल्लीमशेरको नामबाट प्रकाशित युरोपयात्राले नेपाली महाकाव्यको विकासमा एउटा नौलो दिशा थपेको मान्न सकिन्छ । माध्यमिक कालले वृहत् पद्याख्यान मार्फत महाकाव्यसम्म पुग्ने चेष्टा गरे पनि आख्यान रसले जित्यो र कविता तत्त्व अत्यन्तै कमजोर हुन पुग्यो । विधागत सचेतताको अभाव, सैद्धान्तिक ज्ञानको कमी र महाकाव्य रचनाको पृष्ठभूमिको अभाव जस्ता कारण माध्यमिक काल कवित्वका दृष्टिले त्यति उत्कृष्ट नभए पनि सङ्ख्यात्मक वृद्धिका दृष्टिले प्राथमिक कालभन्दा आसलाग्दो उर्वर पृष्ठभूमिसहित अगाडि बढेको प्रतीत हुन्छ ।

## ३.२.३ आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म)

नेपाली महाकाव्यको आधुनिक काल वि.सं. १९७५ बाट प्रारम्भ भएर हालसम्म रहन्छ । यो समय महाकाव्य लेखनका लागि उर्वर नभए पनि लेखनको प्रारम्भ र विकासको काल हो । लेख्य व्याकरणको अनुशासनमा कविता लेखिनु, सौन्दर्य सचेतता ख्याल गर्नु, **सूक्तिसिन्धु**को प्रकाशनपछि कवितामा आधुनिकता आएको हो । यही सौन्दर्य सचेतताबाट महाकाव्य लेखनको विधागत सचेतता अर्थात् कवितामा स्तरीयकरणको प्रयास देखिएपछि लेख्य व्याकरणको मानक

प्रयोगपछि नेपाली कविताको वृहत् रूप महाकाव्यमा आधुनिकता आएको हो । नेपाली महाकाव्यको आधुनिक काललाई विभिन्न चरण अन्तर्गत राखेर हेर्न सकिन्छ ।

### क) प्रथम चरण (वि.सं. १९७६-१९९०)

नेपाली महाकाव्य लेखनको आधुनिक कालको प्रथम चरण परिष्कारवादी धाराको समय हो । यस समयमा पनि महाकाव्य लेखन भगीरथ पुर्खाको प्रयासका रूपमा रहेको पाइन्छ । यस समयमा लेखनाथ पौड्याल फुटकर र खण्डकाव्यसम्मको रचना गर्थे । सोमनाथ सिग्द्याल पनि फुटकर कवितामा सीमित थिए । लेखनाथले प्रथम सौन्दर्यबाटिका **ऋतुविचार** खण्डकाव्य रचना गरिसकेका थिए । यस समयका धरणीधर कोइराला, महानन्द सापकोटा र भवानी खतिवडा जस्ता कविहरू जातीय जागरणका स्वर अलाप्न सक्रिय भए पनि कविताको उच्चतम् स्तरीयता र वृहत्तर रूपको सिर्जनतर्फ लागेका थिएनन् । यस समयमा परिष्कारवादी धाराका उच्चतम प्राप्ति बालकृष्ण सम महाकाव्य लेखनतर्फ अग्रसर भए । उनको वि.सं. १९७६/७७ मा एक **प्रभात स्मरण** महाकाव्यात्मकताको आभास पाइन्छ । त्यस्तै ७७/७८ साल समले नै **आर्यघाट** महाकाव्य लेख्ने महत्त्वाकाङ्क्षी प्रयास गरेका हुन् । यो अन्त्यानुप्रासविहीन अनुष्टुप छन्द अन्तुकान्त पद्य 'ब्याल्ड्कभर्स' शैलीमा लेखिएको थियो तर चार सर्गमा अधुरो हुन पुग्यो । यसले समको **चिसो चुल्हो**को विज विन्यास गर्छ ।

यसरी हेर्दा नेपाली महाकाव्यको विकासमा **आर्यघाट** एउटा लोभलाग्दो प्रयास हो र यसमा जोन मिल्टनको प्रभाव रहनु महत्त्वपूर्ण तथ्य हुन पुगेको छ । परिष्कारवादी धारामा लेख्ने प्रयास सोमनाथ सिग्द्यालको **चन्द्रचरित** (१९७८-८५) हो । चन्द्रशमशेरको स्तुतिमा लेखिएको यो महाकाव्य चन्द्रशमशेरको मृत्युपश्चात् तयार भएकाले र भीमशमशेर, चन्द्रशमशेरको अत्यन्तै विरोधी हुनाले यो छापिएर बाहिर आउन सकेन । यसैका आवश्यक अंशलाई समेटेर सिग्द्यालले २००५ सालमा **आदर्शराघव** महाकाव्य रचना गरेका हुन् । यसै समयमा देखा परेको अर्को रचना देवीदत्त पराजुलीको **कविता गुच्छहार** (१९८६) हो । उनले यसलाई पहिलो मौलिक महाकाव्यको दावी गरेका छन् । त्यस्तै दिव्यदेव पन्तको **शाहवंश** महाकाव्य अर्को प्रयास हो । यो पनि अपूर्ण प्राप्त छ । पूर्ण प्राप्त नहुन्जेल पनि अधुरै प्रयास मानिन्छ ।

मुख्य रूपमा पहिलो चरणमा महाकाव्य लेखनका प्रयासहरू यिनै हुन् । यस धाराका महाकाव्य लेखन अधुरै मात्र पाइन्छन् भने कविता गुच्छहार पूर्ण भएर पनि महाकाव्य हुन सकेन चन्द्रचरित पनि अपूर्ण नै देखिन्छ । यसले कविताको धर्म अँगालेको सम्म पाइन्छ । पूर्ण प्राप्त हुन नसके पनि भानुभक्त पछिको महाकाव्य लेखनमा मौलिक महाकाव्य हुनु यसको प्राप्ति हो ।

### ख) दोस्रो चरण (१९९१-२०१६)

नेपाली साहित्यमा **शारदा** पत्रिकाको प्रकाशन वि.सं. १९९१ सँगै नेपाली कवितामा स्वच्छन्दतावाद भित्रिएको हो । यस युगका प्रमुख र प्रतिभाशाली कवि लक्ष्मीप्रसाद देवकोटा हुन् । नेपाली महाकाव्यको उत्कर्षकालीन केन्द्रीय व्यक्तित्व नै देवकोटा हुन् । वि.सं. २००० साल नेपाली साहित्यमा महाकाव्य लेखन चेष्टाका दृष्टिले महत्त्वपूर्ण हुन पुगेको देखिन्छ । मुख्य रूपमा देवकोटाले यसै वर्ष महाकाव्य लेख्ने प्रयास गरे । त्यो हो 'सुषमालोचन' तर त्यो पूर्ण हुन सकेन । यो पूर्ण नहुनमा बङ्गलाभाषाका विश्वप्रसिद्ध कवि रविन्द्रनाथको प्रभाव उनमा पर्नु हो । त्यस्तै २००१-२००९ सालतिर गुणराज उपाध्यायले **कृष्ण सन्देश** महाकाव्य लेख्ने प्रयास गरे । आशु लेखन, भावको प्रचुरता र स्वतस्फूर्ततामा रहेको देखाउने यो महाकाव्य पुराणको कृष्णकथामा आधारित छ । जे होस् नेपाली भाषामा कृष्ण कथालाई लिएर लेखिएको पहिलो र प्रभावशाली तथा कृष्णभक्ति परम्पराको यो पहिलो मौलिक महाकाव्य हो ।

त्यस्तै वि.सं. २००२ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटा महाकाव्य लेखनमा अगाडि बढेका देखिन्छन् । यसै समयमा यिनले तीन महिनाको रातीरातीको फुर्सदमा **शाकुन्तल** महाकाव्य लेखेर पुरा गरेका हुन् । नेपाली भाषालाई समृद्ध पार्ने र कवितालाई गरिमा प्रदान गर्न नेपालीमा महाकाव्य लेखिनुपर्ने आवश्यकता रहेको थियो । त्यो देवकोटाले पुरा गरेका हुन् । **शाकुन्तल** नेपाली भाषाको प्रथम मौलिक र प्रकाशित महाकाव्य हुन पुग्यो । त्यसपछि २००३ सालमा **सुलोचना, महाराणा प्रताप, वनकुसुम, पृथ्वीराज चौहान** लेखन कार्य भयो । त्यस्तै **प्रमिथस** (२००७) सालमा लेखे । यसरी देवकोटाले थोरै समयमा उच्चस्तरीय महाकाव्य नेपाली साहित्यलाई दिएका छन् ।

त्यसपछि सोमनाथ सिग्द्यालको **आदर्श राघव** (२००५), लेखनाथ पौड्यालको **तरुण तपसी** (२०१०), बालकृष्ण समको **चिसोचूल्हो** (२०१५) महाकाव्यहरू नेपाली साहित्यले पायो । महाकाव्य लेखनमा देवकोटा स्वच्छन्दतावादी धाराका सर्वोच्च प्रतिभा हुन् । यसै समयमा सोमनाथले परिष्कारपूर्ण महाकाव्य **आदर्शराघव,** पौड्यालले **तरुणतपसी** र समले गद्य शैलीमा **चिसोचूल्हो** महाकाव्य रचना गरेका छन् । यसरी भानुभक्तपछि नेपाली महाकाव्यको उत्कर्ष कालमा परिष्कारवादी कविहरूले तीन वटा महाकाव्य दिए भने देवकोटा एक्लैले छ वटा महाकाव्य दिएर **शाकुन्तल**ले दिएको गति बढाए । यिनै आठ महाकाव्यको माध्यमबाट परिष्कारवाद र स्वच्छन्दतावादले नेपाली महाकाव्यलाई माथि उचालेको हो । जुन महाकाव्यहरू नेपाली महाकाव्यको इतिहासमा शीर्षस्थ उपलब्धि हुन् ।

### ग) तेस्रो चरण (२०१७-हालसम्म)

नेपाली साहित्यमा २०१७ सालदेखि प्रयोगवादको थालनी भएको हो । **रूपरेखा**को माध्यमबाट २०१५ सालदेखि एकातिर प्रयोगवादी कविता थालिए भने अर्कोतिर तेस्रो आयाम थालियो तर यस युगमा कविको परिपक्वताबिना महाकाव्य लेखन असम्भव हुँदा यस युगका महाकाव्यकारहरूका महाकाव्यहरू विशुद्ध महाकाव्य हुन सकेनन् । यस प्रयोगवादी कवितामा विधागत चेतना भेटिँदैन । अबका कविता अवचेतन मनका अतिवैयक्तिक र विसङ्गत अनुभूतिलाई भाषा र शैलीका नवीनताका साथ अभिव्यक्ति दिई प्रचलित भाषा र व्याकरणका क्रमलाई अतिक्रमण गर्दै आएको यो धारा पाठकका लागि दुर्बोध्य क्लिष्ट र पाठकबाट अलि टाढा हुन पुगेको देखिन्छ । २०१७ सालपछि पनि केही महाकाव्यकारहरूले महाकाव्य लेखेका छन् ।

आधुनिक काल (१९७५ देखि हालसम्म) मा आएर महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा **शाकुन्तल** (२००२) महाकाव्यको रचना गरिएबाट विशेष रूपमा नेपाली महाकाव्य फाँटमा स्वच्छन्दतावादी महाकाव्य धाराको थालनी भएको हो । देवकोटाको **शाकुन्तल** महाकाव्य पहिलो मौलिक प्रकाशित र गुणात्मक नेपाली महाकाव्य हो । यसपछि नेपाली साहित्यमा महाकाव्यको लेखन परम्परा अगाडि बढ्दै आएको पाइन्छ ।

देवकोटा युग (२००२-२०१६) मा नेपाली साहित्यमा गुणात्मक महाकाव्यहरू देखा परेका छन् । यस अवधिलाई नेपाली महाकाव्यको उत्कर्ष काल भनिन्छ । देवकोटा उत्तरयुग ( २०१६ सालपछि) मा पनि सङ्ख्यात्मक रूपमा धेरै महाकाव्यहरू देखा परेका छन् । महाकाव्यका पाठक कम हुँदै गए पनि महाकाव्य लेखन परम्परा तीव्र रूपमा अगाडि बढ्दै आएको छ । देवकोटाको समयदेखि २०५०/०६० को दशकसम्म नेपाली साहित्यमा धेरै महाकाव्यहरू लेखिए । त्यसैले आधुनिककाललाई नेपाली महाकाव्यको स्वर्णयुग मान्न सकिन्छ ।

## ३.३ नेपाली महाकाव्यको कालक्रमिक विवरण

कविताको वृहत्‌रूप महाकाव्य हो । यसको विकासक्रमलाई अध्ययन गर्दा कविताको विकासक्रमलाई ध्यानमा राखेर हेर्नुपर्ने हुन्छ । कविताको उत्कृष्ट उत्कर्ष रूप महाकाव्यको विकासक्रमको ऐतिहासिक पृष्ठभूमि मौखिक लोकसाहित्यिक रचना सिर्जनासम्मको व्यापक सेरोफेरो प्रकट हुन पुग्छ । नेपाली कविताको इतिहाससँगै नेपाली महाकाव्य विकासको इतिहास जोडिन पुग्छ । १९औं शताब्दीमा पृथ्वीनारायण शाहको नेपाल एकीकरणसँगै नेपाली कविताको लेख्य शिष्ट रूपको थालनी हुन्छ भने यसभन्दा पूर्वको समय नेपाली लोक समाजको लोक साहित्यिक सामग्री वा मौखिक परम्परित रूपहरू आज नेपाली कविता महाकाव्यको अलिखित सामग्री बनेर पृष्ठभूमिको रूपमा देखा परेका छन् । तिनै लोक सामग्रीको माध्यमबाट आज हामी नेपाली कविता महाकाव्यको इतिहासका साथै तिनीहरूको पृष्ठभूमिमय इतिहासको समेत अध्ययन गर्न सक्छौं । उखान टुक्का, संस्कारगीत तथा गाथासम्मका तथ्यहरूले महाकाव्यको पृष्ठभूमिको रूपमा कार्य गर्छन् । संस्कारगीत र गाथाहरूले यसको जगलाई दरिलो तुल्याउँछन् । यिनै लोक साहित्यिक सामग्रीबाट अगाडि बढ्दै जाँदा साहित्यको यो रूपसम्म आएको हो । यही लोक साहित्य नै नेपाली कविता महाकाव्यको पूर्वपीठिका बनेको छ । यसरी पृथ्वीनारायण शाह पूर्वका अलिखित लौकिक, मौखिक साहित्यिक रूप महाकाव्यको पृष्ठभूमिका रूपमा आँकलन गर्न सकिन्छ । नेपाली महाकाव्यको विकास प्रक्रियालाई यो कविताकै एक वृहत् रूप भएका कारण समग्र नेपाली कविताकै विकासक्रमका आधारमा प्रस्तुत गरिन्छ । नेपाली महाकाव्यको कालक्रमिक विवरणिकाको तालिका यसप्रकार छ :

## नेपाली महाकाव्यको कालक्रमिक विवरण

तालिका सङ्ख्या-१

| क्र.सं. | महाकाव्यकारको नाम | महाकाव्य | मिति |
|---|---|---|---|
| (१) | देवीदत्त पराजुली (१९३०-२०१०) | कविता गुच्छहार | १९८६ प्र २००५ |
| (२) | लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) | शाकुन्तल | २००२ |
| | ,, ,, | सुलोचना | २००३ |
| | ,, ,, | महाराणा प्रताप | २००३ |
| | ,, ,, | वनकुसुम | २००३ |
| | ,, ,, | पृथ्वीराज चौहान | २००३ प्र. २०४९ |
| | ,, ,, | प्रमिथस | २००७ प्र. २०२८ |
| (३) | सोमनाथ सिग्द्याल (१९४१-२०२९) | आदर्शराघव | २००५ |
| (४) | अरि अरविन्द (२००८) | वैवश्वरा विजय | – |
| (५) | आर.डी. प्रभास चटौत (१९९६) | प्रभास गीता | – |
| (६) | लेखनाथ पौड्याल (१९४१-२०२२) | तरुणतपसी | २०१० |
| | ,, ,, | गङ्गागौरी (अपूर्ण) | २०६३ |
| (७) | बालकृष्ण सम (१९५८-२०६८) | चिसोचूल्हो | २०१५ |
| (८) | कृष्णप्रसाद घिमिरे (१९७६-२०४९) | देश नरेश | २०१७ |
| | ,, ,, | राष्ट्रिय चरित्र | २०१७ |
| (९) | गोविन्दप्रसाद भट्टराई (१९६७-२०४३) | पृथ्वीमहेन्द्र | २०१९ |
| | ,, ,, | भावना | २०२० |
| (१०) | हरिहर शास्त्री (१९८०-२०३०) | उषा विनोद | २०२४ |
| | ,, ,, | रम्भा | २०२५ |

| | | | |
|---|---|---|---|
| (११) | पीताम्बर भोला (१९८९) | मङ्गल सुषमा | २०२२ |
| | ,, ,, | शिवासन्तति | २०४२ |
| | ,, ,, | सारस्वतेय | २०४२ |
| (१२) | मोदनाथ प्रश्रित (१९९९) | मानव | २०२३ |
| | ,, ,, | देवासुर संग्राम | २०३० |
| (१३) | मोदनाथ शास्त्री (२००२) | भानु | २०२४ |
| | ,, ,, | गुरुदक्षिणा | २०६२ |
| | ,, ,, | ज्वलन्त नक्षत्र | २०६० |
| | ,, ,, | गणेशभानु | २०५९ |
| | ,, ,, | ब्रह्माण्ड पुराण | २०६२ |
| | ,, ,, | बुद्ध | २०६९ |
| | ,, ,, | तिलाञ्जलि | २०६८ |
| (१४) | नीरविक्रम प्यासी (१९९९) | दबला | २०२४ |
| (१५) | गुणराज उपाध्याय खनाल (१९७२-२०३१) | श्रीकृष्ण सन्देश | २०२९ |
| | ,, ,, | भरत मिलन | २०२९ |
| | ,, ,, | शाहवंश | २०२० |
| (१६) | जयदेव पौडेल (१९७४-२०४४) | श्रुतिसौरभ | २०२८ |
| | ,, ,, | गोखाख्यायिका | २०३३ |
| (१७) | उमानाथ शास्त्री 'सिन्धुलीय' | मकवानीबाला | २०३५ |
| (१८) | जगदीश शमशेर राणा (१९८६) | नरसिंह अवतार | २०३७ |
| (१९) | गणेशबहादुर खत्री | चमेली चन्द्र | २०३७ |
| (२०) | श्रीहरि फुँयाल (२०१५) | आँसुको सङ्ग्राम | २०३९ |
| | ,, ,, | कर्मयोगी देवकोटा | २०६४ |
| (२१) | रामचन्द्र गिरी (सन्१९०५) | समाज दर्पण | २०३९ |
| (२२) | भरतराज पन्त (१९८६-२०६...) | दोभान | २०४१ |
| | ,, ,, | श्रुतिसौरभ | २०५८ |

| | | | |
|---|---|---|---|
| (२३) | मोहन दुखुन (सन् १९४९) | मन्दाकिनी | २०४१ |
| (२४) | तुलसीराम कश्यप (१९९५-२०५४) | जन्मूमि | २०४३ (सिक्किम) |
| | ,, ,, | आमा | २०४५ (सिक्किम) |
| | ,, ,, | मन्थन | २०५० |
| (२५) | भोग्यप्रसाद भण्डारी (१९८६-२०५३) | षडानन्द चरित | २०४३ |
| (२६) | पूर्णप्रसाद शर्मा (१९८०-२०४३) | त्रिवेणी | २०४३ |
| (२७) | वसन्तकुमार नेपाल (१९८४) | विप्रलम्भा | २०४४ |
| (२८) | गौरीशङ्कर उपाध्याय (सन् १९५१) | शङ्कर | २०४४ (भुटान) |
| (२९) | पवनकुमार खनाल (२०१६) | रामदास | २०४५ |
| | ,, ,, | मा | २०४५ |
| | ,, ,, | विश्वप्रतिबिम्ब | २०४५ |
| | ,, ,, | स्वदेशी सुमन | २०४८ |
| (३०) | भानुभक्त पोखरेल (१९९३) | मृत्युञ्जय | २०४६ |
| | ,, ,, | जागृतिराग | २०५७ |
| (३१) | चन्द्रप्रसाद ढुङ्गाना (१९७७-२०४९) | भीमयात्रा | २०४७ |
| (३२) | शैलेन्दुप्रकाश नेपाल (२०१८) | जुनु | २०४८ |
| | ,, ,, | अनामिका | २०५६ |
| | ,, ,, | डायना | २०६८ |
| (३३) | रामनाथ शर्मा खनाल (१९६६-२०६३) | पाण्डु | र. २००६, प्र. २०४९ |
| | ,, ,, | प्रजातन्त्रोदय | र. २०११, प्र. २०४९ |
| (३४) | रमेश खकुरेल (१९९९) | सरिता रानी | २०४९ |
| | ,, ,, | स्रग्धरा | २०५९ |

| | | | |
|---|---|---|---|
| (३५) | लक्ष्मीप्रसाद पोखरेल (१९७२) | वेनवैन्यवर्णन | २०४९ |
| (३६) | रामप्रसाद ज्ञवाली (२०२४) | आँसीका फूलहरू | २०५० |
| (३७) | ऋषिप्रसाद खनाल | आर्यावर्त | २०५१ |
| (३८) | गोपीकृष्ण अधिकारी | आर्यावर्त | २०५१ |
| | ,, ,, | गङ्गा | २०५५ |
| | ,, ,, | भावना | २०५७ |
| (३९) | मदनदेव भट्टराई (१९९५) | जीवनस्मृति | २०५२ |
| (४०) | पूर्णानन्द भट्ट (१९९०) | शान्तिविज्ञान | २०५३ |
| (४१) | चन्द्रप्रसाद न्यौपाने (२०२४) | सोल्मू | २०५३ |
| | ,, ,, | प्रत्याघात | २०५५ |
| | ,, ,, | सीमाना | २०५८ |
| | ,, ,, | गौतमबुद्ध | २०५९ |
| | ,, ,, | सिपाही | २०६१ |
| | ,, ,, | मान्छेको यात्रा | २०६१ |
| | ,, ,, | म | २०६२ |
| | ,, ,, | आकस्मिक | २०६५ |
| | ,, ,, | चन्द्रयुग | २०६५ |
| (४२) | ओमवीरसिंह बस्न्यात (१९९५) | पासाङ ल्हामु | २०५४ |
| | ,, ,, | सेनासैनिक झपट | २०५९ |
| | ,, ,, | पृथ्वी | २०५८ |
| (४३) | कृष्णप्रसाद आचार्य (१९९१) | निजानन्द दिग्दर्शन | २०५५ |
| (४४) | भीष्मराज प्रसाईं (१९९८) | आत्मसमर्पण | २०५५ |
| (४५) | भुवनहरि सिग्देल (२०१०) | धरणीधर | २०५५ |
| | ,, ,, | मेनुका | २०५७ |
| | ,, ,, | विभूधरा | २०६१ |
| (४६) | सावित्री सङ्गम थापा | जीवनधारा | २०५५ |

| | | | |
|---|---|---|---|
| (४७) | पूर्णप्रकाश नेपाल 'यात्री' (१९९१) | वसन्तपल्लव | २०५५ |
| | ,, ,, | सिंजापतिबाला | २०५७ पश्चात् |
| | ,, ,, | सिद्धिचरण सञ्चरण | २०६० |
| | ,, ,, | उलूपी | २०६५ |
| (४८) | तारणीप्रसाद कोइराला (१९७९-२०३१) | नैनी | २०५६ |
| (४९) | नारायणप्रसाद उपाध्याय अर्याल | त्रिजन्मा | २०५६ |
| (५०) | दुर्गाप्रसाद अधिकारी | बालागुरु | २०५६ |
| (५१) | ऋषिराम न्यौपाने (१९९५) | पुष्पाञ्जली | २०५७ |
| (५२) | पोषराज पौडेल (२००१) | शहीदगाथा | २०५७ |
| (५३) | प्रा. शिवगोपाल रिसाल (२००१) | पद्मकन्या | २०५७ |
| (५४) | नरेन्द्र पराशर (२०२७) | गौरीशङ्कर | २०५८ |
| (५५) | जीवराज पोखरेल | शिक्षक शिष्य संवाद | २०५८ |
| | ,, ,, | बुद्धचरित | २०५९ |
| (५६) | नारायणप्रसाद पौडेल | गौरीश्वर | २०५८ |
| (५७) | कुलचन्द्र कोइराला | भीमसेन थापा | २०५९ |
| (५८) | गोविन्दप्रसाद घिमिरे (२००७) | प्रेरणा | २०५७ |
| | ,, ,, | युगनायक | २०५९ |
| | ,, ,, | मृत्युचक्र | २०६० |
| | ,, ,, | परिचय | सन् १९९८ |
| (५९) | डिल्लीजङ्ग गुरुङ (१९६१-२०२१) | नेपाली तुलसी रामायण | २०५७ |
| (६०) | डा. रमेशचन्द्र अधिकारी (२०११) | पद्मदुर्गा | २०५३ |
| | ,, ,, | सीतायन (खण्ड १) | २०५५ |
| | ,, ,, | सीतायन (खण्ड २) | २०५६ |
| | ,, ,, | सीतायन (खण्ड ३) | २०५७ |
| | ,, ,, | सीतायन (खण्ड ४) | २०५८ |

| | | | |
|---|---|---|---|
| | ,, ,, | सीतायन (खण्ड ५) | २०५९ |
| | ,, ,, | सीतायन (खण्ड ६) | २०६० |
| | ,, ,, | सीतायन (खण्ड ७) | २०६१ |
| | ,, ,, | सीतायन (खण्ड ८) | २०६३ |
| | ,, ,, | सीतायन (खण्ड ९) | २०६४ |
| | ,, ,, | सीतायन (खण्ड १०) | २०६६ |
| | ,, ,, | सीतायन (खण्ड ११) | २०६७ |
| (६०) | भीम विराग (१९९१-२०६८) | मोहभङ्ग | २०५९ |
| (६१) | डा. कृष्णप्रसाद आचार्य | केवलमान | २०६० |
| | ,, ,, | अन्त्यारम्भ | २०६१ |
| (६२) | बुनु लामिछाने (२०३१) | याचना | २०६० |
| | ,, ,, | विद्रोही इन्द्रकुमारी | – |
| (६३) | माधव वियोगी (२०१८) | छन्दशिरोमणि | २०६० |
| | ,, ,, | धर्मराज | २०६१ |
| | ,, ,, | जगदम्बा | २०६२ |
| | ,, ,, | जुरेली | २०६३ |
| | ,, ,, | पुष्पलता | २०६४ |
| | ,, ,, | नाट्यसम्राट् | २०६७ |
| (६४) | सदानन्द अभागी (सन् १९४७) | तीन युग : एक कथा | २०६० |
| | ,, ,, | अग्निज्वाला | २०६१ |
| (६५) | भूषण हुमागाई | तथागत | २०६१ |
| (६६) | काशीनाथ न्यौपाने (२००८) | विरजा | २०६२ |
| (६७) | नारायणप्रसाद गौतम (२०१७) | कुमारगौरव | २०६२ |
| | ,, ,, | **गौरीवल्लभ** | २०६३ |
| | ,, ,, | रमेशचन्द्र | २०६४ |
| | ,, ,, | भवानीवैभव | अप्रकाशित |

| | | | |
|---|---|---|---|
| (६८) | गुञ्जमान विश्वकर्मा (२०१९) | विष्णु भगवान्को महावाणी | २०६२ |
| (६९) | होमनाथ पौडेल 'हिमांशु'(२००६) | विभूति दर्पण | २०६२ |
| (७०) | नीलकण्ठ भट्टराई | मानव | २०६३ |
| (७१) | रामनाथ अधिकारी 'सँगी' (२००६) | श्रीस्वस्थानी | २०६४ |
| | ,, ,, | मनिराज | २०६५ |
| | ,, ,, | बलराम | २०६६ |
| (७२) | छन्दिका घिमिरे (२०४२) | आदर्शपुष्पा | २०६४ |
| (७३) | जनार्दनशरण त्रिपाठी (२००४) | नेपालश्री | २०६४ |
| (७४) | हरिहर सविता (२०१०) | पुष्पपत्र | २०६५ |
| (७५) | कलानिधि दाहाल | विभाजित विश्व | २०६६ |
| (७६) | डा. वेणीमाधव ढकाल (२००६) | दिव्यलक्ष्मी स्मृतिकाव्य | २०६६ |
| | ,, ,, | रश्मिप्रभास | २०६९ |
| (७७) | छन्दमणि त्रिपाठी (२०४४) | नयाँ नेपाल | २०६७ |
| (७८) | नारायणप्रसाद पोखरेल (२०२०) | अमर गाथा | २०६७ |
| (७९) | भूपेन्द्र सुवेदी (१९९५) | मङ्गला | २०६७ |
| (८०) | विष्णु भण्डारी | उत्सर्ग (गद्य) | २०६७ |
| (८१) | ईश्वरी ओझा (१९९६) | अभिभारा | २०६८ |
| (८२) | नवराज लम्साल | कर्ण | २०६८ |
| (८३) | वसन्त बराकोटी (२००४) | मुक्ति सङ्ग्राम | २०६८ |
| (८४) | प्रा.डा. वासुदेव त्रिपाठी (१९९९) | लोकलज्जा | २०६८ |
| | ,, ,, | तनहुँ | २०६९ |
| (८५) | भीमकुमार श्रेष्ठ | बन्दीपुर | २०६९ |

### ३.३.१ अपूर्ण महाकाव्यहरूको विवरण

महाकाव्य लेखनका पूर्वचेष्टा तथा अपूर्ण अप्रकाशित नेपाली महाकाव्यहरू :

**अपूर्ण महाकाव्यहरूको कालक्रमिक विवरण**

तालिका सङ्ख्या-२

| | | | |
|---|---|---|---|
| १) | सोमनाथ सिग्द्याल (१९४१-२०२९) | चन्द्रचरित | १९७६ (पूर्ण भएर पनि अप्रकाशित) |
| २) | बालकृष्ण सम (१९५८-२०३८) | एक प्रभात स्मरण | १९७६ |
| | ,, ,, | आर्यघाट | १९७६ |
| | ,, ,, | अवतार दर्शन | १९७६ |
| ३) | माधवप्रसाद घिमिरे (१९७६) | गोविन्द | २००० |
| ४) | लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) | सुषमालोचन | २००० |
| | ,, ,, | सिकन्दर | २००० |
| | ,, ,, | भक्तप्रल्हाद | २००३ |
| | ,, ,, | सत्याभास | २००३ |
| ५) | कृष्णप्रसाद घिमिरे | कादम्बरी | २०४४ |
| ६) | उमानाथ शास्त्री | हिमानीबाला | २०३२ |
| | ,, ,, | विदेहवाला | २०३२ |

महाकाव्य लेखनको आधुनिक युगको तेस्रो चरणमा **नरसिंह अवतार** जस्तो प्रयोगवादी महाकाव्य एवम् **मानव** (२०२३), **देवासुर सङ्ग्राम** (२०३०) जस्ता प्रगतिवादी धाराका उत्कृष्ट महाकाव्य हुन् । त्यस्तै नीरविक्रम प्यासीको **बदला** महाकाव्यमा लोकछन्दको प्रयोग पाइन्छ । **देश नरेश, श्री पृथ्वी महेन्द्र, राष्ट्रिय चरित्र** जस्ता महाकाव्यमा राजस्तुतिपरक महाकाव्य परम्परा पनि जीवित रहेको पाइन्छ । जगदीश शमशेरको **नरसिंह अवतार** (२०३७) मिथकीय र भानुभक्त पोखरेलको **मृत्युञ्जय**मा स्वैरकल्पनात्मक प्रस्तुति पाइन्छ । पोखरेलले पौराणिक कथावस्तुलाई स्वैरकल्पनामा ढालेर प्रस्तुत गरेका छन् । गोविन्दप्रसाद भट्टराईको **भावना,** गुणराज उपाध्यायको **श्रीकृष्ण सन्देश** र **भरत मिलन** पौराणिक विषयवस्तुमा आधारित रहेको पाइन्छ । त्यस्तै **उषाविनोद,** तुलसीराम शर्माको जन्मभूमि, शैलेन्दुप्रकाश नेपालको **जुनू** सामाजिक विषयवस्तुमा आधारित महाकाव्य हुन् । **सिंजापतिबाला** नेपाली महाकाव्य जगत्मा अहिलेसम्म वृहत् महाकाव्य हो । यसमा १०८ सर्ग र १०८४७ श्लोकहरू रहेका छन् । जनार्दन त्रिपाठीको **नेपालश्री**मा १०५०० भन्दा बढी श्लोकहरू छन् भने विभिन्न भागमा प्रकाशित रमेशचन्द्र अधिकारीको

सीतायन नेपाली महाकाव्य जगत्मा अहिलेसम्ममा सबभन्दा ठूलो महाकाव्य हुने अनुमान छ । त्यस्तै काशीनाथ न्यौपानेको **विरजा** महाकाव्यमा कृष्णभक्तिमा आधारित पौराणिक विषयवस्तु लिएर रचना गरिएको पछिल्लो महाकाव्य हो भने नारायणप्रसाद गौतमद्वारा लेखिएको गुरुभक्तिमा आधारित महाकाव्य **कुमारगौरव** साथै रमेशचन्द्र र **भवानीवैभव** महाकाव्य उदाउँदै छन् । साथै प्रस्तुत शोधको महाकाव्य **गौरीवल्लभ** महाकाव्य पनि शिवभक्तिमा आधारित भएर आध्यात्मिक चेतना दिने महाकाव्यका रूपमा उभिएको पाइन्छ । **गौरीवल्लभ** महाकाव्य पूर्वीय परम्परामा नै आधारित भए पनि सरल र सुबोध्य भाषमा वेदान्त ज्ञान दिन सक्षम मानव चेतनापूर्ण महाकाव्य देखिन्छ । विविध शास्त्रीय र नेपालीका लागि कर्णप्रिय भ्याउरे समेतको संयोजनले महाकाव्य सङ्गीतमय बन्न गएको पाइन्छ । आउने भावि सन्ततिमा महाकाव्य रचना गर्न कविता लेख्न घच्घच्याउने र प्रेरणा प्रदान गर्ने नैतिक चेतना दिने महाकाव्यका रूपमा **गौरीवल्लभ** महाकाव्य रहेको देखिन्छ । मानव जीवन दुर्लभ छ, त्यसमा पनि विद्या पाउनु झन दुर्लभ छ । विद्या पाए पनि कवित्व क्षमता त्योभन्दा टाढा छ । त्यसैले आधुनिक समय र परिवेशमा महाकाव्य लेख्नु सानोतिनो विषय होइन यस्तो विषम परिस्थिति र सामाजिक अवस्थामा पनि नारायणप्रसाद गौतमले महाकाव्यको रचना गरी महाकवि बन्ने जुन उत्प्रेरणा गरेका छन् त्यो समस्त नेपालीका लागि प्रेरणा बनेको छ ।

## ३.४ निष्कर्ष

यसरी महाकाव्य लेखनको आधुनिक कालको तेस्रो चरणपछि महाकाव्यको सङ्ख्यात्मकतामा अत्यधिक बृद्धि हुनु र महाकाव्य विधा वर्तमान समयको एक जल्दोबल्दो विधाको रूपमा उभिन सक्नु महत्त्वपूर्ण कुरा हो । महाकाव्य अहिले पनि सम्भावनाको यात्राको खोजी गर्दै भोलिको आशावादी इतिहास लिएर अगाडि बढीरहेको देख्न सकिन्छ ।

# परिच्छेद : चार

# गौरीवल्लभ महाकाव्यको विस्तृत विश्लेषण

## परिच्छेद : चार

# गौरीवल्लभ महाकाव्यको विस्तृत विश्लेषण

नेपाली साहित्यमा प्राथमिक कालका वीर धाराका कवि उदायनन्द अर्यालले १८७० तिर लेख्ने प्रयास गरेका थिए तर पूर्णता प्राप्त नभएबाट प्रारम्भ भए तापनि प्रथम नेपाली पूर्णभाषी महाकाव्य हाम्रा आदिकवि भानुभक्तद्वारा लेखिएको **रामायण** नै प्रथम प्राप्य महाकाव्य हो । त्यसै सन्दर्भमा महाकाव्य नेपाली साहित्यमा आइसल्याण्डको सर्पको जस्तो अवस्थामा महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्य लेखी नेपाली साहित्यको महाकाव्यको जग बसालेका हुन् । आजसम्ममा करिब आठ दर्जनभन्दा बढी महाकाव्यका रचना विभिन्न काव्यकारबाट भइसकेका छन् । यसै परिवेशमा गुरुभक्तिबाट प्रेरित **कुमारगौरव** महाकाव्यको प्रकाशन गरी **गौरीवल्लभ** महाकाव्य जस्तो उत्कृष्ट महाकाव्य रचना गर्न सफल सहृदयी कवि नारायणप्रसाद गौतमले नेपाली साहित्यको महाकाव्य जगत्मा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

प्रस्तुत **गौरीवल्लभ** महाकाव्य वर्तमान समयमा नयाँ पुस्ताका लागि महत्त्वपूर्ण चर्चाको महाकाव्य बन्न पुगेको छ । यसमा शिव पार्वतीको प्रेम गाथा र उहाँका प्रेरणादायी चरित्रचित्रण हिमाल, पहाड, नदी, ऋृतुवर्णन, युद्ध वर्णन जस्ता विषयलाई सर्गहरूमा समावेश गर्दै शास्त्रीयदेखि लौकिक छन्द झ्याउरे पनि समावेश गरी कवि प्रतिभालाई प्रस्तुत गर्न सफल कवि नारायणप्रसाद गौतम देखिएका छन् । आध्यात्मवादबाट प्रेरित कवि नारायणप्रसाद गौतमको यो महाकाव्य भौतिकवादी र आध्यात्मवादी दुवैका लागि उत्तिकै महत्त्वपूर्ण महाकाव्य हो ।

## ४.१ गौरीवल्लभ महाकाव्यको कथावस्तु

नारायणप्रसाद गौतम नेपाली साहित्यका उदीयमान कवि हुन् उनी एक कर्मठ, साधक र शिवभक्त पनि हुन् भन्ने कुरा प्रस्तुत **गौरीवल्लभ** महाकाव्यको अध्ययनबाट अवगत हुन्छ । नेपाली साहित्यका महाकाव्यको आवश्यक सबै तर्फबाट महसुस गरिएको विषय हो “कविःकरोति काव्यनि रसं जनानि पण्डितः” भन्नाले काव्यकारले काव्यको रचना गरेपनि काव्यको रस भाव र

गूढ रहस्य पाठकले बुझेको हुन्छ । **गौरीवल्लभ शिवपुराण, स्वस्थानी** व्रतकथा जस्ता पौराणिक आख्यानबाट ओतप्रोत महाकाव्य हो तर यसमा पूर्ण रूपमा पौराणिकता मात्र नभएर साहित्यिक गुणहरूको प्रचुर प्रयोग भएको छ । रस, अलङ्कार, छन्द, ऋतु वर्णन, नायक र नायिकाको मिलन बिछोड आकाङ्क्षा, उप्रेरणा जस्ता विषयले पाठकमा कुतुहलता उत्पन्न गराइदिन्छ । आफ्नो काव्यिक गुणको प्रचुरमात्रामा प्रयोग गरेर काव्यको रचना रचनाकारबाट भएको छ । आफ्ना साहित्यिक यात्रामा एक कवितासङ्ग्रह एक महाकाव्य, दुईओटा निबन्धसङ्ग्रह र तीनवटा समीक्षात्मक ग्रन्थहरू रचनापछि यस **गौरीवल्लभ** महाकाव्यको रचना गरेका कवि कृतित्त्व र व्यक्तित्वका धनी सम्पन्न भइसकेका देखिन्छन् । आफ्नो लोखनीलाई विराम नदिई साहित्य साधनामा लागेका काव्यकार आफ्नो व्यस्ततामा पनि विश्राम नलिनु उनको आफ्नै वैशिष्ट्य भएको पाइन्छ ।

पन्ध्र सर्ग र १९०९ श्लोकमा रचिएको प्रस्तुत **गौरीवल्लभ** महाकाव्य पूर्वीय दर्शनमा आधारित महाकाव्य हो । यसमा रस, अलङ्कार, छन्द, आदिको कुशल प्रयोग गरिएको छ । पूर्वीय दर्शनमा आधारित भएर पनि पूर्ण नेपाली वेशभूषाको वर्णन नेपाली नारी सुलभ लक्षण, गुण र परम्परा समेतमा पूर्ण सचेतता प्रस्तुत काव्यमा अपनाइएको पाइन्छ । आफ्नो मौलिक परम्परा, संस्कारमा विशेष जोड कविको रहेको छ । आध्यात्मिक चिन्तनमा विशेष जोड दिँदै कविले गृहस्थ्य आश्रममा रहँदा यसको उपादेयता मा समेत विशेष महत्त्व रहेको देखाएका छन् ।

उपरोक्त विषयहरूलाई हृदयङ्गम गर्दा यसमा समेटिएका विषयहरूलाई यसरी विश्लेषण गर्न सकिन्छ ।

### ४.१.१ प्रथम सर्ग

प्रथम सर्गमा जम्मा १६९ श्लोक छन्, जसमा मङ्गलाचरण ५० श्लोक र पूर्व पीठिका १०४ श्लोक अनुष्टुप छन्दमा वस्तु निर्देश १३ श्लोक इन्द्रबज्रा छन्दमा साथै अन्त्यमा २ श्लोक अनुष्टुव छन्दमा नै रचिएका छन् । अन्यमा अगाडिकोसर्गको समेत सङ्केत गरिएको छ ।

#### ४.१.१.१ मङ्गलाचरण

प्रस्तुत काव्यमा नमस्कारात्मक मङ्गलाचरणको प्रयोग गरिएको छ । त्रिदेवको एकै श्लोकमा मङ्गलाचरण गरिनु यसको आफ्नै वैशिष्ट्य रहेको पाइन्छ । जसरी व्यासजीले 'नारायणं नमस्कृत्य' बाट पुराण वा इतिहासको रचना प्रारम्भ गरेझैं यसमा पनि भगवती, सरस्वती, सूर्य, माता, पिता, अग्नि, प्रकृति, कवि आदिको प्रार्थना गरेर काव्यारम्भ गरिएको छ ।

यसबाट 'गणनाथं, सरस्वतीं, रवि-शुक्र-बृहस्पतिन् पञ्चैतान्संस्मरेन्नित्यं वेदवाणीं प्रववर्तयेत्' भन्ने भाव रहेको पाइन्छ ।

यहाँ शारदा भन्नाले सरस्वती र ज्ञान भन्नाले गणपति भन्ने बुझ्नु पर्ने देखिन्छ । ज्योति पुञ्ज अग्निदेव वा सूर्य नारायणको विशेषण दिँदै गुरु माता पिता अग्नि, प्रकृति, केशरी, व्यासजी र बाल्मीकि आदि कविहरूलाई समेत नमस्कार गर्दै श्रद्धा र भक्तिभाव अभिव्यक्त गरिएको छ ।

कविले सृष्टि, स्थिति र प्रलयका कारण भूत देवताको स्मरण गर्दै यसको सञ्चालक ब्रह्मा, विष्णु, महेश्वर देवताहरूको स्मरण गरेका छन् । साथै यहाँ विश्वको रचना गर्ने अनादि अनन्त त्रिदेव विश्वका स्रष्टालाई कोटि कोटि प्रणाम गरिएको छ ।

त्रिदेव लोकमा व्याप्त ब्रह्मा विष्णु महेश्वर ।
शारदा ज्ञानकी माता ज्योतिपुञ्ज दिवाकर ॥

महाकाव्यकार विशेषतः नमस्कारात्मक मङ्गलाचरण पछि वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट आशीर्वादको खोजी गर्न पुगेका छन् । जब कविको इच्छा जन्मियो काव्य धारा बगाउन कलम रोकेर रोकिएन, मङ्गलस्तुतिगाउँदै शिव पार्वतीको गाथाबाट आफ्नोमा शिवत्व पाउने सदिच्छाबाट राम्रो वाक्यको खोजी गर्दै सत्यम् शिवम् सुन्दरम्मा डुब्नु कविको इच्छा रहेको छ ।

सम्पूर्ण देवताबाट आफ्नो काव्य रचना पुरा गराउने आग्रह कविबाट प्रकट भएको छ । आशीर्वाद विना रचना सम्भव नरहेको कविभावना छ र त्यसका लागि कर्म गर्नु र महेश्वरका कृपापात्रका रूपमा आफूलाई काव्यकारले अनुभव गरिसकेका छन् । त्रिदेवको प्रार्थना गर्दै कवि कर्म आफैँ महान् छ तर यसलाई पार लगाउन प्रभुको कृपापात्र नभए सकिँदैन भन्दै साहित्यकार आफूलाई महाकाव्य रचना यात्रामा महासिन्धुहरूको तारणमा ईश्वरीय शक्तिले नै पार पाउन सकिन्छ भन्ने भाव अभिव्यक्त गर्दै हराभरा बसुन्धरा जसरी राम्रो र शोभायमान हुन्छ त्यसरी नै पूर्ण भएको महाकाव्य पनि शोभायमान हुन्छ भन्ने भाव कविको छ । प्रथमतः सबै काव्यकार मङ्गलाचरणलाई बढी जोड दिन्छन् र यो यात्रामा परमात्मले मात्र पार लगाउनु हुनेछ भन्ने काव्यकारको भाव छ ।

काव्यकारले ब्रह्मा, विष्णु र महेश्वर (रुद्र) को छुट्टा छुट्टै वन्दना गर्दै आफूलाई त्रिदेवको उपासकका रूपमा उभ्याएका छन् । साथै मङ्गलाचरणमा नै ५० श्लोक खर्च गरी कविले मङ्गलाचरण नमस्कारात्मकको बढी प्रयोग गरेका छन् । समग्रमा भन्दा त्रिदेव सृष्टि-स्थिति-प्रलयका कारण ब्रह्मा-विष्णु-महेश्वर हुन् भन्दै यिनैको उपासना गरेमा मुक्ति प्राप्त हुन्छ भन्ने

कविको भनाइ छ । भक्तलाई पुण्य दिने र पापनाश गर्ने सदाशिव नै सर्वोपरि छन् भन्ने भावले कवि आफूलाई शैव धर्मावलम्बीको रूपमा देखाएका छन् र तीनै प्रकारका (नमस्कारात्मक, वस्तुनिर्देशात्मक र आशीर्वादात्मक) मङ्गलाचरण काव्यकारले प्रस्तुत काव्यमा गरेका छन् ।

## ४.१.१.२ पूर्वपीठिका

मङ्गलाचरणमा ५० श्लोक खर्चेर कवि विषयमा प्रवेश गरेको देखिन्छ । सृष्टिको प्रारम्भ अवस्थालाई कविले विशेष जोड दिएका छन् । यसैले यसलाई सृष्टिखण्ड पनि भन्न सकिन्छ । कवि आफै प्रश्न गर्दै "चराचर जगत्लाई कसले गर्छ सिर्जना" भन्नेबाट नै कवि आफ्नै प्रश्नको उत्तरमा र समाधानमा प्रवेश गरेका छन् । पुराण उपनिषद र इतिहासको प्रारम्भ खण्ड जसरी सृष्टिबाट हुन्छ त्यसरी नै कविले पूर्व पीठिकामा सृष्टिको विस्तारलाई महत्त्व दिएका छन् भन्ने कुरा निम्नलिखित शलोकबाट स्पस्ट देखिन्छ -

चराचर जगत्लाई कसले गर्छ सिर्जना ।
संसार सृष्टिको यस्तो गरिन्छ अनुकल्पना ॥

जगत्का पिता देवाधिदेव महादेव सृष्टि पालक र संहार गर्ने उनै शिवतत्त्व हुन् भन्ने भावलाई चिनाउँदै सृष्टि विस्तार गर्न पितामह ब्रह्माले तपस्या गरेको र त्यस तपस्याबाट प्रशन्न भई शिवले अर्धनारीश्वर स्वरूपले दर्शन दिएको मानसिक दृष्टिबाट सृष्टिको विस्तार गरौँ भनी ब्रह्माबाट गरिएको विन्तीलाई स्वीकार गर्दै नर र नारीको सृष्टि गर्न प्रेरणा प्रदान गरिएको कथालाई विस्तार गर्दै नारीको स्वरूपमा दक्षकन्या भई सती जन्मिनु भन्ने कथालाई स्पर्श गरी पुरुष स्वयं शिव र नारी सती भई जन्म लिएको कुरा बताई पुनः हिमालयकी छोरी पार्वती बनी जन्म लिई आउने विषयलाई स्पर्श मात्र गरी जुन ब्रह्माजीबाट सृष्टिमा नरनारी दुवै अभिन्न छन्, मैथुन विधिबाट मात्र सृष्टि अगाडि चल्न सक्छ भन्दै शिव पार्वतीको क्रीडास्थल कैलाश हाम्रो नेपालमा नै छ भनेका छन् । कैवल्य मुक्ति चाहने जीवका लागि परमात्मास्वरूप शिवको आराधना नै सर्वोपरि छ भन्ने भाव यसमा अभिव्यक्त भएको छ । यही थलो शिव र पार्वतीको हो माटो धुलो र सबै कणमा शिव पार्वती बसेका छन् भनिएको छ । सबैलाई रुद्रमा दृष्टिलगाउन प्रेरणा दिँदै कवि शून्यमा, शिवतत्त्व साथै स्थूल र सूक्ष्ममा पनि शिवतत्त्व नै विद्यमान छ भनेका छन् । कैलाश सबै शैवहरूको घर हो । यो नेपालको गौरव पनि हो । सबै प्राणीका दिलमा शिव पार्वती छन् । शिवतत्त्व नै सत्य र अविनाशी चिदात्म स्वरूप हो । सत्चिदानन्द स्वरूप शिव आनन्द घन हो । शिव र पार्वतीको गाथा नै अगाडि गाइने छ । गङ्गा शिव तत्त्वको धारा हो यो

काव्यका रूपमा प्रकट भएको छ भनिएको छ । यसमा धेरै रसहरू बगिरहेका छन् भनेर ब्रह्मा, विष्णु पनि शिवका अंश हुन् । संसारलाई रच्ने र संहार गर्ने उनै शिव तत्त्व हुन् । सृष्टिका लागि माया पार्वती हुन् भन्ने भाव कविको रहेको छ । नेपालको गौरव कैलाश र शिवतत्त्व हो । यही गाथा कविले यहाँ गाएका छन् । कैलाशको वर्णनमा रमाउँछु । अन्त्यमा गएर शिवतत्त्व नै प्राप्त गर्न पाऊँ भन्दै प्रथम सर्गमा भूमिका मात्र भएको छ । अगाडिको द्वितीय सर्गमा कैलाशको वर्णन गर्ने वचनबद्धताको साथै कविले प्रथम सर्ग समाप्त गर्ने सूचना दिएका छन् ।

## ४.१.२ द्वितीय सर्ग

द्वितीय सर्गमा जम्मा १०३ श्लोक छन्, जसमा इन्द्रबज्रा ३०, शार्दूलविक्रीडित ३१, अनुष्टुप् ४० र पुन: २ श्लोक इन्द्रब्रजा छन्दका गरी २०६ श्लोक रहेका छन् ।

प्रथम श्लोकबाट नै कवि आफ्नो मातृभूमि नेपाललाई माया गर्ने भावद्वारा प्रकट भएका छन् । कैलाशमा शिवतत्त्व रहेको छ । यो ठाउँ अति पवित्र छ भने हिमालयको गीत गाउन आफूले औधी मन पराएको नेपाल रमाइलो छ, जहाँ नदीनालाहरू प्रशस्त रहेका छन् भन्दै हिमाल लहरै छ र चाँदीजस्ता फराकिला भाल वा ललाट जसमा श्रीकण्ठ बस्ने ठाउँ नूतन सिर्जनाबाट सजिएको देखिन्छ । कैलाशले स्वर्गलाई पनि गिज्याइरहेको छ र मुक्ति पाइन्छ भन्ने विश्वास छ । मात्र नाम लिँदामा पनि गौरीश शिव खेल्ने यो भूस्वर्ग हो । जगत्का सबैमा उनैको प्रभाव उनकै शून्यतत्त्व विद्यमान छ भनिएको छ । कैलाश यो निर्जन प्रदेश हो । यहाँ शिवतत्त्व प्रकट भएपछि यो दिव्य र पवित्र भएको छ । पुण्यबाट मात्र प्राप्त गर्न सकिने भूस्वर्ग कैलाश हो । यहाँ शीतल हावा हिमाल शुक्ल रङ्गको छ । यहाँ विभिन्न प्रकारका नग र रत्नहरू पाइन्छन् । कैलाशको केही दूरीमा अलकापुरी छ जहाँ कुबेर धनका मालिक भएर बसेका छन् । वैभवको धनी भएकाले शिवद्वारा नै त्यो रक्षित छ । सुन चाँदी, हिरा, मोती आदि जुहारहरू त्यही दरबारभित्र छन् । झिलीमिली भएर रहेका छन् र कुबेरको धनको लेखाजोखा कोही राख्न सक्दैन चाहे जति मागेर ठुलाठुला राजाहरू पनि प्रशन्न भएर जान्थे । सुनले जडेका सारा दुनिया धनमा नै अडेका छन् । त्यसैले व्यक्तिहरू धनसँग धेरै प्यार गर्ने गर्दछन् भनिएको छ ।

आरोग्यताको प्रतीक मानिने कैलाश पर्वतमा कुबेर पनि बास गर्ने भएकाले त्यहाँ धेरै जडिबुटीहरू पृथ्वीको देन हो भन्दै सञ्जीवनीको स्थान पनि यही नै हो, सबैको शरीर स्वस्थ्य हुन्छ, त्यहाँ कैलाश पर्वतको शिरमा रहेका तलाउ आदि नजिकैछन् । भूस्वर्ग भनेर यसलाई चिनिन्छ भनिएको छ । हावा चिसो चल्ने, रात्रिमा पूर्ण चन्द्रमाको चाँदनीले शोभायमान देखिने र

पानी जमेर चाँदीजस्तो देखिने ठाउँमा शिव बास गर्छन् । किन्नर किन्नरी आदि पनि यही रहन्छ, पृथ्वीको धुरी यो हो भनिएको छ । भगवान् ब्रह्माजी यहीँबाट नव सिर्जना लिएर आएका हुन् । यो शिवको धाम अति नै दिव्य छ । सृष्टि शिवको स्वरूप हो । ब्रह्मा, विष्णु र महेशदेखि जगतैभरि शिवतत्त्व विद्यमान छ ।

धेरै पुण्य गरेर मात्र प्राप्त गर्न सकिने कैलाशधाम अतिपर क्षितिजमा एकान्त ठाउँमा छ । जहाँ पुग्नका लागि मानिसहरू लालायित रहन्छन् । भाव दूषित र कर्म दूषित भएका व्यक्ति कैलाश पुग्न सक्दैनन् । कवि कैलाशमा पुग्न लालायित छन् । हृदयदेखि नै हर्षित भएर पखेटा हालेर उडेर कैलाशमा जाने चाहना छ । यो मन कहिल्यै पनि कैलाश पुग्न पाए हुन्थ्यो भन्दैन किनभने यो आफैमा पापी छ । शारीरिक रूपमा पनि पुग्न त्यो कठिन अवश्य छ भन्दै अहिले यो रिमझिम दुनियामा आफै भुलिरहेको छु । अर्काको सम्पत्ति, घरखेत खाने इच्छा गरेको छ । मायाका वशमा परेर नक्कल गर्दै आफूलाई आफै मालिक मानिरहेको छ । निर्धक्कसँग अर्काको जग्गा मिचेको छु । अर्काको धनमा रमाउन निकै उत्साहित छ । अर्काको लुटेर, छलेर खाएको देख्दा आफैलाई नै घिन लागेर आउँछ । सत्य तथ्यलाई बिर्सेर झुट्टा अँगाल्ने व्यक्ति रौरव नाम गरेको नरकमा पर्न जाने छन् ।

ज्ञानी शिवभक्त निःस्वार्थी जुन व्यक्ति छन् ती मात्र कैलाशमा पुग्न सक्षम हुनेछन् । त्यो आनन्द हृदयमा खेलिरहेको छ । आनन्द आइरहेको छ भनिएको छ । भौतिक रूपमा चढेर कैलाशमा पुगिन्न, स्वर्गमा पुगिन्न, जसले रहस्य बुझ्न सक्छ शिवत्वको पहिचान गर्दछ त्यो मात्र कैलाशमा पुग्दछ । आफ्नो शरीरमा शीरमा नै कैलाश विद्यमान छ भन्दै कवि समस्त जगत्को संवाहक त्यहाँ बसेको छ, जसले जगत् मिथ्या र ईश्वर सत्य भनी जानेको छ त्यो कैलाशलाई चिन्न सक्नुपर्दछ । शिवजीको नाम जपेर मात्र कैलाशमा पुग्न सकिन्छ । सजिलो वा असजिलो भन्ने पनि हजुरको नामबाट मात्र थाहा पाउन सकिने छ ।

कैलाशमा आफूलाई पाउन चाहेका कवि हे शम्भो अन्त्यमा शिव ! शिव ! भनेर प्राण त्याग्न चाहन्छन्, उनको शिवतत्त्वमा मिल्ने ठूलो इच्छा छ । गौरीकुण्ड, मानसरोवर त्यो निर्मलजल जस्तो मन सबैको होस् भन्ने कामना गरिएको छ । कैलाशबाट झरेको जलको धारा गौरीकुण्डमा आएर पर्दछ । अति सुन्दर संरचना त्यहाँ बनेको छ भन्दै कैलाश शिवपार्वतीको घर हो, त्यहाँ शिव र पार्वती सर्वप्राणीका मनमा रमाउने, सबैका मालिक रहन्छन् । सबैमा शिव र पार्वती तत्त्व विद्यमान छ भनिएको छ ।

हे शिव ! हृदयको कालो पखालेर राम्रो भाव, सुन्दर विचार लिएर हजुरको घर कैलाशमा आउन चाहेको र शिव स्वरूप चिदात्म रहेकाले सबैले चिन्नै सक्दैनन् । हे शम्भो ! शिवतत्त्व र कैलाशमा बास मलाई पनि प्रदान गर्नुहोस् भनिएको छ । सारा प्राणीका अन्तर हृदयमा रहने शिवजी तारा, सूर्य, चन्द्र, समुद्र, पर्वत, पहाड, नदीनाला सबैमा शिवजी विद्यमान हुनुहुन्छ भनिएको छ । साह्रै सुशान्त, सुरम्य ठाउँ कैलाश स्वान्त हृदयमा ल्याएमा सबै ठाउँ कैलाश बन्ने थियो । गौरी कुण्ड हृदयमा ल्याएर स्थापना गर्नुपर्दछ किनकि मानवमन स्वच्छ छ । त्यहाँ सुन्दरताको कामना गर्नुपर्दछ । अन्धकार हटाउन कविको आग्रह छ । उल्लासका साथ शैव भई शिव आराधना गर्न सबैलाई कविले आह्वान गरेका छन् । बाटो टाढा देख्दै कवि नेपालबाट तिब्बत हुँदै कस्तुरी मृगको सुवास लिँदै नेपाललाई नै स्वर्गको सङ्ज्ञा दिएका छन् । लाखौं औषधी नाना जडिबुटीले पूर्ण शिवको मन्दिरको पुण्यस्थल कैलाशमा आफू कसरी पुग्ने भन्ने पीर परिरहेको छ । जग्गाको धनको किचलो कैलाशमा छैन । त्यस्तो किचलो गर्ने परधनमा मोह गर्नेहरू कैलाशमा होइन नरक जान्छन् र शिवलाई कैलाशका केशरीको सङ्ज्ञा दिँदै शिवका स्वरूप अनेक तरहका छन् तर आफूले सामान्य चर्चा मात्र गरेको जनाएका छन् । पवित्र र निर्मल भावले आफूले कैलाशको वर्णन गरेर जगत्का सर्जक नाना रूप धारण गर्ने शिव संसारका मालिक हुन् भनेका छन् । उनको वर्णन विशिष्ट भए पनि आफूले भने सामान्य वर्णन गरेको जनाएका छन् ।

### ४.१.२.१ शिवस्वरूपको वर्णन

जसका कर्मले सारा जगत्को सृष्टि चलेको छ, शिवको वर्णन गर्न लेख दौडेको भन्दै ब्रह्मा, विष्णु, महेश शिवका स्वरूप हुन् भनिएको छ । महान् स्वरूप विचित्र स्वरूप वर्णन गर्न योग्य स्थूल ब्रह्माण्ड र सूक्ष्म बिन्दु स्वरूपमा विद्यमान शिव नै सृष्टिका सञ्चालक हुन् भनिएको छ । बिन्दुबाट सिन्धु बन्छ, बिन्दु रूप विशेष हुन्छ । बिन्दु स्वरूप शिवको दर्शन गर्न अध्यात्म ज्ञान आवश्यक छ । बीजमा वृक्ष विद्यमान भएजस्तै सारा सृष्टिमा शिव विद्यमान छन् । व्याख्या गर्न नसकिने अथाह अनन्त शक्तिपूर्ण ब्रह्मलाई नै शिव तत्त्व मानिएको छ ।

खण्डित कहीँ नभएको पञ्चाक्षरी मन्त्र नै शिवतत्त्व हो र त्रिमात्रा शिवतत्त्व सूक्ष्म हो । ‘ॐ नमः शिवाय’ यो मन्त्रमा सम्पूर्ण शिवको वर्ण छ भन्दै कवि अघोर, तत्पुरुष, ईशान, वामदेव, सद्योजात यी पाँच वटा स्वरूप नै पञ्चाक्षरीमा कविले पाएका छन् । जन्म र मृत्युबाट रहित शिवतत्त्व व्यप्त छ र संसार चलिरहेको छ । ज्योति, रस, बिन्दु, द्रव्य सबै स्वरूप शिव नै हुन् ।

जगत् र शिवतत्त्व अभिन्न रूप हुन् भनिएको छ । हजारौं नामले पनि शिवको गान पूरा नहुने भएकाले अनेक स्थूल रूप शिवका विशेष छन् । जटाधारी स्वरूपसम्म शिवको विशेष स्थूल रूप विद्यमान छ । गङ्गा शिरमा लिनुभएका, चन्द्रमा शोभित मस्तिष्कमा सूर्यको माला, त्रिनेत्र अनि हर्षित खरानी लगाउने, नाङ्गो त्रिशूल, डमरु हातमा लिएका शृङ्गी, भृङ्गी आदि साथमा लिएर हिंड्ने शिवको स्वरूप छ भन्दै पार्वतीलाई वामाङ्गी बनाएर कैलाशमा बस्ने प्रजापति महादेव संसारका पालनर्ताका रूपमा विष्णु, उत्पत्तिका लागि ब्रह्मा रूप लिएर सनातन स्वरूपमा रहने शिवतत्व नै हो भनिएको छ । नेपालका आराध्यदेव महादेव कैलाशमा बस्ने हुनुहुन्छ । तिब्बतको जमिनमा रहेको नेपालको कैलाश एक दीपक हो । यही थलामा शिव रहेका छन् । ब्रह्मा, विष्णु, शिव उनकै रूप हुन् । अनन्त भएर पनि विचित्र स्वरूप शिवका चरित्र पनि विचित्र छन् । कस्तो रूपले शिवजी कार्य गर्दछन्, त्यो सबै नयाँ सर्गमा बताइने छ भन्ने भावी सर्गको सूचना दिँदै द्वितीय सर्ग पूरा भएको छ ।

## ४.१.३ तृतीय सर्ग

शिव नै चराचरमा ब्रह्मा, विष्णु, महेशमा व्याप्त छन् । उनै सृष्टिकर्ता हुन् भन्दै सहस्रनामले शिवलाई नै पुकारिने र विशेषतः शिवका बाह्र ओटा विशिष्ट नाम छन् । प्रथम महादेव, द्वितीय महेश्वरः, तृतीय शङ्कर, चतुर्थ वृषभध्वज, पञ्चम कृत्तिवासा, षष्ठ कामाङ्गवासना, सप्तम देवदेवेश, अष्टम श्रीकण्ठ, नवम ईश्वर, दशम पार्वतीपति, एकादश रुद्र, द्वादश शिव भूपति भन्दै यस्ता नाम जप्ने भक्तजनहरू रुद्रलोकमा बास गर्न पुग्छन् भनिएको छ । शिव नै ब्रह्मका स्वरूप बनेर नयाँनयाँ सृष्टि गर्दछन्, नयाँपना प्रदान गर्दछन्, नयाँ सिर्जनाबाट नयाँ शरीर बनाई प्राणशक्ति वितरण पनि ब्रह्माजीले नै गर्दछन् । कविले जसरी नयाँ काव्यसिर्जना गर्नका लागि कवितारूपी थुंगा बनाउँछ, त्यसरी नै ब्रह्माले पनि एउटा फूलमा सारा सृष्टि अटाउन सक्दछन् । ब्रह्माले शिल्पले तन सृष्टि गरी त्यसमा प्राण भर्दछन् तर शिल्पले प्राण भर्दैन यही फरक छ । बगैँचामा फुलेको फूल सृष्टि हो, त्यसैले व्यक्तिभित्र प्रीति हुनु आवश्यक छ भनिएको छ । यसरी सृष्टि गर्ने ब्रह्माजी नै शिव हुन् भने जगत्को पालना गर्ने पिता स्वयं शिवस्वरूप विष्णु हुन् । शैवपरक ग्रन्थमा आधारित रहेरनै पालक विष्णु रूप शिवले वनस्पति, जीवजन्तु सबैको पालना गर्दछन् र रुद्ररूपले संहार गर्दछन् भनिएको छ । देवाधिदेव महादेव सृष्टि, स्थिति र प्रलयकारक हुन् भन्दै शिव र शक्तिको बीचमा सम्बन्ध आत्मा

र शरीरको जस्तो छ भनिएको छ । हिमवत् खण्डमा शिव र शक्ति विद्यमान छन् । शिवजी इष्टदेव हुन् । सबैका रूपमा सर्व व्याप्त छन् ।

संसारको पालन, संहार, सृष्टि गर्ने कारक शिव नै त्रिदेवका रूप हुन् भन्दै पृथ्वी कसरी बीचमा अडेको छ, त्यसका सञ्चालक को हुन् भन्ने प्रश्न गरिएको छ । नौलाख तारा, गगन, पृथ्वी, चन्द्रमा, सूर्य उदाउने, अस्ताउने क्रम पालना कसले गराएको, सञ्चालक को कसले यसलाई चलाएको छ । सूर्य किन सेलाउँदैन, त्यहाँ किन आगो रित्तिन्न, पृथ्वीका वनस्पति किन हरिया हुन्छन् । यी सबैका प्राणदाता सूर्य स्वयं शिव नै हुन् भनिएको छ । उत्तरायण, दक्षिणायन क्रमबाट आउँछन् । वर्ष आदि ऋतु परिवर्तन, घना बादल, शीतल पानी, पृथ्वी सबै विद्युत् कान्ति आदि सबैका कारक शिवतत्त्व नै हुन् भन्दै सम्पूर्ण कर्मका साक्षी पनि शिव नै हुन् भनिएको छ ।

यसपछि श्लोक सङ्ख्या ६३ देखि ८२ को प्रथम पाउसम्म यो सारा सृष्टिमा भएका कार्यहरू विचित्र छन् । यसको सर्जक को हो र कसले बनाएको, कसरी बनेको जस्ता प्रश्नहरू गरिएका छन् । त्यसपछि यो संसार विचित्रको रमिताले युक्त भएको बनाउने उनै ब्रह्मा हुन्, पालक विष्णु र संहारक रुद्र हुन् भनिएको छ । संसार बनाउने क्रममा शून्यमा नौ टुक्रा भए, त्यसैमा एउटा पृथ्वी पनि हो । यो सेलाउँदै गएपछि यहाँ चार प्रकारका सृष्टि भए- जरायुज, अण्डज, पिण्डज र स्वेदज । यिनै प्राणी सृष्टिका मूल र कारक हुन् । आस्थाको भरमा संसार चलेको छ । वाणी बन्ने क्रममा पर-पश्यन्ती मध्यमा र वैखरी रूपमा शब्द निर्माण भयो भन्दै वेद आदिको सृष्टि वाणीबाट भएको भनिएको छ । ब्रह्म सत्य, जगत् मिथ्या तिनी साधक, तिनै देवता ब्रह्मा पनि, विष्णु पनि र शिव पनि यो सारा जगत्का मालिक हुन् भन्दै प्राणीमा मानिसको सृष्टि भै शरीर र आत्मा आदिको सृष्टि गर्दै वालकपना, यौवन र आहारको व्यवस्था मिलाउने उही ब्रह्मा नै हुन् भन्दै देवताका खेलले जगत् बनेको र उनैको मेलले सृष्टि, स्थिति, पालन भएको र संहार पनि त्यहींबाट हुन्छ । जल, स्थलमा बस्ने देवता पनि त्यही शिव तत्व नै हो ।

### ४.१.३.१ शिवको सामान्यीकरण

ब्रह्मा, विष्णु र शिव सबै शिव नै हुन् । परब्रह्म मात्र शिव हुन् । उनै शिव मानिसले झैँ कुरा गर्ने इरादा गरेर लीला गर्न सामान्य रूप लिई मान्छेकै हितका निम्ति साकार रूप धारणा गरेर आउँछन् भन्ने प्रमाण विभिन्न वेद, पुराण र शास्त्रहरूमा बुझ्न सकिन्छ । संसारी रीतिले

कहीँ छल, कहीँ भाग्य, प्रेम, ठट्टा, हाँसो, रामरमिता देखाउने उनै शिव हुन् । हिमाल पहाड घुम्ने इच्छाले मानिसको रूप धारण गरेर कैलाश पर्वत हुँदै नेपालमा आएर यहाँका पाखापखेरा हेर्दै रमाएर नेपाली वनपाखा र चुचुरामा घुमी रमाएका यिनै शिव कृपाको स्वरूप नै सामान्य जीवनको स्वरूप हो भनिएको छ ।

त्रिभाव ब्रह्मा, विष्णु, शिव मानिसभित्र विद्यमान छन् । संसारी शिव बनेर परिवारमा बाँधिएर खेल्दछन् र विरहिणी दक्षकी छोरी सतीसँग मायाको वशमा परेर विवाह पनि उनले गर्दछन् । सतीदेवीलाई पनि शिवजी नै मन पर्दछन् । संसारी प्रपञ्चमा विवाह जरुरी छ भन्दै विवाह गर्न स्वयं शिवले दक्षकी छोरी माग्नु भएको प्रसङ्ग आगामी चतुर्थ सर्गमा सुरु हुने बताउँदै तृतीय सर्ग समापन भएको छ ।

## ४.१.४ चतुर्थ सर्ग

श्लोक सङ्ख्या १०८ लेखिएको भए तापनि ३६औं श्लोक दोहोरिएकाले चतुर्थ सर्गमा १०९ श्लोक छन् । पहिले १८ श्लोक मालिनी, ८८ श्लोक अनुष्टुप् र अन्त्यका ३ श्लोक इन्द्रबज्रा छन्दमा रचिएका छन् ।

### ४.१.४.१ शिव र सतीदेवीको बीचमा वैवाहिक सम्बन्ध

प्रथम श्लोकबाट नै मदनको उद्‌गमको वर्णन गरिएको हुनाले शृङ्गार रसको प्राधान्य यसमा आएको छ । प्रेमको प्रगाढ बढ्दै जानु, गरम हावाको बहाव बाहिर हेर्दा हिमशिखरहरू उठेको देखिनु र झरनाहरूमा दुधको बहावको अनुभूति प्रकट हुनु, पानीलाई दुधजस्तो देख्नेले पनि प्राकृतिक र लौकिक वर्णनमा सामाञ्जस्यता भएको छ । प्रेम, सङ्गीत, लय, सुमधुर फूलको वर्णन पनि आएको छ । भमराहरू नाचिरहेको वर्णन गर्दै कवि सुमधुर कुसुम वनमा विहार गरिरहेका छन् । कस्तुरीले वासना छोड्दै भमराहरूको सङ्गीतमय भुनभुन र गुञ्जनबाट रतिको कामना उदाएको भाव प्रकट हुन्छ । वाणीमा मिठास, प्रेमको उदय, वासनामा रुमलिनु र सतीसँग विवाह गर्ने इच्छाको उदय भएको छ । दक्षसँग कन्या माग्ने इच्छा छ । विषय वासना कामोद्‌गमको कारक हो । त्यो उदाउनुमा कसैको जन्म हुनु हो । बासनाका वहावमा मन भरिसकेको छ ।

यम नियम साधना धेरै छन् । जप, तप, होम, आराधनामा लाग्ने रजोगुण र तमोगुणको त्याग गरी चैतन्यका साथमा धपधप बल्दो ज्योतिलाई र लिएर कामनालाई साथमा लिएर

प्रकृतिलाई गुरु मान्दै ज्ञानको मन्दिर खुलाउने शिवजीको चाहना छ । फूलहरूसँग ज्ञान र वैराग्य फुलाउने सङ्कल्प पनि कविले गरेका छन् ।

गृहस्थ आश्रममा प्रवेश गररेर चैतन्य जगाउनु छ । त्यसैले यम नियमका साथ घरजम गरी बस्ने शिवको चाहना भएको छ । यसरी शिवले तत्त्व बुझेर घरजम गरी बस्ने इच्छा जगाएको र घरजम बिनाको संसारलाई व्यर्थ मान्न लागेको देखिन्छ । मनमा कामना धेरै बढ्दै गएको छ । यसै कार्यलाई सम्पादन गर्न शिव अगाडि बढिरहेका छन् । सपनामा पनि बिम्ब देखिरहेका छन् । मनको बगैँचामा ढकमक्क फुल फुलाई रहेका छन् । के गरूँ, के गरूँ भन्दै अकमक्क परेको देखिन्छ । स्निग्ध सन्तोष लिएर परमपद प्राप्त गर्ने नित्य आनन्दमा रमाउँदै शरद्मा फूलेका फूलले शरद् सजिएको देखाइएको छ । ढकमक्क फुलेको फूलको वास्नाले युक्त फूलका माला धारण गरेर प्रेममा रमाउँदै शिव मधुकर जस्ता बनेका छन् । कणकणमा फूलको दिव्यशोभा प्रेमको आभा शिव शिव जप्दै अङ्कमाल गर्दै उच्च हिमालमा रमाउँदै जप, तप जति छन् ती सबै शिवको धाम पाउन गरिने कर्महरू हुन् । शिव नजपी दिव्य लोक जान गाह्रो छ । यति भनेर शिवजी दक्षका पछि लागेर सतीको हात माग्छन्, मधुरवाणीले दक्षसँग सबै बिन्ती गरेका छन् । आकाशमा टहटह चन्द्रमा लागेका छन् । प्रीतिको रङ्ग पाएर शिव प्रसन्न छन् । अनेक प्रकारले अनुनय विनय गर्दै सतीको हात शिवद्वारा मागिन्छ ।

### ४.१.४.२ महादेव सतीदेवीको हात माग्न जानु र अपमानित हुनु

आमा विरणी र पिता दक्षप्रजापति धेरै पुत्रीहरूका मातापिता हुन् । सबै ठूलाठूला देवताका घरमा परेपछि अब मात्र कान्छी छोरी सती बाँकी छन्, ती पनि शङ्करले मागेका छन् । तर घमण्डी दक्षले बाघको छाला ओढ्ने, भाङ, धतुरो खाने, नागको माला लगाउने, फोहोरी घिनलाग्दो गरेर बस्ने दिग्वस्त्र वा नाङ्गै रहने मसानघाटबासीलाई छोरी दिन अस्वीकार गर्दै सतीसँग विवाह गर्ने आँट गरेकोमा आश्चर्य मान्दै कैलाशमा जान आदेश दिँदै । यहाँ तेरो बस्न योग्य ठाउँ छैन भन्दै शिवको पाखुरामा समातेर अपमान गरी बाहिर निकाली दिएको कथाका साथै प्रजापति दक्षले भनेका सबै प्रसङ्ग लिएर सल्लाह लिन विष्णु भएको ठाउँमा शिव गएका छन् भन्नेसम्मको प्रसङ्ग ३० श्लोकसम्म आएको छ ।

भगवान् विष्णु भएका ठाउँमा गई आफ्नो अपमान भएको सुनाई आफूले सतीदेवीसँग विवाह गर्न चाहेको तर त्यो कसरी सम्भव हुन्छ भनी विष्णुसँग उपाय सोधेका छन् । खाने रमाउने मित्र जति पनि पाइन्छन् तर दुःखमा सहयोग गर्ने मित्र वास्तविक मित्र कहलाउँछन् ।

गोत्रभन्दा मित्र नजिकको हुन्छ भन्दै विष्णुसँग उपाय खोज्न आग्रह गर्नु र विष्णु दक्षप्रजापतिको घरमा पुग्दा, दक्षबाट मानसम्मान प्राप्त गरेर किन सवारी भएको भन्ने प्रश्न सोध्छन् । एक वस्तु माग्ने इच्छाले आएको भन्दै आपसमा केही वार्ता गरेपछि मागेका कुरा दिन प्रजापति तयार हुन्छन् र यसका लागि वचनबद्ध हुन्छन् । अन्त्यमा दक्षले कन्या दिन तयार र जन्ती लिएर आउन आग्रह गरेका छन् दक्षले । दक्षसँग कन्याको याचना गरे र विष्णुको आग्रहबाट दक्ष बचनबद्ध भई कन्या दिन तयार हुन्छन् । विष्णु शिव भएको ठाउँमा गएर सबै जुक्ति निकाल्दछन् । आफूले कर्म गरिसकेका अवस्थामा कन्या लिन मात्र तिमी सन्यासीको भेस लिएर आउनु भनी आग्रह गर्दछन् । कन्यादानका बेलामा दक्षको आँखा छलेर तपाईंका हातमा कन्या कुशपानी पार्ने योजना बनाएका छन् । विवाहको मण्डप राम्रोसँग सजाइएको, सबैमा खुशीयाली आएको, माङ्गलिक गीत, झल्लरी आदि सजाइएको र विवाहका निम्ति सबै कार्य पूरा भएको छ । विवाहमा भगवान् विष्णु जन्ती लिएर आएका छन् । त्यसै बखतमा शिव पनि सन्यासीको भेसधारण गरी आएका छन् र कन्यादानका बखतमा विष्णुबाट कुशपानी सन्यासीका हातमा पारिदिन्छन् । यति गरी विष्णु आफ्नो लोकतिर जान्छन् । यता दक्ष र सती सबै अति शोकमा डुबेका हुन्छन् । विष्णुका कारणले आज ठूलो गल्ती भो अब तिमी यी सन्यासीकी पत्नी भयौ जाऊ । यदि यसबाट भरणपोषण नभएमा पछि म आफै पालौँला । सती जन्मघर र कर्मघर अलग अलग नारीको धर्म हो, त्यसैले जाऊ तिमी पतिका घर भनी पठाइन्छ । पतिव्रता धर्मको पालना गर्नु नारीको प्रथम कर्तव्य हो । देखेर मात्र हुन्न लेखेको मेटिँदैन भन्दै चित्त बुझाई मातापिताबाट सती र सासू ससुराबाट सन्यासी रूपधारी शिव बिदा भएर बाटो लाग्छन् । सानो झोपडीमा पुऱ्याई यही हाम्रो बासस्थान हो भनी देखाउँछन् । सती खिन्न हुन्छिन् । शिव सतीबाट प्रभावित भै आफ्नो रूप र कैलाशको रूप समेत देखाउँछन् । सती खुशी भएर आनन्द मान्दछिन् । अध्यात्मज्ञान लिएर कैलाश महात्म्य गाउँदै शिव अविनाशी लोक र शिव पनि पाउँदा सती हर्षले प्रफुल्ल भएकी छिन् र आफूलाई भाग्यमानी पाएकी छिन् ।

कैलाशलाई संसारको पगरी भन्दै कविले सबैको जननी दिव्यधाम र देवताको स्थल हो भनी बताएका छन् । धरतीको शोभा कैलाश हो त्यसको आत्मा शिव हुन् र सती उनकी प्रेमपात्र हुन् भन्दै कविले सर्ग समाप्तिको सूचना गर्दछन् ।

### ४.१.५ पञ्चम सर्ग

पञ्चम सर्गमा जम्मा १२५ श्लोक छन् । जम्मा १२३ श्लोक अनुष्टुप र अन्त्यमा ३ श्लोक मालिनी छन्दका छन् । शिवसँग सतीदेवीले प्रश्न गर्दछिन् र संसार बन्धन के हो,

मुक्तिको मार्ग के हो, यसको रहस्य के छ, त्यो जान्न म इच्छुक छु भन्दछिन् । शिवद्वारा उत्तरका रूपमा परमतत्त्व जान्ने योग्य बन्नु मुक्त हो भनिएको छ । त्यसलाई चिनेपछि सबै बुझिन्छ भन्दै विज्ञानको चिन्तनबाट मात्र नभई ज्ञान र परमतत्त्वको बोधबाट मुक्तिप्राप्ति हुन्छ भनिएको छ । भगवान् शिवद्वारा सतीलाई परमतत्त्वका बारेमा जानकारी दिँदै जगत् मिथ्या, ब्रह्म सत्य हो भन्ने भाव अभिव्यक्त भएको छ । म भन्ने तत्त्व परम तत्त्वमा मिल्दछ तब मात्र तत्त्वज्ञान सम्भव छ अन्यथा तत्त्वज्ञान हुन असम्भव छ । शून्यबाट प्रारम्भ भएर शून्यमा नै सबै जगत् विलय हुन्छ । त्यसैले ब्रह्ममा गएर विलय हुनुलाई वा एकाकार हुनुलाई अद्वैत भन्दछन् । अद्वैतबाट मात्र मुक्ति प्राप्त हुन्छ । जब मानव एकाकार हुन्छ अनिमात्र उसलाई मुक्ति मिल्दछ । ब्रह्म अक्षर वा अविनाशी हुन्छ भने जीव क्षर वा विनाशशील हुन्छ । कहिल्यै नाश नहुने तत्त्व नै ब्रह्म हो । इन्द्रियहरूले ब्रह्मलाई देख्न सक्दैनन् । अपरिवर्तित नित्य सनातन ब्रह्म हुन्छ तर जीव मात्र जन्म र मृत्युको चक्करमा फँस्छ तर ब्रह्म कहिल्यै जन्म मरणको चक्करमा पर्दैन । तत्त्वज्ञानबिना ब्रह्मलाई चिन्न सकिँदैन । प्राणीको रक्षा गर्ने अन्न नै ब्रह्म हो, यो साराले भन्दछ । विषाक्त संसार छ, यसलाई त्याग्नु पर्दछ र आनन्द स्वरूप ब्रह्मको, ज्ञान भएमा सबै मुक्त हुन्छन् । संसारमा देहधारीहरू सबै मायाका वशमा छन्, यिनीहरू बन्धनमा छन् । जबसम्म तत्त्वज्ञान हुँदैन तबसम्म मुक्ति सम्भव छैन भनिएको छ । यसरी शिवले मोक्षमार्ग बताएर सतीको सन्देह मेटाउँछन् र सती नित्य कार्यमा लाग्दछिन् भनिएको छ ।

**शिवले विषपान गरी परोपकारी भावना देखाउनु**

शिवका विभिन्न नाममा नीलकण्ठ पनि हो यो नाम विषपान गरेर भएको हो, सुर र असुर भएर विष्णुसँग प्रार्थना गरी समुद्र मन्थनका लागि उद्यत भएपछि यसबाट अमृत प्राप्त हुन्छ भनेकाले समुद्रमन्थन प्रारम्भ भएको हो । मन्थन गर्दा समुद्र नै छचल्किएको थियो । त्यसबाट प्रथमतः हालाहल नामको विष उपस्थित भएको थियो भने ५३ औं श्लोकमा पुनः कालकुट नामको विष निस्किएको वयान गरिएको छ ।

हालाहल वा कालकुट विषको नामका बारेमा **श्रीमद्भागवत**को अष्टमस्कन्धको सातौं अध्यायमा तीनपटक लिएको छ जसमा प्रथमतः शुकदेवजीले परीक्षितलाई अजित अवतार लिएर समुद्रमन्थन गराउँदा त्यहाँ कोलाहल मच्चिएर, माछा, कछुवा, मकर र सर्पहरू बाहिर भाग्न लागेको बयान गरिएको छ । सबै हालाहल नामको विष भनिएको छ । जस्तै-

नियइमानादुद्धेरभूद्विषं

महोल्वणं हालहलाह्वमग्रतः ।

सम्भ्रान्तमीनोन्मकराहिकच्छपात्

निमिद्विपग्राहतिमिङ्गिलाकुलात् ॥[1] (८।७।१८)

अर्को ठाउँमा विषको नाम कालकुट भनिएको छ । जस्तै :

अहो बत भवान्येतत् प्रजानां पश्य वैशसम् ।

क्षीरोदमतनोद्भूतान् कालकुटादुपस्थितम् ॥[2] (८।७।३७)

भगवती पार्वतीलाई सम्झाउँदै शिवजीले समुद्रमन्थनबाट विष निस्केर समस्त प्राणीहरू कालकुटका कारणले भयभीत छन् ।

तेस्रो ठाउँमा पुनः विषको नाम हालाहलं भनिएको । जस्तै-

ततः करतलीकृत्य व्यापि हालाहलं विषम् ।

अभक्षयत्महादेवः कृपया भूतभावनः ॥[3] (८।७।४२)

त्यसपछि आफ्नो अन्जुलीमा हालाहल विषलाई लिएर शिवजीले पान गरेपछि उनैका कृपाले सबै प्राणीहरू जीवित छन् । सबै प्राणीको आधार शक्ति नै हो त्यसबाट सबैको रक्षार्थ हुने अपेक्षा गरिन्छ । यसरी श्रीमद्भागवतमा पनि विषका हालाहल, हालहला र कालकुट आदि नाम दिइएको छ । त्यसैले यस महाकाव्यमा पनि हलाहल र कालकुट दुवै विषको नाम लिइएको छ ।

विष्णुआदि देवताबाट शिवजीको प्रार्थना गरी शिवजी प्रशन्न भएर विषपान गर्दछन् । त्यसैले सबै प्राणीहरूको प्राणको रक्षा शिवबाट हुन गएको हो । परोपकारीभन्दा ठुलो जगमा कुनै हुँदैन । शिवजीले विष पान गरेपछि उनको कण्ठमा नीलो देखियो । त्यो उनको आभूषण बनेको छ । त्यहाँबाट शिवजीलाई नीलकण्ठ पनि भनिन लागियो । परोपकार परम धर्म भन्ने शिक्षा जगत्लाई दिन शिवले विषपान गरेका हुन् ।

यसरी कविले परोपकारी शिवजीको यथार्थ वर्णन गरेपछि व्यङ्ग्यात्मक शैलीमा प्रवेश गर्दै बाटोघाटो, पुल, धारा आदि निर्माण गर्ने सन्दर्भमा भ्रष्टाचार गर्नेलाई व्यङ्ग्य गरेका छन् । रिस र विष एकै हुन भन्दै कविले रिसलाई जित्न प्रेरणा दिएका छन् ।

---

[1] महर्षि वेदव्यास, **श्रीमद्भागवत** , गोरखपुर : गीता प्रेस, मूलमात्रम्-१९९०, सष्टमस्कन्ध ७ अं. १८ औं श्लोक ।
[2] ऐजन, अष्टमस्कन्ध ७ औ अध्याय, १८ औं श्लोक ।
[3] ऐजन, अष्टमस्कन्ध ७ औ अध्याय, ४२ औं श्लोक ।

### ४.१.५.१ दक्षप्रजापतिको महायज्ञमा शिव र सतीलाई उपेक्षित

महायज्ञमा दक्षप्रजापतिले सबैलाई बोलाएका छन् । राजा, लोकपाल, गन्धर्व, यक्ष, देवता सबैलाई बोलाए तर सती र शिवजीलाई बोलाएका थिएनन् । दधिचिऋषिले शिवलाई बोलाउन आग्रह गर्दै उनीबिना यज्ञ सफल हुँदैन भनेका छन् । तर दक्षले नचाहेको काम हुने भएन शिवबिना यज्ञ सफल हुँदैन भन्ने धेरैलाई लाग्यो तर बोलाइएन । तिमीले यज्ञ शिवबिना गऱ्यौ भने अनिष्ट हुन्छ भनेर दधिचि ऋषि आश्रमतिर लागे । दक्षले नबोलाउने नै जिद्दी गरे । वस्त्र, अलङ्कार, आभूषणले व्यक्ति राम्रो हुने होइन, व्यक्ति धर्मनिष्ठा र चरित्रले असल हुन्छ भन्दा पनि दक्षले शिवको निन्दा गरे तर बोलाउन मानेनन् । सबैतिरबाट शिव र सतीप्रतिको व्यवहारको प्रशंसा हुनु तर दक्ष अडिग रहेको प्रसङ्ग छ । शिव त आशुतोष र निष्पक्षी हुन् । उनको अपमान शुभ छैन । सबैको ठहर यही छ ।

सबै पिताको घर गएको, यज्ञ भएको समाचार पाएर शिवजीसँग सतीले आज्ञा माग्दछिन् तर शिवबाट आज्ञा नदिइएको देखाइएको छ र सर्ग समाप्ति भएको छ ।

### ४.१.६ षष्ठ सर्ग

षष्ठ सर्गमा जम्म १०२ श्लोक छन् । यसमा अनुष्टुप् छन्दको ५८ श्लोक, झ्याउरे छन्दका २५ श्लोक, शिखरिणी छन्दका १८ श्लोक र १ श्लोद्वारामा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ ।

### ४.१.६.१ सतीलाई दक्षका यज्ञमा जान शिवद्वारा निषेध

दक्षका घरमा यज्ञ छ भन्ने समाचार विजयाबाट पाइएपछि सतीलाई । माइती घरमा किन बोलाएनन् भन्ने जिज्ञासा जाग्यो । भूल भयो कि भवितव्य केही भयो कि शङ्का गर्दै शिवजीलाई सबै कुरा बताउँदै दुखित हुन्छिन्, यज्ञमा ठूलाबडा सबै उपस्थित भएको थाहा हुन्छ । सबैको बडो सम्मान भइरहेछ । आफूहरू पनि जानु पर्छ भन्ने जिज्ञासा सतीको छ तर शिवजीले नबोलाएका ठाउँमा मानसम्मान नभएका ठाउँमा जान हुँदैन भन्दै सतीका पिता आफूप्रति द्रोही भावना राख्ने भएकाले जान हुँदैन भन्दै आफू नजाने निर्णय समेत गरेका छन् । सज्जन व्यक्तिका लागि विद्या, तप, रूप, कुलीन, शरीर र धन यी छवटा गुण हुन् तर विपरीत भएमा यिनै दोष बन्दछन्, त्यसैले अवस्था ठिक नभएकाले जान हुँदैन भन्दछन् । शिवजी आफू र सतीलाई पनि नजाने भन्दै सम्झाउँछन् । आफ्ना मातापिताको यस्तो विमति किन भयो त्यो

जान्न उपयुक्त छैन भन्दा पनि सती माइत जाने एकोहोरो निर्णय गर्छिन् । शिवबाट मृत्युको भय देखाउँदा पनि नगइनछोड्ने इच्छाले कुसाइतमा घरबाट प्रस्थन गर्दछिन् ।

दक्ष प्रजापतिका यज्ञमा पुगिसकेपछि दिदी, बहिनी र आमा विरणीसँग भेट हुन्छ । सबैले सन्चोबिसन्चो सोधे तर पिताबाट भने अपमानै पाइन् । शिवको निन्दा गर्दै नबोलाइकन किन आइस् भन्ने शब्द मुटुमा बिझ्यो र बाँच्नुभन्दा मर्नुमा आफूलाई बेस ठान्दै सती जसबाट आफू जन्मिन् त्यसबाट भएको पतिको निन्दा सहन नसकी सतीले आत्मदाह गरेर प्राण त्याग्ने निर्णय गर्दै अग्निकुण्डमा हाम फालिन् । शरीर उत्सर्ग गरेपछि भृङ्ग र शिवका गणमा झगडा भयो र शिवका गण पछि हटेर दक्षको यज्ञमा विघ्न पर्न गयो । नारदबाट सबै हाल शिवले थाहा पाए । त्यसै बखतमा शिवजीले वीरभद्र र भद्रकालीलाई बोलाएर दक्षको यज्ञ वीरभद्र र भद्रकालीले समाप्त गरी दक्षको शिर काटेर शिवलाई समाचार दिइयो । यज्ञशालामा आउँदा सतीको शरीरलाई देखेर अति बिलौना गरी शिवजी भावविह्वल बन्दछन् ।

## ४.१.६.२ सतीको निधनमा शिवद्वारा आलापविलाप

हे प्यारी सती तिमीले नजाऊ भन्दा मानिनौ, मबाटै टाढा भयौ भन्दै शिवजीले आफू विरहको अग्निमा जलिरहेको छु भन्न थाले । अहो ! आफ्ना पतिको निन्दा सहन नसकी तिमी मृत्युलोकमा अर्पित भयौ । शिवप्रति तिम्रो पिता किन द्रोह गर्दछन् थाहा छैन तर संसारमा म अजन्मा हुँ । मलाई शिव भनी संसारले जान्दछ । अग्निकुण्डमा किन एक्लै गयौ, म पनि साथै जान्थेँ । आज किन मदेखि टाढा भयौ । विरहमा जल्दै आँखाभरि आँसु भर्दै शिवा ! तिमी कैलाशमा रहँदा अति आनन्द दियो मधुर मुस्कान र आनन्द प्रदान गर्दै आज त्यो काया, तिम्रो त्यो प्रेम बिलायो । म एक्लो भएँ भन्दै जताततै कालो रात्रिमात्र देख्दछु, अरू केही छैन । क्षुधा तृष्णाका बखतमा तिमी साथ दिन्थ्यौ । आनन्द प्रदान गर्थ्यौ भन्दै अब म कता जाने विरहको आगोमा जलिरहेछु । चिन्ता मनमा भरिएको छ । सिल्लीजस्तो भएको छु भन्दछन् । त्यसपछि सतीको मृत शरीरलाई काँधमा राखेर पूरै भूमण्डलको भ्रमण प्रारम्भ गरे । सतीलाई यसरी बोकेर हिंड्दा शरीर गले अङ्ग पतन हुन थाले र त्यहाँ शक्तिपीठहरू बने भन्ने भाव मात्र उदय भएको छ ।

## ४.१.६.३ सतीदेवीको अङ्गपतन भएपछि बनेका शिवशक्ति पीठ

पचासवटा शक्तिपीठ बनेको भन्ने कविको रहेको छ । नेपाल खण्डमा नेपाल पीठ पर्दछ भने अन्य ठाउँमा सोही अनुसार शक्तिपीठ र शिवलिङ्गहरू पनि बनेका छन् भनिएको छ ।

कामरूप, वाराणसी, पैरबन्ध, काश्मिर, कान्यकुब्ज, चामुण्डा, पूर्णागिरी, अस्ताचल, महापन्थ, मल्लवी, कामरोष्ठ, कैलाश, भृगुपीठ, केदार, चन्द्र, जालन्धर, एकावीर, कुशलान्तक, त्रिश्वेत, मातुलेश्वर र विश्व अट्टहास, एकावीर, गोकर्णपीठ, मल्लवी देवकोट, राजगृह, उज्जयन, जयन्तीपुर, कोटेश्वर, चरित्रपुर, क्षीरिकापुर, प्रयाग, हस्तिनापुर, एकापुर, महेन्द्र उड्डीयन, कोलपुर, विश्वपुरमल्लगिरी, मायापुर पीठ, मलय, मेरूपीठ, नीशेरपुर, वानरपीठ, महालक्ष्मी उद्यान, छायाक्षेत्र, हिरण्य उड्डीयन आदि शिवशक्ति पीठहरू हुन् भने हरेक पीठमा ज्योर्तिलिङ्ग पनि प्रकट भएका छन् । शक्ति र शिवमा अभेद छ भन्दै शक्ति र शिवलाई एकाकारमा कविले देखेका छन् ।

एकसय वर्षसम्मको शोकपछि उत्तरापन्थको यात्रा गर्दा दक्षिणापन्थ शिव पुग्दछन् भन्दै त्यहाँ सबैले शिवलिङ्ग देख्न पुगेका छन् । शिवलिङ्गको दर्शनपछि ऋषिपत्नीहरू शिवको पछि लाग्दछन् भन्दै मोहित भएको खबर ऋषिहरूले शिवजीलाई नै दिन्छन् । शिवलिङ्ग पतन होस् भन्दै श्राप दिन्छन् र लिङ्ग पतन पनि हुन्छ । लिङ्गले सारा जगत् भर्ने भयो र अब प्रलय हुनेभो भनी सबै डराउँछन् तर विष्णुले अङ्कमाल गरेर सो लिङ्ग सही स्थानमा स्थापना गरिन्छन् । त्यहीँबाट शिवलिङ्गको पूजा प्रारम्भ भएको हो । लिङ्गमय जगत् परमात्मा स्वरूप लिङ्ग हो । परमात्मको खेल अनन्त छ । लिङ्गबाट नै जगत् उत्पत्ति र लिङ्गमा नै गएर बिलय हुने हो । ब्रह्मरूप लिङ्ग लिङ्गरूप ब्रह्म, ब्रह्मबाट ब्रह्माण्ड भएको हो भन्दै परमात्माको प्रतीकको रूपमा शिवलिङ्गको वर्णन गरिएको छ । अन्त्यमा शिव आफू संसारमा लिङ्ग रूपले प्रकट भै पुनः कैलाशमा बास बस्न पुगेका छन् । त्यहाँ बसी आत्मतत्त्वको चिन्तन गरेका छन् । शिवजी क्रोध, लोभ सबै त्यागेर तपस्यामा लागेका छन् । अनि ध्यानदृष्टिबाट हेर्दा सतीदेवी नै पुनः हिमालयकी छोरी पार्वती भई प्रकट भएको देखियो । त्यसैबाट शिव अति प्रसन्न भए ।

अब सातौं सर्गमा समस्त गौरी चरित्र गाइने छ भन्दै भावी सर्गको सूचना दिई षष्ठ सर्गलाई यहीँ अन्त गरिएको छ ।

## ४.१.७ सप्तम सर्ग

सप्तम सर्गमा जम्मा १०३ श्लोक छन् । प्रथमतः ३० श्लोक इन्द्रबज्रा, ७० श्लोक अनुष्टुप् र ३ श्लोक बसन्ततिलका छन्दमा रहेका छन् ।

### ४.१.७.१ पार्वतीको जन्म

हिमालको काखमा गएर सतीले पूर्वजन्म पार्वतीका रूपमा लिएको वर्णन गरिएको छ । मेनका गर्भवती बन्नु राजा रानीका बीचमा सुमधुर सम्बन्ध रहेको छ । छोरा वा छोरी जे भए

पनि सन्तानको रहर मात्र छ । राजा र रानीमा मेनकाको सौन्दर्यको वर्णन र हिमालको प्राकृति वर्णन कालपूरा भएपछि गौरीको जन्म सबैमा प्रसन्नता आएको र दरबारमा सबै प्रसन्न भएका छन् । दीपावली गरेर जन्मोत्सव मनाएका छन् । क्रमशः उन्नति प्रगति हुँदै हुर्किँदै पार्वतीले यौवन अवस्था प्राप्त गरेको, पार्वतीको सौन्दर्य र रूपलावण्य स्वभावको समेत वर्णन गर्दै उनी तपमा लागेको देखेर माता पिताले तप नगर्न र सौन्दर्य तिमीमा कमी छैन, तिमीलाई तप गर्नु गाह्रो कुरा हो । त्यसैले तिमी तपमा नलाग भन्नु, सुनकेशरी, आकाशको चन्द्रमा, मेघ पार्वतीको उपमा दिँदै हिरामोती सरि उजेली भन्दै वर्णन गरिएको छ । कैलाश र हिमालयको वर्णन गर्दै गौरी हिमालयकी रत्न हुन् भनिएको छ । पार्वती तपमा लागेको देखेर मातापिता चिन्तित भएको, गौरीले तरुण अवस्था प्राप्त गरेको प्रसङ्ग छ ।

पार्वती शिवलाई नै पतिको रूपमा पाऊँ भनी तपमा लाग्नु, महादेवलाई पति पाऊँ भन्ने इच्छा गर्नु । शिवजीको आरधनामा पार्वती लागेकी छिन् ।

### ४.१.७.२ नारद ऋषिले विष्णुसँग गई हिमवत् नृपकी पुत्रीसँग विवाह गर्ने सल्लाह दिनु र व्यवस्था मिलाउनु

नारद ऋषि भगवान् विष्णु भएको ठाउँमा गएर विष्णुलाई पार्वतीसँग विवाह गर्नको लागि बत्तीस लक्षणले युक्त ती कन्या योग्य रहेको जानकारी दिन्छन् । सम्पूर्ण विवाहका लागि व्यवस्था आफैले मिलाउने वचन दिन्छन् । हिमालयका अगाडि सबै बताएर विवाहको व्यवस्था मिलाउँन आज्ञा माग्दा विष्णुले पनि स्वीकार गर्दछन्, हिमालयका सामु नारद उपस्थित भएर विष्णुसँग विवाहको प्रस्ताव प्रस्तुत गरी त्यो सबै हिमालय मान्न तयार भएका छन् । मेरी छोरीको गुण रूप लावण्यमा अतुलनीय छ । वर पनि त्यस्तै सम्पूर्ण लक्षणले युक्त विष्णु नै छन् भनी नारद ऋषि पुनः विष्णु भएका ठाउँमा गई सबै वृत्तान्त बताउँदा विवाहको वाग्दान गर्नेसम्मका कुरा पक्का हुन्छन् । विवाहको समाचार साथी संगिनीबाट पार्वतीलाई सुनाउनु र गौरीले अति आश्चर्य मान्दछिन् । यस्तो कुतर्क कसले राखेको हो भन्दै षड्यन्त्र गर्ने को हो पत्ता लगाउन भन्दै आफू तपमा लाग्ने निर्णय गर्दछिन् । महादेवको नाम जपेर महादेवलाई नै प्राप्त गर्ने मेरो इच्छा हो । अन्य कुनैसँग म विवाह गर्दिन । महादेवभन्दा अरू मेरा पति हुन सक्दैनन् । साथीहरूसँग आफ्नो अन्तर विचार सबैसँग व्यक्त गरेपछि साथीहरूले एकान्त स्थानमा लगेर पार्वतीलाई लुकाएका छन् र त्यस ठाउँमा सबैले उनको सहयोग गरेका छन् ।

विष्णु कन्यादान लिन तयार भएर आएका छन् । पार्वतीले अवश्य वरमाला पहिराउने छिन् भन्ने विश्वास छ । कन्या दिने लग्न ठिक भएको भनी निर्णय गरेर कन्यालाई ल्याउनभन्दा पार्वती बस्ने कक्षमा पार्वती छैनन् भन्ने समाचारले सबै व्याप्त भयो । पार्वती नै नभए पछि कन्यादान हुने भएन लग्नको समयबित्यो भनी विष्णु विदा भएपछि पार्वती घरमा आइन् । पिता हिमालय साह्रै रिसाए । किन यसो गऱ्यौ छोरी । कुलको इज्जत जति फाल्यो । दिनदिनै म मरेर बाँच्ने भएँ । भन साँचो कुरा तिमीलाई कसले बहकायो ? कसले लुकायो यो सबै म जान्न चाहन्छु भन्दै प्रश्न गर्दछन् । लग्नको बेला घर्केपछि आउनुको कारण के आज विष्णुका सामु हाम्रो शिर झुकाइदियौ छोरी किन यसो भयो भन्दै सबै सोध्छन् ।

## ४.१.७.३ विष्णुसँग विवाह गर्न नमान्नु र शङ्करजीलाई मन पराउनु

पार्वती आफू आफ्नो विवाहको बारेमा पिताजीसँग भन्दछिन्, 'म आफूले आफ्नो बारेमा सबै कुरा सुनी सकेँ ।' पिताज्यूबाट आफूलाई नसोधी विवाहको निर्णय विष्णुसँग गर्ने निधो गरियो, तर म आफूले कुनै सहमति जनाएकी थिइन । मेरो विवाह कोसँग गर्ने भन्ने विषयमा म आफू पनि विज्ञ छु । म आफै निर्णय लिएर बिलम्ब गरेकी हुँ । मेरो चाहना विवाहमा छैन । साथीसँग खेल्दै बसेँ तर विवाह कार्यमा मेरो इच्छा नभएकाले उपस्थित भइन । मेरो विवाहको बारेमा हजुरले चिन्ता लिनुपर्ने अब कुनै कारण छैन । म शिवलाई पतिको रूपमा पाऊँ भनी तपस्यामा लागिरहेकी छु । मेरो चाहना मात्र शिव हुन सक्छन् । अरू कुनै पनि मेरा पति हुन सक्दैनन् । पिताजीलाई सम्बोधन गर्दै आफू आफ्नो सङ्कल्पमा पूर्ण रूपमा सफल बन्न सक्ने आशीर्वाद दिन अनुरोध गर्छिन् । हजुरहरूबाट यही चाहना गरेकी छिन् । यो सुनेर राजा हिमालय आश्चर्यमा पर्दछन् ।

गौरीलाई सम्बोधन गर्दै पिताले छोरीको इच्छा पूरा हुने आसिक दिन्छन् । तिमी सधैँ तपस्या गरेर शरीलाई गलाईसकेकी पार्वतीको इच्छा परिपूर्ण होस्, यही कामना छ हाम्रो । हाम्रो यहाँ पनि तिम्रो जन्मपछि दिनदिनै शुभ र मङ्गलकारी कार्यहरू भएका छन् । यस्तो कडा तपस्याबाट छोरीले आफ्नो इच्छा कसरी पुरा गर्न सक्छिन् भन्ने पिर लागिरहेको छ भन्दै आठौं सर्गमा शिव र पार्वतीको वार्ताको बारेमा वर्णन गरिने सङ्केत दिँदै सप्तमसर्ग समापन भएको छ ।

### ४.१.८ अष्टम सर्ग

अनुष्टुप् छन्दमा रचित १७८ श्लोक र मालिनी छन्दमा रचित २ गरी जम्मा १८० श्लोक यस सर्गमा रहेका छन् ।

#### ४.१.८.१ हिमवान्ले पार्वतीलाई सत्सङ्ग गर्न शिवसमक्ष लग्नु र शिवपार्वती संवाद प्रारम्भ

शिवजीलाई प्राप्त गर्ने इच्छाले पार्वती तपमा लागेकी छन् । शिवजस्तो पृथ्वीमा अरू कोही छैन भन्ने भावना पार्वतीको रहेको छ । गौरीलाई सम्झाउँदै राजा हिमवान्ले शिव समक्ष पुऱ्याएका छन् । शिवजीलाई सम्बोधन गर्दै सत्सङ्ग गर्ने इच्छा मेरी पुत्री उमालाई भएको छ । त्यसैले केही शास्त्रीय ज्ञान विज्ञानका सत्सङ्गका विषयमा चर्चा गर्दै ज्ञान प्रदान गर्नुहोस् भन्ने प्रार्थना गरिएको छ । अब पार्वती यतै बसेर हजुरका समक्षमा शास्त्रको ज्ञान प्राप्त गर्ने इच्छा छ यो प्रदान गर्नुहोस्, सत्सङ्ग र चिन्तनका विषयमा चर्चा चल्दै प्रसङ्गका लागि प्रश्न पार्वती गर्दछिन् । नम्र वा विनय नभई सत्सङ्ग प्राप्त गर्न सकिँदैन, त्यसैले उनको प्रश्न शास्त्रीय ज्ञानमा आधारित छ ।

पार्वती शिवलाई सम्बोधन गर्दै हजुर कसरी प्रकृतिदेखि पर रहनुहुन्छ, यसको उत्तर दिनुहोस् भनिन् ।

शिवले पार्वतीलाई तपस्याका बलले आफू प्रकृतिलाई उत्पन्न, पालन र संहार गर्ने गरेको । आफू नामलाई धारणा गरेर विना प्रकृति अवस्थित रहन सक्ने र यस्तो बुझ्न तत्त्वज्ञान नभएसम्म सम्भव नहुने बताएका छन् । जस्तै जान्नका लागि मूल भाव तत्त्वज्ञान हो । पार्वती ! पौरुषहरूमा यस्तो सद्वृत्ति सधैँ रहेमा र प्राकृतिक सङ्ग्रह नगरेमा लोकाचार सधैँका लागि त्यागेमा मात्र तत्त्वज्ञान हुन्छ भन्ने भाव कविको रहेको छ ।

कविले यस सर्गमा विशेषतः पार्वतीलाई प्रकृतिका रूपमा उभ्याउँदै शिवलाई ब्रह्मका रूपमा देखाएका छन् । यसै सन्दर्भमा प्रकृतिरूपिणी पार्वतीबाट प्रकृतिदेखि पर हजुर शिव योगेश्वर कसरी रहन सक्नुहुन्छ ? प्रकृति नै सबैको आधारस्तम्भ हो । मायाले जगत् वेष्टित छ र मायामा लिप्त छ । नर-नारी समान एकको अभावमा अर्काको अस्तित्त्व समाप्त हुन्छ । यो सारा सृष्टिको क्रम पनि रोकिन्छ । सबै पुरुषको शक्ति पनि प्रकृतिको वशमा परेर अनेक प्रकारका कामना गर्दछन् । साथै हजुर शिव ! तपाई पनि त प्रकृतिबाट लिप्त नभै कसरी बस्न सक्नुहुन्छ भन्ने प्रश्न पार्वतीको रहेको छ ।

शिवको उत्तर- हे पार्वती ! तिमी साङ्ख्यको तर्कमा नफस । स्वयं परब्रह्म हुँ । मेरा आज्ञाले चन्द्र, सूर्य आदिको उदयास्त हुन्छ । **ब्रह्मसूत्र**को ज्ञानबिना तिमी मलाई चिन्न सक्दिनौ । **ब्रह्मसूत्र**का कर्ता महर्षि वेदव्यास हुन् । उनीबाट लेखिएको **ब्रह्मसूत्र**मा यथार्थ ब्रह्मको ज्ञान छ, जुन प्रकृति ब्रह्माबाट वेष्टित छ तर ब्रह्म प्रकृतिमा छैन । ब्रह्मको आश्रय पाएर प्रकृति चल्दछ । प्रकृतिको आश्रयले ब्रह्म चल्ने होइन । ब्रह्म नित्य सत्य छ । अगोचर छ तर पनि जगत् त्यसैले चलाएको छ । मायाबाट जब व्यक्ति वेष्टित हुन्छ त्यस समयमा व्यक्तिले जगत्लाई सत्य र ईश्वरलाई मिथ्या देख्दछ । यसको कारण मात्र अज्ञान हो । ज्ञानबाट जगत् मित्थ्या र ब्रह्म सत्य प्रतीत हुन्छ ।

पार्वतीको जिज्ञासा अनुसार शिवले आस्तिक र नास्तिक दुवै दर्शनका बारेमा बताउँदै वैदिक सनातनको अन्तर्गत साङ्ख्य दर्शनको व्याख्या गरेका छन् ।

भगवान् कपिलदेवले **श्रीमद्भागवत**मा बताएको साङ्ख्य शास्त्रका बारेमा चर्चा गर्दै पार्वतीलाई साङ्ख्य शास्त्रका बारेमा शिवले पच्चीस मूल तत्त्व छन्, यिनीहरूलाई फरकफरक उच्चरण गर्दा तन्मात्रा पाँच, ज्ञानेन्द्रीय पाँच, कर्मेन्द्रीय पाँच, उभयन्द्रीय एक, पञ्चमहाभूत पाँच, प्रकृति एक, अहङ्कार तत्त्व एक, बुद्धि एक, पुरुष एक गरी जम्मा पच्चीस मूल तत्त्व रहेका छन् । यिनीहरू मध्येमा तेइस तत्त्व व्यक्त छन् । दुई तत्त्व अव्यक्त छन् भन्दै पच्चीस तत्त्वज्ञानको संयोग भयो भने दुःखको विनाश हुन्छ र रहस्य बुझिन्छ । प्रकृतिले सबैको उत्पादन गर्ने रूप तत्त्व हो । यो उत्पादन हुने प्रक्रिया कसैबाट पनि रोकिँदैन ।

यो प्रकृति पनि होइन, विकारदेखि रहित पुरुष तत्त्व नै सबैको आधारस्तम्भ हो । सात तत्त्व अरूलाई उत्पन्न गरी आफू पनि अन्ततः त्यहीँ उत्पन्न हुने गर्दछ । यही प्रकृति हो र विकृति पनि यही बन्दछ । बुद्धिले अहङ्कारको उत्पत्ति गर्दछ र यही अहङ्कारबाट सबै इन्द्रियहरू र पाँचवटा तन्मात्राको सृष्टि हुन्छ । तन्मात्राबाट महाभूतहरूको उत्पत्ति हुन्छ । सबै गरेर सोह्रवटा तत्त्वहरू उत्पन्न हुने गर्दछन् । यिनै सोह्र तत्त्व विकृति भनेर चिनिन्छन् । साङ्ख्य दर्शनका मान्यताभित्र पर्दछन् । अरूको उत्पन्न गर्ने विशेषतः सात तत्त्व छन् - अहङ्कार, महत्तत्त्व र पञ्चतन्मात्रा हुन् । यी पच्चीस तत्त्वमा विशेष दुई तत्त्व यस्ता छन् जुन मुख्य तत्त्व प्रकृति र पुरुष हुन् तर प्रकृति जड हो र पुरुषमात्र शेष रहने गर्दछ । यसरी साङ्ख्य शास्त्रमा कहिएको छ । त्यही पुरुष नै एक भएर पनि अनेक बनेको छ ।

चेतना पुरुषको हो । स्वरूप अनेक छन् । पुरुष नै आफ्नै भिन्नभिन्न प्रवृत्तिमा रहेको छ । जब पुरुषको आश्रयमा त्रिगुण आउँछन् तब सृष्टिको विस्तार हुने गर्दछ । पुरुष अविनाशी सत्य स्वरूप हो । पुरुषविना प्रकृति अन्धो र लँगडो बन्ने गर्दछ । तुलनामा दुवैको भूमिका बराबरी छ । प्रकृतिविना पुरुष लँगडो छ, पुरुषविना प्रकृति अन्धो हुन्छ । तर जब दुवैको सङ्गम हुन्छ तब देख्न र हिंड्न सक्ने हुन्छन् ।

जसले शरीर म होइन बुद्धिले मात्र अहम् कर्ता र भोक्ताको उपाधिलाई स्विकारेको छ भन्ने बुझ्यो र सारा जगत् ईश्वरमय छ भन्ने बुझ्दा मात्र कैवल्यमुक्ति प्राप्त हुन्छ । अन्यथा यसैमा रुमलिन्छ । कर्तृत्व र भोक्तृत्व भावबाट ऊ प्रेरित भएर कर्मका वासनाले बन्धनमा परिरहन्छ । त्यही पुरुष तत्त्व बुझ । प्रकृति र पुरुषको संयोग नै सृष्टिको आधार हो भनी शिवजीले पार्वतीलाई साङ्ख्य शास्त्रका आधार बताउनु भयो ।

यसपछि शिवले पार्वतीलाई वेदान्त दर्शन बताएका छन् ।

हे गौरी ! म तिम्रो मनोगत भावनालाई बुझेर वेदन्तको व्याख्या गर्छु सो सुन ।

वेदको सार भन्नु नै वेदान्त हो, वेदको सार ब्रह्मसूत्रमा छ । वेदान्तको सबै व्याख्या गर्ने ऋषि वेदव्यास हुन् । पूर्वीय दर्शनमा षट्शास्त्र मुख्य छन् । यिनीहरूको स्थान उत्तम छ । भन्दै कविले, मीमांशा, साङ्ख्य, न्याय, वैशेषिक र योग यि सबैको आधारस्तम्भ वेद हो भनेका छन् ।

जगत् उत्पत्तिको कारण ब्रह्म हो । यो भयानक सृष्टि उसैको सङ्कल्पले मात्र भएको हो । अन्तर्यामी ब्रह्म नै समस्त जगत्को नित्य साक्षी अव्यक्त अज हो । त्यही ब्रह्म जब अपरापरा जस्ता शक्तिलाई ग्रहण गर्दछ, त्यसैले सङ्कल्प मात्रले सृष्टिको विस्तार, प्रलय आदि गर्दछ । अनन्त कालसम्म उसैले विस्तार र स्थिति र प्रलय पनि उसैको इच्छाले हुन्छ । प्रकृतिदेखि पर रहेको ब्रह्म नै नित्य छ, त्यो सच्चिदानन्द धन हो भन्दै जीवात्मस्वरूप ब्रह्मको भोक्ता र सुखदुःखको भोग गर्नेवाला जीव हो, त्यो ब्रह्म अगोचर र आलोकमय रहन्छ । त्यो मुख्य अनन्त आकाशजस्तो व्याप्त अक्षर र अक्षरातीत पनि त्यही ब्रह्म हो । विराट् र स्वराट् पनि त्यही हो । चिरस्थायी अनन्त नित्यसत्य स्वरूप उही ब्रह्म हो भन्दै कविले त्यस ब्रह्मलाई अजन्मा, अविनाशी र सत्य हो भनेका छन् ।

ब्रह्मबाट आकाशको, आकाशबाट वायुको, वायुबाट तेजको, तेजबाट जलको, जलबाट, पृथ्वीको सृष्टि भएको कुरा बताउँदै यो प्रक्रिया विनिमयबाट चलिरहन्छ भनेका छन्, जसको जन्म छ, त्यसको नाश पनि छ भन्दै जीव सनातन हो भनेका छन् । जन्म र मृत्युको चक्कर

शरीरको हुन्छ तर जीवको हुँदैन भन्दै कविले अद्वैतबाट यो जान्न सकिन्छ भनेका छन् । ब्रह्म अति सूक्ष्म र स्थूलमा अति स्थूल पनि छ ।

यो ब्रह्म दूर र नजिक दुबै बराबर छ । जीवात्मा नित्य भएर पनि अन्तिम जस्तो हुने शरीरले गर्दा हो अन्यथा आत्मा परात्माको नजिकै छ । आकाश ब्रह्म हो, ब्रह्म सत्य छ । त्यो नै एकबाट अनेक र अनेकबाट एक पनि हुन सक्छ । आत्मामा गरिएको चिन्तनबाट जीवको पुनर्जन्म त्यसैमा सम्भव छ भन्दै परमात्माको चिन्तन गर्ने प्रेरणा कविले दिएका छन् ।

बीजबाट ठाउँठाउँ हुँदै उदान वायुबाट वायुमण्डलमा, वायुमण्डलबाट मेघमा, मेघबाट अन्नमा, अन्नबाट वीर्य र वीर्यबाट गर्भमा गएर ऊ शरीर बन्छ । शरीरले पुण्य गरे स्वर्ग र पाप गरे नरक जान्छ भनिएको छ । जीवले सत्सङ्ग र पुण्य कर्मबाट आत्मज्ञानी भएमा सायुज्य, सालोक्य, सारूप्यादि मुक्ति पाउँछ अन्यथा स्वर्ग-नरक वा विविध योनीमा भ्रमण गर्दछ भनिएको छ । वेदान्तको ज्ञानबाट मुक्ति मिल्छ भन्दै मुक्ति पाउन वेदान्त दर्शन बुझ्नु पर्छ भन्ने सन्देश छ ।

अन्त्यमा कविले मालिनी छन्दको प्रयोग गर्दै नवम सर्गमा प्रवेश गर्ने सङ्केत प्रटक गरेका छन् ।

## ४.१.९ नवम सर्ग

नवम सर्गमा इन्द्रवज्रा- ४५, शशिवदना- ३०, अनुष्टुप- ३९, मन्दाक्रान्ता- ५ गरी जम्मा- ११९ जम्मा श्लोक रहेका छन् ।

देवता र दैत्य माथि भएको लडाइँको वर्णन गर्दै देवतामा विपत् परेको र दैत्यहरूको शक्ति बढेको छ । तारकासुर दैत्यले विजयको उद्घोष गर्दै आएको वर्णन छ । आफ्नो मुकुट बचाउन दैत्यसँग डराएर देवराज इन्द्र शिव शम्भो भएको ठाउँमा आएका छन् । सबै देवताद्वारा शिवजीको स्तुति गान गरेका छन् ।

शिवजीलाई जगाउने इच्छा गर्दै देवताको हितमा लाग्न प्रार्थना गरेका छन् । अन्याय गर्ने भ्रष्टाचारी कुनेतालाई मार्न उठ्न शिवजीलाई प्रार्थना गर्दै नयाँ जनवाद ल्याउन कविले आफ्नो नेपालको परिवेशलाई छोएका छन् । सम्पत्ति जोड्न अरूको कुभलो गर्ने र स्वार्थीलाई नाश गर्न शिवले उठ्नै पर्छ भन्दै संसारमा सत्य र न्यायको विजयको कामना गरिएको छ ।

ऐश्वर्यशाली बन्दै गएपछि सोझा र सिधा समाजका जनताको हक खोस्न यी दैत्यलाई मान्नु पर्छ । सर्वस्व आफ्नै भन्दै सर्वस्व लुट्नेको भकारी कहिल्यै भरिँदैन, भ्रष्टाचरी नै दैत्य हुन्

भन्दै कविले अन्याय अत्याचारको अन्त्य हुनै पर्छ भ्रष्टाचारीहरू नासिनै पर्छ भन्ने भाव राखेका छन् । जनकारवाहीद्वारा तिनै भ्रष्टाचारी दैत्यलाई मार्नुपर्छ भन्दै शूलीमा चढाएर शरमा उनेर उनैसँग किन यसरी तिमीहरूले लुटेका भनी सोध्नु पर्छ र तिनैलाई पिट्नु पर्छ भनेका छन् ।

शिवलाई सत्यवादीको संज्ञा दिदै इन्द्रले सहारा माग्दा शिवजी तपमा वैराग्यका साथ लागेका थिए । कसै गरी तप भङ्ग नगरेपछि कामदेवलाई अप्सराका साथमा शिव समीपमा पठाइएको छ । आफ्नो सङ्गीत र सौन्दर्यद्वारा कामदेवले शिवजीलाई उठाउन कोसिस गरेका छन् ।

तारकासुर र त्यसका साथीलाई मार्न शिवको तप भङ्ग गर्नु अनिवार्य भए पनि काम, क्रोध, मोह, लोभ छाडेर तपमा बसेका शिवजीलाई जगाउन सजिलो छैन तर पनि सबै देवता तारकासुर जस्तै अरू दैत्यहरूलाई मार्न शिवजी नउठी सम्भव छैन भनेर तप भङ्गमा लागेका छन् । मदन (कामदेव) ले रतिराग बढाउन लागेका छन् । पार्वतीका प्यारा शिव अब अवश्य उठ्नु हुन्छ र हाम्रो समस्या समाधान गर्नुहुन्छ भन्ने विश्वास छ । कामदेव आफ्ना सबै शक्ति प्रयोग गर्नतिर लागेका छन् । पैंतालिस श्लोकसम्म इन्द्रबज्रा र कामदेवको कार्यारम्भमा शशिवदना छन्दको प्रयोग गरिएको छ ।

सङ्गीत र शृङ्गारको वर्णनका माध्यमबाट कामदेवले गरेका चेष्टाहरूलाई कविले अत्यानुप्रासयुक्त शशिवदना छन्दको प्रयोगबाट वर्णन गरेका छन् । यसमा कहीँ भक्ति रस पनि उदाएको आभास हुन्छ । नामलाई नबिर्साई कविले शिव ! शिव ! शम्भो जस्ताको सङ्कीर्तन गरेका छन् ।

हुन त शृङ्गार र कामदेवसँग भक्ति साहित्य वा भक्तिसँग सम्बन्ध कम हुन्छ, तर पनि महाकाव्यकारले शिव भक्ति र कामदेव, शृङ्गारलाई पनि एकै मालामा उनी दिएका छन् ।

अचानक तपबाट शिवजीका आँखा खोलिएका छन् । कामदेवको प्रयासबाट काम सफल त भयो तर कामदेवले दण्ड सहनु पऱ्यो, जसमा शिवको तृतीय चक्षु खुल्न गै कामदेव जलेर भस्म भएको प्रसङ्ग सरल भाषाका माध्यमबाट अगाडि बढाएको छ ।

कामनाको विकारलाई त्याग गरेर मात्र शिव भइन्छ भन्दै साहित्यकारले कामबाट लोभ, लोभबाट मोह, मोहबाट बुद्धि भ्रमित हुन्छ भन्ने सन्देश दिएका छन् । साथै कामबाट व्यक्ति मुक्त हुनु पर्दछ, जति कामना गऱ्यो त्यतिनै दुःख पाइन्छ, त्यसैले बाहिरी प्रयासबाट मात्र काम त्याग्न सकिँदैन । भित्री ध्यान र योगका माध्यमबाट मात्र कामलाई त्याग्न सकिन्छ, आन्तरिक चिन्तनमननबाट मात्र कामजयी शिव बन्न सकिन्छ भन्नु काव्यकारको मुख्य उद्देश्य हो ।

शिवजीको तृतीय चक्षु ज्ञानचक्षु हो । ज्ञानचक्षु खुलेपछि काम श्वतः नाश हुन्छ वा भस्म हुन्छ, यसमा कुनै सन्देह छैन । सतीले देह त्याग गर्दा शिव तपस्वी बनेका थिए भने कामलाई जितेर शिव जितेन्द्रिय बने भन्नु नै काव्यकारको मूल भनाइ हो ।

कामवासनाका संस्कार, चिन्त्यमान र भुज्यमान गरी तीन दशाको बारेमा सङ्केत गर्दै सती पुनः चिन्तामा मग्न भइन् । शिवजीको पुनः तपमा लाग्नाले शिवलाई संस्कार वा चिन्त्यमान साथै भुज्यमान आदिविकार वा अवस्थाले असर गर्न सकेन र पुनः समाधिस्थ हुनु पऱ्यो । ध्यानमा काम वासना सूक्ष्म भएर रहन्छ ।

सङ्कल्प विकल्पादिबाट चिन्त्यमान दशा, त्यसबाट सन्त्यमान दशाबाट उठेर भुज्यमानदश कामना र वासनाबाट अलग भएर बाँच्नु वा तपमा मात्र लागिरहनुलाई भुज्यमानमा नफस्नुलाई विशेष जोड दिइएको छ । वासनाले योगीलाई असर गर्दैन सन्त्यमान तथा भुज्यमान आदि दशाहरूबाट बचेर शिवले समाधिलाई स्विकारेपछि शनिलाई अति बढी चिन्ताले ग्रस्त बनायो । साथै काव्यकार आध्यात्मिक चेतनाले प्रेरित देखिन्छन् वासनाआदिलाई जरैदेखि उखेल्न बढी सजग छन् । सक्रिय ध्यानमा लागेर ज्ञानचक्षुबाट ज्ञानको प्रवाहभएपछि वासना स्वतः नाश हुन्छ, यही भाव कविको रहेको छ । व्यक्तिभित्र सूक्ष्म रूपमा वाासनादि रहेको हुन्छ, त्यसलाई जित्न समाधिबाट इन्द्रियहरूमा विजय प्राप्त गर्नु अनिवार्य हुन्छ भनिएको छ ।

कविले सर्गान्त्यमा पुनः छन्द परिवर्तन गर्दै मन्दाक्रान्ता छन्दको प्रयोग गरेका छन् । शिवको नाम र ध्यानबाट जीवन पवित्र हुन्छ भन्दै साहित्यकारले अगाडिको सर्गमा गरिने वर्णन समेत सङ्केत गरेका छन्, जुन उत्तम काव्यमा पाइन्छ । गौरी तपमा लागेकी छन् । पुनः शिवजीको समाधि खुल्ना साथ कामवासनाहरूबाट तृप्तिप्राप्त हुन्छ भन्दै पार्वतीलाई तपमा लागेको अवस्था देखाएर सर्ग समाप्त भएको छ ।

### ४.१.१० दशम सर्ग

यस अनुष्टुप् छन्दका पद्य सर्गमा १३९, मलिनीछन्दका ८, सिखरिणी छन्दका १८ गरी जम्मा १६५ श्लोक रहेका छन् ।

### ४.१.१०.१ गौरी महादेव पतिप्राप्तिका लागि तपस्या गर्नु

कामना र वासनाको त्याग गरेर शिवजी आफ्नै तपमा लागेका छन् । रूप र लावण्यले पूर्ण भएकी पर्वतराजकी छोरी पार्वती शिवको सेवामा लागेकी छन् तर शिवजीले आफ्नो तर्फ

ध्यान नदिएकाले पार्वती ज्यादै दुःखी छन् । पर्वतराज पार्वती भएका स्थानमा आएर सम्झाइ बुझाइ घर फर्किएका छन् । नारद ऋषि आफ्ना सामु आएकाले उनीसँग हिमवान राजाले पार्वतीलाई देखेर शिव आकर्षित नभई तपस्या बसेर वास्ता नगरेकाले अतिव्याकुल रहेको बताउँदै दुःख मनाउ गरेका छन् र प्रारब्ध सबैले भोग्नुपर्छ भन्दै नारदले अब राम्रा दिन अवश्य आउँछन्, पीर गर्नु हुँदैन भन्दै पार्वतीलाई सम्झाउँछन् । अब वैराग्य भावबाट प्रेरित भएर शिवजीको तपस्या गर्नुपर्ने छ । विकारबाट मुक्त भएर तिमी अब तपमा लाग्नु पर्छ । अवश्य फल मिल्ने छ, वैरागी शिवको ध्यान वैरागी भावले मात्र सम्भव छ भन्दै तपमा लागिरहन प्रेरित गरेका छन् ।

नारदजीको कथन सुनेर आफू कहीँबाट पनि दीक्षित नभएको र गुरुबिना वेदादि शास्त्रको कथनानुसार कार्य सिद्ध हुँदैन भन्दै शिवको मन्त्र तपका लागि आवश्यक छ भन्दा नारदले शिव मन्त्रबारे जानकारी दिएका छन् । 'ॐ नमः शिवाय' मन्त्रहरूमा उत्तम रहेकाले यसको जपले भोग, योग सबै सिद्ध हुन्छन्, यसको महत्त्व उच्च छ भनेका छन् र आफ्ना मातापितासँग भगवान् शिवको मन्त्र जप गर्ने निर्णय गर्दै मातापितासँग तपमा जान चाहेको कुरा पार्वतीले बताएकी छिन् ।

पार्वतीले एकान्त ठाउँमा गएर शिव मन्त्र जप गर्दै सुखको त्याग गरी उपासनमा लाग्छु भनेकी छन् । जलका विन्दुहरूले नयाँ पालुवालाई पखालेका छन् । टाकुराहरूमा जुनबाट आएका शीतल थोपाले सारा वातावरण चिसो पारेको छ । शिवजीलाई पतिको रूपमा पाऊँ भन्ने इच्छाले भगवती पार्वती तपमा लागेकी छन् । मेघमाला बिलाएका छन् । पवन चिसो चलेको छ । मदन (कामदेव) आएका छन् । चारै ढोका खोलेर आफ्नो नरम मनलाई एकाग्र गराई जप गर्न शिवजीको हरिहर ! शिव ! शिव ! यही नाम उनलाई प्यारो छ । जसरी शिव खुसी हुन्छन्, त्यही काम पार्वती आफू गर्न तयार छिन् । एकान्तस्थलमा गएर शिवको ध्यान गरेर दिन बिताउने छिन् । यही उनका लागि सार र सारयुक्त वस्तु हो । यसैमा रमाउने उनको कामना छ । पार्वतीले हे शिव हजुरको तप गर्न अनौँठो  शक्ति हजुरले नै दिनुपर्छ भनेकी छन् । यसरी मालिनी छन्दका ६ श्लोक पछि शिखरिणी छन्दमा तप गर्न जान लागेको वर्णन र मातापिताले विरोध गरेको वर्णन छ ।

पार्वतीले 'ॐ नमः शिवाय' मन्त्र जप गर्ने आज्ञा दिनुहोओस् मातापिता अब हजुरहरूको आशीर्वादले म आफ्नो तपस्या पूरा गर्नमा सक्षम हुनेछु भनेकी छिन् । जटाधारी शिव शम्भुको

तपबाट मात्र मेरो कार्य सिद्ध हुन्छ भन्दै निष्ठाका साथ म शिवको जप र तप गर्ने अठोट गरेकी छिन् । आमाबुबाको राजसुख आदिलाई बिर्सेर तपमा जाने इच्छा पार्वतीको रहेको छ ।

छोरीले तपस्याका लागि बिदा माग्दा पर्वतराजको मन घायल भएको छ । माता मेनका पनि व्याकुल छन् । कोमल शरीर, नरम पाउ कसरी कष्ट सहेर तप गर्छ्यौ ? हामी बिदा दिन नै असमर्थ छौं । नजाउ छोरी सुख सयल पूर्वक घरमा बसेर जप गर तर वनमा नजाउ भन्दै मातापिता दुवै व्याकुल भएका छन् । यहाँ करुण रस पनि प्रकट भएको छ । मूर्छित भएका आमाबाबुबाट बिदा पाएकी छैनन्, सबै रोएका छन् । तपस्यामा दुःख भए पनि दुःख नगरी सुख मिल्दैन भन्ने भाव कविको छ । कोमलतनले कसरी तप गर्छ्यौ हे पार्वती ! जाडो गर्मी, हावापानी आदि ऋतुको प्रभावबाट तिमी पीडित हुनेछौ । आफ्नो शरीर जाडो र भोकप्यासले व्याकुल हुनेछ । तब हे छोरी कसरी दिन बिताउँछयौ भन्दै बाबुआमाको विरहको वर्णन गरिएको छ । वन जानका लागि मातापितासँग बिदा मागेको प्रसङ्गमा नै अठचालिस श्लोक पूरा भएका छन् ।

आमाको आज्ञालाई सर्वोपरि ठानेर पार्वती त्यहाँबाट बिदा भएर वन जान हिँड्छिन् । मातापितालाई नमस्कार गरेर पार्वती तपमा लाग्दछिन् । शृङ्गारिक भेस परित्याग गरी सामान्य तपस्वीको भेस धारण गरेर गङ्गा अवतरण भएको ठाउँ जहाँ शिवले कामदेवलाई भष्म गराएका थिए, त्यही ठाउँमा गएर शून्य स्थानमा आफूलाई शिवजीमा अर्पण गर्दै उनैको प्राप्तिको इच्छा लिएर विरह र बिछोडको ज्वालालाई परित्याग गरी सम्मोहनलाई बिर्सेर दीक्षित मन्त्रलाई लिएर भूमि शुद्ध पारी वेदी बनाएर चारैतिर पञ्चाग्नि बालेर चर्को घाममा बसेर तप गर्न प्रारम्भ गरिन् । पार्वती जाडोमा पानीमा डुबेर र हिउँमा बसी तपमा लागेकी छन् । आस्था जति शिवमा अर्पण गरेकी छन् । भोजनको नाउँमा सुरुमा फल खाएर पछि पात र त्यसपछि निराहार रहेर ‘ॐ नमः शिवाय’ मन्त्रको जपमा लागेकी छन् । एउटा मात्र पाउले उभिएर तपस्या गर्दा शरीर अति कमजोर हुँदै गयो । दिनरात अतिथि संस्कारदेखि सबै कार्यमा निपुर्णता र तपस्यालाई निरन्तरता दिएकी छन् । हुरीबतास, मेघ, पानी, चट्याङ्ग, असिना आदि सबै सहेर तपमा लागेकी पार्वतीलाई देखेर सबै बन्धुबान्धवले तपलाई त्याग्न निर्देशन दिन्छन् । शिवजीले दर्शन दिन कठिन छ । कामलाई जलाएर भष्म पारीसकेका शिव अब समाधिबाट उठ्दैनन् । उनको दर्शन कठिन छ भन्दै पार्वतीलाई सम्झाएका छन् ।

यस परिस्थितिमा पार्वतीको तपस्याको महिमा ऋषिमुनि, देवता, गन्धर्व आदि हुँदै ब्रह्मलोकसम्म पनि गुन्जिन थाल्यो । यस अवस्थालाई देखेर ब्रह्मा, इन्द्र, विष्णुसमेत देवताहरू

शिवका सान्निध्यमा उपस्थित भए । पहिले पार्वतीको तपोभूमिमा गएर पछि शिवको तपोभूमिमा पुगेका देवताले शिवको प्रार्थना गरेर नन्दीसँग सबै देवता आएको समाचार शिवलाई सुनाउन आग्रह गरे । त्यो शिवसामु निवेदन भएपछि शिवजीले विस्तारै आँखा खोल्नुभयो । सबै प्रशन्न भए । शिवले देवताहरूलाई आउनुको कारण सोधेपछि देवताहरू सबैले शिवजीसँग तारकासुर नामको दैत्य बढेर स्वर्गआदि स्थानमा आफ्नो बर्चस्व जमाएको छ र त्यसको नाश शिवका सुपुत्रबाट मात्र हुन्छ भन्ने भएकाले हजुरले गरेको कठोर तपबाट उसलाई लाभ भइरहेको छ । सबै संसार त्यसबाट भयभीत छ । त्यसलाई कसैको डर छैन र त्यसको नाश गर्न हजुरले पर्वतराज हिमालयकी छोरी पार्वतीलाई विवाह गरी उनीबाट जन्मेको पुत्रबाट सबै कार्य सफल हुनेछन् भनेर देवताहरूले बिन्ती चढाएका छन् ।

यती बिन्ती बिसाउँदा सांसारिक बन्धनबाट कसैको कल्याण हुँदैन । स्त्री संगतबाट छुटकारा पाउन कठिन छ । त्यसले तपलाई नाश गर्दछ । भोगको इच्छाले लोभ, लोभबाट मोह, मोहबाट बुद्धि सम्भ्रान्त हुन्छ र त्यसबाट बुद्धि नाश भएपछि व्यक्ति नाश हुन्छ । त्यसैले भोगको लोभ गर्नु राम्रो छैन । बन्धनमा फँसेर ठुलाठुला योगी मोहित हुने गर्दछन् । त्यसैले साधकका लागि स्त्रीप्रसङ्ग उचित छैन भन्दै पुनः आँखा चिम्लेका शिवजीलाई कसरी जगाउने भन्दा नन्दीले स्तुति गर्ने निर्देशन गरेकाले सबैले शिवको स्तुति गरेपछि त्यसबाट प्रशन्न भएर शिवले पार्वतीसँग विवाह गर्छु भन्ने स्वीकृति दिएको प्रसङ्ग छ । साथै शिवले तारकासुरको बध अवश्य हुन्छ, कल्याणका लागि आफू विषपान गर्न पनि तयार रहेको जानकारी प्राप्त हुन्छ ।

अन्त्यमा मलिनी छन्दका दुई श्लोक रहेका छन्, जसमा सुरगणहरू प्रसन्न र पार्वती पनि प्रशन्न भएको प्रसङ्ग गाई एघारौं सर्गको प्रारम्भ बिन्दुलाई सङ्केत गरिएको पाइन्छ ।

### ४.१.११ एकादश सर्ग

यस एघारौं सर्गमा अनुष्टुप छन्दका ६४, वसन्ततिलका छन्दका १४, इन्द्रबज्रा छन्दका २२ गरी जम्मा ९९ श्लोक रहेका छन् ।

परोपकारका लागि पुत्रोत्पादन गरी समाजको सेवा गर्ने हेतुले ब्रह्मचारीको रूप धारण गरेर पार्वतीको तपस्थानमा शिवजी परीक्षा लिने इच्छाले पुग्नु भएको छ । पार्वतीले यस एकान्त स्थानमा आउनाको कारण सोद्धछिन् । शिवजी यो एकान्तस्थानमा के कति कारणले तप गरिरहेकी छौ, किन यस्तो भोगलाई त्यागेर तपमा लाग्यौ, यो बुझ्नुपर्‍यो भन्दा पार्वती शिवको प्राप्तिका लागि तप गरेको कुरा अभिव्यक्त गर्दछिन् । ब्रह्मचारी वेशधारी शिव आफ्नै निन्दा गर्दछन् । त्यसबाट पार्वती क्रुद्ध हुन्छिन् । ब्राह्मण भएर शिवको निन्दा गर्नेवाला कसरी भयौ

भन्दै आफ्नो भावनामा ठेस पुगेको जनाउँछिन् । पछि गएर शिव प्रकट भएर दर्शन पाएपछि पार्वती प्रशन्न हुन्छिन् र दर्शन गर्दछिन् । हे शम्भो ! आज धन्य भएँ भन्दै पतिका रूपमा स्वीकार होस् भन्ने वरदान तथास्तु भनी दिएको समाचार लिएर वशिष्ठजीले हिमालय र मेनका भएको ठाउँमा गएर सुनाउँछन् । सबै अति प्रशन्न हुन्छन् ।

पुरबासीमा खुसीको लहर आउँछ । वशिष्ठ शिव भएको ठाउँमा आई सबै समाचार सुनाएको बताउँछन् । सबै देवता प्रमथगणसहित विवाहको तयारी गर्ने समाचारका साथ वशिष्ठ विदाइ हुन्छन् । वैशाख शुक्ल पक्षको तृतीया तिथिमा विवाहको दिन जुराइन्छ । अक्षय तृतीयका दिन विवाह गर्ने निधो भएको छ । शिवपार्वतीको विवाहमा वातावरणका सारा हिमालय पहाड, लता, गुल्म, वृक्षहरू प्रशन्न हुन्छन् । सबैलाई निमन्त्रणा गरिन्छ । हिमालयमा हिउँ, नयाँ पालुवाले ढाकेको छ, वसन्तसँग कामदेव उदाएका छन्, लेकबेंसीमा रमाइलो छ । नयाँ जोडीहरू पिरती गाँस्नमा व्यस्त छन् । कोइलीको कुहुकुहु, नयाँ तृष्णाहरू आदिको वर्णन गर्दे कवि वसन्तको वर्णनमा व्यस्त छन् । त्यसको एक पद्य यसप्रकार रहेको छ-

आएर नौलो ऋतुराज राम्रो
माधुर्य ल्यायो मन झुल्छ राम्रो
सौन्दर्यले नै रस राग ल्यायो
वैशाख सौगात लिएर आयो[४]

(**गौरीवल्लभ,** ११/७१औं श्लोक)

वैशाखलाई शुभकामना दिँदै कवि लेकबेंसीमा फुल्ने पालुवा र फूलहरूको सौन्दर्य वर्णनमा लागेका छन् । भाले र पोथीको वर्णन गर्दै वसन्तमा मात्र भेट गर्ने चरा कोइलीको मिलन, सङ्गीत, पहाड, नदी आदिमा नयाँपना छ भन्दै सबैमा रतिराग जागेको भन्ने वर्णन गरिएको छ ।

रसको भावनामा बग्दै कवि ऋतु वर्णनमा व्यस्त छन् । कविले सबै वातावरणाको शृङ्गारलाई नै शिव र पार्वतीको शृङ्गारसँग जोडेका छन् ।

कन्यादान, वाग्दान महादान हो भन्ने समाचारले सबैको मनमा आनन्द छाएको छ । परीक्षा के हो, पति र पत्नीको प्रेम के हो, कसरी प्रेम उत्पन्न हुन्छ आदि प्रश्नको उत्तर यस प्रसङ्गबाट पाइन्छ भन्दै तपोवल परम बल हो भन्ने सन्देश कविले दिएका छन् । कविले अब बाह्रौं सर्गमा शिव र पार्वतीको विवाहको वर्णन गरिएको सङ्केत समेत यसै सर्गको अन्त्यमा दिएका छन् ।

[४] **गौरीवल्लभ** महाकाव्य एकादश सर्गको ७१औं श्लोक ।

## ४.१.१२ द्वादश सर्ग

कामदेवदेखि रहित भएका कामजयी शिवजी अगाडिको जीवनका लागि चिन्तित बनेका छन् । पार्वती तपोबलबाट परिपाक भएकी छन् । उनको विचार पवित्र छ, गृहस्थाश्रममा प्रवेश गर्ने उच्च विचार छ । मात्र शिवसँग विवाहको इच्छा छ । कमलका फूलभन्दा पनि कोमल उनको त्यो शरीर छ । त्यस्ती पार्वतीको विवाह शिवसँग मात्र निश्चित छ । शिवजी दुलाहा बनी सजेका छन् । गन्धर्वहरू बाजा बजाउँछन्, अप्सराहरू नाचिरहेका छन् । देवाङ्गना मूर्छित भएका छन् । सबै देवी देवता त्यो विवाहोत्सवमा उपस्थित भएका छन् । अग्नि, सूर्य र चन्द्रमा रूपी तीन नेत्रले शोभित शिव अजन्मा हुन् तर भेस सुन्दर बनाएका छन् । खरानी घसी सुन्दर शृङ्गार, कानमा कुण्डल, सर्पको माला, वृषभमाथि बसेर शिव विवाहका लागि हिंडेका छन् । प्रमथगणहरूले सबै बन्दोबस्द मिलाएर घोडा, खच्चर, उँट, हात्ती आदि र रथहरूमा सजिएका देवीदेवताहरू शिवलाई बिचमा राखेर हिंडेका छन् । जसरी सारा जगत्का प्राणीहरू शिवको कृपा पाएर शिवलाई मियो बनाएर आफ्नो कर्मको फल भोग्दछन्, त्यसै गरी यहाँ शिवलाई नै केन्द्र बनाएर सबै देवताहरू शक्तिको दर्शनका लागि हिंडे, शिव र शक्तिको मिलन नै शिवपार्वती विवाह हो । माङ्गलिक ध्वनि, वेदध्वनि, सङ्गीत ध्वनि गुन्जिन थाल्यो । दुलहीका गहना बोक्नेहरूसमेत गरेर हिमालयको दरबारमा सबै देवताहरू जन्ती भएर पुगेका छन् ।

काव्यकारले नेपाली मौलिक संस्कृतिलाई झल्काउने बाजाहरूको र सिकर्मी, डकर्मी आदिको वर्णन समेत गरेर नेपाली लोकसंस्कृतिको स्थानलाई समेत जोड दिएका छन्, जसमा धोबी, नाई, सुनार, लोहार जस्ता जातिको समेत सङ्केत गरिएको छ । डोली, डाली जस्ता प्राचीन समयमा नेपाली समुदायले प्रयोग गर्दै आएका सामानहरूको समेत वर्णनले पनि नेपालीपना थपेको छ ।

पार्वतीको शृङ्गारको वर्णन गरिएको छ । दुलही बनेकी गहनाले सजिएकी पार्वतीलाई सबैले प्रशंसा गरेका छन् । नेपालीहरूले प्रयोग गर्दै आएका गहनाका नामहरू कविले प्रयोग गरेका छन् । मङ्गलसूत्र, पोते आदिका नामले मौलिकता झल्किएको छ ।

चन्दन लगाएर अष्टगन्ध, गोरोचन आदिले शृङ्गार गरेर कुमकुम लगाएकी पार्वती अति राम्री देखिएकी छन् । भोजनमा बनेका, पाकेका अन्नहरूको सय साग आदिको वर्णन गरिएको छ । सरजाम र दाइजोमा दिइएका सामान र रथ, घोडा, मोती, वैदूर्य आदिको वर्णनका साथै विवाह कार्यको वर्णन गरी कविले पार्वतीलाई बिदाइ गरिएको वर्णन समेत छ र दोस्रो विवाहका

रूपमा पार्वतीलाई पूर्व जन्ममा सतीलाई ग्रहण गरेझैँ शिवले पनि ग्रहण गरेको प्रसङ्ग काव्यकारले लेखेका छन् । अन्त्यमा इन्द्रबज्रा छन्दमा दुई श्लोक आएका छन् ।

गौरी र शङ्करको विवाह बडा हर्ष र महोत्सवको साथमा पूरा भएर तेह्रौं सर्गको सङ्केत समेत हुन आएको छ ।

## ४.१.१३ त्रयोदश सर्ग

यस सर्गमा अनुष्टुप छन्दका १२८, झ्याउरे छन्दमा ४ गरी जम्मा १३२ श्लोक रहेका छन् ।

प्रथमतः पार्वतीको विदाइको प्रसङ्ग आएको छ । विदाइमा पिता पर्वतराज र माता मेनकाको विरहको प्रसङ्गपछि पतिव्रता धर्मको निरूपण ब्रह्माणीका माध्यमबाट पार्वतीलाई गराइएको प्रसङ्गबाट गरिएको छ । पतिव्रता नारीले गर्नुपर्ने कार्यहरूलाई विशेष महत्त्व दिँदै पुरुषप्रधान समाजको यथार्थ चित्रण काव्यकारले गरेका छन् । त्यसको एक नमुना यसप्रकार रहेको छ-

कोठा सफा गरी राख, सुत्ने शैया मिलाउनु ।
मिलाएर सबै शैया पति सुत्न पठाउनु ॥[५]

नारीका लागि परमेश्वर वा आराध्यदेव पति नै हुने गर्दछन् भन्दै ब्रह्ममुहूर्तमा उठ्ने सदा सकारात्मक धारणा पतिप्रति राख्ने पतिप्रति सन्देह नराख्ने यस्ता अनुशासनका र सच्चरित्रका विषयलाई मूल बनाएर दुर्वाच्यादि वचन नबोल्ने भनी सिकाएको प्रसङ्ग आएको छ ।

पुण्य कर्मको फल पनि दुवैलाई प्राप्त हुन्छ भन्ने धारणा छ । सिन्दूर टीका आदिको नित्य धारण गर्नु पर्छ भनेका छन् । विभिन्न तीन नारीहरूको नाम लिएर काव्यकारले सबैको यश र कृति यसरी गाएका छन् -

रम्भा, तिलोत्तमा, कान्ता; कामिनी, अभिसारिका ।
गृहिणी श्यामला लक्ष्मी ललिता नवयौवना ॥[६]

(**गौरीवल्लभ** १३/९१ श्लोक)

यसरी त्रयोदशसर्गमा पार्वतीको बिदाइसम्मको कथावस्तुलाई पूरा गर्दै चतुदर्श सर्गमा प्रणव मन्त्रको व्याख्या हुने सङ्केतसम्म गरेको पाइन्छ ।

[५] **गौरीवल्लभ**, पृ. १७१ ।
[६] ऐजन ।

### ४.१.१४ चतुदर्श सर्ग

यस सर्गमा झ्याउरे छन्दका ३४, अनुष्टुप् छन्दका ११०, पञ्चचामर छन्दका ४ गरी जम्मा १३८ श्लोक रहेका छन् ।

यस सर्गको प्रारम्भमा शिवजीले पार्वतीलाई प्रणव मन्त्रको सम्बन्धमा प्रकाश पारेका छन्, पार्वतीको शिवसँग प्रणव भनेको के हो भन्ने प्रश्न रहेको छ । पार्वतीले गरेको प्रश्नको उत्तरका रूपमा प्रणवको महत्त्व विशेष गरेर शिवले बताएका छन् ।

आत्माज्ञान भन्नु नै प्रणव हो । यसैमा वेदको सार लुकेको छ । सृष्टि, स्थिति, प्रलय र यसका कारण ब्रह्मा, विष्णु र शिव पनि यसैमा निहित छन् । ॐकार ब्रह्मा, विष्णु र जगदिश्वर पनि हुन् । वाच्य वाचक र श्रोता यही भित्र छन् अ उ म तीन अक्षर यसमाा रहेका छन् । सत्व, रज, तम, ह्रस्व, दीर्घ, प्लुत, प्रथम, द्वितीय, तृतीयपुरुष, महाकाली, महालक्ष्मी र महासरस्वती पनि यही प्रणवमा अटाउँछन्, तीनप्रकारका अग्नि गर्स्हपत्य, आहानीय दक्षिणग्नि आध्यात्मिक, आदिवैविक आदिभौतिक तीन ताप मन्त्र शिरोमणि,मन्त्रमहाबीज पनि यही प्रणवमा समाहित छन् भन्दै कुम्भक, पुरक र रेचक तीन, प्रणायाम् पनि यही हो भनेका छन् । परमात्माको तीन स्वरूप सत् चित् र आनन्द, सत्यम्, शिवम् र सुन्दरम्को भाव यसैमा समाहित छ । जााग्रत, स्वप्न र सुषुप्ती तीन अवस्थाको साक्षी पनि प्रणव हो भनिएको छ ।

मानसिक व्यथा रोग आदि शक्तिका लागि ॐकारध्वनि उच्चारण महाऔषधी हो भन्दै क्रोध, रक्तचाप, मधुमेह, पत्थरी, ग्यास्टिक, मनोविकार सबै प्रकारका रोगहरू शान्त भएर वंश वृद्धि भई उन्नत भएर जानका लागि ॐकार को महत्त्वपूर्ण भूमिका रहन्छ । प्रणवलाई शुद्ध जप गर्न सक्नेले मात्र जप गर्नु पर्दछ भन्ने धारणा काव्यकारको छ । अघोर् तत्पुरुष् ईशान आदि प्रणवका नै उपज हुन् भनिएको छ र शिवतत्त्व ॐकार प्रणवम अधिष्ठित छ भन्ने भाव यसमा छ ।

प्रणवको व्याख्याबाट पार्वती सन्तुष्ट भएर शिवलाई साराजगत् प्रणवाक्षरको मध्यमा अवस्थित रहेछ भन्ने जानैं भन्दै नारदबाट प्राप्त मन्त्र प्रणवबाट प्रेरित रहेको भावव्यक्त गर्दछिन् ।

पञ्चाक्षरी ॐ नमः शिवाय मन्त्र शिवतत्त्वबाट पूर्ण छ भन्दै शिवले नकार पूर्वाभिमुख पहेलो वर्ण इन्द्रादि देवता गायत्री छन्द गौतम ऋषिले उठान गरेका हुन् ।

म-कार कृष्णवर्ण दक्षिण मुख अनुष्टुप छन्द अत्रिऋषि रुद्रदेवता हुन् भन्ने बुझ्न भन्नु भएको छ । शिवले शि-कार पश्चिम मुख धुम्रवर्ण विष्णु देवता हुन् भने विश्वामित्र ऋषि त्रिष्टुप् छन्द हो भनिएको छ ।

व-कार उत्तराभिमुख सुवर्ण वर्ण अङ्गिरा ऋषि बृहतीछन्द, ब्रह्मा अधिष्ठात्री देवता हुन् भनिएको छ । य-कार उत्तराभिमुख रक्तवर्ण विराट छन्द भरद्वाज ऋषि स्कन्ध अधिदेवता हुन् भनी ॐ नमः शिवाय मन्त्र जपको विधिसमेत बनाइएको छ ।

भक्तिका साथ न्यास गरी अङ्गन्यास र करन्यास गरेर शुद्ध भएर यस मन्त्रको जप गर्नाले सबै कामना सिद्ध हुन्छन् भन्ने धारणा काव्यकारको छ । यसरी पार्वती पञ्चाक्षरीको र प्रणवको मन्त्रको महत्त्व जानेर प्रशन्न भई आनन्दसँग रहेको प्रसङ्ग छ । साथै चौधौँ सर्ग समापन भएको छ र पन्ध्रौं सर्गको सङ्केत गरिएको छ ।

### ४.१.१५ पञ्चादश सर्ग

प्रस्तुत सर्गका महाकाव्यकारले शिव र पार्वतीप्रतिको प्रेमगाथालाई काव्यिक धर्मिताका आधारमा प्रकृतिको वर्णन गर्दै शृङ्गार रसको प्रत्याभूति गराएका छन् र आलङ्कारिक भाषासमेतको समुचित प्रयोग गरेका छन् ।

### ४.१.१५.१ शिव र पार्वती प्रेममा आवद्ध एवम् किराँत किराँतीको रूप धारण

यस सर्गमा विशेषतः शृङ्गार रसको वर्णन छ । प्रेमालाप, सौन्दर्य वर्णन, मिलन र बिछोडका पीडाको अनुभूति प्रस्तुत सर्गमा छ । पहिले कैलाशको वर्णन र शिव पार्वतीको प्रेमालाप त्यसपछि दुवैजनाको जलक्रीडा, नदी नालाको वर्णन र ऋतु वर्णन छ । पशुपति क्षेत्रमा आएर किराँतको रूप लिएर शिव बसेका छन् पार्वती कैलाशमा एक्लै भएकीले शिवजीलाई खोज्दै कैलाशबाट हिँडेकी छन् । शिवजीलाई किँरातको रूपमा देखेर उनी पनि किरातिनीको रूप धारण गरेर गएकी छिन् । साँझपख एक्लै वनमा हिँडेकी किरातिनीको रूपमा रहेकी आइमाइलाई देखेर शिवजीले यस्ता वनमा कसरी आयौ कोहौ र कहीँ देखेकी जस्ती छौ भन्दै प्रश्न सोधेका छन् ।

साँझको समय भएकाले यस्ता वनमा रहेकी एक्ली महिला अन्यत्र नजाऊ भन्दै शिवले बास बस्न आग्रह गर्दा किराँतिनी भेषधारी पार्वती पुरुषमा विश्वास गर्न नसकिने भाव व्यक्त गर्दछिन् । अन्ततः उनी पार्वती नै भएको जानेर शिवलिङ्ग भएर रहेका शिवलाई पार्वती खोज्न

लागिन् र ध्यानबाट शिवलिङ्गमा जल फूल चढाएर बसि रहिन् । त्यसबाट शिव प्रसन्न भएर आफ्नो रूपको दर्शन दिएपछि दुवै पर्वतराज हिमालयसँग बिदा लिई पुनः कैलाशमा पुगेको प्रसङ्ग रहेको छ ।

शिवजी आज पनि पशुपतिका रूपमा रहेका र सबैका आराध्य देवका रूपमा गौरीका बल्लभ भएर रहेका छन् । शिवका ज्योतिर्लिङ्गको नेपालका विभिन्न ठाउँमा पूजा आराधना हुने गरेको काव्यकारले देखाएका छन् । उनै शिवको पुत्र कुमारबाट तारकासुर जस्ता दैत्यको बध गरी सबै देवतालाई सुख प्रदान गरी गौरीका वल्लभ अर्थात् **गौरीवल्लभ** शिवजी सबैका आराध्यदेव बनेका छन् ।

काव्यका अन्त्यमा कुटक छन्दमा जयजयकारद्वारा शिवमय जगत्को परिकल्पनाद्वारा विभिन्न भैरव आदि स्वरूपको स्मरण गरका छन् । जयजयकारका क्रमा छन्द परिवर्तन गर्दै काव्यकारले तोटक छन्दमा सबै भावना मनोमस्तिष्कमा शिव बसून् भन्ने माङ्गलिक कामना गरेका छन् । देशमा शान्ति होस्, प्रजामा सद्भावना होस् । सृष्टि स्थिति भूमण्डलमा सुस्वास्थ्य र आनन्दको वर्षा होस् भन्ने कामना काव्यकारको छ ।

नित्य शुद्ध चेतना सबै शिव हो । शिवविना केही छैन भन्दै जनता, जीवन सबैको जय होस् भनेका छन् । काव्यकार **गौरीवल्लभ** लेख्दा आनन्दको अनुभूति गर्दै शिवमा श्रद्धासुमन चढाएको भावना व्यक्त गरेका छन्, साथै आफूबाट अज्ञातवश भएको भुलप्रति माफी मागेका छन् । यसरी **गौरीवल्लभ** महाकाव्य सकिएको छ ।

## ४.२ महाकाव्यको विश्लेषण

कविशब्दमा कर्ममा “ठ्ञ” प्रत्यय लागेर काव्य शब्द बन्छ, त्यसैले कवि काव्यको कर्ता हो “कवेर्भावः कर्म वा काव्यम्” भनिएको छ । यो काव्यको शब्दार्थ हो भावार्थका दृष्टिले युग प्रवृत्ति अनुसार काव्यको परिभाषा भिन्न भिन्न हुन गएको छ । जस्तै :- अभीष्ट भावलाई संक्षेपमा व्यक्तगर्ने पदावली काव्य हो *“सङ्क्षेपाइ वाक्यमिष्टार्थव्यवच्छिन्ना पदावली काव्यम्”* ।[७]

वक्तव्य विषयलाई सुन्दर ढङ्गले प्रतिपादित गर्ने छरितो पदसमूहात्मक वाक्य काव्यपदले अभिहित हुन्छ । सङ्क्षेपको अर्थ व्यर्थ र अनावश्यक शब्द वा आडम्बरहरूको परित्याग हो । *“शब्दार्थो सहितौ काव्यम्”*[८] कवि भाभह शब्द र अर्थले युक्त वाक्य समूहलाई काव्य भन्दछन् ।

[७] **अग्निपुराण**, कृष्णद्वैपायनव्यासप्रणितम् (अ. ३३७, श्लो. ६), वाराणसी : चौखम्बा सं.सं., २०५५, पृ. ४८९ ।
[८] मधुसुदन गिरी र रामनाथ ओभ्का, **शोध सिर्जना संस्कृत काव्यशास्त्र,** काठमाडौं : हीरा बुक्स इन्टरप्राइजेज, द्वि.सं. २०६०, पृ. २७४ ।

यिनले काव्यमा शब्द र अर्थ दुवैलाई बराबर महत्त्व दिएका छन् । अग्निपुराणको कथन शब्दलाई काव्य भनेकोमा भामहले अर्थलाईसमेत समावेश गरेर नयाँ बाटो कोरेका छन् ।

"शरीरं तावदिष्टार्थव्यवच्छिन्ना पदावली"[९] इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो छैटौं र सातौं शताब्दीका बीचका समयका काव्य शास्त्री आचार्य दण्डीले पदावलीलाई काव्य ठान्दछन् तर शब्द र अर्थको स्थान भने यिनले दिएका छैनन् । आठौं शतब्दीका काव्यशास्त्री आचार्य बामन रीतिलाई काव्यको आत्मा ठान्दछन् "रीतिरात्माकाव्यस्य" जुनकाब्यको आत्मा रीति हुन्छ त्यो काव्य उत्तम हो भन्ने धारणा उनको छ । रीतिको स्थापना गर्ने आचार्य बामनले रीतिलाई नै काव्यसौन्दर्यको आधार मानेर यसो भनेका हुन् । रीति पदरचना (शैली) भएकाले यो काव्यको शरीर हुन सक्छ आत्मा होइन । यिनले काव्यको सम्बन्धमा रीतिको विवेचनाको सन्दर्भमा केही अरू महत्त्वपूर्ण कुराहरू पनि भनेका छन् । अलङ्कार रहनाको कारणले काव्यग्राह्य हुन्छ । सौन्दर्यनै अलङ्कार हो । दोषहरूको त्याग र गुण तथा अलङ्कारको ग्रहण गर्नाले काव्यमा त्यो सौन्दर्य उत्पन्न हुन्छ । यस विवरणपछि वामनले काव्यको लक्षण यसरी गरेका छन्- "यो काव्य शब्द गुण र अलङ्ककारद्वारा सुसंस्कृत शब्दार्थयुगलमा निहित हुन्छ ।" अर्थात् उनको मतानुसार काव्यत्व शब्द र अर्थ दुवैमा हुन्छ तर त्यसमा गुण र अलङ्कारहरूको योग रहन्छ । यसरी वामनले स्पष्ट रूपमा काव्य लक्षणमा नवीन तत्त्वहरूको प्रवेश गराएको देखिन्छ ।

रुद्रटले निश्चितरूपले शब्द र अर्थ नै काव्य हो भनेका छन् ।

रुद्रट वामनभन्दा केही पछिका थिए । यिनले कुनै नयाँ कुरा भनेका छैनन् । भामहको कथनलाई नै दोहोऱ्याइ दिएका छन् ।

आचार्य आनन्दवर्धन नवौं शताब्दीका थिए । यिनले ध्वनिवादको स्थापना गरे । काव्यको विषयमा यिनले शब्द र अर्थ काव्यका शरीर हुन्, काव्यको आत्मचाहिँ ध्वनि हो । यिनले शर्ब्दार्थलाई काव्यको शरीरस्थानीय र ध्वनिलाई आत्मास्थानीय घोषित गरी काव्यलक्षणको क्षेत्रलाई नयाँ दृष्टि दिएका छन् र यिनको कथनमा औचित्य पनि देखिन्छ ।

आचार्य कुन्तकको समय एघारौं शताब्दी मानिन्छ । यिनले ध्वनिवादको विरोध गरी वक्राक्तिवादको स्थापना गरे वक्रोक्तिको परिचय प्रकरणमा काव्यको परिचय दिंदा यिनले चार कुराको उल्लेख गरेका छन् :- १) कविकर्म काव्य हो । २) अलङ्कार काव्यका आवश्यक गुण हुन् । ३) काव्यवेत्तालाई आनन्द दिने, कविले चमत्कारपूर्ण अभिव्यक्तिकौशलले सुष्ठु रूपले निबद्ध

---

[९] ऐजन, पृ. २७५ ।

रचनामा रहने सुव्यवस्थित शब्द र अर्थ संयुक्त रूपले काव्य कहिन्छ । ४) वक्रोक्ति काव्यको आत्मा हो ।[१०]

## ४.२.१ कविताको हेतु

जुन कुराले काव्य निर्माण गराउँछ, त्यसैलाई काव्यको हेतु भनिन्छ । काव्य हेतुबारे पूर्व र पश्चिम दुवैतिरका विद्वान्हरूले व्यापक चर्चा परिचर्चा गरेका छन् । काव्यं तु जायते जातुं कस्यचित् प्रतिभावत : । शब्दाभिधेये विज्ञाय कृत्वा तद्विदुपासनम् । विलोक्यान्यनिबन्धांश्च कार्यः काव्यक्रियादरः ॥

यस्ता व्यक्तिहरू कमै छन् जसको रचना काव्य भैसकेका छन्, किनभने काव्य एक यस्तो वस्तु हो, जो संधै निर्माण हुँदैन अर्थात् कहिलेकाहीँ कुनै प्रतिभावान् व्यक्तिबाट निर्माण हुन्छ, काव्य यस्तो वस्तु हो जुन कवित्व शक्ति, कवि प्रतिभाबाट प्रकट हुन्छ । कवित्वप्रतिभा सर्वदा पाइँदैन ।

नैर्सागिकी च प्रतिभा श्रुतं च वहु निर्मलम् ।

अमन्दश्चभियोगऽस्या : कारणं काव्यसम्पदा ॥

काव्यको श्री सम्बृद्धि कविको स्वाभाविक कवि प्रतिभामा निर्भर रहनुका साथै कविको व्युत्पत्ति र निरन्तर अभ्यासमा पनि उत्तिकै निर्भर छ ।

सरस्वती स्वादु तदर्थवस्तु निस्यान्दमाना महताँ कविनाम् ।

अलोकसामान्य मभिव्यनक्ति परिस्फुरन्तं प्रतिभाविशेषम् ॥[११]

आनन्दवर्द्धनका अनुसार अभ्यासबाट कविप्रतिभा प्रसार हुँदैन अपितु कविप्रतिभा एक आलोक हो असाधारण प्रतिभाविशेष । उनको अनुसार काव्य स्वयं अभिव्यक्त हुने गर्दछ जुन भामहको दृष्टिमा पनि यही तथ्य छ । अभ्यासभन्दा प्रतिभा धेरै माथि र शक्तिसम्पन्न छ भन्ने आनन्दवर्द्धनको मत छ ।

कवि विना काव्यको परिकल्पना हुँदैन । यसैलाई कसैले साहित्यहेतु कसैले काव्य हेतु भनी व्याख्या गरेको पाइन्छ । यसैमा 'कविको अन्तस्करणको भावनात्मक स्फुरणको कारण वा ज्ञानराशिको प्रकाशन गर्ने मूल उद्देश्य नै काव्य वा साहित्यको हेतु हो ।' अतः काव्य रचनाको क्षमता उत्पन्न गर्ने साधनविशेषलाई काव्यहेतु भनिन्छ ।[१२]

---

[१०] मधुसुदन गिरी र रामनाथ ओझा, **शोध सिर्जना संस्कृत काव्यशास्त्र**, पूर्ववत् ।

[११] आनन्दवर्द्धनाचार्य, **ध्वन्यालोक,** १.६, चौखम्बा : वाराणसी, १९६७ ।

[१२] तुलसीशरण सिग्देल, *साहित्यको परिचय, परिभाषा, हेतु र प्रयोजन,* **भानुश्री**, रजतजयन्ती विशेषाङ्क, २०६८, पृ. १५ ।

काव्य हेतुका बारेमा पूर्वीय र पाश्चात्य साहित्य शास्त्रीहरूका बीचमा विशद व्याख्या भएको छ । मूलतः साहित्यका सिर्जनाका कारक तत्त्व, प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई नै प्रमुख मानिएको छ -

काव्य लेखकको अन्तस्करणमा प्रस्फुटित भावराशिको प्रकाशन हो । यसको उत्पत्तिको मूलहेतु वा कारण अवश्य हुन्छ । काव्योत्पत्तिको हेतुको सम्बन्धमा मनोवैज्ञानिक तथा साहित्यमनिषी दुवै थरीले विचार प्रकट गरेका छन् ।

क) मनोविज्ञान शास्त्रका प्रणेता फ्रायडको विचारमा काम मानवजीवनको मूल प्रेरक हो । कामेच्छा सम्भोगको इच्छा र सन्तानप्रति स्नेह एवम् तिनको संरक्षणको कामनाको रूपमा व्यक्त हुन्छ । सामाजिक व्यवस्था र आफ्नो सचेत बौद्धिकतावश यी कामनाहरूमध्ये कतिपयको दमन गर्न मानिस वाध्य हुन्छ । कला र साहित्य उत्पत्ति यिनै दमित कामना वा वासनाको क्षतिपूर्तिको रूपमा हुन्छ ।[१३]

ख) एड्लरले शासनशक्तिलाई मानवजीवनको मुख्य प्रेरक मानेका छन् र हीनभावनाको पूर्तिको रूपमा कला र काव्यको उद्भव हुन्छ भन्ने मान्यता राखेका छन् ।[१४]

ग) अर्का मनोवैज्ञानिक जुङले भने अवचेतन मनको कार्य व्यापारलाई काव्य र कलाको कारण मानेका छन् ।[१५]

यो मनोवैज्ञानिकहरूको मत हो तर संस्कृत साहित्यका स्रष्टाहरूका मतमा दुई थरीका मत पाइन्छन् । रुद्रट, वामन र पण्डितराज जगन्नाथ केवल प्रतिभालाई प्रेरक हेतु मान्दछन् भने दण्डी, मम्मट, वाग्भट पीयूषवर्ष आदि प्रतिभा, व्युत्पत्ति र अभ्यासको समूहलाई काव्यहेतु मानेका छन् ।

दण्डी पश्चात् महाकव्य सम्बन्धी चिन्तन गर्ने अर्का आचार्यका रूपमा रुद्रट देखा पर्दछन् । उनको **काव्यलङ्कार** ग्रन्थमा महाकाव्यका सन्दर्भमा यस्ता धारणा व्यक्त भएका पाइन्छन् - “महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भएतापनि महान् हुन्छ ।[१६] यस कथानक भित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्छन् । यसले युगजीवनका विविध पक्षलाई चित्रण

[१३] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, ललितपुर : साझा प्रकाशन, सातौं सस्क. २०६७, पृ. १७ ।
[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] ऐजन ।

गर्दछ । नायक सर्वगुण सम्पन्न द्विजकुलोत्पन, शक्तिमान् हुनुका साथै युद्धमा विजय हासिल गर्न सक्ने खालको हुनुपर्छ ।"[१७] रुद्रट पछाडि महाकाव्य चिन्तन परम्परामा हेमचन्द्र देखा पर्छन् । उनले आफ्नो ग्रन्थ **काव्यानुशासन**मा महाकाव्यलाई यसरी चिनाएका छन् - "पद्यवद्ध रूपमा प्रायः संस्कृत, अपभ्रंश आदि भाषामा लेखिएको र विभिन्न कथनलाई लिएर शब्दबैचित्र्य, अर्थवैचित्र्य, रसयुक्त, छन्दोबद्ध एवम् लोक रञ्जक गुण भएको काव्य नै महाकाव्य हो ।"[१८]

यसरी आचार्य हेमचन्द्रले महाकाव्यका सन्दर्भमा संस्कृत भाषालाई समेत स्थान दिनुका साथै शब्दबैचित्र्यका सन्दर्भमा पनि नवीन अवधारणहरू प्रस्तुत गरेका छन् । पूर्वीय साहित्य चिन्तन परम्परामा अर्का आचार्य विश्वनाथ पनि एक विशिष्ट साहित्य चिन्तकका रूपमा परिचित छन् । उनले महाकाव्य सम्बन्धी लामो परिभाषा प्रस्तुत गरेका छन् ।

विश्वनाथका अनुसार "महाकाव्य सर्गबद्ध हुन्छ र यसमा उच्च कुलको नायक वा क्षत्रिय वंशको धीरोदात्त गुणयुत्तः नायक हुनुपर्दछ । त्यसै गरी एकै वंशका अनेक राजाहरू पनि नायकका रूपमा प्रयोग हुन सक्छन् शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक सर अङ्गी र अन्य रसहरू अङ्ग रसका रूपमा रहनुपर्दछ । इतिहास प्रसिद्ध महापुरुषको जीवनसँग सम्बन्धित लोक प्रसिद्ध कथानक र चारवटै पुरुषार्थ महाकाव्यमा हुनुपर्दछ । यसको प्रारम्भ मङ्गलाचरणबाट हुने र त्यहाँ अभिवादनका साथै सज्जनको प्रशंसा र दुर्जनको घृणा हुन्छ । प्रत्येक सर्गमा एउटै छन्द भए तापनि सर्गान्तमा छन्द परिवर्तन हुनुपर्दछ । यसमा साँझ, सूर्य, चन्द्र, रात, प्रदोष, अन्धकार, दिन, विहान, मध्यान्ह, सिकार, पर्वत, वस्तु, वन, उपवन, समुद्र, संयोग, वियोग, भूमि, स्वर्ग, यज्ञ, युद्ध, यात्रा, दण्ड आदिको यथासम्भव वर्णन गरिएको हुन्छ । महाकाव्यको नामकरणमा कवि नायक र जुनसुकै बर्णित कथालाई पनि आधार लिन सकिन्छ । सर्गको नाम भने सर्गभित्र वर्णन गरिएको विषयवस्तुको आधारमा गरिन्छ ।"[१९]

भामहदेखि विश्वनाथसम्मका परिभाषाहरूको तुलनात्मक अध्ययन गर्दा केही भिन्नता पाउन सकिन्छ । भामहले महान् व्यक्तिको महत् अर्थमा जोड दिएका छन् भने दण्डीले इतिहास प्रसिद्ध कथानकमा जोड दिएका छन् । विश्वनाथ र रुद्रटले ख्यात, उत्पाद्य र मिश्रितमध्ये कुनै एकतर्फ सङ्केत गरेको देखिन्छ । भामहले अलङ्कृत पदावलीमा जोड दिएका छन् भने दण्डी र विश्वनाथ यस सन्दर्भमा तटस्थ छन् । यसरी पूर्वीय महाकाव्य चिन्तकहरूको अवधारणालाई गहिरिएर अवलोकन गर्दा भामह र दण्डी आर्ष महाकाव्यतर्फ बढी झुकेका देखिन्छन् भने रुद्रट,

---

[१७] ऐजन, पृ. ४५० ।
[१८] विश्वनाथ, **साहित्यदर्पण,** पूर्ववत्, पृ. ८ ।
[१९] विश्वनाथ, **साहित्यदर्पण,** पूर्ववत्, पृ. ८ ।

हेमचन्द तथा विश्वनाथ ललित महाकाव्य तर्फ ढल्केको पाइन्छ । पूर्वीय वाक्य परम्पराका उपर्युक्त परिभाषाहरूको अध्ययन गर्दा केही निष्कर्ष निकाल्न सकिन्छ । महाकाव्य कविताको वृहत् रूप हो । श्रुतिरम्य, आलङ्कारिक, छन्दोबद्ध, सर्गबद्ध, महान् व्यक्तिका महान् कार्यको वर्णन, पञ्चसिन्धुयुक्त, समन्वित र व्यापक परिवेश समेटेको शाश्वत काव्यकृति महाकाव्य हो ।

## ४.२.२ महाकाव्यका तत्त्वहरू

कुनै पनि वस्तु वा प्राणीको सङ्गठित निर्माणका लागि त्यस आवश्यक अङ्गहरूले भूमिका खेलेका हुन्छन् । तिनै अङ्गहरूलाई शब्दान्तरमा कारक तत्त्व पनि भनिन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता, रस, उद्देश्य र शैलीलाई महाकाव्यका आवश्यक तत्त्व मानिएको पाइन्छ । नेपाली कविता परम्परामा शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, भाव विधान, बिम्ब प्रतीक, अलङ्कार, व्यञ्जना र विधागत आयाम जस्ता तत्त्वहरूलाई कवितामा तत्त्वका रूपमा हेरिएको छ । त्यस्तै नरेन्द्र चापागाईले शीर्षक, सर्गविधान, छन्दोबद्धता वा लयबद्धता, मङ्गलाचरण, कथावस्तु, चरित्र, उद्देश्य, जीवनदर्शन, पदावली र रसभावलाई देखाएका छन् । आधुनिक सन्दर्भमा महाकाव्यमा कथा, पात्र, भाषाशैली, वातावरण र जीवनदर्शनलाई अनावश्यक तत्त्व मानेका छन् । उपर्युक्त विभिन्न मान्यताका आधारमा निम्नलिखित तत्त्वलाई महाकाव्यका आवश्यक तत्त्वका रूपमा लिन सकिन्छ -

### क) शीर्षक

महाकाव्यभित्र अनेक संरचना हुन्छन् । कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त, सारपूर्ण र औचित्यपूर्ण सम्पूर्ण कथावस्तुलाई समेट्न सक्ने प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनौट गर्नु पर्दछ । जुन शीर्षकमा विषयवस्तुलाई समग्रता झल्कने खालको हुनुपछ । शीर्षक झट्ट हेर्दा आकर्षक, रोचक एवं कौतुहलपूर्ण हुनुपर्छ, जसले गर्दा पाठकको ध्यान सम्बन्धित महाकाव्यतर्फ आकर्षित होओस् । प्रस्तुत **गौरीवल्लभ** महाकाव्यको शीर्षक यसै काव्यका प्रमुख नायक र नायिकाको नाममा राखेका छन्, जुन युक्तिसङ्गत पाइन्छ । गौरी प्रस्तुत महाकाव्यकी प्रमुख नायिका र वल्लभ उनै पार्वती गौरीका प्रिय भन्ने अर्थ आउँछ । यतीमात्र (**गौरीवल्लभ**) भन्दा समस्त महाकाव्य शिव र पार्वतीको चरित्रचित्रण भएको महाकाव्य भन्ने अर्थ सहजै लगाउन सकिन्छ ।

**ख) संरचना**

संरचनाको अर्थ बनाबट हुन्छ । महाकाव्यमा कवि कथन वा अनुभूतिको क्रमशः संक्षिप्तबाट विस्तारतर्फ लाग्छ । पूर्वीय महाकाव्य सिद्धान्तमा सर्गबन्धलाई नै संरचनाका रूपमा देखाउन खोजेको पाइन्छ । संरचनाले आख्यानीकरणलाई मजबुत तथा वस्तुनिष्ठ बनाएको हुन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । **गौरीवल्लभ** महाकाव्यको आन्तरिक संरचनामा पौराणिकता झल्किन्छ । शिवजस्ता देवत्व भएका पात्रलाई साधारणीकरण गरेर सामान्य मानव सरह विश्लेषण गर्नु महाकाव्यकार गौतमको विशेषता रहेको पाइन्छ । यसमा रसको प्रयोगमा समुचित छन्दको समेत समायोजन भएको पाइन्छ । जस्तै : करुण रसमा शिखरिणी छन्द बढी उपयोगी मानिन्छ । यहाँ काव्यकारले त्यसरी नै प्रयोग गरेको पाइन्छ-

अहो ! मेरा बाबा जनन जननी सुन्नु अब यो ।
तपस्यामा मेरो मन अति गयो बुझ्नु किन हो ॥
उनै शम्भोलाई हर ! हर ! महादेव ! म भनी ।
जपौं मैले मन्त्रै सुन ‘नमः शिवायै’ छ अब यी ॥

प्रस्तुत श्लोक वात्सल्यप्रेममा डुबेका हिमवान राजा र रानीले तपस्या जस्तो कठिन कार्य तिमीलाई कठिन छ भन्दा पार्वतीले आफ्नो भाव व्यक्त गर्दै तप गर्न जान्छु भन्दाको कारुणिक अवस्थामा व्यक्त भएको छ । यसरी महाकाव्यकार नारायणप्रसाद गौतमले छन्दर रसका बीचमा सन्तुलन ल्याएको पाइन्छ ।

**ग) आन्तरिक र बाह्य**

महाकाव्यको आन्तरिक अनुभूतिलाई साधारणीकरण गरी बाह्य अभिव्यक्ति दिनु आन्तरिक संरचना हो । यसमा छन्द, रस र अलङ्कारको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । केन्द्रीय भाव, भाव वा विचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिमा पुग्ने यात्रापथको निर्माण गर्ने काम यसले गर्छ । कथ्य एवं भाव प्रवाहको आन्तरिक अनुभूतिले अन्त्यमा बाह्य स्वरूप ग्रहण गरी जीवनको अभिव्यक्ति दिनु नै आन्तरिक संरचना हो । आख्यानलाई विभिन्न भावहरूमा प्रस्तुत गर्न र आख्यानलाई शृङ्खला प्रदान गर्न बाह्य संरचना आवश्यक पर्छ । महाकाव्यमा सर्गलाई नै बाह्य संरचनाको रूपमा हेरिन्छ । वस्तु सङ्गठनलाई पनि संरचनाको अर्को तत्त्वका रूपमा लिन सकिन्छ ।

रसविधान, छन्दयोजना, भाषाशैली आदिको पनि संरचनामा महत्त्वपूर्ण स्थान रहेको हुन्छ । बाह्य संरचनाले काव्यमा शरीरको काम गरेको हुन्छ ।

### घ) कथानक

महाकाव्यको रचनाका लागि चयन गरिएको वस्तु नै महाकाव्यको मूल विषयवस्तु अथवा कथानक हो । कवि आफ्नो काव्य निर्माण गर्ने सन्दर्भमा कथानकका लागि विषयवस्तुको छनौट गर्न स्वतन्त्र हुने गर्दछ । कथानक कलापूर्ण, उपयुक्त, आकर्षण प्रभावपूर्ण हुन सक्नुपर्छ, जुन विषयवस्तुले आफ्नो एउटा निश्चित स्वरूप प्राप्त गर्न सक्नुपर्छ । पूर्वीय चिन्तन अनुसार महाकाव्यको कथावस्तु ऐतिहासिक, पौराणिक तथा कविकल्पितमध्ये कुनै पनि हुन सक्छ र त्यो महान् हुनुपर्छ । महाकाव्यको प्रारम्भ आशीर्वादात्मक नमस्क्रियात्मक वा वस्तु निर्देशात्मकमध्ये कुनै एक हुनुपर्छ तर आरम्भका सन्दर्भमा भने पाश्चात्य परम्परामा कुनै ठोस् चिन्तन पाइँदैन । कथावस्तुको सङ्गठनका सन्दर्भमा पूर्वीय मान्यताले 'सर्वे नाटकसन्धयः' मा विश्वास राखेको छ भने पाश्चात्य अरस्तुले त्रासदीका सम्पूर्ण आन्तरिक गुण एवं प्रमुख अङ्गहरू पनि महाकाव्यमा यथावत् हुनुपर्दछ भन्ने मान्यता प्रस्तुत गरेका छन् । कथानकको परिवेशका सन्दर्भमा पश्चिममा भन्दा व्यापक परिवेश समेट्न पूर्वीय चिन्तन उपयुक्त हुन्छ ।

प्रस्तुत **गौरीवल्लभ** महाकाव्यको कथानक पौराणिक रहेको छ । **शिवपुराण** र **स्वस्थानी** व्रतकथा समेतको कथावस्तु यस महाकाव्यमा पाइन्छ । कथालाई कवि प्रौढोक्ति ढाँचाका माध्यमले महाकाव्यकार गौतमले प्रशस्त मौलिकता समेत समावेश गरेर यस कथावस्तुलाई आधुनिकतामा ढालेका छन् । समकालीन समाजको चित्रण समेत गरेर काव्यकारले कथनपद्धतिलाई विस्तृत र उपदेशात्मक बनाएका छन् । शिव चरित्र गाउने बहाना बनाएर समस्त समाजलाई आत्मज्ञान समेत दिनमा काव्यकार सफल भएका छन्, जुन विषय प्रतिपाद्य छ । त्यसको वर्णनबाट आउने उपदेश दिनमा सचेत काव्यकार सफल भएको पाइन्छ ।

### ङ) चरित्र

महाकाव्यको अर्को महत्त्वपूर्ण तत्त्व हो चरित्र । महाकाव्यमा प्रमुख चरित्रका साथै अन्य चरित्रहरू पनि समावेश हुन्छन् । महाकाव्यमा प्रमुख चरित्रको अनिवार्यताका

सन्दर्भमा पूर्व र पश्चिम दुवैतिर सामञ्जस्य पाइन्छ । पश्चिममा कथानकलाई बहन गर्न सक्ने खालको उच्च गुणवान् नायकको अपेक्षा गरिएको छ भने पूर्वीय मान्यता अनुसार महाकाव्यको नायक धीरोदात्त गुणयुक्त हुनुपर्दछ, जो पराक्रमी, क्षमावान्, गम्भीर, दृढप्रतिज्ञ होस् र आत्मप्रशंसा नगरोस् । महाकाव्यको नायक प्रतिद्वन्दीप्रति विजय हासिल गर्न सक्षम, नीतिज्ञ, मर्यादापालक र शक्तिशाली व्यक्तित्व भएको हुनुपर्दछ साथै त्याग, पुरुषार्थ, रूप, यौवन, उत्साह आदि लक्षणले युक्त हुनु पर्दछ । पूर्वीय महाकाव्य चिन्तनले यसभन्दा पनि अगाडि बढेर बहुनायकको समेत सम्भावनालाई औंल्याई एकै कुलका प्रशंसनीय उच्च कुलीन नायकहरू रहन सक्ने कुरा उल्लेख गरेको छ । महाकाव्यको विस्तारका सन्दर्भमा नायकमात्र हुँदैन आवश्यकता अनुसार अन्य सहायक चरित्रहरू पनि समावेश गर्नुपर्दछ । महाकाव्य वृहत् विधा भएको हुँदा यसमा चरित्रको सङ्ख्या पनि धेरै हुन्छ ।

**गौरीवल्लभ** महाकाव्य बहुनायक काव्य नभएर एक नायक प्रधान काव्य हो । यहाँ शिव नै प्रमुख नायक हुन् । देवादिदेव महादेव धीरोदत्त न्यायका रूपमा देखिएका छन् । उनको चत्रिर उदात्त छ । आफ्नो प्रतिज्ञामा उनी अटल छन् । उनको चरित्र समाजका लागि अनुकरणीय बनेको छ । अन्य सहायक पात्रहरू पनि उनैको आज्ञापालक र अनुकूल पाइन्छन् । मञ्चीय नाटकका रूपमा काव्यकारले यस काव्यमा शिवलाई प्रस्तुत गरेका छन् । तारकासुर प्रतिकुल नायकका रूपमा आएको पात्र हो । त्यसको नाश गर्नु भनेको समाजको विकृति नाश गर्नु हो । त्यसका लागि महानायकले गर्नुपर्ने भूमिका निर्वाह भएको पाइन्छ । शिवले कही पनि आफ्नो प्रशंसा गरेका छैनन् । उनमा सद्य विचार र उदात्त चरित्र विद्यमान छ । सर्वशक्ति सम्पनन पनि उनीमित्र पाइन्छ । त्याग र पुरुषार्थका उनी प्रतिमूर्ति नै देखिन्छन् । रूप र यौवनको समेत व्याख्या यस काव्यमा कविले गरेको पाइन्छ ।

यसरी हेर्दा प्रस्तुत **गौरीवल्लभ** महाकाव्यका नायकको चरित्र अनुकूल शक्तिसम्पनन, कुलीन, धीरोदात्त, क्षमावान्, गम्भीर आदि पूर्वीय काव्यशास्त्रले गरेको अपेक्षा अनुसार रहेको देखिन्छ ।

### च) भावविधान

महाकाव्यमा भावविधानलाई मेरुदण्डको रूपमा लिइन्छ । महाकाव्यमा भावको उचित संयोजक हुन सक्नुपर्दछ अनि मात्र महाकाव्य उत्कृष्ट हुन्छ । महाकाव्य एक

आस्वाद्य विधा भएकाले यसमा अनुभूतिहरूले मानव मनमा स्थायी रूपले विद्यमान प्रेम, करुणा, शान्ति वा वैराग्य जस्ता मनोभावहरू उद्घाटित हुनुपर्दछ । महाकाव्यको पूर्वीय परम्परामा रसभाव तथा पश्चिमी परम्परामा त्रास र करुणाको विरेचन भाव विधानभित्र पर्दछन् । यसर्थ भाव विधानलाई महाकाव्यको प्रमुख तत्त्व मानिन्छ । काव्यमा व्यक्त अनुभूतिले निश्चित संरचनाभित्र जीवन जगत्को समग्रतालाई व्यक्त गर्छ । जीवन जगत्लाई प्रस्तुत गर्दा वस्तुता र विचारलाई जति अँगाले पनि भावपक्षलाई मुख्य रूपमा लिनुपर्ने हुन्छ । जीवनको सिङ्गो अनुभूतिलाई संवेद्य रूपमा, जीवन्त रूपमा महाकाव्यले प्रस्तुत गरेको हुनुपर्दछ । अतः भावविधान पनि महाकाव्यको अनिवार्य घटक हो ।

प्रस्तुत महाकाव्य कविताको सङ्ग्रह कविता विधामा भाव पक्ष प्रमुख रहनाले यस काव्यको भावपक्ष सबल पाइन्छ । केही भाषिक कमजोरीहरू देखिए तापनि छन्द र रसको संयोजनबाट काव्यकारले आफ्ना आन्तरिक भाव र प्रेम प्रणयादिको समुचित व्यवस्था गर्दै उचित संयोजन गरेका छन् । यो काव्यको पूरा अध्ययन गर्दा जीवनको यथार्थ पक्षको प्राणी जगत्, जीवजगत् आदिको यथार्थ ज्ञान प्राप्त हुन्छ । समाजमा रहँदा कसरी रहने, समाजप्रतिको आफ्नो दायित्व र धर्म, अर्थ, काम, मोक्ष भन्नाले के बुझिन्छ भन्ने जस्ता प्रश्नको उत्तर यस काव्यको अध्ययनबाट प्राप्त गर्न सकिन्छ । बन्धनबाट छुट्कारा पाउन के गर्नु पर्छ देवता मानव र प्रकृतिको सम्बन्ध कस्तो हुन्छ र के गरेमा दुःख निवारण हुन्छ भन्ने भाव यस महाकाव्यको मुख्य विषय रहेको पाइन्छ । काव्यकारले चरित्रचित्रणमा भन्दा उपदेशात्मकमा बढि जोड दिएका छन् । अज्ञानलाई हटाएर ज्ञान प्राप्त गर्नुपर्छ भन्नु नै यस काव्यको मूल भाव रहेको पाइन्छ ।

### छ) सन्देश वा उद्देश्य

महाकाव्यले प्रदान गर्ने सन्देशलाई पनि यसको एक आवश्यक तत्त्वका रूपमा लिन सकिन्छ अथवा यसलाई महाकाव्यकारको जीवनदृष्टि पनि भन्न सकिन्छ । यसको उद्देश्यका सन्दर्भमा दण्डीले धर्म, अर्थ, काम र मोक्षको प्राप्तिलाई मानेका छन् भने विश्वनाथले उपर्युक्त चतुर्वर्गमध्ये कुनै एकको प्राप्ति भनेका छन् । यही धर्म, अर्थ, काम र मोक्षलाई आजका सन्दर्भमा धर्मको अर्थ कर्तव्य निर्वाह, अर्थको तात्पर्य अस्तित्त्व प्रतिष्ठापन, कामको अर्थ प्रेमसिद्धि र मोक्षको अर्थ दासत्वमुक्ति वा वर्गीय मुक्ति प्राप्त गर्नुलाई प्रयोग गरिएको पाइन्छ । रसानुभूतिद्वारा विशेष प्रकारको आनन्द प्राप्त हुने

हुनाले पूर्वीय विद्वान्हरूले लोकरञ्जनलाई पनि महाकाव्यको उद्देश्यका रूपमा लिएका छन् । महाकाव्यको सन्देश महान् हुनुपर्ने हुन्छ ।

प्रस्तुत **गौरीवल्लभ** महाकाव्यका विशेषतः ज्ञान पक्षलाई बढी जोड दिइएको छ । काव्यकारले अन्धकारबाट उज्यालो, अज्ञानबाट ज्ञानप्राप्ति, चरित्रहीनबाट सत्चरित्र प्राप्तिको उद्देश्य लिएको पाइन्छ । गौरी र शिवको चरित्रचित्रण गर्ने बहानामा काव्यकारले समाजको परिवर्तनको कामना गर्दै जीवनयात्रालाई सद्विचारले सजाउने सन्देश दिएका छन् ।

**ज) शैली**

कुनै पनि साहित्यिक कृतिलाई जीवन्त राख्ने प्रमुख माध्यम भाषाशैली हो । कविताको वृहत् रूप महाकाव्य भएको हुनाले यसमा युग जीवनको विराट र व्यापक प्रस्तुतिका साथै शैली उदात्त, ओजस्वी र गरिमामय हुनुपर्दछ । महाकाव्यका सम्पूर्ण तत्त्वहरूलाई यथोचित रूपमा सुदृढ र सङ्गठित बनाउने काम शैलीको हो । विविध छन्द, रस, अलङ्कार र शब्दशक्तिले युक्त भाषा महाकाव्यका निम्ति प्रभावकारी हुन्छ । प्रकृतिलाई मानवीकरण गरेर अथवा प्रकृतिको अतिशयोक्तिपूर्ण चित्रणद्वारा विराट सौन्दर्यको सृष्टि गर्न असाधारण शैलीको प्रयोगले महाकाव्य महिमामयी बन्छ । पाश्चात्य मत अनुसार महाकाव्यको शैलीमा क्षुद्र शब्दावलीको प्रयोग नगरी प्रसाद गुणयुक्त शब्दहरूको प्रयोग हुनु पर्दछ । आलङ्कारिक, परिष्कृत तथा प्रौढ शब्दावलीको प्रयोगले उत्कृष्ट बन्छ । त्यस्तै महाकाव्यको स्वरूप समाख्यानात्मक वा वर्णनात्मक हुनुपर्छ र नाटकीय शैलीको प्रयोग पनि महाकाव्यमा गर्न सकिन्छ ।

प्रस्तुत **गौरीवल्लभ** महाकाव्यमा काव्यकारले नाटकीय शैलीको प्रयोग गरेका छन् । महाकाव्य भए पनि यो चरित्र मञ्चीय बन्न पुगेको पाइन्छ । प्रकृतिको वर्णन पनि काव्यकारहरूले प्रचुरमात्रामा गरेका छन् । नदी, हिमाल, पहाड आदि र काठमाडौंदेखि कैलाशसम्मको वर्णान यस महाकाव्यमा पाइन्छ । भाषा सरल र सरस प्रयोग गरेका छन् । यो काव्य माधुर्य र प्रसादगुणले युक्त रहेको पाइन्छ ।

## ४.३ चरित्रचित्रण

महाकाव्यको महत्त्वपूर्ण तत्त्वका रूपमा चरित्र चित्रणलाई लिइन्छ । महाकाव्यमा प्रमुख चरित्रका साच्चै अन्य चरित्रहरू पनि समावेश हुन्छन् । पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तमा

चरित्र चित्रणको महत्त्व बराबर रूपमा वर्णन गरिएको हुन्छ । पूर्वीय मान्यताअनुसार महाकाव्यको नायक धीरोदात्त अनुकूल र गुणयुक्त हुनुपर्दछ भन्ने छ भने पाश्चात्यमा कथानकलाई वहन गर्न सक्ने खालको उच्च गुणयुक्त नायकको अपेक्षा गरिएको हुन्छ । पूर्वीय मान्यतामा त्यागी, कृति, कुलीन, सक्षम, रूपलावण्यले युक्त उत्साही दक्ष अनुरक्त धीरवान् नायकलाई प्रमुख नायकमा रहनुपर्नेमा जोड दिइएको छ । चरित्रमा बहुनायक समेतको अपेक्षा रहेको हुन्छ । यस्तै परिवेशमा **गौरीवल्लभ** महाकाव्य रहेको छ । यस काव्यका प्रमुख नायक शिवजी हुन् भने सहायक पात्रहरूमा विष्णु, ब्रह्मा, इन्द्र, कामदेव, हिमालय, नारद, वशिष्ठ साथै नारी पात्रहरूमा पार्वती, मेना, सखीहरू आदि रहेका छन् भने प्रतिकूल नायकमा तारकासुर आदि छन् ।

**शिव : गौरीवल्लभ** महाकाव्य पौराणिक विषयवस्तुमा आधारित छ । पुराणमा उल्लेख भएअनुसार नै **गौरीवल्लभ** महाकाव्यका शिव प्रमुख नायक हुन् । विषयगत दृष्टिले पौराणिक कथानक भएको **गौरीवल्लभ** महाकाव्यमा काव्यकारले हिन्दुहरूका आराध्य देव स्वयं शिवजीलाई प्रमुख नायक बनाएर दैवी पात्रलाई मानवीय पात्रका रूपमा रूपान्तरण गर्ने प्रयत्न गरेका छन् । पार्वतीका पति संसारका मालिक स्वयं शिवजीको चरित्रलाई यस महाकाव्यमा नाटकीय दृष्टिबाट धीरोदात्त नायकका रूपमा लिन सकिन्छ । शिवजी यस महाकाव्यमा प्रमुख प्रवृत्ति, अनुकूल भूमिका, स्थिर र वर्गीय जीवनचेतना भएका मञ्चीय र आबद्धताका दृष्टिले बद्ध चरित्रमा देखिएका छन् । स्वयं संसारका मालिक मानिने शिव नै नायक भएकाले यो महाकाव्य नायक चयनमा दैवी पात्रलाई मानवीय पात्रका रूपमा सोझै रूपान्तरण गर्दा असहज जस्तो देखिए तापनि पौराणिक कोणबाट नायक चयनमा काव्यकार सफल बनेका छन् ।

**सती/पार्वती :** प्रमुख नायक शिवजीकी अर्धाङ्गिनी सती अनुकूल नायिकाका रूपमा प्रस्तुत भएकी छिन् । उनी स्थिर र बृद्ध नायिका हुन् । आफ्नो सर्वस्व शिवजीलाई ठान्ने पतिव्रता नायिकाका रूपमा यस **गौरीवल्लभ** महाकाव्यमा सतीलाई चिनाइएको छ । आफ्नो पतिको आज्ञालाई उल्लङ्घन गरी पिताको यज्ञमा पुगेकी सती आफ्ना पतिको अपमान र अनादर देख्न नसकी देह त्याग गर्न पनि पछि पर्दिनन् । देह त्यागेपनि पति शिवलाई नै पाऊँ भनी देहत्याग गरेकी सतीले नै मेनकाका कोखबाट पुनः पार्वतीका रूपमा जन्म लिएकी हुन् । हिन्दु पुराणहरूमा पुनर्जन्म समेतलाई स्विकारिएको हुनाले सो चरित्र चित्रण गर्न काव्यकार सफल देखिन्छन् । सती आबद्धताका आधारमा बद्ध र कार्यका आधारमा अनुकूल नायिका हुन् । शास्त्रीय पात्रका रूपमा रहेकी सती काव्यको पूर्वधमा मुख्य पात्रका रूपमा प्रस्तुत स्त्री पात्र हुन् भने महाकाव्यको उत्तरार्ध भागमा पार्वतीका नाममा ख्याति प्राप्त नायिका हुन् । काव्यकारले प्रस्तुत

काव्यमा पार्वतीलाई असल गृहिणी, जिज्ञासु र पतीव्रता नारीका रूपमा प्रस्तुत गरेका छन् भने सती/पार्वती हुँदै रूपमा एउटै नायिका रहेको र दुवैको चरित्र मञ्चीय, बद्ध, अनुकूल नायिकाका रूपमा काव्यकारले प्रस्तुत गरेका छन् ।

**अन्य पात्रहरू :** प्रस्तुत **गौरीवल्लभ** माहाकाव्यमा प्रयोग भएका बशिष्ठ नारद, विष्णु, ब्रह्मा, इन्द्र कामदेव आदि पात्रहरूले महाकाव्यको विषय वस्तुलाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेको हुनाले यिनीहरूलाई यहाँ अन्य पात्र अन्तर्गत राखेर समष्टिमा यिनीहरूको भुमिकालाई नियाल्ने जमर्को गरिएको छ । आबद्धताका आधारमा मुक्त पात्रका रूपमा प्रस्तुत गर्दै आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा देखाइएका छन् । कविले कार्यका रूपमा यिनीहरूलाई अनुकूल पात्रका रूपमा चिनाएका छन् भने प्रवृत्तिका आधारमा यिनीहरू सहायक पात्रहरू हुन् । यसका साथै गतिशील पात्रका रूपमा हिमालय र मेना समेतलाई कविले प्रयोग गरेका छन् । पौराणिक कथामा आधारित माहाकाव्य भएकाले यसमा प्रतिकूल पात्रका रूपमा तारकासुरलाई  कविले देखाएका छन् । उपर्युक्त पात्रहरू सबै पौराणिक दैविक पात्रहरू भएर पनि आसन्नताका आधारमा मञ्चीय बनाउनु कविको आफ्नै मौलिकता रहेको छ । काव्यकारले पात्रहरूको चयन र काव्यीय शृखलालाई समुचित र सुव्यवस्थित बनाउनमा र साधारणीकरण गर्नमा सक्षम देखिन्छन् । यसका साथै महाकाव्यकारले सखीहरू, विवाहमा उपस्थित जन्तीहरू र देवगणहरू, दैत्यगणहरू आदि सामूहिक पात्रहरूको समेत समुचित प्रयोग गरेका छन् ।

यसरी **गौरीवल्लभ** महाकाव्यमा काव्यकारले विभिन्न गतिशील र स्थिर पात्रहरूको समुचित व्यवस्था गर्दै शिव र पार्वतीको प्रेम प्रणय चरित्रलाई चित्रण गरेका छन् ।

## ४.४ संरचना

**गौरीवल्लभ** महाकाव्य पूर्णतः पूर्वीय काव्य सिद्धान्तमा आधारित रहेर रचिएको महाकाव्य हो । यस महाकाव्यको आख्यान **शिवपुराण**बाट लिइएको हो । यस काव्यमा **शिवपुराण**मा रहेका आख्यानमा नेपालीमा प्रचलित **स्वस्थानी व्रतकथा** र नेपाली वातावरणलाई समेटेर नयाँ स्वरूप प्रदान गरिएको छ । कथाको वातावरण पूर्ण रूपमा नेपाली परिवेशमा ढालिएको हुँदा यो काव्य बढ्दा शिव पार्वतीको चरित्र विकास नेपालीका आँखा अगाडि नेपाली परिवेशमा घटना घटिरहे जस्तो अनुभव हुन्छ । कविले भाषामा प्रौढ विचारलाई अभिव्यक्त गरेका छन् र ती प्रत्येक विचारहरू नेपाल भूमिमा नेपाली कलाकारहरूबाट मञ्चित गरिरहेको जस्तो अनुभूति हुन्छ । प्रस्तुत महाकाव्यको आकार १५ सर्गमा फैलिएको छ । पूर्वीय काव्य मान्यतानुसार महाकाव्यमा

कम्तीमा ८ सर्ग हुनपर्ने र कुनै धीरोदात्त नायकको चरित्रचित्रण हुनुपर्ने, युद्धवर्णन, ऋतुवर्णन, हिमाल, पहाडवर्णन, नदी र प्रकृतिवर्णनसमेत हुनुपर्ने सिद्धान्त रहेको छ । **गौरीवल्लभ** महाकाव्य यिनै उपर्युक्त नियममा आधारित रहेको देखिन्छ ।

साथै छन्द प्रयोगमा समेत कवि निपुर्ण छन् । पूर्वीय महाकाव्य सिद्धान्तानुसार प्रत्येक सर्गको अन्त्यमा छन्द परिवर्तन गर्नु भन्ने रहेको छ ।[२०] जस्तै : सर्गान्तमा छन्द परिवर्तन, पाठक वा श्रोताहरूको हृदयलाई आनन्द प्रदान गर्ने विषयवस्तुको सम्पन्नता र शब्दालङ्कार एवं अर्थालङ्कारद्वारा अलङ्कृत महाकाव्य कल्पान्तसम्म स्थायी हुन्छ । यसरी नै सर्गान्तमा कविले छन्द परिवर्तन गर्दै शिव र पार्वतीको चरित्रचित्रण उदात्त र सहृदयी पाठक श्रोताका लागि पठनीय र श्रवणीय महाकाव्य **गौरीवल्लभ** महाकाव्य हो । यस महाकाव्यमा गौतमले प्रयोग गरेका नेपाली संस्कृतेतर शब्दहरू पदी, देर, वत्, रौनक, इज्जत, दिल, जियारा, प्यासी, प्यास, जादू, आततीय, मुस्किल, पखेटा, बडो, मैदान, मुलुक, दुलाह, पगरी, बताउनु, पराई, हैकम, जिन्दगी, दरबार, जमात्, सहजै, खातिर, सहारा, रुयल, पागल, घायल, नजर, सहेली, नाई, बताएँ, बेइमानी, माफ आदि रहेका छन् ।

साथै काव्यकार नारायणप्रसाद गौतमले प्रस्तुत **गौरीवल्लभ** महकाव्यमा विभिन्न अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरेका छन् । जस्तैः सर्र, हर्र, झन्न, सन्न, झिलिमिली, मिलिक्क, ढकमक्क, अकमक, टहटह, भतभत्, धपधप, छङ्छङ्, मुसुमुसु, छमछम, भुन्भुन्, कल्कल्, मगमग रहेका छन् ।

साथै काव्यकारले द्वित्व शब्दहरूको पनि प्रसस्त प्रयोग गरेका छन् उदाहरणका लागि - घर्घर्, ढुकढुक, घरबार, बनेबने, अघिअघि, परपर, कतिकति, कणकण, जपतप, वरपर, कति-कति, सर्ग-सर्ग, लगभग, उठ्-उठ्, तरतर आदि रहेका छन् ।

यसरी भाषिक प्रयोगमा काव्यकार विविध शब्द प्रयोगमा सफल भएका छन् । केही परिष्कार र परिमार्जित जस्तो आभास भएपनि काव्यलाई अध्ययन गर्दा उनी स्वच्छन्दतावादी कविका रूपमा नै देखिन्छन् । कहीँ छन्दप्रयोगमा काव्यकारले इन्द्रबज्रा भनेर देखाए पनि उपजाति छन्द बन्न गएको पनि पाइन्छ । जस्तै : **गौरीवल्लभ** महाकाव्यको चतुर्थ सर्गको १०७ श्लोकमा इन्द्रवज्रा छन्द भनी लेखिएको भएपनि त्यहाँ उपजाति छन्द स्वतः बन्न गएको छ । यो देवताको स्थल हो सधैंको = इन्द्रवज्रा

यो उच्च धर्ती जननी सबैको = इन्द्रवज्रा

[२०] गङ्गादास कृत **काव्यदीपिका,** संस्कृत एवं नेपाली टीका वेणीमाधव ढकाल, दोस्रो संस्करण, २०६७ ।

यही धरा सुन्दरता परीभ्कै = उपेन्द्र वज्रा

शोभा बढेको छ नयाँ चरी भ्कै = इन्द्रवज्रा

यसरी उपजाति छन्द संरचित भएको छ ।

**गौरीवल्लभ महाकाव्यको छन्द प्रयोगसम्बन्धी तालिका**

तालिका सङ्ख्या : ३

| सर्ग | छन्द | छन्दको व्याप्ति | श्लोक सङ्ख्या | छन्द प्रयोग | जम्मा श्लोक |
|---|---|---|---|---|---|
| प्रथम | अनुष्टुप्<br>इन्द्रवज्रा | १- १५४, १६८-१६९, १५५-१६७ | १५६<br>१३ | २ | १६९ |
| द्वितीय | इन्द्रवज्रा<br>शादूर्लबिक्रीडित<br>अनुष्टुप् | १-३०, १०२-१०३<br>३१-६१<br>६२-१०१ | ३२<br>३१<br>४० | ३ | १०३ |
| तृतीय | अनुष्टुप् | १-४४, १०३-१०८<br>४५-१०२ | ५०<br>५८ | २ | १०८ |
| चतुर्थ | मालिनी<br>अनुष्टुप्<br>इन्द्रवज्रा | १-१८<br>१९-१०५<br>१०५-१०८ | १८<br>८७+१<br>३=१०९ | ३ | १०९ |
| पञ्चम | अनुष्टुप्<br>मालिनी | १-१२३<br>१२३-१२५ | १२२<br>३ | २ | १२५ |
| षष्ठ | अनुष्टुप्<br>भ्याउरे<br>शिखरिणी<br>शादूर्लबिक्रीडित | १-२८, ७२-१००<br>२९-५३<br>५४-७१<br>१०१-१०३ | ३०<br>७०<br>३ | ३ | १०३ |
| सप्तमं | इन्द्रवज्रा<br>अनुष्टुप्<br>वसन्ततिलका | १-३०<br>३१-१००<br>१०१-१०३ | ३०<br>७०<br>३ | ३ | १०३ |
| अष्टम | अनुष्टुप्<br>मालिनी | १-१७८<br>१७९-१८० | १७८<br>२ | २ | १८० |

| | | | | | |
|---|---|---|---|---|---|
| नवम | इन्द्रवज्रा<br>शशिवदना<br>अनुष्टुप्<br>मन्दाक्रान्ता | १-४५ ४<br>४६-७५<br>७६-११४<br>११५-११९ | ४५<br>३०<br>३९<br>५ | ४ | ११९ |
| दशम | अनुष्टुप्<br>मिलिनी<br>शिखरिणी | १-२४, ४९-१६३<br>२५-३०, १६४-१६५<br>३१-४८ | १३९<br>८<br>१८ | ३ | १६५ |
| एकादश | अनुष्टुप्<br>वसन्ततिलका<br>इन्द्रवज्रा | १-५४, ९२-१०१<br>५५-७०<br>७१-९१ | ६४<br>१६<br>२१ | ३ | १०१ |
| द्वादश | मलिनी<br>अनुष्टुप्<br>इन्द्रवज्रा | १-६<br>७-१२६<br>१२७-१२८ | ६<br>१२०<br>२ | ३ | १२८ |
| त्रयोदश | अनुष्टुप्<br>झ्याउरे | १-१२८<br>१२९-१३२ | १२८<br>४ | २ | १३२ |
| चतुर्दश | झ्याउरे<br>अनुष्टुप्<br>पञ्चचामर | १-१०, ६७-९१<br>११-६६, १२-१२६<br>१२७-१३० | ३५<br>४१<br>४ | ३ | १४० |
| पञ्चदश | शिखरिणी<br>लोकलय<br>अनुष्टुप्<br>इन्द्रवज्रा<br>कुटक | १-१८<br>१९-४२<br>४३-७०, ९०-१२१, १३६-१३७<br>७१-८९<br>१२२-१२८ | १८<br>२४<br>६२<br>१९<br>७ | ६ | १३७ |
| | तोटक | १२९-१३५ | ७ | जम्मा | १९११ |

## ४.५ वर्णन तथा परिवेश

प्रस्तुत **गौरीवल्लभ** माहाकाव्यमा काव्यकारले विभिन्न शास्त्रहरूबाट सङ्ग्रहित आत्मज्ञान ब्रह्मज्ञान, साङ्ख्यदर्शन आदिको वर्णन गर्नुका साथै विभिन्न प्राकृतिक सौन्दर्यको पनि चित्रण गरेका छन् । नेपाली भू-बनोटमा अवस्थित पर्वत, हिमाल, पाशुपत क्षेत्र, मानसरोवर, हिमालदेखि

कैलाशसम्मको वर्णन समुचित रूपमा गरेका छन् । कैलाश पर्वतको वर्णन गर्ने क्रममा त्यहाँको स्वर्गीय आनन्दको अनुभूतिलाई प्रकट गरेका छन् । आध्यात्मिक र नैतिक चेतनाका धनी काव्यकार गौतमले पौराणिक आधारलाई कत्ति नखल्बल्याई नीतिचेतना दिँदै भ्रष्टाचारीहरूमाथि कडा दण्डनीति लिनुपर्नेमा समेत जोड दिएका छन् । प्राकृतिक वातावरणको चित्रणमा काव्यकार सफल देखिएका छन्, नदी, नाला पहाडलाई र झरनाहरूको समेत ऋतुमा आउने परिवर्तनलाई लिएर विभिन्न पक्ष आदिको वर्णनमा काव्यकार सफल देखिन्छन् । दूत पेषण समेतमा कविले वशिष्ठ र नारदलाई पात्र बनाएर सन्देश वाहकका रूपमा ल्याएर काव्यिक गुणको छनकमा काव्यकार कुशल देखिन्छन् । पौराणिक काव्य भएर पनि नेपाली भू-भागलाई हाम्रो सांस्कृतिक परम्पराको आधारमा हाम्रै कलाकारबाट अभिनय गरेको जस्तो आभास गराउन सक्नु कविको आफ्नो वैशिष्ट्य देखिएको छ । किरात र किरातिनीको भेषधारण र मोक्ष गरेको लीलालाई मौलिकपना दिँदै महाकाव्यकारले नेपाली प्राचीन सांस्कृतिक परम्परामा प्रयोग हुँदै आएका बाजागाजासमेतको वर्णनबाट मौलिक काव्यको छनक समेत देखाएका छन् । पौराणिकताका आधारमा आधुनिकपना ल्याउनु काव्यकारले आफू प्राचीनको पूजारी भएपनि आधुनिककालमा भए गरेका घटेका घटनाहरूको समेत बिम्बका रूपमा वर्णन गर्नमा काव्यकार सफल भएका छन् । आधुनिककालमा नेपालमा नेताहरू भ्रष्ट भएका छन्, भ्रष्ट नेतालाई सामन्ती शोषक समेतको संज्ञा काव्यकारले दिएका छन् । जुन व्यक्ति आफ्नो लागि बाँचेको हुन्छ त्यसको जीवन पशु तुल्य हो भन्दै काव्यकारले परोपकारी भावना र सुशासन, सुव्यवस्थाको कामना समेत गरेका छन् ।

यसरी काव्यकार नारायणप्रसाद गौतमले महाकाव्यका तत्त्वहरू प्रयोग गर्ने नीति नियमको पालनामा नचुकी आधुनिक कालको घटना क्रमलाई समेत वर्णन गरेर प्राचीनदेखि आधुनिकसम्ममा सामाजिक धार्मिक, नैतिक, वातावरणीय, सांस्कृतिक सबैको वर्णन र भौगोलिक परिवेशको समेत वर्णनमा कुशल देखिएका छन् र यस काव्यलाई महाकाव्यका रूपमा स्थापना गराउन सफल भएका छन् ।

## ४.६ उद्देश्य

शिवभक्तिपरक महाकाव्यका रूपमा वर्णन गर्न सकिने **गौरीवल्लभ** महाकाव्यको उद्देश्य नास्तिक व्यक्तिमा आस्थाको वृक्ष हुकाई नैतिक चेतना दिनु रहेको छ । समाजमा बसोबास गर्ने व्यक्ति स्वार्थी होइन, परमार्थमा विश्वास गर्ने हुनु नितान्त आवश्यक छ । आफ्नो मातृभूमि

सबैका लागि प्राणभन्दा प्यारो हुन्छ । मातृभूमिका लागि केही गर्न सक्नुपर्छ भन्ने उद्देश्यले आफ्ना आराध्यदेव शिव हाम्रै मातृभूमि नेपालका हुन् भन्ने प्रमाणित गर्नु पनि काव्यकारको उद्देश्य रहेको, जीवनजगत् नजानी परलोक बुझिँदैन । जीवन परोपकारका लागि हो भन्ने सन्देश शिवको विषपान गरेको चरित्रबाट कविले उजागर गरेका छन् । आध्यात्मिक ज्ञान मानव जीवनका लागि नितान्त आवश्यक छ भन्ने सन्देश दिनु काव्यकारको अर्को महत्त्वपूर्ण उद्देश्य हो । काव्यको अध्ययनले शान्ति र सुख प्रदान गर्दछ र दुःखको निवारण गराउँछ जीवनमा आएका सङ्कटबाट जो व्यक्ति आतिदैन र आफ्नो कर्तव्यमा सदा अडिग रहन्छ त्यो व्यक्ति परोपकारी र आत्मज्ञानी पनि हुन्छ जो परोपकारी र आत्मज्ञानी छ त्यो शिव हो शिवको पूजा जगत् साराले गर्दछ । यसरी शिव चरित्र गाएर परोपकारी बन भन्ने सन्देश दिनु कविको उद्देश्य हो । **शिवपुराण** जस्तो बृहद र गहन पुराणलाई सारगर्वित गरेर सरलीकरण गरी थोरैबाट धेरै विषय वस्तुको ज्ञान दिएर यथार्थ वर्णन गरी सामाजिक व्यक्तिको जीवनमा शिव भक्ति स्थापना गरी जीवनलाई सार्थक तुल्याउनु काव्यकारको उद्देश्य रहेको छ । मानवजीवनमा धेरै सङ्कट र समस्याहरू आउन सक्दछन् त्यस्ता सङ्कटबाट विचलित नभई जीवन यात्रालाई आफ्नो कर्तव्य परायण भएर कार्य गर्नु पर्दछ भन्ने सन्देश यस काव्यका प्रमुख नायक शिवको जीवनबाट पाइन्छ । यस्तो सन्देश दिनुपनि काव्यकारको उद्देश्य हो । त्यसका साथै छन्दोबद्ध वा शास्त्रीय छन्दमा कविता लेख्ने कविहरूको सङ्ख्या औलामा गन्न सकिने परिस्थितिको सृजना भएको छ । पश्चिमाहरूको छन्द रहित र उर्दू आदिमा पाइने गजल आदिमा सामाजिक व्यक्तिहरू रमाउन थालेका छन् । यस्तो परिस्थितिमा छन्दोबद्ध कविता लेख्ने प्रेरणा प्रदान गर्नु काव्यकारको अर्को उद्देश्य रहेको पाइन्छ । प्रस्तुत **गौरीवल्लभ** महाकाव्यमा सर्गबद्ध, यात्रावर्णन, युद्धवर्णन, पुत्रोत्पादन, प्रेम प्रणय प्रसङ्ग, प्रकृति वर्णनका साथै समुचित छन्द प्रयोग आदिको पूर्ण पालना गरिएको छ भने आत्मज्ञान र "सत्यम् शिवम् सुन्दरम्" को भावनाले प्रेरित महाकाव्य हो । काव्य अध्ययनबाट सामाजिकको हृदय आह्लादित भै आनन्दानुभूति भएन भने त्यो काव्य काव्य होइन भन्ने भावले प्रेरित काव्यकार गौतमको यो महाकाव्य पूर्वीय काव्य सिद्धान्तमा पूर्ण रूपमा आधारित छ । यसरी पूर्वीय काव्य सिद्धान्तमा आधारित भएर विषयवस्तुको वितरण परिशिष्ट र उत्कृष्ट भएमा त्यस्ता काव्यको अध्ययनबाट/धर्म अर्थ काम मोक्ष/चतुर्वग सिद्धि प्राप्त हुन्छ भन्ने सन्देशबाट प्रेरित भएर काव्यकारले प्रेक्षकमा आध्यात्मिक चेतनाद्वार ॐ प्रणवको जप र योगबाट मोक्ष प्राप्त गराउने समेत उद्देश्य लिएका छन् । आधुनिक कालमा राजनीतिमा

फैलिएको अराजकताले समेत काव्यकारलाई छोएको छ । भ्रष्ट नेताका रूपमा तारकासुरको वर्णन गर्दै यस्ता आफै खाऊँ लाऊँ, नाचूँ, हासूँ भन्ने विचारका व्यक्तिलाई समाजदेखि नै उखेलेर फाल्नु पर्छ भन्ने सन्देश दिदै समाजमा सत्-चरित्र र सत्विचार भएका व्यक्तिको अभ्युदय समेतमा जोड दिनु काव्यकारको उद्देश्य देखिएको छ ।

## ४.७ भाषाशैली

संस्कृत विषयमा शास्त्रीसम्मको अध्ययन गरी नेपाली विषयमा स्नातकोत्तर गरेका महाकाव्यकार गौतम संस्कृत र नेपाली भाषाका विज्ञ देखिन्छन् । गौतमले यस महाकाव्यमा विशेषतः संस्कृतका तत्सम र तद्भव शब्दका साथै अङ्ग्रेजी, उर्दू, फारसी, हिन्दी भाषाका शब्दको समेत प्रयोग गरेको देखिन्छ । भाषा प्रयोगका क्रममा वर्णयोजनाका तहमा विभिन्न किसिमका अनुप्रास आदि शब्दालङ्कारहरूको प्रयोग भएको देखिन्छ । कवि अन्त्यानुप्रासमा पूर्ण निपुण देखिएका छन् । भाषिक पुनरावृत्ति गरेर भएपनि अत्यानुप्रासको पूर्ण पालना भएको छ । बैशाख महिनाको अक्षय तृतीयाका दिनबाट प्रारम्भ गरेर फाल्गुनको शिवरात्री अर्थात् पुगनपुग ९ महिनामा रचिएको भनिएको यो महाकाव्य कविरूपी बालक शिवरूपी आमाको काखमा समर्पित जस्तो आभास हुन्छ । भाषाले यस काव्यलाई उत्कृष्ट काव्य भन्न मिल्दैन तर भक्ति र भावले यसलाई समर्पण भएको प्रेम उजागर गर्ने काव्य भन्न सकिन्छ । विषय गहन छ र आफैमा पूर्ण छ तर रस, संयोजन, सर्ग व्यवस्था, छन्द प्रयोग राम्रो भएर पनि भाषा प्रयोगमा कवि चुकेका छन् । एउटै विषयको प्रतिपादन गर्न वा वर्णनमा एकै शब्दको पुनः पुनः प्रयोगले पुनरुक्ति दोषको आभास भएको छ जस्तैः

भोको गरिब त्यो भोकै नाङ्गो छ सर्व अङ्गमा ।  
परोपकारमा मान्छे लाग्दछन् धर्म गर्नमा ॥  
ऐलेको युग नै यस्तो देशकाल परिस्थिति ।  
परोपकारका संस्था खुलेका छन् यहाँ अनि ॥  
मानिस त्यति नै भोका, नाङ्गा छन् देशमा सब ।  
परोपकारको नाम सस्तो यो देशमा अब ॥

उपर्युक्त श्लोक ४ वटामा एउटै शब्दहरू ४ पटकसम्म पुनरावृत्ति भएका छन्, जुन शब्श्दहरू काव्यिक गुणलाई क्षय गर्दै छन् । प्रायः उत्तम काव्यमा पर्यायवाची शब्दको अपेक्षा

बढी गरिन्छ तर कवि भाषामा अति सरलीकरण गर्दै कहीँ कहीँ त आभ्यासिक कविका रूपमा कवि देखा परेका छन् । हुनत कविले **कुमारगौरव** महाकाव्य-२०६२ लेखीसकेपछि **गौरीवल्लभ** महाकाव्य लेखेका छन् । त्यसका साथै अन्य फुटकर कविता समेत काव्यकारले लेखिसकेका छन् तर भाषामा परिशिष्टता न देखिनु शब्दभण्डारको कमी आउनु काव्यकारको आफ्नै सीमितता रहेका पाइन्छ । हुनत महाकाव्य लेख्छु भन्दैमा लेखिने विषय होइन, सोचको वग भावको गहिराइ छन्दको सतह आदि सबै ज्ञान नभई काव्य कहाँ रचिन्छ र ! त्यसमा पनि छन्दोवद्ध कविता । यसरी हेर्दा काव्यकारको बाह्य आवरण पूर्ण छ, छन्द प्रयोग काव्यिक लक्षण सर्गबन्ध वस्तु, नेता आदिको छनोटमा कवि जति सफल पाइन्छन् त्यति भाषामा र भाषा प्रयोगमा पाइएका छैनन् ।

नेपाली काव्य लेखनमा भानुभक्तको **रामायण**लाई देखेर वा हलन्त शब्दको प्रयोगलाई देखेर आन्दोलन नै चल्यो जुन हलन्त बहिस्कार आन्दोलनका नाउँले प्रख्यात छ । त्यसरी नै काव्यकार गौतमले पनि बिचमा अन्त्यमा हलन्त शब्दको प्रसस्त प्रयोग गरेका छन् । जस्तै :

कालकुट् विष्पान् गर्दा शिवलाई असैह्य भो । ५।५८

कुट् पान् पान् असह्य आदि हलन्त शब्दहरूको प्रयोग भएको पाइन्छ ।

काव्यकारको यस महाकाव्यमा स्वर व्यञ्जन वर्ण, जो प्रचलित व्याकरणका दृष्टिमा अशुद्ध हुन्छ । बीच बीचको प्रचुर पुनरावृत्तिबाट पैदा हुने अन्य आन्तरिक अनुप्रासका साथै केही ठाउँमा आद्यानुप्रास, मध्यानुप्रास, वृत्त्यनुप्रास, श्रुत्यनुप्रास र अत्यानुप्रास तथा अन्तर अनुप्रासको संयोजन कहीँ स्वतः सहज र कहीँ स्वाभाविक कहीँ योजित र परिमार्जित रूपमा देखा परेको छ । काव्यकारको भाषा पूर्ण आफ्नो वशमा छैन छन्द, आर्थी व्यञ्जना र कहीँ लक्षणलक्षणा, अलङ्कार, शब्दयोजनाले कविलाई खिचेको छ । यसरी हेर्दा कवि परिष्कारवादीभन्दा बढी स्वच्छन्दतावादीका रूपमा देखिएका छन् । कहीँ काव्यकार भावावेगमा बगेका छन् भने कहीँ कथाको प्रवाहमा बग्दाबग्दै अलङ्कार र रसको संयोजनबाट आनन्दानुभूतिको प्रसवमा काव्यलाई छोडेर कथामा जाँदा फड्को मारेको आभास हुन्छ, जुन आनन्द आउँदा आउँदै बीचमा नै रोकिन पुगेको छ । कहीँ कविले उपमा र उपमेयमा सन्तुलन ल्याउन सबैका छैनन् । कैलाशको वर्णनमा यो अवस्था यसरी रहेको छः

यो देवताको स्थल हो सधैको, यो उच्च धर्ती जननी सबैको ॥
यही धरा सुन्दरता परीझैं, शोभा बढेको छ नया चरी झैं (४/१०७)

यहाँ उपमा परी र चरीको दिइएको छ वर्णन छ कैलाशको चन्द्रमा मुखजस्तो भन्दा र चन्द्रमा जस्तो मुखभन्दा जसरी उपमा र उपमेयमा समानता आएको छ तर कैलाशलाई साधारण चरीसँग तुलनागर्दा साहित्य दर्पणाकार विश्वनाथका अनुसार “धर्मलुप्तोपमा” अलङ्कार प्रयोग भएको छ ।[२१] चरी र कैलाशमा कुनै धर्मको पनि मेल छैन ।

## ४.८ गौरीवल्लभ महाकाव्यमा छन्दको प्रयोग

कवि छन्द पालनामा पूर्ण देखिन्छन् । लोकलयदेखि विभिन्न शास्त्रीय छन्दको प्रयोग प्रस्तुत **गौरीवल्लभ** महाकाव्य रचना गरिएको छ ।

यसमा सबैभन्दा बढी प्रयोग भएको छन्द हो अनुष्टुप् छन्द ।

### ४.८.१ अनुष्टुप् छन्द

श्लोके षष्ठं गुरु ज्ञेयं सर्वत्र लघु पञ्चमम् ।
द्विचतुष्पादयोह्रस्वं सप्तमम् दीर्घमन्ययोः ॥

जम्मा आठ अक्षरको एक पाउ हुने र चारचरणमा जम्मा ३२ वटा अक्षर भएको छन्द अनुष्टुप् छन्द हो । यसमा अरू छन्दमा जस्तो गण व्यवस्था हुँदैन । निश्चित ठाउँमा ह्रस्व र दीर्घको निर्धारित वर्ण प्रयोग गर्नु नै अनुष्टुप् छन्दको विशेषता हो । उदाहरण-

परन्तु मानसी सृष्टिबाट संवृद्धि रोकियो ।
सुकेको वृक्षमा जस्तै कोपिला नहुने भयो ॥ १।१२३

### ४.८.२ इन्द्रवज्रा छन्द

इन्द्रबज्रा छन्दमा कुल एघार अक्षरका पाउ हुन्छन् । वैदिक नियमानुसार यो छन्द त्रिष्टुप् भेदअन्तर्गत पर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| गण | त | त | ज | गुरु | गुरु |
| | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ |

लक्षण भो इन्द्रबज्रा ‘ततजाग्गु’ हेर ।
रोकिन्छ पञ्चाक्षरमा पुगेर ॥

[२१] विश्वनाथ, **साहित्यदर्पण** (व्या.) सत्यव्रत सिंह, वाराणसी : चौखम्बा विद्याभवन, सन् १९९७, पृ. ६९८ ।

क्रमशः दुई तगण, दुई जगण तथा अन्त्यमा दुईवटा गुरु (दीर्घ) भएको एघार अक्षरको छन्द इन्द्रबज्रा छन्द हुन्छ । यो विशेष गरी करुणरसमा बढी शोभायमान हुने छन्द हो । उदाहरण-

यो देश हाम्रो शिवपार्वतीको, कैलाश बस्ने नव किन्नरीको ।
गाइन्छ गाथा यिनको अनेक, जानी नजानी नवकाव्य एक ॥

**गौरीवल्लभ**, १।१५५

## ४.८.३ शार्दूलविक्रीडित छन्द

लक्षण- यस छन्दमा उन्नाइस अक्षर हुन्छन् । यो छन्द 'अतिधृति' भेद अन्तर्गत पर्दछ । यसमा गण व्यवस्था यस्तो हुन्छ -

| म | स | ज | स | त | त | गुरु |
|---|---|---|---|---|---|---|
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

बन्ला यो मसजासतातगुरुले शार्दूलविक्रीडित । उदाहरण -

धेरै निर्मल शुद्धता धरणिमा एकान्त कैलाश यो ।
साह्रै दुर्गम हो हिमाल बिचमा सौन्दर्य शोभा छ यो ॥
चारैतर्फ हिमालका शिखर यी हाँसेर छन् शोभित ।
पुग्दा त्यो स्थलमा सबै जनहरू बन्छन् सदा मोहित ॥

**गौरीवल्लभ**, २।३१

## ४.८.४ मालिनी छन्द

मालिनी छन्द 'अतिशक्वरी' भेद अन्तर्गत पर्दछ । यसमा १५ अक्षरहरू हुन्छन् । यसको पहिचान गणबाट नै यसरी गर्न सकिन्छ -

| न | न | म | य | य |
|---|---|---|---|---|
| ।।। | ।।। | ऽऽऽ | ।ऽऽ | ।ऽऽ |

ननमयय भएमा मालिनी छन्द हुन्छ ।

यसको आठ अक्षरमा विश्राम हुन्छ । यो छन्द वीररसमा र प्रकृति वर्णनमा बढी सुहाउँछ ।

यहाँ कविले प्रकृति वर्णनमा नै मालिनी छन्द प्रयोग गरेका छन् । उदाहरण -

अब मदन उदायो प्रेम भावै बढायो ।

गरम अब बढायो माद धेरै चढायो ॥

हिमशिखर अहा ! यी द्वारबाटै उठेका ।

कतिकति झरनाका दुग्धधारा बगेका ॥

**गौरीवल्लभ**, ४।१

### ४.८.५ झ्याउरे छन्द

काव्यकारले यस काव्यमा नेपाली लोकलयका रूपमा प्रसिद्ध झ्याउरे छन्दको पनि प्रयोग गरेका छन् । त्यसमा पनि असारे झ्याउरे छन्द प्रयोग गरेका छन् । जस्तै-

लक्षण : ३+२+३+२+३+३=१६

तीन र दुई तीन र दुई तीन र तिनमा

अक्षर सोह्र झ्याउरे भाका बन्दछ छिनमा

अथवा

५+५+३+३=१६ अक्षरको पनि हुन्छ । उदाहरण -

ती सतीदेवी हतार गरी माइत पुग्दछिन् ।

त्यो यज्ञ स्थल पुगेर रुँदै प्रणाम गर्दछिन् ॥

दुःखित भई आँसुका धारा बगाई तरर ।

बाआमातिर बसेर सती रोएकी धरर ॥

**गौरीवल्लभ**, ६।२९

### ४.८.६ शिखरिणी छन्द

काव्यकार नारायणप्रसादले प्रस्तुत **गौरीवल्लभ** महाकाव्यमा शास्त्रीय छन्द शिखरिणीको पनि प्रयोग गरेका छन् । यो छन्द 'अन्त्येष्टि' भेद अन्तर्गत पर्दछ । यसमा जम्मा सत्र अक्षरहरू हुन्छन् । यसमा छ र एघार वर्णमा विश्राम हुन्छ र यो करुणरसमा बढी शोभा पाउँछ ।

| य | म | न | स | भ | लघु | गुरु |
|---|---|---|---|---|---|---|
| ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽ।। | । | ऽ |

छ पुग्दैमा रोक्ने यमनसभलगा शिखरिणी ।

यमनसभ लघु र गुरु भएको गणव्यवस्थाको छन्द हो ।

सतीको देहत्याग पछि शिवको कारुणिक अवस्थामा कविले यस छन्दको प्रयोग यसरी गरेका छन् -

सती कान्ता प्यारी हृदयरमणी अल्पिन गयौ ।
सबै मेरो माया सलिल सरिता झैँ अब गयौ ॥
नजाऊ मै भन्थेँ तर पनि नमानीकन गयौ ।
सती प्यारी एक्लै परमपदको दुर्गम गयौ ॥

**गौरीवल्लभ**, ६।५४

यसको प्रयोग अन्त्यानुप्रासरहित र अन्त्यानुप्राससहित दुवै प्रकारले गर्न सकिन्छ । यसमा कविले अन्त्यानुप्राससहित प्रयोग गरेका छन् ।

## ४.८.७ वसन्ततिलका

प्रस्तुत काव्यमा कविले वसन्ततिलका छन्दको पनि प्रयोग गरेका छन् ।

वसन्ततिलका छन्द विशेषतः चौध अक्षरको हुन्छ । यो छन्द शक्वरी भेद अन्तर्गत पर्दछ । यसमा आठ अक्षर पछि विश्राम हुन्छ ।

| त | भ | ज | ज | गुरु | गुरु |
|---|---|---|---|---|---|
| ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ऽ | ऽ |

बन्ला वसन्ततिलका तभजाजगौगः

तगण भगण दुईवटा जगण र दुई गुरु भएको छन्द वसन्ततिलका छन्द हो । जसमा चौध अक्षरहरू हुन्छन् ।

उदाहरण :

गौरी तिमी अघिसरी जति काम गर्छ्यौ ।
सम्पूर्ण हुन्छ महता यस लोक तर्छ्यौ ॥
राम्रो रहोस् अब सदा नवकान्ति तिम्रो ।
देखौं सदा समयको परिपूर्ण तिम्रो ॥

**गौरीवल्लभ**, ८।१०१

## ४.८.८ शशिवदना छन्द

काव्यकारले यहाँ प्रयोग गरेको आठौं छन्द शशिवदना छन्द हो ।

यो छन्द गायत्री भेदअन्तर्गत पर्दछ । यसमा जम्मा छ अक्षर हुन्छन् । यस छन्दमा सुललित अन्तर्गुञ्जनयुक्त शब्द छनोट सुहाउँछ र प्रकृति वर्णनमा पनि यसको प्रयोग उपयुक्त हुन्छ । यहाँ कविले प्रकृति वर्णनमा नै यसको प्रयोग गरेका छन् ।

यसमा न (।।।) य (।ऽऽ) = ६ अक्षर हुन्छन् ।

नय गण आए

शशिवदना भो

त्यसरी शशिवदना छन्द बन्दछ । उदाहरण -

शिव ! शिव ! शम्भो !

हर ! हर ! शम्भो !

मदन उदाई

तनभर आयो ॥

**गौरीवल्लभ**, ९।४६

## ४.८.९ मन्दाक्रान्ता छन्द

कवि नारायणप्रसाद गौतमले **गौरीवल्लभ** महाकाव्यमा प्रयोग गरेको नवौं छन्द मन्दाक्रान्ता छन्द हो । यसमा जम्मा सत्र अक्षरहरू हुन्छन् । यो छन्द पनि अन्त्येष्टि भेद अन्तर्गत पर्दछ । यस छन्दको प्रयोग विशेषतः कोमल एवं हृदयसंवेद्य भावयुक्त रचना वा विप्रलम्भ शृङ्गारमा र करुण रसमा विशेष सहयोगी र प्रभावपूर्ण हुन्छ ।

| म | भ | न | त | त | गुरु | गुरु |
|---|---|---|---|---|---|---|
| ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽ | ऽ |

'मन्दाक्रान्ता' मभनतत भै अन्त्य दीर्घै दुईमा ।

यसरी यसको निर्माण भएको हुन्छ । यहाँ कविले करुण रसमा यसको प्रयोग गरेका छन्-

शम्भो ! शम्भो ! शिव ! शिव ! भनी प्रार्थना नित्य गर्दा ।

शम्भो लागे तपतिर त्यहाँ पार्वती ध्यान गर्दा ॥

आऊ प्यारा शिव ! शिव ! भनी नित्य सेवा गरेर

कैलाशैमा सब दिन बिते नित्य औंला गनेर

यसरी यहाँ शिव पार्वतीको (सती) को वियोगमा तपमा लागेका छन् । कारुणिक पर्खाइ औँला गनेर दिन बितेका छन् ।

### ४.८.१०. पञ्चचामर छन्द

विशेषतः सोह्र अक्षर भएको अष्टि भेद अन्तर्गत पर्ने पञ्चचामर छन्दको प्रयोग कविले यस काव्यको चौधौँ सर्गको अन्त्यमा गरेका छन् । यो छन्द वीर रस र रौद्र रसमा विशेष सुहाउने छन्द हो । यो छन्द प्रमाणिका छन्दका दुई पाउ मिलेर पञ्चचामर छन्दको एक पाउबाट बन्दछ । यसको आठ अक्षरमा विश्राम हुन्छ ।

| ज | र | ज | र | ज | गुरु |
|---|---|---|---|---|---|
| ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ |

क्रमशः ज गण, र गण, ज गण, र गण, ज गण र एक गुरु भएमा पञ्चचामर छन्द हुन्छ । उदाहरण -

सबै रहस्यको महाकथा सुनाउँदै गए ।
भनेर शम्भुले यहाँ अझै चिनाउँदै गए ॥
बुझेर पार्वती अहो ! उनी विमुग्ध बन्दछिन् ।
लिएर यो मनैभरी सधैँ सुमन्त्र जप्दछिन् ॥

**गौरीवल्लभ**, १४।१२७

### ४.८.११ लोकलय (सवाई)

यो नेपालीमा अन्यन्त प्रसिद्ध र लोकप्रिय छन्द हो । नेपाली कविताको प्राथमिक कालमा पनि संवाद छन्दमा धेरै कृतिहरू लेखिएका पाइन्छन् । प्राचीन कालमा वीरछन्दका रूपमा प्रचलित यस लयमा धेरै सवाई र लहरीकाव्यहरू पनि लेखिएका पाइन्छन् । यसमा पनि चार पाउको एक श्लोक हुन्छ र प्रत्येक पाउमा १४ अक्षर हुन्छन् । यसको संरचना ४+४+४+२=१४ हुन्छ ।[२२] जस्तै -

यसै गरी डुल्दा डुल्दै धेरै याम गयो ।
शिवजी र पार्वतीको साह्रै माया भयो ॥
पार्वतीको साथ मात्रै कति बसी राख्नु ।
योभन्दा त अतिराम्रो अन्तै घुम्न जानु ॥

**गौरीवल्लभ**, १५।१९

[२२] देवी नेपाल, **छन्द पराग,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

### ४.८.१२ कुटक (नर्कुटक)

काव्यकारले काव्यको अन्तिमतिर जय ! जयकार गर्दै कुटक (नर्कुटक) छन्दको प्रयोग गरेका छन् । यो छन्द 'अन्त्येष्टि' भेद अन्तर्गत पर्दछ । यसमा सत्र अक्षर हुन्छन् ।

| न | ज | भ | ज | ज | लघु | गुरु |
|---|---|---|---|---|---|---|
| ।।। | ।ऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | । | ऽ |

क्रमिक भए नजभजजलागुरु नर्कुटकः

क्रमशः न गण, ज गण, भ गण, ज ज अन्त्यमा लघु र गुरु भएमा कुटक छन्द हुन्छ । यसमा पाँच र एघार अक्षरमा विश्राम हुन्छ । जस्तै :

जय शिव ! पार्वती जय सदाशिव शम्भु जय ।

जय ! जयकार हे ! हिमसुता भवनाथ जय ॥

जय ! जय ! आशुतोष भगवान् विवेक विधि ।

जय गिरिराज हे ! नग विशाल सुभाग्य विधि ॥

**गौरीवल्लभ**, १५।१२२

### ४.८.१३ तोटक

महाकाव्यकार गौतमले आशीर्वचन लेख्दा तोटक छन्दको प्रयोग गरेका छन् । तोटक छन्द पनि साहित्यको प्रमुख शास्त्रीय छन्द हो । यस छन्दमा बाह्र अक्षर हुन्छन् । बाह्र अक्षरका छन्दहरू विशेषतः जगती भेद अन्तर्गत पर्दछन् ।

| स | स | स | स |
|---|---|---|---|
| ।।ऽ | ।।ऽ | ।।ऽ | ।।ऽ |

बुझ तोटक छन्द 'स' चार भए ।

चारओटा स गण र बाह्र अक्षर भएको छन्द तोटक छन्द हो । यसको तीन र छ अक्षरमा विश्राम हुन्छ । यो छन्द सिर्जना वा चेतना जागृत गराउने भाव भएको रचनामा बढी शोभायमान हुन्छ । यहाँ कविले पनि चेतना जगाउने र उत्साह बढाउने प्रसङ्गमा यस छन्दको प्रयोग गरेका छन् । जस्तै :

जय हे ! जय हे ! शिव हे ! शिव हे !

भवमा जनता सुख शान्त रहे ।

शिवको स्थल यो सब स्वर्ग रहे

शिवको तपले सब दुःख हरे ॥

**गौरीवल्लभ**, १५।१२९

### ४.८.१४ निष्कर्ष

विभिन्न छन्दहरूको प्रयोग गरेर कवि नारायणप्रसाद गौतमले यस काव्यलाई छन्द प्रयोग शास्त्रीय काव्यमाफ पुऱ्याएका छन् । भाषा सरल र सरस बनाउने प्रशस्त प्रयास गरिएको छ । नेपाली जनजिब्रोमा प्रयोग भएका र साहित्यमा चीरपरिचित छन्दहरूको प्रयोगले काव्यमा नेपालीपना थपिएको पाइन्छ । लौकिक छन्द, संवाद र झ्याउरे जस्ता काव्यमा प्रयोग गरेर काव्य रचना गर्दा शास्त्रीय र झ्याउरे मिठासले काव्यलाई थप सरस बनाएको छ । सामान्य लेखपढ गर्न जान्ने व्यक्तिले पनि सजिलै बुझ्न सक्ने भाषा प्रयोगले यो काव्य अरू सुबोध्य भएको पाइन्छ । आज नेपाली साहित्यमा शास्त्रीय छन्दको प्रयोग गरेर काव्य रचना गर्न सक्ने व्यक्तिहरू औंलामा गन्न सकिने परिस्थितिमा कुशलतापूर्वक छन्द प्रयोग गरेर काव्य रचना गरी थप साहित्य वा काव्य स्रष्टाहरूमा उत्साह थप्ने कार्य समेत गौतमले गरेका छन् । जसरी पाणिनिले आफ्नो व्याकरणको एकै सूत्रमा श्वान, युवा र मघवानलाई उनेका छन्- 'श्वयुवमघोनामामतद्धिते' त्यसरी नै काव्यकार गौतमले झ्याउरे, लोकलय र शास्त्रीय आदि विभिन्न छन्दहरूलाई एउटै काव्यमा उनेका छन् ।

## ४.९ रस संयोजन

रसभावको प्रस्तुतिका सन्दर्भमा नारायणप्रसाद गौतमले आफ्नो **गौरीवल्लभ** महकाव्यमा विशेषतः शान्त रसको प्रयोग बढी गरेका छन् । ज्ञानप्रधान काव्यभन्दा फरक नपर्ने यस महाकाव्यमा अरू पनि विभिन्न रसहरूको संयोजन पाइन्छ । प्रथमतः काव्यारम्भमा मङ्गलाचरणबाट नै काव्य प्रारम्भ गरेको देखिन्छ । महाकाव्यकारले जुन पूर्वीय काव्य सिद्धान्तको परम्परा पनि हो, यसमा नमस्कारात्मक वस्तुनिर्देशात्मक र आशीर्वादात्मक मङ्गलाचरण गर्दै ब्रह्मा, विष्णु, शिव, सूर्य र सरस्वती आदिको प्रणामपूर्वक काव्यको थालनी गरेका छन् । पचास श्लोकले मङ्गलाचरण मात्रै गरिएको छ, जुन सबै शान्तरसमय छन् । त्यसपछि चराचर सृष्टि विस्तारको वर्णन छ, जसमा (सर्ग र विसर्ग) उत्पन्न र विस्तारलाई बढी जोड दिइएको छ । यसमा पनि प्राधान रसमा शान्तरस नै उजागर भएको छ ।

द्वितीय सर्गमा प्राकृतिक वर्णन गर्दै काव्यकारले कैलाश आदिको वर्णन गरेका छन् जसमा कही शृङ्गार र कहीँ शान्त रसको नै बाहुल्य देखिन्छ । साथै कहीँ वीभत्सरस पनि निष्पन्न भएको पाइन्छ ।

जस्तै डुब्छन् रौरबको विभत्स रमा दौडेर आवेशमा **गौरीवल्लभ** ॥२॥३८ श्लोकमा पुनः शिवस्वरूपको वर्णन छ यसमा शान्तरस प्रधानरसका रूपमा आएको छ । जस्तै :

स्वरूप शिवका हेर्दा स्थूल र सूक्ष्म रूप छन् ।

स्थूलमा पूर्ण ब्रह्माण्ड सूक्ष्ममा विन्दु-विन्दु छन् ।

(**गौरीवल्लभ,** २।६५)

तृतीय सर्गमा कही कही मेघ वर्णनमा वीर रसको आभास भएको छ भने पूर्ण रूपमा शान्त रस नै प्रधान रसमा रहेको छ । सृष्टिको विचित्र वर्णनमा काव्यकारले अद्भुत रस समेतको संयोजन गरेको देखिन्छ । तृतीयसर्गको ७५ औं श्लोकबाट मानवजीवनको दुःख भोगाइ र अन्त्य अवस्थाको कारुणिक वर्णन गरिएकाले करुण रस संयोजन हुन गएको पाइन्छ । चतुर्थसर्गको प्रारम्भमा नै शृङ्गार रसमा रचिएको श्लोकहरू देखिएका छन् जस्तै :

अब मदन उदायो प्रेम भाबै बढायो, गदम अब बढायो माद धेरै चढायो ।

हिमशिखर अहा ! यी द्वारबाटै उठेका कतिकति झरनाका दुग्ध धारा बगेका ॥

यसरी कामदेवको उपस्थितिसँगै प्रेमभाव आदिको वर्णनबाट शृङ्गार रसको अनुभूति भएको देखिन्छ भने अगाडि गएपछि २३ औं श्लोकबाट शिवजीको स्वरूपको वर्णनमा विभिन्न रसको उपस्थिति भएको छ । जस्तै वैयाध्रधुर्यमा बस्छ मृगको चर्म उड्दछ, भस्मलेपन यो गर्छ, फोहोरी घिन लाग्दछ **गौरीवल्लभ,** २।२३ यसरी काव्यकारले घिन लाग्ने आदिको वर्णनमा वीभत्सरसको उपस्थिति देखिन्छ भने अगाडि पुनः शान्तरसको उपस्थिति देखिन्छ जसमा शिव र सतीदेवीको विवाहको वर्णन पनि विवरणात्मक शैलीमा लेखिएको पाइन्छ । पञ्चमसर्गमा ज्ञानकाण्डको विशेष उपस्थिति छ जुन शान्तरसका रूपमा उपस्थित छ । षष्ठसर्गमा दक्षको यज्ञमा जान लागेकी सती र शिव संवाद छ जुन करुण र शान्तरस मिश्रित रूपमा रहेको छ र सतीको देह त्यागपछि करुण रसप्रधान रसका रूपमा उपस्थित छ भने बीच-बीचमा वीभत्स रसको पनि योजना भएको पाइन्छ । जस्तै करुणरसको उदाहरण-

थियो कैलाशैमा सुमधुर तथा शान्त रसमा

दुवै हामी वस्थ्यौ अगम परमानन्द सुखमा ॥

तथापी हामीले यसजगत्को भोग गरियो

त्यसैले गर्दा यो मुफत ननिको शोक गरियो ॥

(**गौरीवल्लभ,** ६।६१)

करुणरसको स्थायीभाव शोक भएकाले पनि यहाँ करुण रस उजागर छ ।

यसरी नै ६८ श्लोकसम्म करुण रसको नै प्रस्फुरण छ भने ६९ श्लोकमा वीभत्सरसको प्रस्फुरण छ । जस्तै :

त्यसै डुल्दा डुल्दै शिवविरहले पागलपन

सतीलाई बोक्दै भुवनभर डुल्दै रनवन ॥

सती बोक्दा बोक्दै फतफत भए अङ्ग पतन

त्यही ठाउँ बन्थे उस समयमा लिङ्ग गठना

(**गौरीवल्लभ,** ६।६९)

सतीका देहका अङ्गहरू फलफत गलेर खसेको वर्णनले वीभत्स रस आएको छ जसको फुगुरसा नै स्थायी भाव हो । ७० श्लोकमा पनि वीभत्स रस नै प्रतीति छ भने पुनः ७१औं श्लोकमा करुण रस नै उजागर भएको पाइन्छ । अब ७२औ. श्लोकबाट छन्द र रस दुवैमा परिवर्तन आएको छ, जसमा शान्त रसप्रधान रूपमा आएको छ । पुरै सर्गमा शान्तरस नै देखापर्दछ । सप्तम सर्गमा हिमालको र त्यहाँका राजा रानी मेना समेतको साधारण वर्णनबाट शृङ्गारको आभास भएको छ, जसमा गर्भाधान आदिको वर्णन छ । त्यसपछि पुनः गौरीको स्वरूपको वर्णन गर्दै सौन्दय आदिको वर्णनले शृङ्गार रस नै उजागर भएको छ । विवाह गर्नका लागि शिवलाई मन पराउनाले पनि प्रेम प्रणयको वर्णनले शृङ्गार रसलाई पुष्टता प्रदान गरेको छ । सप्तम सर्गको अन्त्यतिर पुनः शिवको तपस्या गर्ने पार्वतीको इच्छा भएकाले शान्त रस आएको छ । अस्टम सर्गमा पूर्ण रूपमा शान्त रस उजागर भएर आएको छ । सम्पूर्ण सृष्टिको वर्णन आएको छ भने बीचबीचमा भयानक आदि रसको पनि उपस्थिति छ । जस्तै -

सङ्कल्प ब्रह्मको हुन्छ प्रलय पनि हुन्छ यो ।

प्रलय कालमा सारा जगत्को लय गर्छ यो ॥८।१३०॥

यहाँ प्रलय आदिको वर्णनले भयानक रसको अनुभूति भएको छ । त्यसपछि शान्तरस नै प्रमुख रसका रूपमा देखा परेको छ । नवम सर्गमा केही वीर रसको आभास आए पनि त्यसले स्थायी भाव क्रोधको उजागर गर्न सकेको छैन र शिवलाई देवताले पुकार गरेको वर्णनले करुण रस आएको छ । यसमा सबै देवताहरू पराजयको शोकमा डुबेका छन् र शिवको समीपमा पुगेको वर्णन गरिएको छ ।

पुनः २१औं श्लोकबाट शिवलाई पुकारा गर्दै काव्यकारले केही वीरतापूर्ण र क्रोधलाई उत्पन्न गराउने शब्द प्रयोग भएका छन् । जस्तै :

शुली चढाऔँ अब दैत्यलाई

यी भ्रष्टचारी सब दुष्टलाई । यिनै कारणबाट वीर रस निष्पन्न भएको छ ।

साथै नवम सर्गमा नै कामदेवले सङ्गीत सहित लिएर शिवको समाधि भङ्ग गर्न गरेको प्रयासमा शृङ्गार रस उजागर भएको पाइन्छ । कही काव्यकारले एकै श्लोकमा करुण र शृङ्गार दुवै रसको पनि आभास गराएको पाइन्छ । जस्तै :

शिव ! शिव ! शम्भो !

हर ! हर ! शम्भो !

मदन उदाई

तनभर आयो

यहाँ शिव ! शिव ! भन्दै पुकारा गरिएको छ जुन शोक छ र समस्या समाधानका लागि अह्वान छ साथै मदन (कामदेव) उदाएर तनमा आएको छ, जुन कामुक भावना वा शृङ्गार रससँग सम्बन्धित छ । यसरी काव्यकारले शृङ्गार र करुण रसको एकै ठाउँमा संयोजन गर्दै यही सर्गमा नै गरिएको वर्णनमा कहीँ हास्यरस पनि देखा परेको छ । शिवलाई जगाउन गरिएको उद्योगमा यस्तो प्रयोग पाइन्छ । जस्तै-

छमछम नाच्दै, ढलपल गर्दै ।

चलमल चल्दै मुसुमुसु हास्तै ॥

यिनै श्लोकले हास्यरसको प्रतिनिधित्व गरेको देखिन्छ ।

दशम सर्गमा शान्त रस र पार्वतीको तपस्या देखेर पिता हिमालय र माता मेनाले गरेको विरह र पार्वतीप्रति गरेको प्रेम उजागर भएर करुण रसको उत्पत्ति भएको छ । जस्तै -

अहो ! तातोज्वाला अनलविचमा वस्नु छ त्यहाँ १०॥४३॥

यस्तै प्रकारका करुण रसलेयुक्त श्लोकहरूको रचना काव्यकारले गरेका छन् । ६५औं श्लोकपछि कही अद्भुत र कहीँ शान्त रसको पनि योजना गरेका छन् । तपको वर्णन र शिवले गृहस्थ आश्रममा नजाने भन्नाका प्रसङ्गले शान्तरसको योजना रहेको छ भने केही मात्रमा विवाह गर्ने इच्छा जाहिरी हुँदा शृङ्गारको आभास भएपनि पूरै सर्गमा शान्त रसका नै प्रयोजन भएको पाइन्छ ।

एकादश सर्गमा प्रारम्भमा करुण रस र शान्तरस दुवै मिश्रित रूपमा आएको पाइन्छ भने ५५औं देखि दुई श्लोक वसन्ततिलका छन्दमा रचिएका छन् भने उपमा अलङ्कार र शृङ्गार रसको उपस्थितिसमेत रहेको छ । जस्तै -

वैशाखमा कुदिनमा नव कान्ति फल्थ्यो, हेर्दा टलक्क शिरमा हिम शैलटल्थ्यो ।

चाँदीसरी हिमचुली सब मुस्कुरायो, देखेर स्वच्छपन यो मन फुर्फुरायो

(**गौरीवल्लभ,** ११।५५)

यसपछि शृङ्गार रसको संयोजन भएको छ । ऋतुराज वसन्तको वर्णनका साथै प्राकृतिक सौन्दर्य र प्राकृतिक वातावरण र हिमशैल कैलाश आदिको वर्णन आएको छ, जसमा शृङ्गार रसकै संयोजन भएको छ ।

द्वादशौं सर्गमा पार्वतीको आउनेवाला सम्बन्धित सुखको वर्णन भएकाले सम्भावना अलङ्कार र विवाहको तयारी र जन्ती आदिको वर्णनले शृङ्गार रसको संयोजन देखिएको छ ।

यज्ञ मण्डपको वर्णन र जन्तीको वर्णन गर्दै काव्यकारले शृङ्गार संयोजनका साथै बिदाइ गर्न लागिएका बेलामा करुण रसको आभाष भएको छ । त्रयोदश सर्गमा ज्ञानप्राधान र अनुशासन शिक्षा आधारित देखिन्छ । पतिव्रता नारीले मान्नुपर्ने धर्मलाई एक ब्राह्मणीलाई पात बनाएर पार्वतीलाई दिइएको शिक्षा नै यस सर्गको प्रमुख विषय भएकाले यस सर्गमा पनि शान्त रस नै प्रधानरसका रूपमा आएको छ ।

चर्तुदश सर्गमा प्रणव मन्त्र ॐ कारको बारेमा वर्णन गरिएको छ । यस सर्गको पनि प्रधानरस शान्त रस नै रहेको पाइन्छ भने पञ्चदश सर्गमा शिव र पार्वती किरात र किरातिनीको रूप लिएर गरिएको वर्णनबाट शृङ्गार रसको संयोजन भएको पाइन्छ । यहाँ शिवले पार्वतीलाई भनेको एक श्लोकका रूपमा प्रस्तुत गरिन्छ -

रूपारानी तिमी सानी फूल थुँगा जस्ती
किराँतिनी भेष गर्ने तिमी कस्ती कस्ती ॥
फूलको थुँगा खोला खोली बगे जस्तो लाग्छ
कति राम्री फूलरानी छोपूँ छोपूँ लाग्छ

(**गौरीवल्लभ,** १५।२७)

किराँत र किराँतिनीको रूप लिएर भएको संवादको श्लोकमा शृङ्गार रस उजागर भएको छ ।

अन्त्यमा शिवको व्यापकता र स्वरूपको वर्णन गर्दै शान्त रसको संयोजनबाट नै काव्य टुङ्गिएको छ । प्रस्तुत काव्यको अङ्गी रस शान्तरस नै हो भने शृङ्गार, करुण, वीभत्स आदि रसहरू अङ्ग रसका रूपमा संयोजन भएको पाइन्छ ।

## ४.१० निष्कर्ष

नेपाली महाकाव्य परम्परामा आधारित रहेर शिव र पार्वतीको चरित्र चित्रण गर्दै समाजमा भएको र हुँदै गरेका विकृति समेतलाई औंल्याएर प्राचीन संस्कृतिको सम्मान गरेर आधुनिक समाजमा बाँध्न कविले सबै नेपालीलाई सिकाएका छन् । मानवजीवन क्षणिक छ, यसको अन्त्यको निश्चित छैन । यात्रा लामो छ, गन्तव्यको यथार्थ ज्ञान नभएमा पुग्न सकिँदैन । अनुशासनबिना समाज स्थापित हुन र सत्चरित्र नभएमा सामाजिक र आध्यात्मिक चेतना हुन सक्दैन भन्ने विचारबाट प्रेरित काव्यकार गौतमले यस महाकाव्यलाई विभिन्न अलङ्कार, रस, छन्दद्वारा सिंगारेका छन् । भिनो र सङ्क्षिप्त चरित्रचित्रण गर्दै काव्यकारले व्यक्तिका लागि आवश्यक आत्मज्ञान सरल र सरस भाषामा व्यक्त गरेका छन् । मानवीय चेतना भएको व्यक्ति अध्यात्मबाट प्रेरित हुन्छ, उसले सत्चिद् आनन्द प्राप्त गर्नु छ । सत्यम् शिवम् सुन्दरम्लाई प्राप्त गर्नुछ । यही विषयमा काव्यकार रमाएका छन् । रस काव्यको आत्म मानिन्छ । जसरी आत्मबिना शररि रहँदैन, त्यसरी नै रसबिना काव्यको अस्तित्त्व रहँदैन । महाकाव्यकार गौतमले यस महाकाव्य **गौरीवल्लभ**मा उदात्त विचारहरूको प्रक्षेपाण गर्दै छन्द र रसको संयोजनमा समेत आफ्नो काव्यकारिता प्रदर्शन गरेका छन् । अर्गान्त र सर्गादिमा गरिनुपर्ने छन्द र रसको समेत समुचित व्यवस्था गरेको पाइन्छ ।

# परिच्छेद : पाँच

# नेपाली महाकाव्य परम्परामा गौरीवल्लभ महाकाव्यको मूल्याङ्कन र योगदान

# परिच्छेद : पाँच

# नेपाली महाकाव्य परम्परामा गौरीवल्लभ महाकाव्यको मूल्याङ्कन र योगदान

## ५.१. गौरीवल्लभ महाकाव्य

नेपाली साहित्यमा महाकाव्य लेख्ने काव्यकारको अभाव प्रारम्भिककालदेखि नै रहदै आएको छ । त्यसमा पनि पूर्वीय परम्परालाई परियाग गरी आधुनिक र पाश्चात्य शैलीमा प्रायः नेपाली काव्यकारहरू परिवर्तन भइसकेका छन् । आफ्नै पूर्वीय काव्य परम्परालाई अँगाली महाकाव्य रचना गरेर नेपाली साहित्यमा महाकाव्यकार नारायणप्रसाद गौतमले ठूलो गुण लगाएका छन् ।

यस महाकाव्यको कथावस्तु शिव र पार्वतीको जीवन लीलामा आधारित रहेको छ । प्रकाशनका हिसाबले यो महाकाव्य द्वितीय महाकाव्यका रूपमा देखा पर्दछ । प्रायः ज्ञान जस्तो गहन विषयलाई बढी प्रारूपका साथ प्रयोग गर्दै गौतमकले यस महाकाव्यमा शान्त रसको संयोजन गरेका छन् भने कहीँ सतीको देह त्यागबाट उत्पन्न शोक र पार्वतीको बिदाइ सतीको बिदाइ आदि प्रसङ्गमा करुणरसको पनि संयोजन भएको पाइन्छ । प्रस्तुत **गौरीवल्लभ** महाकाव्य १५ सर्गमा संरचित छ भने यसमा १९११ श्लोक रहेका छन् । यो महाकाव्य पूर्वीय काव्य सिद्धान्तमा आधारित महाकाव्य हो । यसको विषय विशेषतः अध्यात्मवादी चिन्तन नै रहेको छ वेदान्त दर्शन, साङ्ख्य दर्शनका साथै प्रणव (ॐ) को वर्णनले यस महाकाव्यलाई दार्शनिककाव्य पनि भन्न सकिन्छ ।

## ५.२ गौरीवल्लभ महाकाव्यमा काव्यिक स्तर र कवित्व

गौरीका वल्लभ **गौरीवल्लभ** तत्पुरुषको समासको संयोजनबाट निर्मित शब्दबाट यस महाकाव्यको नामाकरण घटित भएको पाइन्छ । नारायणप्रसाद गौतम नेपाली साहित्यका आदर्शवादी र नैतिक चेतनावादी काव्यकारका रूपमा देखापरेका छन्। आफ्नो लेखनी कहिले

गुरुभक्ति र कहिले इष्टदेव महादेवको गुणगानमा अविरल चलिरहेको पाइन्छ । आफ्नो मनमा उठेका भावनालाई छन्दमा उतार्न कविको प्रतिभा प्रष्ट देखिएको छ । काव्यमा काव्यत्व ल्याउन उनी सजग देखिएका छन् । अन्यायलाई अन्त्य गरी न्यायको पक्षमा आफूलाई उभ्याउँदै समाजका विकृतिलाई सफा गर्न आध्यात्मिक चेतना चाहिन्छ भन्ने विचारले प्रेरित महाकाव्यकार गौतम समाज या उज्यालो पक्षका सजग र सचेत व्यक्तिका रूपमा देखा परेका छन् । रस, गुण, अलङ्कार, छन्द आदिमा उनी पूर्ण समर्पित रहेको पाइन्छ । महाकाव्यगत धर्मितामा उनी सफल औडसा विचारले प्रेरित शिवभक्त महाकाव्यकारका रूपमा उनलाई यो काव्य पढ्दा सजिलै पाउन सकिन्छ । यिनै विषयलाई हृदयाङ्गम गर्दै नारायणप्रसाद गौतमको काव्यिक स्तर र कवित्व चर्चा यहाँ गरिएको छ ।

## ५.२.१ काव्यिक स्तर

पूर्वीय काव्य साहित्य सिद्धान्तमा आधारित महाकाव्य भएकाले यसको स्तर निर्धारण पनि पूर्वीय काव्य सिद्धान्तको आधारमा गरिनुपर्ने हुन्छ । महाकाव्य पूर्वीय परम्परामा सर्गवन्ध, छन्दोवद्ध, ऋतुवर्णन, यात्रा वर्णन, युद्धवर्णन र धीरोदात्त नायको अपेक्षा गर्दछ । यस महाकाव्यमा सर्गवन्धको संयोजनका साथै अन्य सिद्धान्तको समेत समुचित व्यवस्था गरिएको पाइन्छ ।

नेपाली साहित्य महाकाव्यको विद्यामा कमजोर विद्या नै हो । यसका उपासक र रचयिता कमै रहेका छन् । मनुष्य जन्म दुर्लभ छ त्यसमा पनि विद्या दुर्लभ र विद्या त्यसमा पनि शक्ति झन दुर्लभ छ शक्तिभन्दा विद्या दुर्लभ र विद्याभन्दा कवित्व दुर्लभ भन्ने उक्ति हामी सुन्दै आएका छौं । यसरी महाकाव्य सृजना गर्न सक्ने कवि बन्न त झनै अभाव नै रहेको पाइन्छ । नारायणप्रसाद गौतम नेपाली साहित्यका उदयमान काव्यकार हुन् उनले यो **गौरीवल्लभ** महाकाव्यभन्दा पहिले **कुमार गौरव** महाकाव्य २०६२ लेखी सकेर मात्र लेखेका हुन् । आभ्यासिक महाकाव्य कुमार गौरव भएपनि काव्यगठिताको विस्तार **गौरीवल्लभ**मा बढी देखिएको छ । उनको यो **गौरीवल्लभ** महाकाव्य पूर्वीय काव्य सिद्धान्तमा आधारित महाकाव्य हो । यो महाकाव्य बाह्य एवम् आन्तरिक दुवै दृष्टिबाट हेर्दा स्तरमा उच्च रहेको पाइन्छ ।

धेरै सर्गहरूमा निवृद्ध पद्यप्रबन्धलाई महाकाव्य भनिन्छ ।[१] प्रस्तुत **गौरीवल्लभ** महाकाव्य धेरै सर्गहरू १५ सर्गमा निबद्ध पद्य प्रबन्धका रूपमा रहेको छ । त्यसरी नै सर्गवन्धो महाकाव्यं

[१] वेणी माधव ढकाल (टीका.), **काव्यदीपिका,** गङ्गादास कृत, विद्यार्थी पुस्तक भण्डार, पृ. ११२ ।

तत्रैको नायकः सुरः[२] महाकाव्य सर्गवन्ध हुन्छ र त्यहाँ कुनै एक देवता वा धीरोदात्त नायक हुने गर्दछ यस **गौरीवल्लभ** महाकाव्यमा पनि सर्गबन्धको समुचित व्यवस्था छ र यसका प्रधान नायक शिव (सुर) देवता हुन् । यस काव्यको उपाजीव्य काव्य **शिवपुराण** नै हो भन्ने पुरै काव्य पढ्दा अवगत हुन गएको छ । नायक चयनमा पनि काव्यकार सफल भएका छन् र यस काव्यको काव्यिक स्तर यस अर्थमा सफल देखिएको छ ।

महाकाव्यको आरम्भ आशीर्वाद, नमस्कार र अथवा सम्बद्ध विषयको निर्देशद्वारा अनुप्राणित हुनपर्दछ ।[३] यस भनाइबाट पनि काव्यको लक्षणमा **गौरीवल्लभ** महाकाव्यमा मङ्गलाचरण आशीर्वादात्मक नमस्कारात्मक र वस्तुनिर्देशात्म तीनै प्रकारका मङ्गलचरणको संयोजन छ । यसरी नै आदौ नमस्क्रियाशीर्वा वस्तुनिर्देश एव वा[४] का अनुसार यहाँ पनि महाकाव्यकारले प्रारम्भमा नमस्कार, आशीर्वाद र वस्तु निर्देशात्मक मङ्गलाचरणलाई नै जोड दिएका छन् । प्रस्तुत **गौरीवल्लभ** महाकाव्यमा ५० श्लोकले मङ्गलचरण मात्र गरिएको देखिन्छ । यसरी हेर्दा मङ्गलाचरणको संयोजन आवश्यकता भन्दा बढी छ भने मङ्गलाचरण तीनै प्रकारले गरिएको छ जस्तै -

नमस्कारत्मकः गुरु, माता, पिता, अग्नि, प्रकृति, कवि-केशरी ।
नमस्कार सबैमा यो श्रद्धा भक्ति छ बेसरी ॥१॥२॥

वस्तुनिर्देशात्मक - पार्वती शिवको गाथा, विषय नै विशेष छ ।
काव्य पूरा गर्नु भन्ने सदिच्छा मनचित्र छ ॥१॥६॥

आशीवादात्मक - त्यसैले मनको भाव प्रदीप्त भइ वग्दछ ।
परमेश्वरको अंश प्राप्त होस्. मन भन्दछ ॥१॥७॥

यसरी महाकाव्यकार गौतमले मङ्गलाचरणको आचरण विधिवत् गरेको पाइन्छ ।

महाकाव्य धर्म, अर्थ, काम र मोक्ष रूप प्रयोजनसँग सम्बद्ध हुनपर्दछ ।[५] भनिएको छ भने साहित्यदर्पणमा पनि महाकाव्यको लक्षणबारे यसो भनिएको छ -

हतिहासोद्भवं वृंत्तमन्यद्वा सज्जनाश्रयम् ।
चमत्कारस्तस्य वर्गास्तेष्वेकं च फलं भवेत् ॥[६]

---

[२] विश्वनाथ, **साहित्यदर्पण**, टिकाकार सत्यवत सिंह, वाराणसी : चौखम्बा विद्या भवन, १९९७, पृ. ५४९ ।
[३] वेणीमाधव ढकाल, **काव्यदीपिका**, पूर्ववत् ।
[४] विश्वनाथ, **साहित्यदर्पण**, पूर्ववत् ।
[५] वेणीमाधव ढकाल, **काव्यदीपिका**, पूर्ववत् ।
[६] विश्वनाथ, **साहित्यदर्पण**, पूर्ववत् ।

यस मान्यतामा पूर्वीय काव्यशास्त्रीहरू सहमत पाइन्छन् । यस दृष्टिबाट **गौरीवल्लभ** महाकाव्यको अध्ययन गर्दा यसमा उदात्त नायक स्वयं देवधिदेव महादेश शिवलाई प्रमुख नायकका रूपमा महाकाव्यकारले लिएका छन् । उनी सबै देवताद्वारा पूजित र सबै सुर, नर, मुनिका आराध्य देव पनि हुन् भन्ने देखाइएको छ । कार्यमा कुशल छन् । धीरोदात्त नायकका रूपमा नै महाकाव्यकारले नायकको चित्रण गरेको पाइन्छ । कथावृत्तका आधारमा यो ऐतिहासिक र पौराणिक दुवैका रूपमा चिनाउन सकिने कथावृत्त रहेको पाइन्छ । हाम्रै कलाकारहरूबाट पनि यो काव्यको चरित्र हाम्रै परिवेश र वातावरणमा चित्रण गर्न सकिने देखिएको छ । मरिणामतः संयोगान्तमा गएर पूर्ण भएको पाइन्छ । मानव जीवनको लक्ष्य भन्नु नै धर्म, अर्थ, काम मोक्ष हो । आफ्नो कर्तव्य पथमा अग्रसर हुन जीवन चेतना आवश्यक हुन्छ । चेतना भएमा मात्र आर्थिक उन्नति व्यक्तिले गर्न सक्दछ । आर्थिक भन्नाले अर्थयुक्त कार्य गर्नु वा सामाजिक प्रतिष्ठा, नैतिक चेतना, मान प्रतिष्ठा स्थापना गर्नु आदि सबै आर्थिक उन्नतिका मेरुदण्ड हुन् । मानव चेतनशील भएकाले आफ्ना कामना सिद्ध गर्न सक्नु उसको आफ्नो दायित्व पनि हो । जबसम्म कामना सिद्ध हुँदैन सामाजिक, व्यक्तिगत, मनोवैज्ञानिक आदि कामना पूरा भएमा मात्र व्यक्तिले सत्यम् शिवम् सुन्दरम्को प्राप्ति गर्न सक्छ जसलाई बन्धनबाट छुटकार । अज्ञाननाश गरी ज्ञान प्राप्त गर्नु पनि मोक्ष प्राप्तिको सोपान हो त्यसलाई व्यक्तिले चारै प्रकारका पुरुषार्थ सिद्ध गर्न उसको जीवनको वास्तविक उद्देश्य पनि हो । जगत्का सबै प्राणी यही परिप्रेक्ष्यमा रुमलिई रहेको पाइन्छ यिनै कार्य सिद्धिमा आफ्नो जीवन समर्पण गरेको हुन्छ व्यक्तिले । यी सबै उद्देश्य सिद्धिका लागि व्यक्तिले काव्य अध्ययन गरेर मात्र सक्दछ । प्रस्तुत महाकाव्य **गौरीवल्लभ**मा व्यक्तिका लागि आवश्यक सामाग्री खोजी खोजी र बिनी लिएमा प्राप्त छ । जीवन बाँच्ने अनुशासन र चेतना यहाँ पाइन्छ । ज्ञानबाट मात्र मुक्ति मिल्छ । ज्ञानका लागि अक्षर ब्रह्मको बारेमा महाकाव्यकार गौतमले प्रणव (ॐ) को वास्तविक अर्थ बताएर खुलाइ दिएका छन् चराचर जगत् र ब्रह्मको स्वरूप सगुण र निर्गुण आदिका बारेमा यस महाकाव्यमा प्रसस्त सामग्रीहरू पाइन्छ । यसबाट पनि पुरुषार्थ चतुष्ट्य प्राप्त गर्नमा यो काव्य अग्रसर रहेको पाइन्छ । यसरी आध्यत्मिक दृष्टिकोणबाट यो महाकाव्य काव्यिक स्तरमा उच्च रहेको पाइन्छ ।

शृङ्गारवीरशान्तानामेकोऽङ्गी रस ईष्यले । अङ्गानि सर्वेऽपि रसाः सर्वे नाट्सन्धयः[७] महाकाव्यमा शृङ्गार वीर र शान्तमध्ये एक रस अङ्गी रस र अन्य रसहरू सबै अङ्ग रसका रूपमा आउनुपर्ने र नाटकका सबै सन्धिहरूको प्रयोग भएको भन्ने पाइन्छ । यहाँ नाटकका सबै

[७] विश्वनाथ, **साहित्यदर्पण**, पूर्ववत् ।

सन्धिहरू भन्नाले विश्वनाथकै अनुसार नाटकका ५ प्रकारका सन्धिहरूलाई सङ्केत गरिएको पाइन्छ । जस्तै १) मुख २) प्रतिमुख ३) गर्भ ४) विमर्श ५) निर्वहण सन्धि रहेका छन् । मङ्गलाचरणलाई नाटकमा मङ्गलगान पनि भनिन्छ । यसबाट महाकाव्यको थालनी र फलागम भन्नाले फलप्राप्ति अथवा उद्देश्य सिद्धिसम्ममा विस्तारित भएको महाकाव्य आफ्नो लक्षणयुक्त हुन्छ भनिएको छ । यसरी हेर्दा **गौरीवल्लभ** महाकाव्यमा पनि माङ्गलिक गान ५० लोकले गरिएको छ । मुखमा के विषयलाई लिएर महाकाव्य रचना हुन लागेको हो सो को सङ्केतपूर्ण रूपमा भएको प्रतिमुखमा मुखमा वर्णन गरिएको विषयको विस्तार र अगाडि वर्णनीय विषयलाई समेत सङ्केत गरिएको हुन्छ । सो पनि प्रस्तुत **गौरीवल्लभ** महाकाव्यमा पूर्ण रूपमा पालना भएको पाइन्छ, गर्भ कथा विस्तार र फल प्राप्तिको आशा पलाएर आउनुमा पार्वतीले शिवलाई प्राप्त गर्न गरिएको तपस्या सफलतामा परिणत भएबाट थाहा पाइन्छ । जस्तै तपस्थलमा गएर शिवले दर्शन दिनु, शिवजी नायकले विष्णु आदि देवताको अनुरोधलाई स्वीकार गर्नु, आदिबाट अब नायक र नायिका पार्वतीको मिलन त्यसबाट बिघ्न नाशको प्राप्तिमा नारकासुर विघ्नका रूपमा उपस्थित छ त्यसको नाशका लागि कुमारजीको जन्म आवश्यक छ भन्ने देखाउनुलाई गर्भ सन्धि भन्न सकिन्छ । विमर्शमा पुनः शिवजी तपस्यामा जाने हो कि जस्तो शङ्का उपशङ्काहरूको उपस्थिति हो भने । निर्वहणमा नाटक वा महाकाव्यको उपसंहारसम्म हुन्छ । फलागम यसको मुख्य विषय हो । काव्यबाट भएको उद्देश्य पूरा नै निर्वहण हो । यस **गौरीवल्लभ**मा तारकासुर बध, पुत्रप्राप्ति पछि र सम्पूर्ण विघ्न नाश भएर वास्तविक आनन्दानुभूति प्राप्त गरिएको छ । शिव र पार्वतीको वन विहार, देवताको विघ्न नाश, सत्यको स्थापना यस काव्यको निर्वहण हो । सत्यमार्गमा अग्रसर शिव नायकले प्राप्त गरेको आनन्दनुभूतिलाई काव्यकारले उनैप्रति समर्पण गरेका छन् र कामना सधैँ शिव पार्वती ( **गौरीवल्लभ**) रमाउन् भनेर काव्यको समापन गरेका छन् । यसरी यो महाकाव्य महाकाव्यका नियम पालना पूर्ण रूपमा सफल भएको पाइन्छ साथै यस महाकाव्यको अङ्गी रस शान्त रस रहेको छ भने अन्य अङ्गरसहरूको पनि संयोजनले रस संयोजनमा परिपूर्णता देखिन्छ ।

## ५.२.२ कवित्व

कवि वास्तवमा द्रष्टा र स्रष्टा दुवै हो । पहिले ऊ तत्त्वहरूको दर्शन गर्छ । त्यसपछि तिनलाई धारण गर्छ र कल्पनाको सहायताले शब्दहरूमा व्यक्त गर्छ । निश्चय नै तत्त्वहरूको

दर्शन गर्न सूक्ष्म दृष्टि चाहिन्छ तिनलाई ग्रहण गर्न तीव्र संवेदनशक्ति चाहिन्छ र वर्णन गर्न वा अभिव्यक्त गर्न विपुल शब्दहरूको ज्ञान चाहिन्छ । यसका लागि जीवन र जगत्को गम्भीर अनुभव अपेक्षित हुन्छ । यसरी दिव्यदृष्टि, सौन्दर्य चेतना र सहज संवेदनीयताको आधारमा आफ्नो परिवेशबाट उपलब्ध अनुभूतिलाई सशक्त शब्दावलीमा अभिव्यक्ति गर्ने व्यक्तिलाई नै कवि भनिन्छ ।

नेपाली काव्य साहित्यमा उदीयमान कविका रूपमा स्थापित महाकाव्यकार नारायण प्रसाद गौतम आध्यात्मवादी चिन्तन भएका कवि हुन् उनले विभिन्न विधाका साथै विशेषतः कविता विधामा बढी कलम चलाएका छन् । उनको काव्यकारिता हाल आएर निखारिदै आएको पाइन्छ । **गौरीवल्लभ** महाकाव्य उनको एक पौराणिक महाकाव्य हो । यसमा उनले महाकाव्यका बाह्य र आन्तरिक तत्त्वलाई समेत कुशल रूपमा पूर्वीय सिद्धान्त अनुसार पालना गरेका छन् । **शिवमहापुराण**मा वर्णित विषयवस्तुलाई लिएर त्यसमा कति बाधा नपुऱ्याई काव्यकारले आफ्नो कवित्व प्रदर्शन गरेका छन् । राष्ट्रिय भावना भएका कविले शिवजी प्रधान नायकलाई नेपाली परिवेशमा बिहार गर्ने नेपाली पोसाकमा नै वर्णन गरेका छन् । नेपाललाई शिव पार्वती खेल्ने स्थानको रूपमा वर्णन गर्दै काव्यकारले समाजमा भएका र नेताले गरेका क्रियाकलाप र भ्रष्टाचार समेत विषयलाई छोएका छन् । राक्षस तारकासुरसँग बिम्बका रूपमा नेपाली नेतालाई प्रयोग गरेर यिनीहरूलाई दण्डित तुल्याउनु पर्नेमा जोड दिएका छन् । कही प्रथम पुरुष र प्रायः तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेर काव्यकारले संयोगान्तक काव्यका रूपमा **गौरीवल्लभ** महाकाव्य रचेका छन् । कथावस्तु पौराणिक भए पनि हाम्रै परिवेश, वातावरण, वेशभूषा, भाषाशैली, आदिको प्रयोगमा कविले नेपालीत्वको छनक लगाएका छन् । छन्द प्रयोगमा कही कही इन्द्रवज्रा भनेर उपजातिको प्रयोग हुन गए तापनि एउटै परिवारको छन्द भएकाले स्वीकार्य बनाउदै शास्त्रीय छन्दको जम्मा १२ वटा छन्द प्रयोग गरेका छन् । यस **गौरीवल्लभ** महाकाव्यमा मूल रूपमा कविनिवद्धवक्तृप्रौढोक्ति कथन पद्धति प्रयोग भएको देखिन्छ भने आंशिक रूपमा कविप्रौढौक्तिको प्रयोग भएको पाइन्छ । कविनिवद्धवक्तृप्रौढोक्ति अन्तर्गत
अतीतावलोक जस्तै :

थियौ कैलाशमा सुमधुर तथा शान्त रसमा ।
दुवै हामी बस्थ्यौ उत्तम परमानन्द सुखमा ॥
तथापी हामीले यस जगत्को यो गरियो ।
त्यसैले गर्दा यो मुफत ननिकोशोका गरियो ॥६॥६१॥

विहङ्गावलोकन पद्धतिका साथै संवाद कम र बढी एकालाप, मनोवाद/स्वगत कथनकै प्रयोग गरिएको पाइन्छ । नेपाली साहित्यमा प्रचलित छन्द झ्याउरे र शास्त्रीय छन्दका साथै अलङ्कारहरूको पनि प्रयोग गरेको पाइन्छ । अन्त्यानुप्रासयुक्त छन्दको प्रयोग पूर्ण रूपमा गरिएकोले यो काव्य सङ्गीतमय भएर गुनगुनाएको छ । काव्यमा छन्दहरू सल्बलाएका छन् । शास्त्रीय छन्दमा प्रचलित चार पाउको श्लोक हुने छन्दको नै प्रयोग भएको छ । "गायत्री" भेद अर्न्तगतको मात्र छ अक्षरको पाउ हुने शशिवादना छन्ददेखि लिएर "अतिघृति" भेद अन्तर्गतको शार्दूलबिक्रीडित १९ अक्षर भएको छन्द सम्मको प्रयोग यस महाकाव्यमा गरिएको छ । **गौरीवल्लभ** महाकाव्यमा प्राणीजगत् धर्तीजगत्, वनस्पतिजगत् र मानवीय जगत्, देवलोक, ब्रह्मलोक, कैलाशलोक, सम्मकोभावजगत् समेतसँग सम्बन्धित विविध बिम्बहरूको प्रयोग गर्दै परम्परागत बिम्बहरूलाई पनि नवीन अर्थ दिन सक्ने गरी प्रयोग गरिएको पाइन्छ । देवलोकमा वा शिवलोकमा शिवको विवाह हुँदा हाम्रै नेपाली परिवेशका बाजाहरूको प्रयोगलाई काव्यकारले सहज ढङ्गबाट वर्णन गर्दै अमानवीय अर्थात् दैविक नायक शिवजीलाई मानवीय नायक र मानवीय बिम्बका रूपमा वर्णन गरेर काव्यकारले दैविक काव्यलाई मानवीय काव्यका रूपमा परम्परालाई आधुनिक बिम्बका रूपमा उतारेका छन् । नव नव बिम्बोद्भावन गर्ने स्वच्छन्दतावादी प्रवृत्तिको प्रयोग **गौरीवल्लभ** महाकाव्यमा भएकै छ ।

प्रतीक विधानका हिसाबले उच्च महत्त्व राख्ने **गौरीवल्लभ** महाकाव्यमा पार्वती प्रकृतिकी प्रतीक, शिव नायक, मानवको प्रतीक विष्णु, ब्रह्मा आदि ईश्वरको प्रतीकका रूपमा आएका छन् । मानव र प्रकृति एक अर्काबिना बाँच्न सक्दैन भन्ने र शक्ति र शिव यिनै दुईको प्रतीकका रूपमा देखाउँदै यिनीहरूको मिलनको आधार दिव्य शक्ति (तपस्या) नै भन्ने देखाइएको छ । यिनीहरूको मिलनबिना जगत् चल्न वा अगाडि बढ्न सक्दैन भन्ने भाव यस महाकाव्यमा देखाइएको छ । द्वित्वयुक्त र अनुकरणात्मक शब्दहरूको प्रयोगले अनुप्रासीयता झल्किने **गौरीवल्लभ** महाकाव्यमा अनुप्रासभित्र पनि श्रुत्यनुप्रास, वृत्यनुप्रास, अन्त्यानुप्रास, लाटानुप्रास र छेकानुप्रासका साथै अन्तरअनुप्रासको पनि स्वाभाविक प्रयोग भएको देखिन्छ । अथालङ्कारमा, उपमा, उत्प्रेक्षा आदि अलङ्कारहरूको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । संस्कृतनिष्ठ र नेपाली शब्दहरूले काव्यलाई झन् आलङ्कारिक तुल्याएको पाइन्छ ।

यसरी काव्यमा कवित्वको प्रयोग प्रचुर मात्रामा भएको छ । प्रस्तुत **गौरीवल्लभ** महाकाव्यको आकार १५ सर्गमा फैलिएको छ भने प्रत्येक सर्गमा काव्यकारले शताधिक श्लोकहरूको रचना गरेका छन् । **शिवपुराण** र **स्वस्थानीव्रत कथा** समेतलाई समेटेर काव्यकारले

प्राचीनकथालाई आधुनिकतामा ढालेका छन् र बिचबिचमा हाम्रो परिवेश, वातावरण, प्राकृतिक मनोरम समेत थपेर काव्यीय गुणले भरेका छन् । पूर्वीय काव्य सिद्धान्तानुसार प्रत्येक सर्गको अन्त्यमा छन्द परिवर्तन गर्दै आगमीन सर्गको सूचना समेत दिनुभन्ने रहेको छ जस्तै -

सर्गान्तमा छन्द परिवर्तन, पाठक वा श्रोताहरूको हृदयलाई आनन्द प्रदान गर्ने विषयवस्तुको सपन्नता र शब्दालङ्कार र अर्थालङ्कारद्वारा अलङ्कृत महाकाव्य कल्पान्तसम्म स्थायी हुन्छ ।[८] त्यसै गरी **साहित्यदर्पण**कारले पनि सर्गान्ते भाविसर्गस्य कथायाः सूचनं भवेत् ॥[९] भनेका छन् ।

यसरी सर्गका अन्त्यमा आउनेवाला भावी सर्गको कथाको सूचना हुनपर्दछ भन्ने सिद्धान्तलाई काव्यकार गौतमले अक्षरशः पालना गरेको पाइन्छ ।

यसरी हेर्दा काव्यकारले आफ्नो कवित्वमा पूर्वीय मान्यतामा निखार ल्याएका छन् । छन्दप्रयोग, रस संयोजन, भाषिक प्रयोग, संरचना र उद्देश्य समेतको प्राप्तिमा काव्यकार सफल देखिन्छन् । यात्रा वर्णन प्रसङ्गमा विवाहको यात्रामा कस्ता व्यक्तिहरूको उपस्थिति छ भन्ने समेत काव्यकारले देखाएका छन् । दूत कार्यमा वशिष्ठ र नारदलाई काव्यकारले प्रेषण गरेका छन् । दर्शनजस्तो गहन विषयलाई कविले कोमल शब्दद्वारा सजाएका छन् र सङ्गीतमय तुल्याएका छन् । अलङ्कारको रचना र रसको प्रवाहमा शब्द र छन्दले साथ दिएका छन् । महाकाव्यमा हुनपर्ने प्रौढ विचारका साथै आकर्षक वर्णनको समन्वयले यो महाकाव्य नेपाली साहित्यमा सफल महाकाव्यका रूपमा स्थापित भएको छ । कवित्वमा झन् निखार आएको छ ।

## ५.३ गौरीवल्लभ महाकाव्यको उपलब्धि

**गौरीवल्लभ** महाकाव्यका उपलब्धिहरूको चर्चा गर्दा पूर्वीय काव्य सिद्धान्तलाई आधार बनाएर काव्यरचनाको परम्परा नेपाली महाकाव्यमा प्राथमिक कालदेखि नै चल्दै आएको पाइन्छ । यसै आधारमा संरचित **गौरीवल्लभ** महाकाव्य पनि हो ।

महाकाव्यकार नारायणप्रसाद गौतमले नेपाली साहित्यमा भएको महाकाव्यको अभावलाई पुरा गर्नमा महत्त्वपूर्ण महाकाव्य दिएर ऋण लगाएका छन् । पश्चिमी काव्य परम्परा निरन्तर बढी रहेको यस युगमा आफ्नो परम्परालाई निरन्तरता दिदै काव्य सृजना गर्नु एक महत्त्वपूर्ण उपलब्धि हो । साहित्य भनेको समाजको दर्पण हो । तात्कालीन समाजको यथार्थ वर्णन

[८] **काव्यदीपिका**, पूर्ववत् ।
[९] **साहित्यदर्पण**, पूर्ववत् ।

तात्कालीन साहित्यले मात्र गर्न सक्दछ । हालको नेपाली समाजको चित्रण गरेर रचना गरिएको यस महाकाव्यले हालको समाजको चित्रण कस्तो रहेको छ भन्ने सूचना भावी सन्ततिलाई दिने छ । जसरी हालको समाजमा भ्रष्टाचारीहरूले कसरी समाजका व्यक्तिहरूलाई थिचोमिचो पारेका छन् भन्ने सङ्केत **गौरीवल्लभ** महाकाव्यको नवम्सर्गको १४ औं श्लोकदेखि २६औं श्लोकसम्म वर्णन गरिएको विषयले हालको समाजको चित्रण बिम्बका रूपमा गरेको पाइन्छ । यो चिरस्थायी रहने छ र यसले हालको समाजको चित्रण भविष्यसम्म पनि गरिरहने छ ।

हालको परिवेशमा महाकाव्य रचनाका शैलीहरू पाश्चात्य साहित्यले गाँजेर पूर्वीय परम्पराको प्रायः अन्त्य नै जस्तो आभास भएको पाइएको छ । अमूर्त, स्वैरकल्पनाका साथै समसामायिक धाराको थालनी मात्र भएको छ । नेपाली समाजले परिवर्तन खोजेको छ परम्परावादी धारालाई यथास्थितिवादी भनेर नकार्ने प्रवृत्तिको विकास भएको छ । छन्दमा विछन्द भइसकेको छ । शास्त्रीय विधि र प्राचीन विधितर्फ व्यक्तिको मन गएको छैन । आफ्नो संस्कृति समाजका व्यक्तिहरूले बिर्सी सकेका छन् । अतिवादीहरूले आफ्नो अस्तित्त्व जमाउन पश्चिमाहरूको संस्कृति स्विकार्न थालेका छन् । राष्ट्र र समाज कताजाने हो थाहा छैन । यस्तो परिस्थितिमा पूर्वीय काव्य परम्पराको जगलाई जरैदेखि उखेल्न पश्चिमेलीहरू तत्पर भएका छन् । प्राचीनका पुजारी देवकोटा जस्ता राष्ट्रप्रेमी काव्यकारको खाँचो समाजमा भइसकेको छ । यही परिवेशमा भावी सन्ततिले काव्यको पुनः खोजी नगर्लान् भन्न सकिदैन, त्यसैले भविष्यमा अध्येताहरू पनि पाइन सक्छन् र छन्द, रस, अलङ्कार आदि साहित्य सिद्धान्तहरूको खोजी पुनः हुन सक्छ । त्यसबेलाका लागि यो काव्य **गौरीवल्लभ** पनि नेपाली साहित्यको पथ प्रदर्शक हुन सक्छ त्यसैले यो महाकाव्य पूर्वीय सिद्धान्तको जगलाई बलियो बनाउने र एउटा ढुङ्गाको रूपमा सहायक बन्न सक्छ । संस्कृतिको जगेर्नामा महत्त्वपूर्ण भूमिका खेल्नसक्छ भन्ने सम्भावित उपलब्धि हुन जानेछ ।

नेपाली साहित्यमा देवकोटाको अवसानसँगै नेपाली कविता फाँटमा मोहन कोइरालाबाट प्रयोगवादी घारा (२०१७-२०२७) को थालनी **रूपरेखा** पत्रिका मार्फत *घाइतेयुग* कविता प्रकाशनबाट भएको हो । प्रयोगवादी धारा फ्रान्सेली कविता साहित्यको उपज हो भने पाश्चात्य चिन्तनमा देखा परेको विकासको अमूर्त चित्रकला, नित्सेको ईश्वरको मृत्युको घोषणा, डार्बिनको विकासबाद, फ्रायडको यौन मनोविज्ञान र प्रतीकवादी, अतियर्थाथवादी, विसङ्गतिवादी अस्तित्त्ववादी दर्शनको प्रभाव विशेष रूपमा परेको पाइन्छ । प्रयोगवादी काव्यमा जीवनको निस्सारता, अमूर्त लेखन, हीनता, व्यर्थता, जटिलता दुर्बोध्यता यस धाराको प्रमुख प्रवृत्ति हुन् ।

मोहन कोइरालाका नदी **किनाराका माझी, गङ्गा प्रवास** र **सूर्यदान** आदि लामा कविता महाकाव्य नभए पनि  खण्डकाव्यका कोटि अन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ । यस परिवेशबाट जगदीश समसेरको **नरसिंह अवतार** (२०३७) यसवादको महाकाव्य भनेर चिनिन्छ, जो प्रयोगवादी धाराकै प्रमुख महाकाव्य हो, जसमा पूर्वीय काव्य परम्परालाई छाडेर आधुनिक विसङ्गतिवादी प्रवृत्तिमा काव्य रचना गर्ने र पाश्चात्य साहित्यलाई आत्मसात् गर्ने प्रवृत्तिको विकास भई सकेको अवस्थामा समसामयिक धाराको थालनी भएको हो । २०३८ सालबाट यस धारामा पूर्वीय पाश्चात्य साहित्य सिद्धान्तलाई आत्मसात् गर्दै काव्य रचना गर्ने प्रवत्तिको विकास भएको छ जसले आफ्नो मौलिक पूर्वीय संस्कृति र आध्यात्मवाद समेतलाई आत्मसात् गरेकाले यस **गौरीवल्लभ** महाकाव्यले प्रयोगवादी धाराको अपरम्परागतलाई परम्परागत रूपमा शृङ्खला विहीनलाई शृङ्खलावद्ध, कथाहीनलाई कथनीय, संरचनाहीनलाई संरचना सहित, अनीश्वरलाई ईश्वरवादी विचारमा परिणत गरेको पाइन्छ । जीवनको यथार्थ वर्णन, आध्यात्मवादी चिन्तन र ईश्वरीय सत्ताको पूर्ण स्वीकार गरिएको महाकाव्य भएकाले यसको संरचनाले प्रयोगवादी धाराको विरोध र समसामयिक धाराको पूर्ण समर्थन गर्नु यसको अर्को उपलब्धि रहेको छ ।

## ५.४ गौरीवल्लभ महाकाव्यका कमजोरीहरू

महाकाव्यीय गुणले मुक्त भएर पनि मानवीय अवचेतन मनबाट यो त्रुटिपूर्ण छ भन्ने जान्दाजान्दै पनि व्यक्तिले मानवीय स्वभावका कारण त्रुटि गर्दछ भने महाकाव्य लेखन जस्तो कार्यमा केही सीमितता हुनु स्वाभाविक देखिन्छ । महाकाव्यकार नारायणप्रसाद गौतमले निबन्ध, कथा, समालोचना र कविता विधामा कलम चलाएको पाइन्छ । यति भए तापनि उनका सबैभन्दा उन्नत विधा भने कविता विधा नै हो । प्रथम **कुमार गौरव** महाकाव्य (२०६२) लेखी यसपछि द्वितीय महाकाव्यका रूपमा **गौरीवल्लभ** महाकाव्य (२०६५) प्रकाशन गरेका छन् । पौराणिक महाकाव्यलाई आधुनिक महाकाव्यका रूपमा स्थापित गर्दै महाकाव्यकारले प्रसस्त मौलिकता प्रदान गरेका छन् ।

महाकाव्यको थालनी मङ्गलाचरणबाट भएको छ । मङ्गलाचरण १, वा २ अथवा तीन श्लोकसम्मको हुनसक्छ जसमा नमस्कार, आर्शीवचन वा वस्तुनिर्देशन तीनवटै वा एक वा दुई हुन सक्दछन् तर महाकाव्यकारले सबै देवताहरू र विष्णु, ब्रह्मा, शिव आदिको छुट्टाछुट्टै वन्दना गरेका छन्, जसमा ५० श्लोक मङ्गलाचरणमा रचित छन् । यो आफैमा एक दोषपूर्ण हुन्छ । यस्तो ५० श्लोकको मङ्गलाचरण भएको नेपाली महाकाव्य फाँटमा एकमात्र महाकाव्य हो ।

यसले अध्येतामा नकारात्मक असर पार्न सक्छ । जस्तै अध्ययन गर्नमा बोझ हुनु, विषयवस्तु के हो थाहै नभई ५० श्लोक पढ्न आफैमा बोझको महसुस पाठकले गर्न सक्दछ । नेपाली महकाव्यको प्रथम प्रकाशित महाकाव्य **रामायण**मा मङ्गलाचरण नै छैन त्यस काव्यको प्रारम्भ नै कथावस्तुबाट भएको छ । 'एक् दिन नारद सत्यलोक पुगिगया लोकको गरूँ हित् भनी' बाट महाकाव्य प्रारम्भ भएको छ । महाकाव्यकार गौतमले मङ्गलाचरण पनि परिमार्जित र परिष्कृत भाषाशैली नभई स्वछन्द र विशृङ्खलित भाषा प्रयोगका माध्यमबाट गरेकाले यो महाकाव्यमा मङ्गलाचरण सम्बन्धी सिमितिता पाइन्छ । यो आफैमा महाकाव्यको कमजोरी हो ।

प्रस्तुत **गौरीवल्लभ** महाकाव्यमा अर्को दुर्बल पक्ष हो भाषाशैली । जति यस काव्यमा छन्दमा रसमा बाहय आवरणलाई महत्त्व दिइएको पाइन्छ त्यति नै भाषाशैलीमा काव्यकार अल्मलिएका छन् । हुनत महाकाव्यकारले शिवभक्ति उजागर गर्ने उद्देश्य लिएर महाकाव्य रचना गरेका हुँ भन्ने स्वीकारोक्ति महाकाव्यकारले आफ्नै आत्मनिवेदनमा गरेका छन् । भक्ति रसलाई पनि आलङ्कारिक भाषाले सजाउन सकेमा त्यो पठनीय मननीय काव्य बन्न सक्दछ । भाषा विनिमयको साधन मात्र नभएर साहित्य र अन्य सिद्धान्तहरूको प्रतिपादनको साधन पनि हो । त्यसैले काव्यकारले आलङ्कारिक र सरस भाषा प्रयोग गर्नमा चुक गरेको पाइन्छ । यसै विषयमा डा. कुमारबहादुर जोशीले पनि नारायणप्रसाद गौतमको **गौरीवल्लभ** महाकाव्य भन्ने शीर्षकमा भनेका छन् । यस महाकाव्यमा कविको शिल्पकारिता पक्ष भने त्यति प्रबल बन्न सकेको पाइदैन भन्दै यस महाकाव्यले अँगालेको उक्त आख्यान र विषयवस्तुका कुरा सिधा कथन-वर्णनका व्याख्या विश्लेषणका रूपमा नआई वक्रोक्तिका रूपमा वा बिम्ब र प्रतीक तथा उपमादि अलङ्कारका माध्यमबाट अभिव्यञ्जित भएका भए यो कवित्वका दृष्टिले पनि बेजोड र उत्कृष्ट हुने थियो । यसरी हेर्दा काव्यकारको कवित्वमा अझ निखार आउन बाँकी देखिएको छ ।

महाकाव्यकार गौतमले कही छन्द प्रयोगमा पनि त्रुटि गरेको पाइन्छ काव्यकारले छन्दज्ञान राखेको पाइन्छ छन्द यो आएको छ भन्ने सङ्केत समेत दिएका छन् तर कहीँ कहीँ इन्द्रवज्रा छन्द भन्दा उपजाति छन्द बन्न गएकोमा काव्यकारले दिएको सङ्केत त्रुटियुक्त बन्न गएको छ जस्तै :

हिमालको काख सदा पवित्र **=** उपेन्द्रवज्रा गौरी उदाउन् यस ठाउँ भित्र = इन्द्रवज्रा
पहाडको यो रसराग भित्र = उपेन्द्रबज्रा कथा छ राम्रो रसिलो पवित्र = उपेन्द्र
उपजाति घटित भएको छ ।

यसरी हेर्दा काव्यमा छन्दमा कही कही त्रुटि हुन गएको पाइन्छ ।

यसरी महाकाव्यगत धार्मिकतामा पूर्ण देखिए पनि आलङ्करिक भाषाको कमी रहेको नै पाइन्छ भने रसको उपकर्षण पनि भएको पाइन्छ जहाँ ज्ञान विषय त्यहाँ शृङ्गारको उपस्थिति भएमा परस्पर विरोधाभास हुन्छ काव्यकारको महाकाव्य हेर्दा कही शब्दहरूको पुनर्उक्ति भएको देखिन्छ । महाकाव्यमा शब्द वा एकै वस्तुको वर्णन संज्ञालाई अलग अलग पर्यायवाची ल्याउदाँ सुन्दर देखिन्छ तर काव्यकारले त्यसरी प्रयोग नगरी एकै शब्दले त्यही संज्ञाद्वारा वर्णन गरेको पाइन्छ । जस्तै :

संसार परित्याग गर्नु विरक्त वशमा परी ॥
परमपदको निम्ति मार्ग आनन्दको गरी ॥५।३७॥
संसार परित्याग गर्दा परमपद प्राप्त छ ।
संसार देहधारी यो अज्ञान र अनित्य छ ॥ (५।३८।३)

यसरी संसार शब्द मात्र तीन पटक दोहोरिएको छ जुन छन्द मिलाउन मात्र पनि प्रयोग भएको छ । यसरी पुनरुक्ति दोष यसमा पाइन्छ । भाषा प्रयोगमा काव्यकारले सरस र सरल भाषाको प्रयोग गरेकाले महाकाव्य सुबोध्य छ । काव्यमा वक्रोक्ति हुनु आवश्यक भए तापनि यसमा त्यसको अभाव छ, साथै र रस संयोजनमा समेत काव्यकार विचलित हुनु यसको सीमितता हो । यस काव्यमा प्रथम र तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग भएको पाइन्छ । कहीँ बृहद् व्याख्या योग्य कथा जस्तै कुमार र तारकासुरको युद्धको वर्णनमा सङ्केत मात्र गर्नु र मङ्गलाचरण वा कथन पद्धतिमा लामो एकालाप हुनाले पनि काव्यिक गुण ह्रास हुन गएको छ । संवादको प्रचुरतामा पनि न्यूनता रहेकाले यसको आफ्नै वैशिष्ट्य हुदाँ हुदै पनि काव्यगत गुणबाट विचलित हुनु यसका मुख्य सीमितताहरू हुन् ।

## ५.५ गौरीवल्लभ महाकाव्यको योगदान

नेपाली साहित्यका समसामयिक धारालाई अँगालेर लेखिएको भनिएको महाकाव्य **गौरीवल्लभ**ले नेपाली महाकाव्यको जगमा एउटा इटा थप्ने काम गरेको छ । नारायणप्रसाद गौतम अन्तरमुखी कवि प्रतिभा हुन् । एकान्तमा बसी आफ्नो लेखनीलाई विश्राम नदिने कवि नारायणप्रसादले अन्य विधामा समेत कलम चलाइ सकेका छन् । प्रस्तुत **गौरीवल्लभ** महाकाव्यमा उनले आख्यानात्मक र नाटकीय दुवै किसिमका कथा वर्णन शैलीको प्रयोग गरेको भेटिए तापनि उनको आख्यानत्मक शैलीकै प्रधानता पाइन्छ । कुनै पनि महाकाव्यमा अपेक्षित मानिने आख्यान कथन, नाटकीकरणका सन्दर्भमा संवादात्मक, परिवेशवर्णन, चरित्रचित्रण अनि

यिनका माध्यमबाट गरिने जीवन जगत्को विराट वर्णनका लागि विविध शैलीको अपेक्षा गरिन्छ । नाटकीय शैलीमा दृश्यात्मकताका साथसाथै विभिन्न पात्रहरूको व्यक्तित्वको कारण काव्यमा वैचित्र्ता आउने भएकाले अरिस्टोटलले यस शैलीलाई जोड दिएको पाइन्छ । आत्मपरक अभिव्यञ्जना भएका सर्गहरूमा कवित्व उत्कृष्ट देखिए पनि शैलीगत परिष्कार भने भेटिँदैन । गौतमको आत्मपरक शैली पनि पूर्ण परिष्कृत पाइँदैन तर भक्तिभाव सल्बलाएको हुँदा पूर्ण समर्पणको भावना भने उत्कृष्ट देखिन्छ । आध्यात्मिक चिन्तनले हिन्दु दर्शनलाई उत्कृष्टमा पुऱ्याएको पाइन्छ ।

समग्रमा पूर्वीय पुराणमा प्रसिद्ध रहेको शिव र पार्वती सम्बन्धी आख्यानलाई नेपाली परिवेशानुकूल बनाएर लेखिएको **गौरीवल्लभ** महाकाव्य महाकाव्यीय तत्त्वहरूको प्रयोगका दृष्टिले एक सफल महाकाव्य हो । सबल पौराणिक कथावस्तुमा पर्याप्त उत्पाद्यता, पुराणसम्मत पात्रहरूको प्रयोगमा केही मौलिकता र कथावस्तु अनुकूलको परिवेश विधानले प्रस्तुत महाकाव्यको आख्यानात्मक प्रबन्ध विधानलाई सशक्त र सुसङ्गठित तुल्याएको देखिन्छ भने कवित्वको उच्च प्रवाहका कारण आख्यान र कवित्वका बीचमा केही ठाउँहरूमा भावगत कसरमसर पनि रहेको देखिन्छ । शास्त्रीय वर्णमात्रिक छन्दहरूको सहज र स्वाभाविक प्रयोग, संयमित र नियन्त्रित भन्दा तीब्र भावाभिव्यक्ति, अनुकरणात्मक र द्वित्वयुक्त शब्दहरूको प्राबल्य, तीव्र अनुप्रासयोजना निर्वेद स्थायी भावयुक्त शान्तरसको उल्लेख्य उद्बोधन, हिन्दु साँस्कृतिक पुनर्जागरणको स्वर, मानवतावादी र आध्यात्मवादी सन्देश, आदर्शवादको पक्षधरता, मधुर र रमणीय वातावरणको वर्णन, सरल भाषाशैली, कथानकमा मौलिकता, स्वच्छन्दतावादी शिल्प, केही परिष्कार भए तापनि केही फितलो संरचना तथा युगव्यञ्जक जीवन दृष्टि र स्वासाधित भन्दा स्वाभाविक अलङ्कारको प्रयोग जस्ता विशेषताहरूले **गौरीवल्लभ** महाकाव्यलाई नेपाली महाकाव्यको परम्परामा उत्कृष्ट आधुनिक महाकाव्यको स्थानमा पुऱ्याएको देखिन्छ । शिल्प विधान र प्रबन्ध विधान केही ऋणात्मक भएपनि लय विधान र भाव विधान उत्कृष्ट देखिएको पाइन्छ । यसले भविष्यमा अन्य महाकाव्यकारलाई पनि कलम चलाउन घच्घच्याउने छ भन्ने आभाष भएको पाइन्छ ।

यसरी **गौरीवल्लभ** महाकाव्यले अनिश्वर वादीलाई ईश्वर प्रति समर्पित हुन समेत प्रेरित गरेको छ । शिवभक्ति यसमा प्रचुर मात्रामा छ । नास्तिकका मनमा पनि आस्थाको उद्वीजन गर्ने देखिन्छ यो महाकाव्य यही यसको उपोदयता हो र केन्द्रीय भाव पनि शिवशक्ति नै रहेको पाइन्छ ।

## ५.६ निष्कर्ष

पौराणिक कथानकलाई मूल विषय बनाएर काव्य रचना गर्नु लिगमा हिंड्नु हो । त्यसबाट विचलित हुनु पथभ्रष्ट हुनु हो । महकाव्य आफैमा एक महासागर हो । समाजमा खण्डन र मण्डन गर्ने व्यक्तिको कमी छैन । अगाडि प्रशंसा गर्दै पछाडिबाट पतन बनाउन सबै लाग्दछन् । साहित्यले व्यक्तिलाई सजग बनाउँछ र चरित्र निर्माण गराउँछ । सभ्य समाजबाट असल कुरा पाइन्छ, खराब समाज दोषले युक्त भएको हो । यसबाट विज्ञ महाकाव्यकार नारायणप्रसाद गौतम आफू र अरूलाई पनि सद्मार्गमा हिंड्न प्रेरित गर्ने महाकाव्यकार हुन् । ध्वनि र व्यञ्जनाले भरिएको आलङ्कारिक भाषा प्रयोग भएको महाकाव्य नभए पनि समाजलाई सही मार्गमा डोऱ्याउने आध्यात्मिक चेतना प्रदान गर्ने महाकाव्य **गौरीवल्लभ** महाकाव्य हो । आत्मा चिन्तनबिना उद्धार हुँदैन, त्यसलाई चिन्न पहिले आफूलाई चिन्नु पर्दछ भन्ने सन्देश यस महाकाव्यमा प्रशस्त छ । काव्यबाट धर्म, अर्थ, काम, मोक्ष (पुरुषार्थ चतुष्ट्य) को सिद्धि आवश्यक छ । यस महाकाव्य अध्ययनपछि आफ्नो धर्म, अर्थको वास्तविक अर्थ कामना र वासना के हो भन्ने ज्ञान र सत्यम् शिवम् सुन्दरम्को भावना प्रस्फुरण हुन्छ । यस सन्दर्भमा यो महाकाव्य सफल देखिन्छ । शिव र पार्वतीलाई दैविक पात्र भए पनि मानवीय पात्र बनाएर प्रस्तुति प्रस्तुत गरी काव्य सृजना गरी महाकाव्यकार गौतमले सबैलाई सत्य सन्देश दिएका छन् । नेपाली संस्कृति वास्तवमा कुन हो भन्ने जान्न पूरा सामग्री यस महाकाव्यमा विद्यमान पाइन्छ ।

# परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

## परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

### ६.१ परिचय

नारायणप्रसाद गौतमको **गौरीवल्लभ** महाकाव्यको अध्ययन-विश्लेषणका सन्दर्भमा महाकाव्यका पूर्वीय र पाश्चात्य सिद्धान्तलाई आधार मानिएको छ । उपंहार तथा निष्कर्ष शीर्षकको यस अनुच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरिएको छ ।

### ६.२ प्रथम परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको प्रथम परिच्छेदमा शोधपरिचय, प्रयोजन, समस्या, उद्देश्य र पूर्व कार्यको समीक्षाका साथै शोधको औचित्य र महत्त्वका बारेमा प्रकाश पारिएको छ, जुन यसको शोध प्रारम्भिक बिन्दु पनि हो ।

### ६.३ द्वितीय परिच्छेदको निष्कर्ष

द्वितीय परिच्छेदमा नारायणप्रसाद गौतमको जीवनी र लेखन पृष्ठभूमिका बारेमा प्रकाश पारिएको छ । नारायणप्रसाद गौतमको जीवनदर्शन, लेखन पृष्ठभूमि महाकाव्यको सैद्धान्तिक पक्षको विशलेषण समेत समावेश गरिएको छ । नारायणप्रसाद गौतम नेपाली साहित्यका उदीयमान कवि हुन् । उनले आफ्नो लेखन कार्य २०५४ सालमा **आजको मान्छे भेडो** भन्ने कवितासङ्ग्रहबाट प्रारम्भ गरेको पाइन्छ । उनले निबन्ध, समालोचना, सांस्कृतिक लेखनमा समेत कलम चलाएका छन् तर विविध विधामध्ये कविता विधा उनको सबैभन्दा उन्नत विधा हो । उनी साहित्य सृजनामा बढी रमाउने व्यक्ति हुन् । विभिन्न सङ्घ संस्थामा आबद्ध भएर पनि आफ्नो लेखनकार्यलाई निरन्तरता दिँदै आएका छन् । पेसाका आधारमा शिक्षण पेसामा आबद्ध भएर पनि जीवनलाई अगाडि बढाउँदै आफ्नो लेखनीलाई अविरल चलाइरहेका छन् । हालसम्ममा **आजको मान्छे भेडो** (कवितासङ्ग्रह-२०५४), **लयमा लोलिँदा** (निबन्धसङ्ग्रह-

२०५५), **पञ्चासेको परिचय** (सांस्कृतिक-२०५८), **नेपाली खण्डकाव्य सिद्धान्त र विवेचना** (समालोचना-२०६१), **साधारण नेपाली** (बी.एड. प्रथम वर्ष सहलेखन-२०६१), **कुमारगौरव** (महाकाव्य-२०६२), **नेपाली महाकाव्य सिद्धान्त र विवेचना** (समालोचना-२०६३), **गौरीवल्लभ** (महाकाव्य-२०६५), **रमेशचन्द्र** (महाकाव्य-२०६५), **अत्रिवंश परम्परा र भवानी गौतम** (२०६७) र **भवानीवैभव** (महाकाव्य-प्रकाशोन्मुख) जस्ता लेख-रचना र महाकाव्यहरू नेपाली साहित्यलाई दिइसकेका छन् । प्रस्तुत **गौरीवल्लभ** महाकाव्य पौराणिक विषयवस्तु प्रधान महाकाव्य हो । यसको उपजीव्य **शिवपुराण** र नेपाली समाजमा प्रचलित **स्वस्थानी व्रतकथा** हुन् । यसमा महाकाव्यकारले प्रशस्त मौलिकता थपेर आधुनिकता प्रदान गरेका छन् ।

प्रस्तुत शोधपत्रको प्रतिपाद्य विषय महाकाव्यको कृतिपरक अध्ययन तथा विश्लेषण भएको र उक्त महाकाव्य २०६५ मा प्रकाशित भएको आधुनिक महाकाव्य **गौरीवल्लभ** हो । यो महाकाव्य पूर्वीय काव्य सिद्धान्तमा आधारित भएर लेखिएको महाकाव्य हो । यसमा काव्यकारले विभिन्न बिम्ब र प्रतीकहरूको पनि प्रयोग गरेका छन् । महाकाव्यकारले आफ्ना मनमा भएका र विचारबाट उजागर भएका उपदेशात्मक विषयले यसलाई सजाएका छन् । यो महाकाव्य नारायणप्रसादको पूर्वार्द्धचरणमा रचना गरिएको महाकाव्य हो र यसै आधारमा यहाँ यसको विश्लेषण गरिएको छ ।

## ६.४ तृतीय परिच्छेदको निष्कर्ष

तृतीय परिच्छेदमा नेपाली महाकाव्यको विकासक्रम र **गौरीवल्लभ** महाकाव्यको स्थानको बारेमा प्रकाश पारिएको छ । महाकाव्य आफैँमा गहन विषय हो । वि.सं. २०६३ साल वैशाख १७ गतेबाट लेखनकार्य प्रारम्भ गरेर २०६३ फाल्गुन ४ गतेसम्म ९ महिना १७ दिनको अवधिमा लेखिएको महाकाव्य काठमाडौंको तन्नेरी प्रकाशनबाट प्रकाशित **गौरीवल्लभ** महाकाव्यमा नारायणप्रसादले पूर्वीय पौराणिक शिवपुराणबाट विषयवस्तु ग्रहण गरी त्यसमा पर्याप्त युगीनता र मौलिकताको रङ्ग भेटेको देखिन्छ । महर्षि वेदव्यासको **शिवपुराण**को आख्यान र **स्वस्थानी व्रतकथा**बाट विषयवस्तु लिइएको प्रस्तुत महाकाव्यको ढाँचागत उत्प्रेरणाको स्रोत केही पाश्चात्य र केही पूर्व स्वच्छन्दतावादी महाकाव्य ढाँचा र अधिक मात्रामा पूर्वीय महाकाव्य ढाँचा रहेको देखिन्छ । नायिका गौरीको भूमिका र शिवप्रतिको प्रेमालापमा प्रिय (वल्लभ) शीर्षक विधान गरिएको **गौरीवल्लभ** महाकाव्यको कथावस्तु १५ सर्गसम्म विस्तारित छ । पुराणमा प्रख्यात कथावस्तु भएको **गौरीवल्लभ**को कथावस्तु रैखिक ढाँचाको नै देखिन्छ भने कथावस्तुभित्र प्रेमालाप

स्वीकार्य र सहजानुकरणीयको उपस्थिति देखिन्छ । पौराणिक कथावस्तुलाई नेपाली परिवेश अनुकूल बनाएर रचिएको **गौरीवल्लभ** महाकाव्यभित्र धेरैजसो पौराणिक पात्रहरूको नै प्रयोग भएको देखिन्छ भने केही मात्रामा काल्पनिक जस्तै जन्ती जाँदा सिकर्मी, डकर्मी, दमाई, कामी आदि पात्रको उपस्थिति पुराणमा थिएन तर यहाँ छ । महाकाव्यकार भावोच्छलनमा त्यति बहकिएको पाइँदैन । कथावस्तुको शृङ्खला समुचित रूपमा भएको पाइन्छ भने पात्र विधानमा काव्यकार सफल भएको देखिन्छ । निर्वेद स्थायीभाव भएको शान्त रस यस काव्यको अङ्गीरस हो भने शृङ्गार, करुण र कहीँ वीभत्सको साथै वीर रससमेतको संयोजन कथाप्रसङ्ग अनुसार प्रस्तुत महाकाव्यमा भएकै देखिन्छ । ईश्वर, मानव र प्रकृतिको त्रिकोणात्मक समन्वयमा नै जीवनको अस्तित्त्व सम्भव छ र दीनहीन वर्तमानमा बाँच्न विगतको गरिमा आवश्यक छ भन्ने केन्द्रीय कथ्य भएको **गौरीवल्लभ** महाकाव्यले हिन्दु सांस्कृतिक पुनर्जागरणको महान् ध्येय लिएको देखिन्छ ।

## ६.५ चौँथो परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको चौंथो परिच्छेदमा **गौरीवल्लभ** महाकाव्यको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ । नेपाली महाकाव्य परम्परामा आधारित रहेर शिव र पार्वतीको चरित्र चित्रण गर्दै समाजमा भएको र हुँदै गरेका विकृति समेतलाई औंल्याएर प्राचीन संस्कृतिको सम्मान गरेर आधुनिक समाजमा बाँध्न कविले सबै नेपालीलाई सिकाएका छन् । मानवजीवन क्षणिक छ, यसको अन्त्यको निश्चित छैन । यात्रा लामो छ, गन्तव्यको यथार्थ ज्ञान नभएमा पुग्न सकिँदैन । अनुशासनबिना समाज स्थापित हुन र सत्चरित्र नभएमा सामाजिक र आध्यात्मिक चेतना हुन सक्दैन भन्ने विचारबाट प्रेरित काव्यकार गौतमले यस महाकाव्यलाई विभिन्न अलङ्कार, रस, छन्दद्वारा सिंगारेका छन् । झिनो र सङ्क्षिप्त चरित्रचित्रण गर्दै काव्यकारले व्यक्तिका लागि आवश्यक आत्मज्ञान सरल र सरस भाषामा व्यक्त गरेका छन् । मानवीय चेतना भएको व्यक्ति अध्यात्मबाट प्रेरित हुन्छ, उसले सत्चिद् आनन्द प्राप्त गर्नु छ । सत्यम् शिवम् सुन्दरम्लाई प्राप्त गर्नुछ । यही विषयमा काव्यकार रमाएका छन् । रस काव्यको आत्म मानिन्छ । जसरी आत्मबिना शररि रहँदैन, त्यसरी नै रसबिना काव्यको अस्तित्त्व रहँदैन । महाकाव्यकार गौतमले यस महाकाव्य **गौरीवल्लभ**मा उदात्त विचारहरूको प्रक्षेपाण गर्दै छन्द र रसको संयोजनमा समेत आफ्नो काव्यकारिता प्रदर्शन गरेका छन् । अर्गान्त र सर्गादिमा गरिनुपर्ने छन्द र रसको समेत समुचित व्यवस्था गरेको पाइन्छ ।

## ६.६ पाँचौँ परिच्छेदको निष्कर्ष

पाँचौँ परिच्छेदमा **गौरीवल्लभ** महाकाव्यको मूल्याङ्कन र योगदानको विश्लेषण गरिएको छ । शिवमहिमा र सतीको चरित्र गाउने बहानामा महाकाव्यकारले नेपाली समाजलाई आत्मीय ज्ञान प्रदान गरेका छन् । कहीँ कहीँ एकालाप भए पनि प्रस्तुत **गौरीवल्लभ** महाकाव्यलाई संवादकाव्य भन्न सकिन्छ । विभिन्न संवादका माध्यमबाट काव्यकारले सामाजिक चेतना प्रदान गरेका छन् । नेपाली थलोलाई शिवको थलोका रूपमा वर्णन गर्दै काव्यकारले यस काव्यमा संस्कृत साहित्यमा प्रचलित शास्त्रीय वर्णमात्रिक छन्दहरूको प्रयोग गरेका छन् । यस काव्यमा जम्मा ११ वटा शास्त्रीय छन्द र लोकलय झ्याउरे छन्द समेतको प्रयोग गरेका छन् । छन्दसम्बन्धी पूर्वीय महाकाव्य मान्यताको परिपालन गर्दै सबै सर्गान्तमा छन्द परिवर्तन गरिएको छ । पूर्वीय काव्यपरम्परामा चार पाउको एक श्लोक हुने मान्यतालाई काव्यकार गौतमले आत्मसात् गरेको पाइन्छ । ६ अक्षर भएको शशिवदनादेखि १९ अक्षरे शार्दूलविक्रीडित "अतिधृति" भेद अन्तरगतको छन्दसम्मको प्रयोग यस महाकाव्यमा भएको छ । प्रस्तुत **गौरीवल्लभ** महाकाव्यमा प्राणीजगत्, धर्तीजगत्, वनस्पतिजगत् र मानवीय भाव जगत्सँग सम्बन्धित विविध जगत्का साथै देवलोकसम्मको बिम्बहरूको प्रयोग भएको छ । परम्परागत बिम्बहरूलाई पनि नवीन अर्थ दिन सक्ने गरी प्रयोग गरिएको पाइन्छ । फूल र भ्रमर जस्ता प्रकृतिव्यापी बिम्बहरूका साथै चरा कुटीजस्ता स्थानीय बिम्बहरूको पनि स्वभाविक प्रयोग भएको छ ।

प्रतीक र विधानका हिसाबले उच्च महत्त्व राख्ने **गौरीवल्लभ** महाकाव्यमा गौरी प्रकृतिकी शिवदेवत्व भएर पनि साधारणीकरणबाट मानवको प्रतीक देवताहरू दैविक वा ईश्वरीय प्रतीकका रूपमा आएका छन् । मानव र प्रकृति एक अर्काबिना बाँच्न सक्दैनन् । यिनीहरूको संयोगले नै सारा जगत् उत्पत्ति हुन्छ । यी दुवैको संयोग हुन दिव्यशक्तिको आवश्यकता पर्छ । त्यो शक्ति तपस्याबाट मात्र प्राप्त हुन्छ भन्ने कुरा यस महाकाव्यमा देखाइएको छ । द्वित्वयुक्त शब्दहरूको प्रयोगले र समुचित छन्दको प्रयोगले यो महाकाव्य सङ्गीतमय बन्न गएको पाइन्छ ।

## ३.७ समग्र निष्कर्ष

समग्रमा भन्नुपर्दा पूर्वीय पुराणमा प्रसिद्ध रहेको शिव र पार्वतीको जीवनसँग सम्बन्धित आख्यानलाई लिएर नेपाली परिवेशानुकूल बनाएर लेखिएको **गौरीवल्लभ** महाकाव्य महाकाव्यीय तत्त्वहरूको प्रयोगका दृष्टिले एक सफल महाकाव्य हो । भाषिक प्रयोगमा केही कसरमसर भए

पनि सबल पौराणिक प्रख्यात कथावस्तुता, पुराणसम्मत पात्रहरूको प्रयोगमा केही मौलिकता र कथावस्तुअनुकूलको परिवेशविधानले प्रस्तुत महाकाव्यको आख्यानात्मक प्रबन्धविधानलाई सशक्त र सुसङ्गठित तुल्याएको देखिन्छ । शस्त्रीय वर्णमात्रिक छन्दहरूको सहज र स्वाभाविक प्रयोगका साथै संयन्त्रित र संयमित रूपमा भएको पाइन्छ । अनुकरणात्मक र द्वित्व शब्दहरूको पनि प्रशस्त प्रयोग भएको छ । अन्त्यानुप्रासको समुचित व्यवस्था रहेको छ । निर्वेद स्थायीभाव भएको शान्त रसप्रधान काव्यमा शृङ्गार रसको पनि उल्लेख्य प्रयोग भएको छ ।

हिन्दु सांस्कृतिक पुनर्जागरणको स्वर, मानवतावादी सन्देश, आदर्शवादको पक्षधरता, सरल र सरस भाषाशैली, कथानकमा मौलिकता, केही परिष्कार र अधिक स्वच्छन्दतावादी शिल्प विधान केही फितलो संरचना र युगव्यञ्जक, जीवनदृष्टि, आदर्शवादी विचारधारा जस्ता विशेषताहरूले **गौरीवल्लभ** महाकाव्यलाई नेपाली महाकाव्य परम्परामा कथावस्तु पौराणिक संरचना मौलिक र आधुनिक महाकाव्यको गरिमामय स्थानमा पुऱ्याएको देखिन्छ । नेपाली साहित्याकाशमा महाकाव्यकार गौतमलाई कवित्व प्रवाहका हिसाबले उत्कृष्ट महाकाव्यकारको स्थानमा पुऱ्याएको छ । उनी नैतिक चेतना, शुद्ध विचार भएका शैव चेतनाप्रधान कविका रूपमा देखापरेका छन् । नेपाली महाकाव्य निर्माणको सुदीर्घ परम्परामा उनको महत्वपूर्ण स्थान प्रस्तुत **गौरीवल्लभ** महाकाव्यको अध्ययन विश्लेषणद्वारा स्पष्ट हुन्छ ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची


आनन्दवर्द्धनाचार्य, **ध्वन्यालोक,** १.६, चौखम्बा : वाराणसी, १९६७ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश**, ललितपुर : साझा प्रकाशन, सातौं सस्क., २०६७ ।

गिरी, मधुसूदन र रामनाथ ओझा (संक), **शोध, सृजना तथा संस्कृत काव्यशास्त्र**, द्वितीय संस्करण, काठमाडौं : न्यू हीरा बुक्स इन्टरप्राइजेज, २०६० ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** काठमाडौं : न्यू हिरा बुक्स, २०६० ।

———————— **आधुनिक नेपाली आख्यान,** काठमाडौं : क्षितिज प्रकाशन, २०६३ ।

गौतम, नारायणप्रसाद, *आत्मनिवेदन* (भूमिका), **गौरीवल्लभ** (महाकाव्य), काठमाडौं : तन्नेरी प्रकाशन, २०६६ ।

जोशी, कुमारबहादुर, *भूमिका,* **गौरीवल्लभ** (महाकाव्य), नारायणप्रसाद गौतम, काठमाडौं : तन्नेरी प्रकाशन २०६६ ।

ढकाल, वेणीमाधव (टीका.), **काव्यदीपिका** (गङ्गादास कृत), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७ ।

दवाडी, दुर्गाप्रसाद, *दुई शब्द* (भूमिका), **गौरीवल्लभ** (महाकाव्य), नारायणप्रसाद गौतम, काठमाडौं : तन्नेरी प्रकाशन, २०६६ ।

देवकोटा, लक्ष्मीप्रसाद, **सुलोचना** भूमिका खण्ड, काठमाडौं : नेपाल भारत प्रकाशन, सन् २००३ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन, २०४८ ।

नेपाल, देवी, **छन्द पराग,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

पराजुली, मोतीलाल, *शुभकामनाका शब्द-पुष्पहरू,* **गौरीवल्लभ** (महाकाव्य), नारायणप्रसाद गौतम, काठमाडौं : तन्नेरी प्रकाशन, २०६६ ।

पौडेल, रमा, **विरजा महाकाव्यको अध्ययन तथा विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा, २०६५ ।

मम्मट, **काव्यप्रकाश,** सत्यव्रत सिंह (टीका.), दशम संस्करण, वाराणसी : चौखम्बा संस्कृत विद्याभवन, सन् १९९५ ।

महाकवि माघ, **शिशुपालवधम्,** हरगोविन्द शास्त्री, वारारणी : चौखम्बा विद्याभवन, सन् १९९३ ।

मिश्र, भागीरथ, **काव्यशास्त्र**, वाराणसी विश्वविद्यालय प्रकाशन, २०४७ ।

लुइँटेल, तिलकप्रसाद (अनु.), **अग्निपुराण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६८ ।

वेदव्यास, **अग्निपुराण** (कृष्णद्वैपायनव्यासप्रणितम्) (अ. ३३७, श्लो. ६), वाराणसी : चौखम्बा सं.सं., २०५५ ।

वेदव्यास, **श्रीमद्भगवद् गीता** (तत्त्वविवेचनी टीका), (बिसौं संस्करण), गोरखपुर : गीता प्रेस, २०४६ ।

विश्वनाथ, **साहित्यदर्पण** (व्या.) सत्यव्रत सिंह, वाराणसी : चौखम्बा विद्याभवन, सन् १९९७ ।

**विश्वम्भरमानव प्रसाद और उनकी कविता**, इलाहवाद : किताब महल प्रा.लि., सन् १९६२ ।

सम, बालकृष्ण, **चिसोचुल्हो** भूमिका खण्ड, ललितपुर : साझा प्रकाशन, २०५६ ।

सापकोटा, रमा, **नारायणप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, पोखरा : पृथ्वीनारायण क्याम्पस, २०६५ ।

सिग्देल, तुलसीशरण, **भानुश्री**, रजतजयन्ती विशेषाङ्क, २०६८ ।

शास्त्री, शालिकराम, **साहित्यदर्पण,** वाराणसी : मोतीलाल वनारसीदास, सन् १९७७ ।